# नवप्रज्ञापन

पूर्णाङ्क : १०४, वैशाख–असार २०८१

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
शीतल गिरी

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
बाबुराम लम्साल
गणेशराज रिजाल

**आवरण/शब्दचित्र**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
राममणि ढुंगेल
वसन्त रिजाल
विनयराज गौतम
राम अधिकारी
भवानी तावा
देवकरण माझी
जनार्दन खनाल
गोपाल फ्युबा
के.बि. सिम्पल
टीकाराम उदासी
रामचन्द्र नेपाल
डा. छायादत्त न्यौपाने
डा.पुष्करराज भट्ट
गगनदीप सर्व
उमेश रिमाल

मूल्य : १०००/-

कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौँ १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाईं, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाखिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौँ, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ, १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ, १०६. रामबहादुर पहाडी, काठमाडौँ, १०७, कमल अधिकारी, काभ्रे

सम्पादकीय

# हिँड्ने रहर पुगेको छैन

३० वर्षको अवधिमा ९९ अङ्क प्रकाशन भएको **नवप्रज्ञापन १०० औँ अङ्क**देखि ३१औँ वर्षमा प्रवेश गरेको थियो । ३० वर्षमा प्रकाशित ९९ अङ्कमध्ये २१ विशेषअङ्क थिए । ३१औँ वर्ष प्रवेशको अवसरमा **शतक**अङ्क प्रकाशन भएपछि प्रत्येक अङ्कलाई विशेष बनाउने टिमको निर्णयअनुसार १०१ **कथा विशेष पहिलो भाग**,१०२ **समीक्षा विशेष पहिलो भाग** र १०३ **नेपाल बाहिरका नेपाली कविता पहिलो भाग**का रूपमा प्रकाशित भए । १०४ अङ्कबाट नवप्रज्ञापन ३२ औँ वर्षमा प्रवेश गऱ्यो । र यो अङ्कलाई **स्रष्टा पदयात्रा विशेष**का रूपमा प्रकाशित गरिएको छ ।

xxx

सपना देखेपछि कामकुरो हुँदो रहेछ । अर्थात् हिँडिदो रहेछ । सपना नदेख्नेहरू कहिल्यै हिँड्दैनन् वा हिँड्न सक्दैनन् । हामी, हाम्रो परिवेश र देशमात्र हैन संसारकै कुरा गरौँ, सपना नदेख्नेहरू कोही हिँड्दैनन् । हिजो अस्तिदेखि नै जो जो हिँडे र हिँडिरहेछन् ती सबै सपनाकै कारण हिँडेका हुन् । सपना नदेख्नेहरू शताब्दीयौँ अघिदेखि जहाँको त्यहीँ र जस्ताको त्यस्तै छन् । ऐना हातमा लिएर अनुहार हेर्नेहरूलाई यो कुरा बोध हुन्छ । इतिहासका पाना पल्टाए यस प्रश्नको उत्तर फेलापर्छ । सपनाकै कारण देशहरू बने । सपनाकै कारण साम्राज्य बने । धार्मिक वा सांस्कृतिक सम्पदा बने । भौतिक निर्माणले गति लिए । पहिला सपना देख्नेहरू पहिला हिँडे । केहीपछि सपना देख्नेहरू पछि हिँडे । भर्खर सपना देखेकाहरू हिँड्ने सुरसारमा छन् । सपनै नदेख्नेहरू हिँडेका छैनन् । चुपचाप बसिरहेका छन् । निसङ्कोच सुतिरहेका छन् । कहिले हिँड्लान् ? तपाईको मनमा प्रश्न हुनसक्छ तर उत्तर हाजिरजवाफी शैलीमा दिन सकिँदैन ।

हिँड्नु लामो निँद्रा वा तन्द्राबाट बिउँझनु हो । सुतिरहेको ओछ्यान छाड्नु हो । म र मेरो घेरा तोडेर बाहिरीसंसार चिहाउनु हो । म बाँचिरहेको संसार फराकिलो छ भनेर बुझ्नु हो । आफू हुनुको पहिचान खोजेर आफैँलाई फेलापार्नु हो । मेरो हैसियत र अस्तित्व कायम राख्न स्वयम् उठेर केही न केही गर्नुपर्छ र गर्नेकै कामले नाम बनाउँछ यो कुरा बुझ्नु हो । हिँड्न खोज्नेले साइत जुराएर भोलि वा पर्सी कुरेर बस्नु आवश्यक छैन । आजै र अहिल्यैदेखि हिँड्न आरम्भ गर्नुपर्छ । भोलि सधैँ भोलि हुन्छ उपयुक्त समय त आजै हो, मनमा सधैँ राख्नुपर्छ । हिँड्न पहिले आफू, आफ्नो परिवेश र अगाडिका बाटो जान्नु आवश्यक छ ।

हिँडाई सरल र बक्र दुवै रेखाबाट

हुन सक्छ । हिँड्न खोज्नेहरूसँग आवश्यकताअनुसार दुवै बाटोबाट जान सक्छु भन्ने आँट र साहस आवश्यक छ । साहस नहुनेहरूले यात्राकोदुरी पारगर्न सक्दैनन् । जीवनएउटा पूर्ण यात्रा हो । हामी यात्री हौँ । हामी हिँडिरहेछौँ र यात्रा पनि जारी रहेको छ । काहलेसम्म हिँड्छौँ, कुनै टुङ्गो छैन तर हिँड्छौँ यो यथार्थ हो । हिँडेकै कारण हामी मानिस गतिशील प्राणी मानिएका हौँ । बसेका छैनौँ निरन्तर हिँडिरहेछौँ । यही भएर मानिसमा रूपान्तरण भएका हौँ । हिँड्न नसकेको भए हाम्रो अस्तित्व यो रूपमाहुने नै थिएन । यस कारण हिँडेका छौँ, हिँड्दैछौँ र हिँडिरहनेछौँ । हिँडिरहेसम्म हाम्रो अस्तित्व कायम रहने छ ।अन्यथा त्यस्तो कल्पना समेत् गर्न सकिँदैनथ्यो ।

संसारमा सबै र सबैका हिँडाई एउटै हुँदैनन् । गति, यति र लय फरक छन् । हिँडेर मात्रपनि कहाँ पुग्छ र ?, पुग्दैन । यसका पनि आआफ्नै आयाम छन् । भिन्नसाइज र आकार–प्रकारछन् । बाटा, पाटा र साटा अलग–अलग छन् । निलआर्मस्ट्रङले चन्द्रमामा र युरी गागरिनले अन्तरिक्षमा पाइला टेके । तेन्जिङनोर्गे सगररमाथाको शिखरमा पुगे । अरूका कुरा छाडौँ, हाम्रै पुर्खाहरू टिष्टादेखि काँगडासम्म हिँडे । हिजोका पुर्खा हिँडे यसर्थ इतिहास रचे । आजका हामी अलि खुम्चिएका छौँ । पृथ्वीनारायणले सिङ्गो देश दिए । त्यही कारण हामीलाई नेपाली पहिचानकासाथ बाँच्न अवसर प्राप्त भएको हो । हो, उनी नभएका भए पनि हामी हुन्थ्यौँ होला तर त्यो हामी र आजको हामी बिचमा ठुलो अन्तर हुने थियो, यो कुरामा कुनै शङ्का छैन ।

हिँडेकै कारण संसारमा साम्राज्य जन्मेका हुन् । नहिँडेका भए जन्मने थिएनन् । कहाँ कसरी जन्माए, जन्माउनु मनासिब थियो कि थिएन यो बेग्लै कुरा हो । साम्राज्यका कारण कसले के पाए र कसले के गुमाए त्यो खोजीको अझ अर्को पाटो हो । सतही वा एकाङ्गी चिन्तन बोकेर उपलब्धि हासिल हुन सक्दैन । संसारको जुनसुकै कुनाकाप्चाका भए पनि साम्राज्य जन्माउनेहरू अन्य प्राणी नभएर मानिस नै हुन् । उनीहरू यसखालका काम बारम्बार गर्छन् र गरिरहन्छन् । आज पनि त्यही प्रकृतिका काम दोहोरिई रहेछन् । कहिले के नाममा त कहिले के नाममा सक्रियता निरन्तर बढाइरहेका छन् । यस्तो सक्रियता चलायमान मस्तिष्क भएकाहरूले मात्र बढाउन सक्छन् । त्यस्ताहरू सधैँ अवसर खोजी रहन्छन् । संसारभर इसारामा काम गर्नेहरूको सङ्ख्या सानो पनि छैन । खोज्न त्यति टाढा पनि जानु पर्दैन । गाउँबस्ती, टोल छिमेक र घर परिवारबाट पनि यस्ता दृष्य देख्न, बुझ्न वा थाहा पाउन सकिन्छ ।

xxx

हामी लेखिरहेछौँ । लेख्न उत्प्रेरित गरिरहेछौँ । साहित्य धेरै कुरा हो, भनिरहेछौँ । धेरैधेरै पुस्तक पढ्नुपर्छ सुनाइरहेछौँ । पढ्ने वातावरण बनाउनुपर्छ कुरा राखिरहेछौँ । वातावरण

किन बनाइएन सोधिरहेछौँ । जिम्मेवार निकायहरू साहित्यप्रति संवेदनशील भएनन् धाराप्रवाह रूपमा बताइरहेछौँ । त्यसो हुनुहुँदैनथ्यो, यसो पो हुनुपर्थ्यो भनिरहेछौँ । सुन्नेहरूलाई वाक्क लागि सकेको हुनसक्छ तर निशुल्क सल्लाह, सुझाव र परामर्श दिइरहेछौँ । भेटघाटमा उपलब्ध गराउने सुझाव सल्लाहले पाउनेको मन भरिइसकेको छ । तथापिदिन छाडेका छैनौँ । दिइर हेछौँ, दिइरहेछौँ र दिइरहेछौँ ।

प्रत्येक मानिसका मनमा थरीथरीका चिन्ता छन् । पिरोलाछन् । गुनासा छन् । आकाङ्क्षा छन् ।अपेक्षा छन् । सुझाव छन् ।सल्लाह छन् । परामर्श छन् । अर्कालाई त्यति सजिलैसँग देखाएका बाटामा हामी आफैँचाहिँ कति हिँड्न सकेका छौँत, यस प्रश्नको उत्तर हामीमध्ये अधिकांश दिन तयार छौँ जस्तो लाग्दैन । अर्कालाई निशुल्क उपलब्ध गराउने कुरा पहिले आफैँले ग्रहण गरे कस्तो हुन्थ्यो होला?, यस खालका प्रश्न मनमा उठ्ने गर्छन् । अर्कालाई दिन सक्ने हामीहरू आफूचाहिँ किन लिन सक्दैनौँ, उहिल्यैदेखि मेरो मनमा बसिरहेको प्रश्न हो यो । ए बाबा ! यतातिर कसैको पनि ध्यान किन नगएको होला । जानेकाहरूले मात्र सिकाए संसार साँच्चै सुन्दर हुने थियो होला, बेलाबेलामा कल्पनामा रमाउँदै सोच्ने गर्छु ।

हाम्रा आआफ्ना घर छन् । परिवार छन् । छिमेकी छन् । इष्टमित्र छन् । आफन्त छन् । नाताकुटुम्ब छन् । के, उनीहरूलाईसाहित्य सिकाएका छौँ ? देखाएका छौँ ? बुझाएका छौँ ? पढाएका छौँ ? अहँ, छौँ जस्तो पटक्कै लाग्दैन । अनि सन्तानलाई सुनाएका छौँ ?, अबगत गराएका छौँ ?, पढ्न प्रेरित गरेका छौँ, कोठामा कोठे पुस्तकालय राख्न उत्प्रेरित गरेका छौँ ? जन्मोत्सवमा पुस्तक उपहार दिने प्रचलन चलाएका छौँ ? परिणाम देखिने गरी त्यस्ता काम गरेको छौँ ?वातावरण सिर्जनातिर ध्यान गएको छ ? यी र यस्ता प्रश्न मनमा चैत वैशाखका असिना जस्तै बन्छन् । उत्तर नखोजेको हैन, खोजेको छु तर पाएको छैन । यसकारण बिलखबन्दमा छु ।

xxx

यस अङ्कका बारेमा पनि केही कुरा गरौँ । **बगैँचाभित्रका फूलहरू** र **बजारमा नयाँकृति** पत्रिकाको नियमित स्थायीस्तम्भ हुन् । ती बाहेक प्रस्तत अङ्कमा यात्राको सिद्धान्तसँग सम्बन्धित दुई र स्रष्टापदयात्रीहरूका अनुभव र अनुभूतिसँग सम्बन्धित एकचालिस गरी त्रिचालिस रचनासमावेश छन् । हरेक रचनामा व्यक्तिका अनुभव र अनुभूति आएका हुन्छन् । एक व्यक्तिका भावना वा विचार अन्य व्यक्तिका लागि लाभदायक हुनेमा कुनै शङ्का छैन । यसर्थ यी रचना देशका विभिन्न स्थानहरूबारे जान्न र बुझ्न खोज्नेहरूका लागि अत्यन्तै उपयोगी छन् ।

यात्रा के हो, कस्तो हुन्छ,किन गरिन्छ, पहिलो यात्री को हो, के प्राप्त हुन्छजस्ता कुराको ज्ञान सिद्धान्तसँग सम्बन्धित दुई लेखमा छ । ती कुरा जान्न दुवै लेख महत्त्वपूर्ण

छन् । पहिलो लेखका लेखक यात्रा साहित्यमा विद्यावारिधि गरेका निर्मोही व्यास (वेदव्यास उपाध्याय न्यौपाने) हुन् । यसै गरी दोस्रो लेखका लेखक देशभित्रका धेरै हिमाली क्षेत्रको भ्रमण गरेका विष्णुप्रसाद शर्मा पराजुली हुन् । दुवै लेखयात्राका विषयमा जान्न बुझ्न खोज्नेहरूका लागि अत्यन्तै महत्त्वपूर्ण वा उपयोगी छन् ।

साथै यात्रासँग सम्बन्धित ४१ यात्रीका अनुभव र अनुभूतिहरू हाम्रो ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वका स्थानबारे जान्न अझ उपयोगी छन् । यी रचनामा एकातिर देशका विभिन्न स्थानका जानकारी छन् त अर्कातिर एकैविषयमा फरक यात्रीका आँखामा अलग दृष्य प्रतिविम्बित भएका दृष्टान्त पनि छन् । देशका विभिन्न स्रष्टाका आँखामा आफूहरू घुमेका स्थानकस्ता छन् त ? सुनेका, देखेका र स्वयम् सहभागी रहेको काममा कत्तिको अन्तर हुँदोरहेछ, ती कुरा बुझ्न यी रचना अत्यन्तै उपयोगी छन् । यिनले देशका विभिन्न स्थान, समाज, परम्परा, प्रचलन, संस्कार, संस्कति लगायतका कुरा चिनाउन र बुझाउन ठुलो मद्दत गरेका छन् । यस कार्यमा नेतृत्वदायी भूमिका खेलेको स्रष्टा पदयात्रा टोलीलाई विशेष धन्यवाद नदिई रहन सकिँदैन ।देश बुझ्ने यो एउटा सहज माध्यम हो ।

मानव जीवन अनुभव र अनुभूतिको बृहद् श्रृङ्खला हो । यो बुझ्न अनुभवका पाटा सँगाल्नु आवश्यक छ । यस्ता पाटाले जीवन हरियालीयुक्त बनाउन मद्दत गर्छन् । तर एक बसाई र देखाइले जीवन सुखमय हुँन सक्दैन । तथापि यसका लागि गरिने धेरै कर्ममध्ये एउटा कर्म यात्रा हो । यात्रा जीवनको सहज खोजी हो । यात्राबाट जीवन पढ्न सिक्न र बुझ्न सकिन्छ । यसर्थ पनि जीवनका लागि यात्रा आवश्यक छ । आज जस्तो अवस्था हिजो थिएन तथापि तीर्थ व्रत र धर्मकर्मका नाममा पूर्वजहरू यात्रा गर्थे । ती यात्रा थोरै समयका लागि नभएर महिनौँ महिनासम्मका हुन्थे । जे जे नाममा भए पनि ती यात्रा जीवन बुझाईको महत्त्वपूर्ण श्रृङ्खला थिए ।

यस अङ्कमा समेटिएका सबै रचना जीवन बुझाईका श्रृङ्खला नै हुन् । यसमा यात्रीका अनुभव र बुझाई समेटिएका छन् । यी यात्रा निर्देशित लेखाई नभएकाले यात्रीका स्वतन्त्र विचारमाथि कुनै हस्तक्षेप गरिएको छैन । नवप्रज्ञापन प्रत्येक लेखक सार्वभौम हुन्छ भन्ने कुरामा विश्वास राख्छ । यो विचारमा थप दृष्टान्त छैन । यात्रा गर्ने अवसर धेरैलाई जुर्दैन । कतिपय अनावश्यक सम्झन्छन् । जे होस् हिंड्नेले देख्छ, देख्नेले बुझ्छ, बुझ्नेले अग्रगामी बाटो समाउँछ । यथास्थितिको बाटो त्यागेर नवीन बाटोमा पाइला हाल्नु जीवनलाई सही मार्गमा हिंडाउनु हो ।

अन्त्यमा आआफ्ना महत्त्वपूर्ण रचना उपलब्ध गराउनुहुने स्रष्टाहरूप्रति **नवप्रज्ञापन** परिवार आभार व्यक्त गर्दछ ।





# नेपाल राष्ट्र बैंकको अनुरोध

आधुनिक प्रविधिको प्रयोगसँगै उल्लेख्य संख्यामा डिजिटल माध्यमबाट वित्तीय कारोबार भइरहेका छन् । सहज र झन्झटरहित भएकाले यो माध्यम सबैको रोजाइमा पर्ने गरेको छ ।

डिजिटल माध्यमबाट वित्तीय कारोबार गर्दा देहायका विषयमा जानकार भई अत्यन्त सजगताका साथ कारोबार गर्नुपर्दछ :

- डिजिटल वित्तीय कारोबार गर्ने मोबाइल र कम्प्युटरमा अनधिकृत पहुँच रोक्न अनिवार्य रूपमा पासवर्ड (Password) वा पिन (Pin) ले लक गर्ने,
- डिजिटल वित्तीय सेवासँग सम्बन्धित लगइनआईडी (Password), युजरनेम (User-name), पासवर्ड, पिन  जस्ता व्यक्तिगत विवरण कसैलाई नदिने,
- इन्टरनेट बैंकिङ, मोबाइल बैकिङ, मोबाइल वालेट, बैंकमा रजिष्टर गरिएका इमेलका साथै आफ्ना डिभाइसमा लामो समयसम्म एउटै पासवर्ड/पिनहरू समय समयमा परिवर्तन गरिरहने,
- अरूले अनुमान गर्न सक्ने किसिमका सामान्य पासवर्ड प्रयोग नगर्ने,
- सामाजिक सञ्जाल वा जुनसुकै माध्यमबाट प्राप्त मेसेजको भरमा वित्तीय कारोबार नगर्ने, कारोबार गर्नु अघि सम्पूर्ण विवरण यकिन गर्ने,
- आधिकारिक वेबसाइट तथा आधिकारिक मोबाइल एपको मात्र प्रयोग गर्ने,

यस्ता सम्वेदनशील विषयमा लापरवाह हुँदा सूचना चुहिने र वित्तीय ठगीमा पर्न सकिने भएकोले अत्यन्तै सजग भई डिजिटल वित्तीय कारोबार गर्ने बानी बसालौं ।

**वित्तीय ठगीबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

# रचनाक्रम

## आलेख


- निर्मोही व्यास/९
- विष्णुप्रसाद शर्मा पराजुली/३३


## यात्रा वृतान्त


- मन्दिरा मधुश्री/४४
- वसन्त रिजाल/६०
- शान्ति सापकोटा/६३
- डिल्लीराज अर्याल/७१
- ध्रुवकुमार घिमिरे/७७
- खोलाघरे साहिँलो/८४
- शारदा पराजुली/९७
- शशी थापा पण्डित/१०३
- शीतल गिरी/१११
- पवन सङ्ग्रौला/११५
- घनश्याम प्रसाई/११८
- माधवलाल श्रेष्ठ/१३२
- सिर्जना शर्मा/१३५
- डिल्लीरमण सुवेदी/१३१
- विमल अर्याल/१३७
- रूपा पौडेल 'शाम्भवी'/१४७
- धनप्रसाद सुवेदी 'श्रमिक'/१५०
- परशुराम पराशर/१६२
- माधव घिमिरे 'अटल'/१६७
- नवराज रिजाल/१६४
- चिराग चैतन्य/१८५
- सुमन पुडासैनी/१८८
- खेमराज पोखरेल/१९३
- एन.बी जनकपुरी/२०३
- प्रभा बराल/२०८
- समीर पाख्रिन/२१५
- प्रोल्लास सिन्धुलीय/२२१
- आलोक चालिसे/२३३
- अप्सरा ढकाल/२३८
- जयराम बिँडारी/२४६
- प्रतीक घिमिरे/२५४
- शम्भुप्रसाद गजुरेल/२७९
- विनोद नेपाल/२८६
- सुमन थापा 'सङ्गम'/२९३
- निशा केसी/२९७
- राजन पुडासैनी/३१६
- लीलाराज दाहाल/३२६
- बालचन्द्र मिश्र/३३१
- रुबि सत्याल/३६७
- गङ्गाप्रसाद भेटवाल/३७४
- अनिता कोइराला/३८०


## बगैंचाभित्रका फूलहरू


- संयोजक बाबुराम लम्साल/३९२
- फूलमाया नेम्बाङ/३९२
- हाङ्मा नेम्बाङ/३९२
- लाजिमा नेम्बाङ/३९३
- अपेक्षा अर्याल/३९३
- एटलस न्यौपाने /३९४
- नविन विष्ट/३९४


## बजारमा नयाँ पुस्तक


- संयोजक प्रतीक्षा रिजाल/६९

आलेख

# यात्रा र यात्रासाहित्य



**निर्मोही व्यास**

**१ यात्रा अवधारणा**

यात्रा शब्द संस्कृतको गति अर्थबोधक 'या' धातुमा ष्ट्रन् + टाप् प्रत्यय लागेर बनेको हो । यात्रा भनेको सञ्चरण हो, अर्थात् भ्रमण वा पर्यटन हो । मानव जाति विभिन्न उद्देश्यले अभिप्रेरित भएर अनादिकालदेखि नै यात्रामा प्रवृत्त हुँदै आएको छ । यात्राप्रति मानवमनमा अपार र प्रबल आकर्षण रहिआएको छ र आदिकालदेखि नै यात्रासित मानवजातिको प्रगाढ सम्बन्ध स्थापित छ । यात्राशीलता मानवीय स्वभाव हो र सम्भवतः मानवजातिको आदिम र नैसर्गिक प्रवृत्ति पनि यही नै हो । मानिसको यात्राप्रतिको यही अपूर्व सम्मोहनको परिणामस्वरूप नै आज मानवसमाज यति शिक्षित, सभ्य, समृद्ध र समुन्नत हुन पुगेको छ ।

विभिन्न शब्दकोश र ग्रन्थहरूमा 'यात्रा' शब्दको यस मूल अर्थका साथै अरू पनि विविध अर्थहरू निम्नानुसार दिइएका छन् ।

**श्रीमद्भगवद्गीता**मा यात्रा शब्दलाई निर्वाहका अर्थमा प्रयोग गरेको पाइन्छ । ("नियतं कुरू कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः । शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥ –वेदव्यास, **श्रीमद्भगवद्गीता**, अध्याय ३, श्लोक ८, त्रिहत्तरीऔँ, सं. (गोरखपुरः मोतीलाल जालान, गीता प्रेस, वि.सं. २०३८), पृ. २७ ।) अमरकोशमा प्रस्थान वा गमनको पर्यायवाची रूपमा उल्लेख गरिएको छ । ("यात्रा व्रज्याभिनिर्याणं प्रस्थानं गमनं गमः ।" – अमरसिंह, **अमर कोश**, क्षत्रिय वर्ग, वासुदेव शर्मा पणशीकर सम्पा., आठौँ सं., (मुम्बईः पाण्डुरङ्ग जावजी, ई १९४०), पृ. १६४ ।) साथै यापन अर्थमा पनि लिइएको छ । ("यात्रास्याद्यापने गतौ ।" – ऐ. पृ. २६ ।) वामन शिवराम आप्टेको **संस्कृत हिन्दी कोश**मा सफर, सेनाको प्रयाण, चढाई, तीर्थाटन, कुनै जुलुस, उत्सव यात्रा, सडक, जीविका निर्वाह, समय बित्नु, संव्यवहार, रीति, प्रथा,

वाहन गरी यात्रा शब्दका तेह्रवटा अर्थ दिइएको छ । (वामन शिवराम आप्टे, सम्पा., संस्कृत हिन्दी कोश, दो.सं., पुनर्मुद्रण, (दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि., इ. १९८९), पृ. ८३३-८३४ ।) नेपाली बृहत् शब्दकोशमा एक ठाउँबाट अर्को ठाउँसम्म पैदल वा कुनै सवारी साधनद्वारा जाने काम, भ्रमण/धार्मिक उद्देश्यले तीर्थस्थलमा जाने काम, तीर्थाटन, देव-देवीको उत्सवमा गरिने मेला, जात्रा/परदेश जाने साइत, प्रस्थान भनी चिनाइएको छ । (बालकृष्ण पोखरेल र अन्य, सम्पा. **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०), पृ. ११०८ ।)

हिन्दी साहित्यका मनीषी हरिमोहनको **साहित्यिक विधाएँ : पुनर्विचार** नामक ग्रन्थमा यात्राको सामान्य अर्थ एक ठाउँदेखि अर्को ठाउँमा जाने हो भनिएको छ । यसमा ज्ञानार्जन, व्यापार, धर्मसाधना, मनोरञ्जन र युद्ध आदिको भावनाले उत्प्रेरित भएर यात्रा गरिन्छ तथा सञ्चरणशीलता नै यात्राको मुख्य लक्षण हो भनिएको छ । (हरिमोहन, **साहित्यिक विधाएँ : पुनर्विचार**, (नयाँ दिल्ली : वाणी प्रकाशन, ई. १९९७), पृ. २७२ ।) उपर्युक्त स्रोत-सामग्रीहरूबाट के स्पष्ट हुन्छ भने यात्रा शब्दका विविध अर्थ भए पनि मुख्य अर्थ चाहिँ गमन नै हो र यस शब्दले कालान्तरमा आफ्नो अर्थ विस्तार गरेर अन्य कुराहरूलाई पनि बुझाउन थालेको हो । यात्रा शब्दको तद्भवीकरण भएर पछि मेला र दुर्दशा वा दुर्गति अर्थबोधक 'जात्रा' शब्द बनेको हो ।

यात्राको पर्यायवाची शब्दका रूपमा भ्रमण शब्दको उल्लेख विविध शब्दकोश र साहित्यिक ग्रन्थहरूमा भएको पाइन्छ र समाजमा पनि त्यो त्यसै अर्थमा प्रयुक्त र प्रचलित रहेको पाइन्छ । त्यसैले यात्रा सम्बन्धी अध्ययनको यस क्रममा भ्रमण शब्दको व्युत्पत्ति र अर्थसम्बन्धी चर्चा पनि सान्दर्भिक र आवश्यक समेत हुने हुँदा त्यसबारे पनि थोरै चर्चा गरिँदै छ ।

भ्रमण शब्द संस्कृतको चलनार्थक 'भ्रमु' धातुमा 'ल्युट्' प्रत्यय लागेर बनेको हो । (भट्टोजी दीक्षित, सिद्धान्त कौमुदी, तत्त्वबोधिनी समाख्या, संस्करण अनुल्लिखित, (मुम्बईः खेमराज श्रीकृष्ण दास, इ. १९५९), पृ.४४१ ।) शब्दगत रूपले दुवैको प्रयोग समानार्थमा हुने गरेको भए पनि धातुगत अर्थमा भने यी दुई शब्दमा केही भिन्नता पाइन्छ । 'या' धातुको अर्थ सामान्य रूपमा जानु वा हिँड्नु हो भने 'भ्रमु' धातुको अर्थ सामान्य रूपमा हिँड्नु नभएर मण्डलाकार वा घुमाउरो किसिमले हिँड्नु हो । (ऐजन ।) यसरी दुवैको धातुगत अर्थमा केही भिन्नता पाइए पनि समाजमा यत्रतत्र यात्रा र भ्रमण यी दुवै शब्दको प्रयोग एउटै अर्थ र आशयमा हुँदै आएको हुँदा साहित्यिक दृष्टिले यात्रा वा भ्रमणलाई परिभाषित गर्दै के भन्न सकिन्छ भने दृष्टिपथमा साक्षात् हुन आउने नवनव भूगोल, प्रकृति, जनजीवन, घटना-

प्रसङ्ग र दृश्यावलीसित आफ्ना अनुभव अनुभूतिलाई एकाकार तुल्याउँदै र तत्तत् क्षणहरूमा आनन्दित र संवेदित हुँदै सोद्देश्य वा निरूद्देश्य भावले एक स्थानदेखि अर्को स्थानसम्म जानु नै यात्रा वा भ्रमण हो । लक्ष्मीप्रसाद देवकोटाले 'भ्रमणको महत्त्व' शीर्षक निबन्धमा भ्रमणका सम्बन्धमा प्रकाश पार्ने क्रममा त्यसको ऐतिहासिकताबारे समेत चर्चा गर्दै त्यस सन्दर्भमा निम्नानुसारको धारणा प्रकट गरेको पाइन्छ :–

भ्रमण निर्जीवबाट नभएर सजीव वा प्राणीबाट मात्र हुन सक्छ र प्राणीहरूमध्ये पनि जङ्गमबाट मात्र र अझ त्यो पनि उसको स्वेच्छाले मात्र । (लक्ष्मीप्रसाद देवकोटा, **दाडिमको रूखनेर**, राजेन्द्र सुवेदी, सम्पा. परिमार्जित सं., (काठमाडौँ : साझा प्रकाशन, वि.सं. २०३९), पृ. १०८ ।) सृष्टिका क्रममा स्थावरपछि जङ्गम प्राणीहरू उत्पन्न भए र उनीहरू गतिशील मात्र नभई सञ्चरणशील वा भ्रमणशील पनि भए तथापि मानवेतर अन्य जङ्गम प्राणीहरूको भ्रमण आजीविका, आत्मरक्षा, आक्रमण र प्रत्याक्रमणका उद्देश्यकै परिपूर्तिमा मात्र सीमित बन्यो । तीभन्दा पछि उत्पन्न भएको मानव जाति चेतनशील, चिन्तनशील र विवेकशील जङ्गम प्राणी भएको हुँदा ऊ भ्रमणशील मात्र नभएर भ्रमणप्रिय पनि भयो । प्रारम्भिक अवस्थामा मनुष्य जातिको भ्रमण पशु-पक्षी, कीरा-फट्याङ्ग्राहरूकै सरह आजीविका, आत्मरक्षा र अस्तित्वसंरक्षण जस्ता आधारभूत आवश्यकताहरूको परिपूर्तिको उद्देश्यमा नै सीमित थियो त्यसैले त्यो कोरा वा अकलात्मक भ्रमण मात्र थियो । (ऐ, पृ. १०६- १०७ ।)

यसरी पछि क्रमिक विकासको गतिसँगै मानिसमा सभ्यता र सौन्दर्य-चेतनाको वृद्धि हुँदै गएर उच्च अवस्थामा पुग्दा आवश्यकताहरू थपिँदै गएकाले व्यापार- व्यवसाय, शिक्षा, अनुसन्धान, धर्म, राजनीति, ज्ञान-विज्ञान, मनोरञ्जन, कला, संस्कृति, तीर्थाटन आदि विषयप्रतिको उत्सुकता र आकर्षणका कारणले उद्देश्य विस्तार भएर उसको यात्रा बहुआयामिक एवम् कलात्मक हुँदै गयो । उसैगरी यात्राको क्षेत्र पनि विस्तृत बन्दै गएर मानिस स्थलयात्रा, जलयात्रा, अन्तरिक्षयात्रा तथा एकदेशीय, अन्तर्देशीय, अन्तर्महादेशीय एवम् अन्तर्ग्रहीय यात्रा गर्न पनि सफल भयो । यसरी पदयात्राबाट आरम्भ भएको मनुष्यको यात्रा क्रमशः घोडा, हात्ती, शकट (गोरूगाडा) रथ, डुङ्गा आदि सवारी साधनहरूको प्रयोग र उपयोग गर्दै अनि नवनव वैज्ञानिक आविष्कार गर्दै साइकल, मोटर, रेल, पानीजहाज, आदिका साथै क्रमशः हावाजहाज, जेट र भू उपग्रह समेतका सहाराले भूगोलको अन्तरकुन्तरदेखि अन्य ग्रहसम्म फैलियो ।

## २. मानव जीवनमा यात्राको महत्त्व

यात्राका बारेमा विश्वका अनेक चिन्तक र मनीषीहरूबाट

सहस्राब्दीयौँदेखि चिन्तन–मनन गरिँदै र तिनलाई लिपिबद्ध रूपमा सुरक्षितसमेत तुल्याइँदै आएको पाइन्छ । संस्कृतका वैदिक र पौराणिक साहित्यदेखि लिएर लौकिक/ललित साहित्यका अनेक ग्रन्थमा आ–आफ्नै प्रकारले मुक्त कण्ठले यात्राको महिमागान गरिएको छ ।

(क) **ऋग्वेद**को **ऐतरेय ब्राह्मण**मा हरिश्चन्द्रपुत्र रोहितलाई सम्बोधन गर्दै ब्राह्मणवेशधारी इन्द्रबाट पाँचवटा श्लोकमा यात्राको महत्त्व निम्नानुसार वर्णन गरिएको छ र यात्राको निम्ति उत्प्रेरणा समेत जगाइएको छ–

"अविश्रान्त भावले यात्रा गरिरहने व्यक्तिहरूलाई नै श्री (सम्पत्ति) प्राप्त हुन्छ । विद्वान् र श्रेष्ठ व्यक्ति पनि सधैँ एकै ठाउँमा बसिरहँदा तुच्छ ठानिन्छन्, त्यसैले आफूलाई एक्लो र असहाय नठानी तिमी हिँडिरहू हिँडिरहू । यात्रामा प्रवृत्त हुँदा स्वयम् इन्द्र नै तिम्रा सहायक हुनेछन् । भ्रमणशील व्यक्तिका तिघ्राहरू पुष्ट र गठिला हुन्छन् साथै यात्रारूपी पुण्यका प्रतापले उसका सारा पापहरू नष्ट हुन्छन्, त्यसैले तिमी हिँडिरहू हिँडिरहू । बसिरहने व्यक्तिको भाग्य पनि बसिदिन्छ, उठेका व्यक्तिको उठ्छ, सुतिरहने व्यक्तिको भाग्य सुतिदिन्छ र पर्यटनशील व्यक्तिको भाग्य दिन प्रतिदिन बढ्दै जान्छ । त्यसैले तिमी हिँडिरहू, हिँडिरहू । कलि सुतेको हुन्छ, द्वापर ब्यूँझै हुन्छ, त्रेता उठेको (उभिएको) हुन्छ र सत्य सदा सञ्चरणशील हुन्छ । त्यसैले तिमी हिँडिरहू हिँडिरहू । परिभ्रमणशील व्यक्तिले नै मह प्राप्त गर्दछन्, हिँडिरहने व्यक्तिलाई नै उदुम्बर (डुम्री) आदि स्वादिला फल प्राप्त हुन्छन्, अविश्रान्त रूपले अहोरात्र गतिमान् हुनाका कारणले नै सूर्य विश्ववन्दनीय छन् त्यसैले तिमी हिँडिरहू हिँडिरहू ।"

("नानाश्रान्ताय श्रीरस्तीति रोहित शुश्रुम ।

पापो नृषद्वरो जन इन्द्र इच्चरतः सखा चरैवेति ॥

पुष्पिण्यौ चरतो जङ्घे भूष्णुरात्मा फलग्रहिः।

शेरेऽस्य पाप्मानः श्रमेण प्रपथे हतश्चरैवेति ॥

आस्ते भग आसीनस्योर्ध्वस्तिष्ठति तिष्ठतः ।

शेते निपद्यमानस्य चराति चरतो भगश्चरैवेति ॥

कलिः शयानो भवति सञ्जिहानस्तु द्वापरः ।

उत्तिष्ठस्त्रेता भवति कृतं सम्पद्यते चरंश्चरैवेति ॥

चरन्वै मधु विन्दन्ति चरन्स्वादुमुदुम्बरम् ।

सूर्यस्य पश्य श्रेमाणं यो न तन्द्रयते चरंश्चरैवेति ॥"

–सुधाकर मालवीय, सम्पा.,अनु., **ऐतरेय ब्राह्मण**, भाग २, सप्तपञ्चाशिका, तृतीयाध्याय, तृतीय खण्ड, ३३ । ३०, (वाराणसी : तारा प्रिन्टिंग वर्क्स २०४०), पृ.११५०–११५३ ।)

(ख) श्रीमद्भागवत महापुराणमा "तीर्थक्षेत्रहरूको सेवन गर्दै पृथ्वीको पर्यटन गर्नाले पुण्य हुन्छ" भनिएको छ ("भूमेः पर्यटनं पुण्यं तीर्थक्षेत्रनिषेवणैः । रोहितायादिशच्छक्र : सोऽप्यरण्ये वसन् समाम् ।" ९।७।१८ –

वेदव्यास, **श्रीमद्भागवत महापुराण** (नवम स्कन्ध, हरिश्चन्द्रोपाख्यानम्, अध्याय ७, श्लोक १८), बाह्रौँ सं. (गोरखपुर : गोविन्द भवन कार्यालय, गीताप्रेस, वि.सं. २०५१), पृ. ३७२ ।) ।

(ग) मत्स्य पुराणमा राजाहरूको यात्राका निम्ति २७ वटा श्लोकमा कालविधान प्रस्तुत छ । (वेदव्यास, **मत्स्यपुराण**, श्रीराम शर्मा आचार्य, अनु.सम्पा., संशोधित सं. (बरेली : चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजाकुतुव, वेदनगर, इ. १९८८), पृ. ३२५-३३० ।) त्यस्तै मत्स्य पुराणमा नै यात्राकालीन मङ्गल-अमङ्गलसूचक शकुनहरूको वर्णन २८ वटा श्लोकहरूमा गरिएको छ । (ऐ.पृ. ३३८-३४२ ।)

(घ) वामन पुराणमा निर्विघ्नतापूर्वक अनेक वन, नदी र तीर्थहरूको भ्रमण गर्नका निम्ति उत्प्रेरित गरिएको छ । ("सरस्वत्यां नरः स्नात्वा यक्षं दृष्ट्वा प्रणम्य च । पुष्पं धूपं च नैवद्यं दत्वा वाचमुदीरयेत् । तव प्रसादाद्यक्षेन्द्र.... ..तस्तथा । भ्रमिष्यामि च तीर्थानि ह्यविघ्नं कुरू मे सदा ॥" – वेदव्यास, **वामनपुराण** प्रथम खण्ड, श्रीराम शर्मा आचार्य, अनु. सम्पा., संशोधित सं. (बरेलीः चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजा कुतुव वेदनगर, इ. १९८७) पृ. ।)

(ङ) पञ्चतन्त्रमा जसले देशदेशावरको यात्रा गरेर अनेक प्रकारका भाषा र भेषभूषाहरूबारे जानकारी हासिल गर्दैन त्यसको जन्म निष्फल छ, भनिएको छ । ("देशान्तरेषु बहुविध भाषावेशादि येन नज्ञातम् । भ्रमता धरणीपीठे तस्य फल जन्मनो व्यर्थम् ॥ – विष्णु शर्मा, **पञ्चतन्त्रम्** मित्रभेद खण्ड, श्लोक ४३० (दिल्ली : नरेन्द्र प्रकाश जैन, मोतीलाल बनारसीदास, इ. १९८८), पृ. २१५ ।)

(च) पञ्चतन्त्रमा नै "कुनै पनि व्यक्तिलाई विद्या, वित्त, शिल्प आदि तबसम्म प्राप्त हुन सक्तैन, जबसम्म ऊ प्रसन्नतापूर्वक एक देशदेखि अर्को अर्को देश गर्दै पृथ्वीमा यात्रा गर्दैन" पनि भनिएको छ । ("विद्या वित्तं शिल्पं तावन्नाप्नोति मानवः सम्यक् । यावद् व्रजति न भूमौ देशाद्देशान्तरं हृष्टः ॥" – ऐ. श्लोक ४३१, पृ. ऐ ।)

(छ) त्यस्तै पञ्चतन्त्रमा नै "सर्वत्र गति हुने व्यक्ति स्वदेशको मोहले त्यहीं मात्र बसेर नष्ट हुन चाहँदैन, यो मेरा पिताले प्रयोग गर्ने गरेको कूवा हो भन्ने भावुकताको वशीभूत भएर त्यसै कूवाको खारा वा दूषित पानी त तुच्छ व्यक्तिहरू मात्र पिउँछन्" ("यस्यास्ति सर्वत्र गतिः स कस्मात् स्वदेशरागेण हि याति नाशम् । तातस्य कूपोऽयमिति ब्रुवाणाः क्षारं जलं कापुरूषाः पिवन्ति ॥ -"ऐ.श्लोक ३१०, पृ. ।) भनी देश-देशान्तरको यात्राका निम्ति उत्प्रेरित गरिएको छ ।

(ज) हितोपदेशमा "सिंहहरू सत्पुरूषहरू र हात्तीहरू आफ्नो थातथलो छाडेर अन्यत्र जान्छन्; कागहरू, कुत्सित व्यक्तिहरू र मृगहरू चाहिँ उही ठाउँमा मर्छन्" भनिएको छ । ("स्थानमुत्सृज्य गच्छन्ति सिंहाः सत्पुरूषाः गजाः । तत्रैव निधनं यान्ति काकाः कापुरूषाः मृगाः ॥" -नारायण पण्डित, सङ्ग्रहकर्ता, **हितोपदेश** मित्रलाभ, श्लोक १०४, सं. सोह्रौँ (वाराणसीः चौखम्बा संस्कृत सीरिज, वि.सं. २०३९), पृ. ९३ ।)

(झ) संस्कृतका एक महाकवि महादेवले "देशाटन गर्नु, विद्वान् हरूसित मित्रता गर्नु, वेश्यालय जानु,

राजसभामा प्रवेश गर्नु र अनेक शास्त्रहरूको अध्ययन–अवलोकन गर्नु यी पाँच कुरा चलाखीका मुख्य उपाय हुन्" ("देशाटनं पण्डितमित्रता च वाराङ्गना राजसभाप्रवेशः अनेक शास्त्राणि विलोकितानि चातुर्यमूलानि भवन्ति पञ्च ॥" –महाकवि महादेव, "**सामान्यनीतिः**" **सुभाषितरत्नभाण्डागारम्**, का. श्रीनाथ शर्मा पाण्डुरङ्ग, सम्पा., पाँचौँ सं., प्रकरण ३, श्लोक ८६४ (मुम्बई : वासुदेव शर्मा पणशीकर, निर्णयसागर मुद्रणालय, इ. १९९१), पृ. १८० ।) भनेका छन् र ती पाँच कुराको उल्लेख गर्दा उनले देशाटनलाई प्रथम स्थानमा राखेका छन् ।

उपर्युक्त साहित्यिक कृतिहरूका अतिरिक्त संस्कृतका नीतिग्रन्थ र ज्योतिषशास्त्र सम्बन्धी ग्रन्थहरूमा पनि यात्राको महत्त्व दर्शाउने अनेक अभिव्यक्ति पाइन्छन् । यसरी पूर्वमा यात्रा वा पर्यटनलाई प्राचीनकालदेखि नै अत्यन्त महत्त्व दिइँदै आएको छ । हाम्रो सनातन धर्म र संस्कृतिमा त यात्रालाई सामाजिक संस्कारको एक अङ्गकै रूपमा समेत लिएको पाइन्छ । पहिले वर्णाश्रम व्यवस्था छँदा ब्राह्मणकुमारहरूको सात वा आठ वर्षको उमेरमा व्रतबन्ध गरिएपछि उनीहरू अध्ययनार्थ देशान्तर जाने र त्यहाँ कुनै गुरूकुलमा लामो समयसम्म बसेर ज्ञानार्जन गरी घर फर्केपछि गृहस्थाश्रममा प्रवेश गर्ने परम्परा थियो । ("गर्भाष्टमेऽष्टमेवापि व्रतबन्धे कृते द्विजः । पितरं मातर नत्वा गतो देशान्तरं सुत : ॥" –ऋषिराम शर्मा घिमिरे, व्रतबन्ध पद्धति, (दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुन्डी, २०५७), पृ.१६७ ।) त्यस प्राचीन परम्पराको अवशेषका रूपमा देशान्तर जाने नाउँमा व्रतबन्धका दिन उपनयन संस्कार सम्पन्न भएपछि यज्ञको समाप्तिपूर्व नूतन वस्त्र धारण र सिँगारपटार समेत गरेर पितामातालाई ढोगी यज्ञमण्डपबाटै केही छिन नजिकको कुनै देवस्थलसम्म गएर फर्कने कर्मकाण्डी विधान हाम्रो समाजमा अद्यापि प्रचलित छ । त्यस्तै विवाह संस्कारका निम्ति हर्षबढाइँ गर्दै वरलाई साथमा लिएर वरको घरदेखि वधूको घरसम्म जाने बरियाती वा जन्तीको लर्कोलाई 'वरयात्रा' तथा अन्तिम संस्कारका निम्ति मृतकको शवलाई काँधमा बोकेर श्मशान वा चिहानसम्म जाने मलामीको लर्कोलाई 'शवयात्रा' संज्ञा दिइँदै आएको छ अनादिकालदेखि नै हाम्रो सनातनी समाजमा ।

परिव्रजनशील भएकाले नै संन्यासीहरूलाई 'परिव्राजक' भनिन्छ । हाम्रा क्रान्तदर्शी ऋषिमुनिहरू परिभ्रमणशील थिए ।

व्यासले भारतबाट इरानको 'बलख' भन्ने स्थानसम्मको यात्रा गरेको प्रमाण पाइन्छ । उनी बलखमा पुगेपछि इरानका तत्कालीन बादशाह 'गश्ताशप' ले उनीसित साक्षात्कार गराउनका लागि पारसी धर्मका प्रवर्तक 'जबरदस्त' वा 'जरथुस्त' लाई बोलाएका थिए र 'त्यहाँ उनीसित दाँजिन सक्ने अर्को कुनै बुद्धिमान् व्यक्ति थिएन' भनी उनको प्रशंसामा

'बुद्धिमत्तामा अद्वितीय' भन्ने अभिव्यक्ति प्रकट गरिएको थियो भन्ने प्रसङ्ग पारसीहरूको धर्मग्रन्थ शातीर मा निम्नानुसार उल्लिखित रहेको कुरा रजनीकान्त शास्त्रीको **हिन्दू जातिका उत्थान और पतन** शीर्षक ग्रन्थमा वर्णित छ :

"अकनूं विरहमने व्यास नाम आज हिन्द आमद वस दाना कि अकल चुना नस्त"... "चूँ व्यास हिन्दी बलख आमद, गश्ताशप जबरदस्त राव ख्वान्द"... "व हिन्द वाज वाज गश्त"

अर्थात्, व्यास नाम गरेका एक ब्राह्मण हिन्द (भारत) बाट आए, जोसित दाँजिन सक्ने अर्को कुनै पनि बुद्धिमान् थिएन ।...जब हिन्दका व्यास बलखमा आए, त्यतिबेला इरानका बादशाह गश्ताशपले जबरदश्तलाई बोलाए ।...र फेरि उनी हिन्दमा फर्के । (रजनीकान्त शास्त्रीले **हिन्दू जाति का उत्थान और पतन** शीर्षक आफ्नो ग्रन्थमा यस सन्दर्भमा अवश्य नै यी व्यास महाभारत र अठार पुराणका रचयिता महर्षि कृष्णद्वैपायन व्यास नै थिए होलान्, त्यसैले त उनको बुद्धिमत्तालाई 'अद्वितीय' भनिएको छ भन्ने धारणा व्यक्त गर्दै व्यास बलखमा पुगेपछि ईरानका गश्ताशपले पारसी धर्मका प्रवर्तक जबरर्दस्त या जरथुस्तलाई उनीसित शास्त्रार्थ गराउनका लागि बोलाएको हुनसक्ने अभिमत समेत प्रकट गरेका छन् । – रजनीकान्त शास्त्री, हिन्दू जाति का उत्थान और पतन, दो.सं., (पटना : किताब महल, १९९९), पृ.४ ।)

नेपालको कपिलवस्तुका राजपुत्र सिद्धार्थ गौतमले कपिलवस्तुदेखि लामो दुस्साध्य पदयात्रा गरी भारतको बोधगयामा पुगेर बुद्धत्व प्राप्त गरेका हुन् । पौराणिक युगका नारदमुनिदेखि लिएर आधुनिक युगका सिकन्दर, भास्को डि गामा, कोलम्बस, फाहियान, हु एन साङ, हेचो, तेन्जिङ नोर्गे शेर्पा, एडमन्ड हिलारी, नील आर्मस्ट्रङ, युरी गागारिन, मार्कोपोलो, राहुल साङ्कृत्यायन, पासाङ ल्हामू शेर्पा, आङ्रिता शेर्पा, आपा शेर्पा, आदि अनेक नारी-पुरूष आफ्ना अद्भुत यात्राकारिताका कारणले नै चिरस्मरणीय बनेका हुन् । यस सन्दर्भमा त आयुर्वेदको **चरकसंहिता**का प्रणेता आचार्य चरक झन् विशेष रूपले उल्लेख्य छन् किनभने उनी महान् यायावर थिए र उनको 'चरक' नाउँको अर्थ पनि यही नै हो । (हरिनारायण वर्मा, अमृत वर्मा, **१०० भारतीय युग पुरुष** (नयाँ दिल्ली : ग्रेट इन्डियन पब्लिशर्स, इ. १९७७), पृ. ६ ।)

सुप्रसिद्ध भारतीय यायावर एवम् यात्रासाहित्यकार राहुल साङ्कृत्यायनले मानवजीवनका विभिन्न सन्दर्भमा यात्राशीलताको महत्त्व दर्शाउँदै यात्रा र यायावर विषयमा केन्द्रित रहेर **घुमक्कड–शास्त्र** शीर्षक एक चिन्तन-ग्रन्थ नै लेखेका छन् । त्यसमा उनले अनेक प्रकारले यात्राको महिमागान गरेका छन् । 'मानवजीवनमा यात्राको महत्त्व' विषयक चर्चाका क्रममा नितान्त सान्दर्भिक हुने ठानी यहाँ त्यस ग्रन्थअन्तर्गतका दुई-चार अभिव्यक्ति निम्नानुसार प्रस्तुत गरिँदै छ ।

राहुलले यात्राशीलतालाई रसका स्थानमा राख्दै यसो भनेका छन् : –

घुमक्कडी एउटा रस नै हो, जुन काव्यको रसभन्दा कुनै तरहले पनि र कत्ति पनि कम छैन । कठिन बाटाघाटाहरूलाई पार गरेर नयाँ ठाउँहरूमा पुगेपछि यायावरको हृदयमा जुन भावोद्रेक उत्पन्न हुन्छ, त्यो एउटा अनुपम चीज हो । त्यसलाई हामी कविताको रससित तुलना गर्न सक्छौँ, र यदि कोही ब्रह्ममा विश्वास राख्छ भने उसले त्यसलाई ब्रह्मरस ठान्नेछ । ("घुमक्कडी एक रस है, जो काव्य के रस से किसी तरह भी कम नहीं है । कठिन मार्गों को तय करने के बाद नये स्थानों में पहुंचने पर हृदय में जो भावोद्रेक पैदा होता है, वह एक अनुपम चीज है । उसे कविता के रस से तुलना कर सकते हैं, और यदि कोई ब्रह्म पर विश्वास रखता हो, तो वह उसे ब्रह्म रस समझेगा – रसो वै सः, रसं हि लब्ध्वा आनन्दी भवति ।" राहुल साङ्कृत्यायन, **घुमक्कड-शास्त्र**, (दिल्ली : राजकमल प्रकाशन, इ.१९४९), पृ. ३९ ।)

उनका अन्य केही अभिव्यक्ति यस्ता छन् :

मेरो विचारमा संसारको सर्वश्रेष्ठ वस्तु घुमक्कडी (यायावरी वा भ्रमणशीलता) हो । घुमक्कड (यायावर) भन्दा बढी व्यक्ति र समाजको हितकारी अर्को कोही पनि हुन सक्तैन । (ऐजन, पृ. १ ।) संसारमा यदि कुनै अनादि सनातन धर्म छ भने त्यो घुमक्कड-धर्म हो । तर त्यो सङ्कुचित सम्प्रदाय होइन, त्यो आकाशजस्तै महान् छ, समुद्र जस्तै विशाल छ । (ऐजन, पृ. ८ ।) घुमक्कड-धर्मले कुनै जातपातलाई मान्दैन, न कुनै धर्म या वर्णको आधारमा अवस्थित वर्गलाई मान्दछ । (ऐजन, पृ. ३९ ।) जसरी तलाउमा डल्ला फालेपछि लहर उठ्छ । फेरि त्यो लहर अर्को लहरलाई उठाउँदै आफू बिलाउँछ परन्तु लहरहरूको क्रम अघि बढ्दै जान्छ । त्यसैगरी यायावरले मानव-कल्याणका निम्ति लहर उठाउँछ, जुन लहरले आफू अन्तर्ध्यान हुनुअघि यदि अर्को लहर उठाइदिन्छ भने त्यसलाई सफलता भन्नुपर्छ । कुनै प्रारम्भिक लहर निकै शक्तिशाली हुन्छन् र कुनै चाहिँ कम शक्तिशाली । मनुष्यको कृतित्वको मूल उसले उठाएका लहरहरूको शक्तिशालिता हो । निर्माणको विचार नै सबैभन्दा सुन्दर हो । (ऐजन, पृ.१३३ ।) घुमक्कडी लेखक र कलाकारहरूका लागि धर्म-विजयको प्रयाण हो, त्यो कला- विजयको प्रयाण हो र साहित्य-विजयको पनि । वास्तवमा घुमक्कडीलाई चानचुने कुरा ठान्नु हुँदैन, यो सत्यको खोजीका लागि, कलाको निर्माणका लागि र सद्भावनाको प्रसारका लागि महान् दिग्विजय हो । (ऐजन, पृ. १४४।)

संसारका अनेक भागमा र नेपालमै पनि केही यस्ता मानवजाति अस्तित्वमा रहिआएका छन् जो हालसम्म आनुवंशिक रूपमै विशुद्ध यायावर वा घुमन्ते जीवन बिताइरहेका छन् । उनीहरू परिवार, पशुधन र झिटीगुन्टासहित केही दिन वा केही महिना कतै पाल हालेर, रूखमुनि वा

ओडार (गुफा) मा सामूहिक रूपमा निवास गरी फेरि स्वेच्छया स्थानान्तरित भइरहन्छन् । उनीहरूको द्रुत गतिको यो बसाइसराइपूर्ण जीवन-प्रक्रिया वंशानुगत रूपमै यसैगरी आजीवन चलिरहेको पाइन्छ । नेपालको तराईका 'नेटुवा' भनिने नट जाति र पहाडका राउटे-कुसुन्डा आदि जातिलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । त्यस्तै प्राचीन भारतका केही यायावर जातिहरू आफ्नो भ्रमणशील स्वभावका कारणले पक्षी, गृध्र अथवा सुपर्ण नामले सम्बोधित हुने गर्दथे । (शान्तिकुमार नानूराम व्यास, रामायणकालीन समाज दो.सं. (नयाँ दिल्ली : सस्ता साहित्य मण्डल, इ. १९६४), पृ. १७ ।) रामायणमा पक्षी पात्रको रूपमा परिचित सम्पाति र जटायु नामका दुई दाजुभाइ त्यही पक्षीवंश-परम्पराका मुखिया थिए । (ऐजन ।) नेपाल र भारतका यी जाति र संसारका अन्य त्यस्ता घुमन्ते जातिहरूको जीवन-यात्राक्रमको अध्ययन गर्दा यात्रा मानवजातिको आदिम र नैसर्गिक प्रवृत्ति नै हो भन्ने प्रतीत हुन्छ । भाषावंशको विस्तार, सभ्यताविस्तार र धार्मिक, सांस्कृतिक विस्तारका साथै राजनैतिक क्षेत्रको विस्तार पनि मनुष्यको यही यायावरी प्रवृत्तिकै परिणाम हो ।

यसप्रकार जीविकोपार्जन, धनार्जन, पुण्यार्जन, ज्ञानार्जन, अनुभवार्जन र व्यापार-व्यवसाय, साम्राज्यविजय, अस्तित्वको संरक्षण आदि उद्देश्यले होस् वा धर्मप्रचार, शिक्षाप्रचार, कलाप्रचार, साहित्यसृजन, अनुसन्धान आदि उद्देश्यले या केवल मनोरञ्जनकै उद्देश्यले अभिप्रेरित भएर अथवा आदिम प्रवृत्तिकै वशीभूत भएर मात्र पनि किन नहोस् मानव जाति सहस्राब्दीयौँदेखि चित्ताकर्षक र लोमहर्षक यात्रा गरिरहेको छ । यात्राशीलता उसको नैसर्गिक गुण हो, भ्रमणप्रियता उसको स्वभाव हो । आज असामान्य लाग्ने किसिमको यात्राशीलतालाई नै जीवनशैलीको प्रमुख अङ्ग मान्दै आएका यायावर जातिको आजीवन यात्रा भिन्नै कुरा हो र त्यो त आजको विश्वमानवको जीवनयात्राका सन्दर्भमा अति असहज र अकल्पनीय कुरा हो, अपवाद नै हो । सामान्य र सहज यात्रा-सन्दर्भबारे भन्नुपर्दा सानातिना यात्रा त जीवनमा प्रायः सबैले गर्न पाएकै हुन्छन्, गरेकै हुन्छन्, ठूल्ठूला र आकर्षक-रोमाञ्चक यात्राको अवसर जीवनमा सबैलाई प्राप्त हुँदैन । पाउनेहरू त्यसबाट प्रत्यक्ष आनन्दलाभ गरेर रमाउँछन् । तीमध्ये अत्यन्त थोरै यात्रीले मात्र आफ्ना यात्रानुभवहरूलाई लिपिबद्ध गर्दछन्, किनभने एक त सबै यात्रा उल्लेख्य हुँदैनन्, अर्को कुरा संसारका सबै यात्री साहित्यिक रूचिले सम्पन्न र सृजनात्मक प्रतिभायुक्त हुँदैनन् । यात्राका अवसर नपाउनेहरू अरूका सुरम्य, कुतूहलपूर्ण र साहसिक यात्रावर्णन तिनका मुखबाट सुनेर वा लिपिबद्ध र उपलब्ध भए पढेर काल्पनिक रूपमै भए पनि सहयात्राको

आनन्दानुभूति गर्दछन् र त्यसबाट स्वयम् पनि त्यस्ता मोहक यात्राका निम्ति सदा उत्सुक एवम् उत्प्रेरित हुन्छन्, लालायित र प्रयत्नशील रहन्छन् । यात्राप्रतिको यही अपूर्व सम्मोहनको परिणामस्वरूप नै आज मानवसमाज यति शिक्षित, सभ्य, समृद्ध र समुन्नत हुन पुगेको छ ।

संस्कृत वाङ्मयका वेद, उपनिषद्, रामायण, महाभारत, पुराण र ललित साहित्यमा उपलब्ध यात्रा-प्रसङ्गहरूका अतिरिक्त नेपालका धार्मिक, ऐतिहासिक र सांस्कृतिक प्रसङ्गहरूमा दृष्टिपात गर्दा पनि अनेक महत्त्वपूर्ण यात्रा-प्रसङ्ग उपलब्ध हुन्छन् ।

लुम्बिनी र कपिलवस्तु गौतम बुद्धको जन्मस्थल एवम् पारिवारिक मूल स्थल हुनाका नाताले विश्वका सम्पूर्ण बौद्ध धर्मावलम्बीहरूको परम पवित्र तीर्थस्थलका रूपमा प्राचीन कालदेखि नै नेपालको ख्याति रहेको हुँदा इसापूर्व तेस्रो शताब्दीको मध्यमा भारतका सम्राट् अशोक आफ्नो राज्याभिषेकको बीस वर्षपछि नेपालको लुम्बिनीमा आएका थिए । त्यहाँ शाक्यमुनि बुद्धको जन्म भएको हुनाले उनले ढुङ्गाको मोटो प्राचीर बनाउन लगाएका थिए र एउटा शिलास्तम्भपनि स्थापना गरेका थिए । साथै, भगवान् बुद्धको जन्मस्थल भएको हुँदा उनले लुम्बिनी गाउँलाई बलि (कर) र अष्टभागीय पनि मुक्त गरेका थिए । (अशोकले स्थापना गरेको त्यो शिलास्तम्भ यी पङ्क्तिका लेखकले वि.सं. २०५३ सालको साउनमा लुम्बिनीको स्थलगत अध्ययनका क्रममा धराशायी अवस्थामा रहेको देख्न पाएको थियो र त्यसमा उत्कीर्ण अभिव्यक्तिको प्रतिलिपि आफ्नो डायरीमा उतारेको थियो । अशोकी प्राकृत भाषा र देवनागरी लिपिमा उत्कीर्ण त्यस अभिव्यक्तिको पूर्णपाठ र नेपाली अनुवाद निम्नानुसार छ : "देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन आगाच महीयिते हिदवुधेजाते सक्यमुनीति सिला विगडभीचा कालापित सिलाथिभे च उस पापिते हिद भगवं जातेति लुंमिनि गामे उबलिके कटे अरू भागिये च ।" (देवताहरूका प्रिय प्रियदर्शी (अशोक) राजा राज्याभिषेकको बीसौँ वर्षमा आफै सबारी भईबक्स्यो । यहाँ बुद्ध शाक्यमुनिको जन्म भएकोले ढुङ्गाको मोटो प्राचीर बनाउन लगाइबक्स्यो र एउटा शिलास्तम्भ स्थापना गरिबक्स्यो । यहाँ भगवानको जन्म भएकोले 'लुंमिनि ग्राम कर मुक्त भयो अष्टभागीय पनि ।) – लुम्बिनीको अशोक शिलास्तम्भ ।) चिनियाँ बौद्ध भिक्षु फाहियान तीर्थयात्रीका रूपमा भारत हुँदै नेपालका कपिलबस्तु, लुम्बिनी र रामग्राम आदि स्थानहरूमा आएको प्रसङ्ग उनको यात्राविवरणबाट प्रमाणित छ । (जगन्मोहन बर्मा, **चीनी यात्री फाहियानका यात्राविवरण**, (बनारस सिटी : चौधरी एन्ड सन्स, (संस्करण र प्रकाशन वर्ष अनुल्लिखित), पृ. ४७–५१ ।) अर्का सुप्रसिद्ध चिनियाँ यात्री ह्वेन् त्साङले आफ्नो यात्रावृत्तान्तमा नेपालको चर्चा गरेको पाइन्छ । (दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, दो.सं. (काठमाडौँ : साझा प्रकाशन, २०४०), पृ. २०८ ।) एघारौँ शताब्दीमा भारतका अतिशा (बौद्ध धर्माचार्य) र तेह्रौँ शताब्दीमा भिक्षु धर्मस्वामी एवम्

विभूतिचन्द्र नेपाल भ्रमणमा आएका थिए । लिच्छविवंशको शासनकालदेखि नेपालीहरू वाणिज्य-व्यापारका निम्ति भोट जाने गरेको र लिच्छविकालमा नै चीन, तिब्बत र भारतका अनेक यात्रीहरू तीर्थयात्राका अतिरिक्त नेपालका विद्वान्हरूसित अध्ययन गर्ने, यहाँका सांस्कृतिक गतिविधिहरूबारे जानकारी लिने र व्यापारिक सम्बन्ध सुदृढ पार्ने जस्ता विविध उद्देश्यले नेपालमा आउने जाने गर्दथे । (ऐजन, पृ. ऐजन) तेह्रौँ शताब्दीमा राजा अभय मल्लको शासन कालमा नेपालका कलाकार बलबाहु (अरनिको) सत्र वर्षे किशोर वयमै नेपाली कलाको प्रचार गर्न असी सदस्यीय कलाकारमण्डलको नेतृत्व गर्दै तिब्बतको राजधानी ल्हासा हुँदै चीन गएका थिए । यी र यस्ता अनेक प्रसङ्गहरू यस सन्दर्भमा स्मरणीय छन् ।

त्यस्तै प्राचीन कालमा सम्राट् अशोककी छोरी चारूमती नेपाल-भारतको सांस्कृतिक सम्बन्धको अक्षुण्णताका निम्ति वैवाहिक सम्बन्ध स्थापना गरेर नेपाल आएको र नेपालका सम्राट् अंशुबर्माकी छोरी भृकुटी धार्मिक-सांस्कृतिक विस्तारका लागि तिब्बतका राजा स्रङ्चङ् गम् पोसित वैवाहिक सम्बन्ध स्थापना गरेर तिब्बत-चीन गएका प्रसङ्गहरू इतिहास प्रसिद्ध नै छन् ।

नेपाल र भारत दुवै देशमा हिन्दूधर्मावलम्बी र बौद्धधर्मावलम्बीहरूका साझा तीर्थस्थल हुनाका कारणले र दुवै देशका भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक, व्यापारिक एवम् राजनैतिक दृष्टिले समेत निकटतम रहेका हुनाले नेपाली र भारतीय जनताद्वारा एक-अर्काको मुलुकमा सद्भावनापूर्ण धार्मिक, सांस्कृतिक, शैक्षिक व्यावसायिक आदि विभिन्न उद्देश्यले यात्रा गरिने परम्परा सुदीर्घ कालदेखि अद्यपर्यन्त प्रचलित छ । उसै गरी हिन्दूहरूको महान् तीर्थ कैलाश-मानसरोवर भौगोलिक दृष्टिले हिमालपारि तिब्बतमा अवस्थित भए पनि नेपाली र भारतीय हिन्दूधर्मावलम्बीहरूको कैलाश-मानसरोवरको कष्टसाध्य धार्मिक यात्राको परम्परा पनि उत्तिकै पुरानो हो र अद्यापि प्रचलित नै छ ।

उपर्युक्त प्रसङ्हरूका अतिरिक्त प्राचीन कालीन नेपालको कर्णाली प्रदेशका आदित्य मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल, समाल साई, भान साई, गगनिराज आदि खस राजाहरू राज्य सञ्चालन गर्ने र राज्यको सीमा विस्तार गर्ने क्रममा अनेकानेक प्रदेशमा पुगेका तथ्य र प्रमाण तत्तत् स्थानमा राखिएका तिनका शिलापत्र, ताम्रपत्र, कनकपत्र आदि अभिलेखका साथै ती राजाहरूसित सम्बन्धित लोकगाथा या भारत आदिबाट स्पष्ट हुन्छ ।

स्वयम् यात्राप्रिय नेपाली लोकजीवन, तिनका धार्मिक, सांस्कृतिक, व्यावसायिक, व्यापारिक, शैक्षिक यात्रा, प्राकृतिक रहस्यहरूविषयक खोजमूलक यात्रा

तथा उल्लास-आनन्दका निम्ति गरिने स्वच्छन्द यात्रा आदि सभ्यताको आरम्भ कालदेखिका असङ्ख्य यात्रैयात्राले भरिएको नेपाली लोकसाहित्यको भण्डार तथा अनेक शासक, प्रशासक र सैन्यहरूका वीरतापूर्ण युद्धयात्रा, विजययात्रा र सिकारयात्राले परिपूर्ण लोकगाथाहरू अनि तिनका साक्षी-प्रमाणका रूपमा असङ्ख्य भुर्जपत्र, शिलापत्र, ताम्रपत्र र कनकपत्रहरूमा सुरक्षित अभिलेखहरूको पनि यस सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण स्थान रहेको छ ।

३. **यात्रासाहित्य**

यात्रासाहित्य शब्दको निर्माण संस्कृत भाषाको 'यात्रा' र 'साहित्य' शब्दको योगबाट भएको हो । यात्रा गति अर्थबोधक 'या' धातुमा ष्ट्रन् + टाप् प्रत्यय लागेर बनेको शब्द हो (वामन शिवराम आप्टे, पूर्ववत्, पृ. ८३३ ।) । यसको मूल अर्थ एक ठाउँबाट अर्को ठाउँमा जानु हो । त्यस्तै साहित्य ' हितले सहित' भन्ने अर्थ बोकेको 'सहित' शब्दमा 'घञ्' प्रत्यय लागेर व्युत्पन्न भएको शब्द हो । (ऐजन, पृ. ११०४ ।)

यात्रा र भ्रमण शब्द प्रायः पर्यायवाची भएका हुँदा यात्रासाहित्यलाई भ्रमणसाहित्य पनि भन्ने गरिएको छ ।

यात्रासाहित्य सृजनात्मक गद्य लेखनको एक महत्त्वपूर्ण भेद हो । यसमा यात्राकार स्वयम्ले यात्राका क्रममा देखे-भोगेका विविध परिदृश्य, घटना-प्रसङ्ग तथा सँगालेका अनुभवलाई आत्मपरक शैलीमा लिपिबद्ध गरेको हुन्छ । त्यसो हुँदा यो गतिशील, अनुभवात्मक र यात्राकारको निजात्मक रागले समन्वित यथार्थपरक लेखन हो । त्यस्तै लेखक स्वयम्को यात्रानुभवको वर्णन भएको हुँदा यो आत्मभोगजन्य लेखन हो । पूर्वीय र पाश्चात्य साहित्यमा प्राचीन कालदेखि नै आख्यान र काव्य ग्रन्थहरूमा यात्रावर्णनको उपस्थिति पर्याप्त मात्रामा पाइए पनि लेखकद्वारा आत्मभोगभुक्त जीवनको यात्रापरक अभिव्यक्तिका रूपमा यस लेखनको उदय निकै पछि भएको हो र साहित्यमा विधागत अस्तित्व लिएर त यो झन् पछि मात्र आएको हो । त्यसैले अधुनातन विश्वसाहित्यमा ' यात्रासाहित्य' नामले परिचित यो लेखन नवगद्य लेखन हो तथापि यात्रासाहित्य विश्वसाहित्यमा र नेपाली साहित्यमा पनि लामो समयदेखि लेखिंदै आएको छ र अब समृद्ध र प्रतिष्ठित समेत भइसकेको छ । अत्यन्त रोचक र ज्ञानवर्द्धक समेत रहेको यो लेखन विविध प्रवृत्तिहरूलाई आत्मसात् गर्दै, नवनव शैली- शिल्पको आविष्कार र अवलम्बन गर्दै तथा बहुआयामिक बन्दै लोकप्रियताका साथ विकासपथमा अघि बढेर विधागत स्वतन्त्र अस्तित्वको स्थापनाका निम्ति सङ्घर्षरत छ । यसो भए तापनि यसले अहिलेसम्म नेपाली साहित्यमा र विश्वसाहित्यमै पनि नामिक स्थिरता भने पाइसकेको

देखिँदैन ।

अङ्ग्रेजी साहित्यमा यसलाई चिनाउन ट्र्याभल लिटरेचर, ट्र्याभल एकाउन्ट, ट्र्याभल मेम्वायर, ट्र्याभल एस्से आदि शब्दका साथै 'ट्र्याभल' र 'मोनोलग' यी दुई शब्दको योगबाट बीसौँ शताब्दीमा नवनिर्माण गरिएको 'ट्र्याभलग' शब्द पनि प्रचलित छ जसले मूलतः यात्रीले आफ्ना यात्रानुभवहरूलाई सँगालेर लेखेको लेख, पुस्तक वा गरेको सचित्र बयान, अथवा यात्राका क्रममा तयार पारेको तद्विषयक चलचित्र, भिडियो वा अनेक तस्बिरहरूको सङ्ग्रह आदि यात्रानुभवमा आबद्ध व्यापक कुरालाई जनाउँछ । र, यात्रासाहित्यका अर्थमा पनि यही 'ट्र्याभलग' शब्द विशेष प्रचलित छ ।

त्यस्तै हिन्दी साहित्यमा यसका निम्ति यात्रासाहित्य, यात्रावृत्त, यात्रावृत्तान्त, भ्रमणवृत्तान्त आदि अनेक शब्दहरूको प्रयोग हुने गरेको पाइन्छ । उसैगरी नेपाली साहित्यमा पनि यसका यात्रावृत्तान्त, यात्रावृत्त, यात्रासंस्मरण, यात्राविवरण, यात्रानिबन्ध, भ्रमणवृत्तान्त, यात्रासाहित्य, यात्रा-(भ्रमण)-साहित्य, नियात्रा आदि अनेक नाम प्रचलित छन् । यीमध्ये यात्रा-लेखनको फराकिलो अर्थमा 'यात्रासाहित्य' नाम विशेष प्रचलित रहेको पाइन्छ ।

'यात्रासाहित्य' शब्दको निर्माण नै 'यात्रा' र 'साहित्य' यी दुई शब्दको योगबाट भएको हुँदा यात्रासाहित्य भनेको यात्रावाङ्मय वा यात्रासम्बन्धी जस्तोसुकै किसिमको लेखन अथवा यात्राको सोझो वस्तुपरक वर्णन नभएर साहित्यिक मूल्ययुक्त यात्रा-लेखन हो भन्ने स्वतः स्पष्ट छ र साहित्यिक मूल्ययुक्त यात्रा-लेखन भन्नाले सर्जक यात्रीको निजात्मक राग र अनुभूतिको समेत सुन्दर समन्वय रहेको तथा नितान्त रूपले आत्मपरक ढङ्गबाट प्रस्तुत गरिएको यात्रावर्णन भन्ने बुझिन्छ । नेपाली साहित्यमा यात्राकारको निजात्मक अनुभूतिको प्रवाहले भरिएको वा प्रगाढ आत्मरागरञ्जित, व्यक्तित्वप्रधान र अनुभूतिप्रबल यात्रालेखनलाई विगत साढे चार दशकदेखि 'नियात्रा' संज्ञाबाट चिन्न थालिएको छ । यो लेखन नेपाली साहित्यमा दिनानुदिन लोकप्रिय हुँदै गएको छ र यसले पाएको 'नियात्रा' संज्ञा पनि उत्तिकै लोकप्रिय रहेको छ । त्यसो हुँदा निजात्मकताप्रधान र अनुभूतिप्रबल यस विशिष्ट शैलीभेद 'नियात्रा' को अर्थ विस्तार गरी यात्रासाहित्यको पर्यायवाची रूपमा समेत व्यापक प्रयोग गर्न थालिएको छ ।

'नियात्रा' शब्द 'यात्रा' मा 'नि' उपसर्ग लागेर बनेको हो । यो शब्द नेपाली भाषाको नितान्त मौलिक शब्द हो । यो संस्कृत वा हिन्दी भाषामा छैन र नेपालीमा पनि पहिले प्रचलित थिएन । यो नेपालीमा बीसौँ शताब्दीमा बालकृष्ण पोखरेलद्वारा नवनिर्माण गरिएको शब्द हो । यसले खास प्रकारको यात्रासाहित्यको अर्थ वहन

गरेको छ । नियात्रा शब्दमा प्रयुक्त 'नि' उपसर्गमा 'निबन्धात्मकता' र 'निजात्मकता' अर्थ सन्निहित छ । (निर्मोही व्यास, "**नियात्रासाहित्यको सिर्जनात्मक स्वरूप**", मधुपर्क, वर्ष ६, अङ्क ४, पूर्णाङ्क ४२३, नियात्रा अङ्क, (काठमाडौँ : गोरखापत्र संस्थान, २०६१, भदौ), पृ. ५७ ।) यस नियात्रा शब्दको निर्माण र प्रथम प्रयोग पोखरेलले तारानाथ शर्माको यात्रासाहित्यिक ग्रन्थ बेलाइततिर बरालिँदा (२०२६) को "यी नियात्राबारे" शीर्षक भूमिका लेख्ने क्रममा गरेका हुन् । ("तथ्य कुरो के हो भने 'नियात्रा' नेपाली भाषामा मात्र निर्मित विशेष शब्द हो । यस शब्दको प्रयोग सर्वप्रथम 'बेलाइततिर बरालिँदा' भन्ने पुस्तकको भूमिकामा बालकृष्ण पोखरेलबाट २०२५ साल असोजमा भएको थियो । कृत्रिम रूपले निर्मित यस शब्दको उपस्थिति यसअघि कतै थिएन । बालकृष्ण पोखरेलको उर्वर मस्तिष्कबाट जन्मेको नियात्रा शब्दको प्रथम प्रयोग हुँदा त्यसको अर्थ तथा सफल नियात्रा लेखकको उल्लेख पनि यसरी भएको थियो ।" – तारानाथ शर्मा, "नियात्रा अनुभूति र गतिमयताको अब्बल लेखन", मधुपर्क, वर्ष ३७, अङ्क ४, पूर्णाङ्क ४२३, नियात्रा अङ्क (काठमाडौँः गोरखापत्र संस्थान, २०६१ भदौ), पृ. ३७–३८ ।)

नेपाली भाषालगायत प्रायः सबैजसो भारतीय नव्य भाषाहरूको स्रोत संस्कृत भाषा हो र यिनको साहित्यको मूल स्रोत पनि संस्कृत साहित्य नै हो । नेपाली साहित्यका कविता–काव्य, आख्यान, नाटक र समीक्षा आदि प्राचीन विधाहरूको सृजनपरम्परा सामान्यतया संस्कृत वाङ्मयकै प्रेरणा र प्रभावबाट स्थापित र विकसित भएको हो । अधुनातन विश्वसाहित्यमा आख्यानेतर गद्यअन्तर्गतका 'अन्यविधा' वा 'गद्यका नयाँ विधा' संज्ञाबाट चिनिने यात्रासाहित्य, संस्मरण, पत्रसाहित्य, आत्मकथा, जीवनी, दैनिकी, रिपोर्ताज, शब्दचित्र या रेखाचित्र, अन्तर्वार्ता जस्ता नव्य गद्यरूपहरू भने नेपाली र भारतीय साहित्यमा पनि संस्कृत साहित्यबाट नभएर पाश्चात्य साहित्यसितको सम्पर्कबाट भित्रिएका हुन् । 'यात्रासाहित्य' संज्ञाबाट परिचित र प्रतिष्ठितसमेत रहेको र नेपाली साहित्यमा समेत अचेल अत्यन्त लोकप्रिय लेखनका रूपमा देखापरेको यो भेद यथार्थपरक सृजनात्मक नव्य गद्य लेखन हो र यो विधागत स्वरूपमा अन्य नव्य गद्य लेखन जस्तै पाश्चात्य साहित्यकै प्रेरणा र प्रभावमा नेपाली साहित्यमा भित्रिएर विकसित हुँदै गएको हो । लेखक–यात्रीका निजी यात्रानुभवहरूलाई निजात्मक शैलीमा प्रस्तुत गरिने यस्तो प्रकारको गद्यरूपको लेखन संस्कृतका वैदिक, औपनिषदिक, पौराणिक र लौकिक/ललित कुनै पनि साहित्यमा उपलब्ध छैन । यसो भए तापनि संस्कृत वाङ्मयमा यात्रासम्बन्धी चर्चा, चिन्तन र यात्रावर्णन छँदै छैन भन्ने चाहि सर्वथा होइन । वैदिक, औपनिषदिक, पौराणिक र ललित साहित्यमा यात्रागत चिन्तन र यात्राको महिमागान पाइन्छ तथा तिनमा मानवजातिको सर्वतोमुखी समुन्नतिको सोपानका रूपमा यात्राको महत्त्व दर्शाइएको छ ।

पौराणिक र आधुनिक काव्य एवम् आख्यान-ग्रन्थहरूमा वस्तुपरक ढङ्गबाट गरिएका लामा-छोटा यात्रावर्णनको प्राचुर्य नै छ । जस्तै : -

क) **ऋग्वेद संहिता**, त्यसका **ऐतरेय ब्राह्मण** र **शाङ्खायन** वा **कौषीतकि ब्राह्मण** तथा अनेक उपनिषद्हरूमा यात्रा-लेखनको बीज पाइन्छ । यीमध्ये शाङ्खायन ब्राह्मण वा कौषीतकि ब्राह्मणमा संस्कृतको केन्द्र रहेको उदीच्य देशको भ्रमणप्रसङ्ग उल्लेख्य रूपमा प्रस्तुत छ । (श्रीराम शर्मा अधिकारी वेदाचार्य, "ऋग्वेदका परिचय एवम् वैशिष्ट्य", कल्याण, वर्ष ७३, संख्या १-२, वेदकथाङ्क (गोरखपुर : गोविन्द भवन कार्यालय, गीताप्रेस, इ. १९९९ जनवरी), पृ. १६२ ।)

**वाल्मीकीय रामायण** महाकाव्य बालकाण्डदेखि उत्तरकाण्डसम्म नै लामा- छोटा विविध यात्रा-प्रसङ्गहरूले भरिएको छ । रामको चौधवर्षे अवधिको वनवासकालका अनेक वनप्रान्तर एवम् पर्वतीय स्थलका यात्रा र उपयात्रा-प्रसङ्गका साथै समुद्र तरेर गरिएको लङ्कायात्राको सुरम्य वर्णन यस सन्दर्भमा विशेष उल्लेख्य छ ।

**महाभारत**मा सभापर्वअन्तर्गत २५ औँ अध्यायदेखि ३२ औँ अध्यायसम्मको दिग्विजय पर्वमा अर्जुन आदिको वीरतापूर्ण दिग्विजय-यात्रा वर्णित छ । (वेदव्यास, महाभारत, प्रथम खण्ड, रामनारायण दत्त शास्त्री, पाण्डेय 'राम' अनु. सातौँ सं., (गोरखपुर : गोविन्द भवन कार्यालय, गीताप्रेस, २०५३), पृ. ७४१-७६६ ।) वनपर्व अन्तर्गत ८० औँ अध्यायदेखि १५६ औँ अध्यायसम्मको तीर्थयात्रा पर्वमा पाण्डवहरूको विभिन्न तीर्थस्थलको यात्रावर्णन प्रस्तुत छ । (ऐजन, द्वितीय खण्ड, पृ. ११६९-१३८० ।) त्यस्तै, स्वर्गारोहण पर्वको पहिलो अध्यायदेखि पाँचौँ वा अन्तिम अध्यायसम्म नै युधिष्ठिरद्वारा हिमालय हुँदै सशरीर गरिएको स्वर्गयात्राको बयान पाइन्छ । (ऐजन, षष्ठ खण्ड, पृ. ६४९३-६५०८ ।)

**श्रीमद्भागवत महापुराण**को दशम स्कन्धमा कृष्णले गरेका विविध स्थानको यात्रा-प्रसङ्गको उल्लेख पाइन्छ भने दशम स्कन्धको उत्तरार्द्धको ७९ औँ अध्यायमा बलरामद्वारा गरिएको उत्तर र दक्षिण भारतका विभिन्न तीर्थस्थलहरूको यात्रा-प्रसङ्ग "बलदेव तीर्थयात्रा निरूपण" नामले नै वर्णित छ । (वेदव्यास, श्रीमद्भागवत महापुराण, छैँठौँ सं., (गोरखपुर : घनश्याम दास जालान, गीताप्रेस, वि.सं. २०१०), पृ. ६३७-६३८ ।)

वामन पुराणमा प्रह्लादद्वारा गरिएको उत्तर भारतका क्रमशः नैमिषारण्य, गया, सरयू, विपाशा, अवन्तीनगरी, निषध, अश्वतीर्थ, पाञ्चाल, प्रयाग, वाराणसी, मधुवन, पुष्करारण्य, रूद्रकोटितीर्थ, सोमतीर्थ, कुरूध्वज, पद्माक्षी, कालञ्जर, नीलतीर्थ, प्रभास, महालय, उत्तरकुरू, सप्तगोदावर, दारूवन, कुण्डिन, मागधारण्य, शोण, कनखल, ⸝ज, कामरूप, त्रिकूट, दण्डकवन, सर्वपापनाशक श्रेष्ठतीर्थ र शालग्राम आदिसम्मका उत्तरभारतीय तीर्थक्षेत्रहरूको यात्राको वर्णन प्रथम र द्वितीय भाग गरी अनुष्टुप छन्दका जम्मा ८३ श्लोकमा प्रस्तुत छ ।

(वेदव्यास, वामन पुराण, द्वितीय खण्ड, श्रीरामजी शर्मा आचार्य, सम्पा. संशोधित संस्करण, (बरेली : चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजाकुतुब, (वेदनगर), इ. १९८७), पृ. ३५२-३६७ ।)

**स्कन्द पुराण**को हिमवत् खण्डको नेपाल महात्म्यमा कृष्णले प्रद्युम्न आदि छोराहरूका साथ गरेका नेपालको उत्तरी प्रदेशका विविध तीर्थहरूको यात्राको बयान 'प्रद्युम्नको तीर्थयात्रा' नाउँले प्रस्तुत छ । (वेदव्यास, स्कन्द पुराण, हिमवत् खण्ड भाषा, नेपाल महात्म्य, अध्याय १७०, काशी : योगप्रचारिणी, गोरक्षटीला, २०१३), पृ. ३३८-३४० ।) स्कन्द पुराणको उक्त खण्ड र महात्म्यमा कृष्णले नै छोरा प्रद्युम्न, अन्य सिद्ध देवता र ऋषिमुनिहरूका साथ गरेको तीर्थयात्रा 'श्रीकृष्णको तीर्थयात्रा' नाउँले वर्णित छ । (ऐजन, अध्याय १८२, पृ. ३५४-३५७ ।)

**मत्स्य पुराण**मा 'सावित्री उपाख्यान'अन्तर्गत सावित्रीद्वारा पति सत्यवान्सित गरिएको वनयात्रा सुरम्य प्रकृति-चित्रणका साथ सजीव रूपले वर्णित छ । (वेदव्यास, मत्स्य पुराण, द्वितीय खण्ड, श्रीरामजी शर्मा आचार्य, सम्पा. संशोधित संस्करण, (बरेली : चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजाकुतुब, (वेदनगर, इ. १९८८), पृ. २१९-२२५ ।)

**कूर्म पुराण**मा महर्षि वेदव्यासले जैमिनि आदि आफ्ना मुख्य मुख्य शिष्यहरूका साथ गरेको मन्दाकिनी नदीको तटवर्ती मध्यमेश्वरदेखि प्रयाग, गया, प्रभास र वाराणसीसम्मका अनेक तीर्थहरूको भ्रमण-प्रसङ्ग उल्लिखित छ । (राधेश्याम खेमका, **कल्याण**, वर्ष ७१ सङ्ख्या १ कूर्मपुराणाङ्क (गोरखपुर : केशोराम अग्रवाल, गोविन्द भवन कार्यालय, गीताप्रेस, इ. १९९७ जनवरी-फरवरी), पृ. ११७५ ।)

यसरी रामायण, महाभारत र पुराणहरूमा यात्रावर्णन यत्रतत्र पाइन्छ नै उत्तरवर्ती ललित काव्य र आख्यान ग्रन्थहरू पनि यस सन्दर्भमा उल्लेख्य छन् ।

कालिदासको रघुवंश महाकाव्यको प्रथम सर्गमा सन्ततिविहीताको पीडाले व्यथित राजा दिलीप त्यसको कारण थाहा पाउने र दोष निवारण गर्ने उद्देश्यले रानी सुदक्षिणाका साथ रथमा चढेर कुलगुरू वशिष्ठका आश्रमतर्फ जाँदाको प्रसङ्ग जीवन्त रूपले वर्णित छ । त्यस यात्राक्रममा उनी नौनी लिएर उपस्थित भएका वृद्ध ग्वालाहरूसित मार्गका पार्श्ववर्ती वन्य वृक्षहरूका नाउँ सोध्दै, ठाउँ-ठाउँमा मयूर र सारसहरूका समूहको मधुर स्वर सुन्दै, सरोवरहरूमा पूर्ण विकसित कमलपुष्पहरूको सौन्दर्यपान र सुवास ग्रहण गर्दै, पथवर्ती गाउँहरूमा बलिका निमित्त यज्ञीय पशुहरूलाई बाँध्नका लागि गाडिएका मौलाहरू हेर्दै तथा ऋषिमुनिका आश्रमपरिसरमा मुनिकन्याहरूद्वारा सद्यः सिञ्चित फूल र फलका बोट-बिरूवाका ड्याङका कुलेसाहरूमा चराचुरूङ्गीले जलपान गरेका मोहक दृश्यहरू हेर्दै र यी समस्त दृश्यावली रानीलाई समेत देखाउँदै वशिष्ठ ऋषिको आश्रममा पुग्दासम्मको मनमोहक यात्रावर्णन पैँतीसौँ श्लोकदेखि अठचालिसौँ

श्लोकसम्म अनुष्टुप् छन्दमा प्रस्तुत छ । (कालिदास, **रघुवंश महाकाव्य**, ब्रह्मशङ्कर मिश्र, साहित्यशास्री, सं. अनुल्लिखित, (वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस, प्रकाशन वर्ष, अनुल्लिखित), पृ. ३०-४१ ।)

रघुवंशकै द्वितीय सर्गमा राजा दिलीप सन्ततिप्राप्तिका लागि गुरू वशिष्ठको आज्ञाले उनकी यज्ञधेनु नन्दिनीको सेवामा बाईस दिनसम्म छायावत् प्रवृत्त भई उनलाई चराउन आश्रमदेखि वन र वनदेखि आश्रमसम्म जाँदा र फर्कँदाका प्रतिदिवसीय उभयकालीन लघुयात्रा-प्रसङ्गको बयान गिरिनिर्भरको मनोरम छटा, बाँसघारीमा बाँसका बोटमा रहेका प्वालहरूमा हावा भरिनाले प्राकृत रूपमै हुने वेणुनाद, लताहरूबाट पुष्पवृष्टि, मृगहरूको निःशङ्क भ्रमण, पल्वल (पानीले भरिएका स-साना पोखरीतुल्य खाल्टाखुल्टी) हरूमा आहाल बसेर उठेका बँदेलहरूका बथान, बास बस्ने तर्खरमा आ-आफ्ना गुँड भएका रूखहरूतर्फ उन्मुख मयूरहरूको समूह, अस्ताचलोन्मुख सूर्यको रक्तिम आभा र वनपङ्क्तिहरूको सान्ध्यकालीन श्यामायमानता सहितको गोधूलि बेलाको सौन्दर्य आदि यावत् दृश्य र प्रसङ्गहरू सजीव एवम् मनोरम प्रकृतिवर्णनसहित प्रस्तुत छन् । (ऐजन, द्वितीय सर्ग, ऐ., पृ. १-८४ ।)

त्यस्तै उक्त महाकाव्यकै चतुर्थ सर्गमा दिलीपपुत्र रघुको दिग्विजय यात्रा-प्रसङ्ग वर्णित छ । त्यसमा राज्यारोहणपछि राजा रघु दिग्विजयका निम्ति ठूलो सैन्यदल लिएर राजधानी अयोध्याबाट पूर्वदिशातर्फ प्रस्थित भई समुद्रतटसम्म पुगेको,त्यहाँबाट अघि बढेर बङ्ग विजय गरी कपिशा नदी तरेर उत्कल र कलिङ्गलाई पराजित तुल्याउँदै समुद्रको तीरैतीर दक्षिण दिशामा गई पाण्ड्यहरूलाई जितेको, सह्य आदि पर्वतहरू नाघेर केरल गएको, त्यसपछि पारसीक गएर विजय प्राप्त गरी उत्तर दिशातर्फ लागेर हूणहरूलाई जितेको, कम्बोजहरूलाई जितेर कैलाशपर्वतमा आरोहण गरेको र त्यहाँबाट प्राग्ज्योतिषेश्वर पुगेको अनि त्यहाँबाट कामरूप गई त्यहाँ पूजित भएर पुनः आफ्नो राजधानी अयोध्यामा फर्केसम्मको प्रसङ्ग २०७ औँ श्लोकदेखि लिएर २६३ औँ श्लोकसम्म वर्णित छ । (ऐजन, चतुर्थ सर्ग, ऐ., पृ. २०७-२६३ ।)

भारविको किरातार्जुनीय महाकाव्यको तृतीय सर्गको ५९ औँ श्लोकदेखि लिएर षष्ठ सर्गको १८ औँ श्लोकसम्ममा कौरवसितको भावी युद्धमा विजयप्राप्तिका लागि तपस्याद्वारा इन्द्रलाई प्रसन्न तुल्याएर उनीबाट दिव्यास्त्र प्राप्त गर्ने उद्देश्यले हिमालयको फेदीमा अवस्थित ' इन्द्रकील' नामक पर्वततर्फ कुवेरको भृत्य यक्षका साथ सम्पन्न अर्जुनको यात्रावर्णन अत्यन्त सजीव र मनोहारी ढङ्गमा प्रस्तुत छ । त्यस क्रममा अघि बढ्दै जाँदा बेलाबेला अर्जुनको दृष्टिपथमा साक्षात् हुन आउने सरल कृषकहरूका गाउँबस्ती,

धानका बाला झुलेका खेतका फाँटहरू, मनोहर वनपङ्क्तिहरू, सल्बलाइरहेका माछा र ढकमक्क फुलेका कमलपुष्पहरूले शोभायमान सरोवरहरू आदिको सौन्दर्यको सजीव वर्णन गरिएको छ । प्राकृत श्रृङ्गारले धपक्क बलेका बालीकुरूवा सुन्दरी कृषिललनाहरूको तथा आ-आफ्ना दूधमुखे बाच्छाबाच्छीलाई भेट्ने उत्कण्ठाले गान्निएका स्तनबाट दूधका धारा बगाउँदै चरनबाट गोठतर्फ फर्किरहेका गाईहरूको वर्णनका साथै गोरूसित जुधेर त्यसलाई परास्त गरी विजय-गर्वले उन्मत्त भएर 'होक्काँ' गर्दै खुरप्रहारले नदीतटमा पहिरो मच्चाइरहेको भीमकाय साँढे आदिको वर्णन गरिएको छ । त्यस्तै अहोरात्र गाईहरूसितको सङ्गतले गर्दा गाईकै जस्तो सोझो स्वभाव भएका गोठाला किशोर-किशोरीहरूको अनि आफ्ना पीन पयोधर (ठूल्ठूला स्तन) र नितम्ब थर्काएर मोहकता छर्दै दधिमन्थनरत ग्वालिनी युवतीहरूको र पुष्पित लताकुञ्जले सुशोभित तिनका घर-आँगनहरूको वर्णन गरिएको छ ।

उसैगरी उक्त महाकाव्यमा अर्जुनको त्यस यात्रावर्णनका क्रममा गोरूले चरेर ठुटो पारिएका बाटाछेउका खेतका धानबालीहरू, गोरूगाडाका पाङ्ग्राहरूको गुडाइबाट खाल्टो परी ठाउँ-ठाउँमा हिलो जमेका बाङ्गाटिङ्गा कच्ची सडकहरू, हावाका झोक्काले कम्पायमान सप्तपर्ण (छतिवन) का वृक्षपङ्क्ति र वातावरणमा फिँजिइरहेका तिनका सुवासित परागरेणुको वर्णन गरिएको छ । गोपिनीहरूका मधुर गान सुनेर आनन्दातिरेकले चर्नै समेत बिर्सिरहेका हरिणीका बथान, हावामा डुलिरहेका पुष्पपरागको सङ्कलन र सञ्चयनमा दत्तचित्त भ्रमरवृन्द राता चञ्चुहरूमा पहेँला धानका बाला च्यापेका र जीउ हरियो र गलाका रेखा विविधरङ्गी हुनाले इन्द्रधनुषझैँ देखिएर उडिरहेका सुगाका झुन्डहरूको मनमोहक वर्णन गरिएको छ ।

साथै यी समस्त दृश्यावलीलाई सूक्ष्म दृष्टिले निरीक्षण गरेर प्रसन्न हुँदै विशाल वनराजिको नील सौन्दर्यले नीलिम बनेको उपत्यकाद्वारा परिवेष्टित, शिखरभाग हिमाच्छादित, मध्यभाग मेघविचरित तथा तलभाग उच्च शिखरबाट जाह्नवी आदि सुनदीहरूको अजस्र प्रपतनकारणले सिमसार क्षेत्रका रूपमा रहेका र विविध लता-वृक्षले ढाकिएका मनोहर वनोपवनहरूले सज्जित शुभ्र हिमालयको शरत्कालीन शोभाको अवलोकन गर्दै गङ्गा-प्रवाहको सन्निकट अत्यन्त सुन्दर गुफाहरूले युक्त र इन्द्रलाई अति मन परेको इन्द्रकील (नील) पर्वतमा पुगेका अर्जुनको अनुभूतिगुम्फित सुन्दर यात्रावर्णन प्रस्तुत छ । (भारवि, **किरातार्जुनीयम् महाकाव्य**, शोभित मिश्र (सम्पा.),चतुर्थ सं. (वाराणसी : चौखम्बा संस्कृत सीरीज, २०१८), पृ. ७८-१२५ ।)

उसैगरी दण्डीको **दशकुमारचरित** नामक आख्यान-ग्रन्थमा दश जना कुमार हरूका विविध यात्राको

बयान पाइन्छ ।

माघको **शिशुपालवध** महाकाव्य मा युधिष्ठिरको राजसूय यज्ञमा सम्मिलित हुनका लागि कृष्णद्वारा आफ्ना प्रिय स्त्रीहरू र चतुरङ्गिणी सेनाका साथमा द्वारकापुरीदेखि हस्तिनापुरसम्म गरिएको यात्राको वर्णन तेस्रो सर्गदेखि तेह्रौँ सर्गसम्म सजीव र रागात्मक शैलीमा प्रस्तुत छ । (माघ, **शिशुपालवध महाकाव्य**, मल्लिनाथी टीका र हिन्दी टीकासहित, हरगोविन्द शास्त्री, हिन्दी टीकाकार, (वाराणसी : चौखम्बा विद्या भवन, इ.१९८४), पृ.१२०–५०५ ।)

गुणाढ्यको **बृहत्कथा**, सोमदेव भट्टको **कथासरित्सागर**, वाणभट्टको कादम्बरी, अम्बिकादत्त व्यासको **शिवराजविजय** आदि आख्यान–ग्रन्थहरूका पनि विविध स्थलमा विभिन्न पात्रका यात्राको सुन्दर वर्णन पाइन्छ । यीमध्ये शिवराजविजयको प्रथम विरामको प्रथम निश्वासमा भारतवर्षका ऐतिहासिक आख्यान–नायक मराठा शिवाजीको विश्वासप्राप्त रघुवर सिंह नामक सोह्र वर्षीय गुप्तचर नवयुवकले शिवाजीको पत्र लिई सान्ध्य बेला र प्रचण्ड झञ्झावातमा घोडामा चढेर गरेको सिंहदुर्गदेखि तोरणदुर्गसम्मको रोमाञ्चकारी यात्राको वर्णन प्रस्तुत छ ।

त्यस यात्राका क्रममा घनघोर मेघमाला र आँधीको प्रकोप रहेको, आँधीले उडाएको धूलोको कुइरीमण्डल, बनेली पत्कर तथा फूलका परागरेणु र सुकेका फूलहरू उड्नाले अन्धकारको झनै वृद्धि भएको, पर्वतश्रेणीपछि पर्वतश्रेणी, चुचुरापछि चुचुरा, वनपछि वन, खोला–खोल्सापछि खोला–खोल्सा, अधित्यकापछि अधित्यका र उपत्यकापछि उपत्यकाहरूयुक्त विकट बाटोको वर्णन गरिएको छ । निविड अन्धकारले गर्दा बाटो ठम्याउनै कठिन त्यस परिस्थितिमा कसैगरी पाइलापाइला गन्दै अघि बढ्दै जाँदा चिप्ला ढुङ्गाहरूमा झन् बेलाबेला घोडाका खुरहरू चिप्लिने गरेको र हुरीको वेगले हड्हडाएर हल्लिरहेका असङ्ख्य रूखका हाँगा–बिँगाहरूद्वारा सामुन्नेबाट ठक्कर प्रहार हुने गरेको, भयङ्कर शब्द गर्दै चलेको हावाको तोडले ढुङ्गाका गर्खाहरू ओइरिइने गरेको, विभिन्न प्रकारका आवाज झिकेर कराइरहेका वन्य पशुहरूका भयानक क्रन्दनले धरती र आकाश ढपक्क ढाकिएको आदि भयानक वर्णन प्रस्तुत छ ।

त्यस्तै कुनै कुनै बेला केही कुराले घोडा तर्सेर विचलित भई अघिल्तिरका दुवै खुट्टा उठाएर टक्क अडिने गरेको र कहिले चाहिँ हिँड्दा हिँड्दै एक्कासी आएकै दिशातर्फ परावर्तित हुने गरेको त्यस त्रासद र मर्मान्तक स्थितिमा पनि युवक यात्री धैर्यपूर्वक लगाम समातेर घोडालाई थपथपाउँदै र पुच्कार्दै अघि बढि नै रहेको, घरीघरी चमचमाउँदो स्वर्णरेखा सदृश चञ्चल विद्युन्मालाको चमचमाहटबाट यात्री र घोडा दुवैका आँखा तिर्मिराउने गरेको, सैकडौँ तोप एकसाथ पड्केझैँ हृदयप्रकम्पी मेघगर्जन हुने गरेको,

पर्वतकन्दराहरूबाट उठेको प्रतिध्वनिको महाशब्दले सम्पूर्ण वनप्रान्तरम भयावह गुञ्जन हुने गरेको, एउटा खोल्सो नाघ्ने क्रममा घोडा कतै ठोक्किएर पछारिएको र फिँज काढ्दै आर्त स्वरमा निरन्तर हिन्हिनाइरहेको, काँध कँपाइरहेको अनि अत्यासपूर्वक मलमूत्र विसर्जन समेत गरिरहेको वर्णन अत्यन्त संवेद्य शैलीमा प्रस्तुत छ । साथै, त्यस्तो प्रतिकूल अवस्थामा पनि युवक यात्रीद्वारा घोडालाई स्नेहस्पर्शले सान्त्वना दिँदै र मुसलधारे पानीमा मुसो चुटिएझैँ चुटिँदै भए पनि सौदामिनीको झल्याकझिलिक र मल्याकमिलिकमा बाटो पहिल्याएर यात्रारत रहँदै आँधीपानी थामिएपछि अन्त्यमा असङ्ख्य शुकसमूहले व्याप्त मोहक हरियालीले परिपूर्ण वृक्षावलीको शोभामा रमाउँदै सकुशल निर्धारित गन्तव्यमा पुगेको यस यात्राप्रसङ्गको वर्णन छोटो भए पनि लोमहर्षक भएको हुँदा विशेष उल्लेखनीय छ । (अम्बिकादत्त व्यास, **शिवराजविजय**, पुनर्मुद्रण, (वाराणसी : व्यास प्रकाशन, इ. १९९३), पृ. १६२-१७० ।)

संस्कृत साहित्यमा उपर्युक्त ग्रन्थहरूका अतिरिक्त अन्य पनि नाना ग्रन्थहरूमा यात्रावर्णन उपलब्ध छ । कालिदासको **मेघदूत** नामक काव्यमा पूर्वोक्त ग्रन्थहरूमा जस्तो कुनै मानवीय र चेतन पात्रको यात्रावर्णन नै नपाइए पनि यस सन्दर्भमा उक्त काव्यको चर्चा अपरिहार्य देखिन्छ, किनभने दुई खण्डमा विभाजित यस कृतिको पूर्वखण्ड पूर्णतया यात्राप्रसङ्गमा नै केन्द्रित छ । यसमा यात्राकारका रूपमा जडपात्र मेघलाई प्रस्तुत गरेर रामगिरि (चित्रकूटपर्वत) देखि क्रमशः मालदेश (मालवा), आम्रकूटपर्वत, विन्ध्याचलपर्वत,रेवा (नर्मदा) नदी, दशार्णदेशको राजधानी विदिशा, वेत्रवतीनदी, निर्विन्ध्यानदी, उज्जयिनी वा अवन्तिदेशको राजधानी विशालानगरी, देवगिरिपर्वत, चर्मण्वतीनदी, दशपुर, ब्रह्मावर्तदेश, कुरूक्षेत्र, कनखल, गङ्गानदी आदि उत्तरभारतका अनेक महत्त्वपूर्ण नगर, स्थान, नदी, पर्वत, वन, गङ्गोद्गम हिमालय हुँदै क्रौञ्चरन्ध्रपर्वत, कैलाशपर्वत, मानसरोवर र अलकापुरीसम्मको यात्राका निम्ति तत्तत् स्थानको सौन्दर्य र वैशिष्ट्यहरूको चर्चासहित सजीव र मनोहारी ढङ्गबाट मार्गनिर्देश गरिएको छ । (कालिदास, मेघदूत, संस्करण अनुलिखित, (मुम्बई : क्षेमराज श्रीकृष्णदास, श्री बेङ्कटेश्वर यन्त्रालयाध्यक्ष, १९६५), पृ. ५-५८ ।)

**मत्स्य पुराण**को 'हिमवद्वर्णन' (वेदव्यास, **मत्स्य पुराण**, प्रथम खण्ड, पूर्ववत्, पृ. ३९०-३९४ ।) र 'कैलाशवर्णन' (ऐजन, पृ. ३९४-४०८ ।) कालिदासको **कुमारसम्भव महाकाव्य**को प्रथम सर्गमा प्रस्तुत हिमालयवर्णन (कालिदास, कुमारसम्भव महाकाव्य, सप्तम सर्गान्त, सीताराम सहगल, (अनु. सम्पा.), संस्करण अनुल्लिखित, (जालन्धर : नवयुग प्रकाशन, इ. १९५९), पृ. ३-४ ।) पनि यस सन्दर्भमा स्मरणीय छन् । यात्रावर्णन नै नभएर ततत् स्थलका प्राकृतिक सौन्दर्य

र वैशिष्ट्यको मात्र वर्णन भए पनि वर्णनको क्रमबद्धता र सजीवताका कारणबाट तिनमा यात्रानुभूतिको छनक पाइन्छ ।

यस प्रकार संस्कृत साहित्यका वैदिक र ललित दुवै प्रकारका ग्रन्थहरूमा उन्मुक्त भावले यात्राको महत्त्व दर्शाइएको वा यात्रावर्णन गरिएको पाइए पनि अधुनातन विश्वसाहित्यमा यात्रासाहित्यका रूपमा अर्थिने स्वतन्त्र गद्यरूपको भनूँ वा निजी यात्रानुभवहरूलाई यात्राकार स्वयम्द्वारा आत्मपरक रागानुभूतिका साथ समन्वित तुल्याएर निजात्मक शैलीमा प्रस्तुत गरिने प्रकारको यात्रा-लेखनको भने नितान्त अभाव देखिन्छ । यति मात्र होइन, संस्कृत साहित्यमा त आत्मपरक लेखनको नै प्रायः अभाव देखिन्छ । संस्कृतका साहित्यकारहरूको आत्मगोपनको प्रवृत्तिलाई यसको मूल कारणका रूपमा लिन सकिन्छ ।

पूर्वीय जगत्मा जस्तै पाश्चात्य जगत्मा पनि यात्रा वा भ्रमणप्रति अभिरूचि प्राचीन कालदेखि नै रहेको पाइन्छ र अनेक प्रकारका यात्रापरक कृति लेखिँदै आएको पाइन्छ । कालक्रमका दृष्टिले पूर्वीय र पाश्चात्य साहित्यमा उपलब्ध सामग्रीहरूको अध्ययनका आधारमा पाश्चात्य साहित्यमा यात्राविषयक लेखनको प्रयास पूर्वीय साहित्यमा भन्दा केही पछि मात्र हुन थालेको देखिन्छ ।

पाश्चात्य साहित्यमा यात्रावर्णनको प्रारम्भविन्दुका रूपमा पौसानियसद्वारा लिखित हेलाडस पेरिजेसिस या युनानी दिग्दर्शन इ. दोस्रो शताब्दीलाई लिन सकिन्छ । (भिक्टर प्रधान, **यात्रा**-(भ्रमण)-साहित्य, नेपाली साहित्यकोश (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, २०५५), पृ. ६७६ ।) त्यसपछिका प्राचीन यात्रा-पुस्तकमा गिराल्डस क्याम्ब्रेनसिसको **कोइटिनररियम क्याम्ब्रिय** (इ. ११८८ तिर), सर जोन मान्डेभिलका यात्राहरू (इ.१४९६ मा प्रकाशित), रूडोल्फ रायस्पको **बायरन मुन्चौसनको चमत्कारी यात्रावर्णन** (र. १७८५) आदि देखिन्छन् । (ऐजन ।) पश्चिममा अन्वेषक, धार्मिक यात्री, कूटनीतिज्ञ, चिकित्सक, फौजी र नाविक आदि विविध क्षेत्रका यात्रीहरूबाट यात्रापरम्परा अघि बढेको पाइन्छ । साथै, जे.ए.कड्डनको **डिक्सनरी अफ लिटरेरी टर्म्स** तथा जोसेफ टी. सिप्लेको **डिक्सनरी अफ वर्ल्ड लिटरेचर**का अनुसार देश-विदेशका पथप्रदर्शकहरूद्वारा यात्राको टिपोट राख्ने प्रचलनबाट यात्रासम्बन्धी तथ्यहरूको टिपोट र स्मृतिका आधारमा समेत तिनै संवेदनशील, चिन्तनशील, अनुभूतिशील, एवम् सृजनात्मक प्रतिभासम्पन्न यात्रीहरूद्वारा कलात्मक लेखनको रूप प्रदान गरेर यात्रासाहित्य लेखनको आरम्भ भएको ज्ञात हुन्छ । (ऐजन ।)

पाश्चात्य साहित्यमा अठारौँ शताब्दीअघिसम्म यथार्थपरक र अनुभूत यात्रासाहित्यिक कृतिहरूको सृजनभन्दा प्रायः कल्पित र रोमाञ्चक

यात्रात्मक कृतिहरूको लेखन नै हुने गरेको ज्ञात हुन्छ । (होमनाथ सुवेदी, **सैद्धान्तिक आधारमा नेपाली यात्रासाहित्यको मूल्याङ्कन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौँ : त्रि.वि.ने.के.वि. कीर्तिपुर, २०३८), पृ. २४ ।) अठारौँ शताब्दीपछि पूर्णतः यथार्थमूलक र लेखक स्वयम्द्वारा अनुभूत यात्रा-लेखन अघि बढ्दै गएर प्राकृतिक सौन्दर्यावलोकन, उन्मुक्त वा स्वच्छन्द भ्रमण वा यात्रानन्दका निम्ति यात्राका उद्देश्यले अभिप्रेरित स्थलयात्रा, जलयात्रा र पर्वतयात्रा आदि विविध विषयक विशुद्ध यात्रासाहित्यिक कृतिहरूको लेखन र प्रकाशनले राम्रो गति लिन थालेको पाइन्छ । (होमनाथ सुवेदी, ऐजन, पृ. २३ ।)

यस्तो उन्मुक्त यात्रासाहित्यिक अभिरेखाङ्कन गर्ने प्रथम कृतिका रूपमा विद्वान् हरूले भोयाग एन अमेरिक (इ. १८२७) पुस्तकलाई मानेको पाइन्छ । (ऐजन) त्यस्तै हिन्दी साहित्यमा हालसम्म उपलब्ध प्राचीनतम लिखित सामग्रीलाई कालक्रमिक दृष्टिले अध्ययन गर्दा हिन्दीमा यात्रासाहित्य लेखनको प्रयास भन्दै नेपाली यात्रासाहित्यिक लेखन-आरम्भको समानान्तर समयमा नै थालिएको ज्ञात हुन्छ । हिन्दी यात्रासाहित्यिक लेखनको प्रारम्भविन्दुका रूपमा 'बिट्ठलजी' वा 'गोसाईँ जी महाराज' भनिने स्पष्टतः नाम नखुलेका कुनै व्यक्तिद्वारा वि.सं. १६०० मा लिखित धार्मिक भावको **वनयात्रा** लाई लिइएको पाइन्छ भने 'श्रीमती जीवन जी की माँ' भनिने व्यक्तिद्वारा वि.सं. १६०९ मा लिखित **वनयात्रा** नै शीर्षक भएको अर्को कृति र अज्ञात व्यक्तिद्वारा वि.सं. १७०५ पछि लेखिएको **सेठ पद्मसिंह की यात्रा** शीर्षक कृतिसहित उपर्युक्त तीनवटा हस्तलिखित ग्रन्थहरूको उल्लेख आरम्भकालीन यात्रासाहित्यिक कृतिका रूपमा गरिएको पाइन्छ । ("यात्रावृत्तान्त के सम्बन्ध में कुछ हस्तलिखित ग्रन्थों की चर्चा भी मिलती है । उनमें १६०० वि. की 'श्री विठ्ठल जी' की '**वनयात्रा**' की हस्तलिखित प्रति प्राप्त होती है । इस की एक पङ्क्ति– "अथ बनयात्रा श्री गोसाईं जी महाराज प्रभु किए सो प्रकार लिखते हैं ।" से इसके लेखक गोसाईंजी महाराज होने का भान होता है । इस ग्रन्थ में धार्मिक भावना की प्रधानता है । इसके साथ ही दूसरा हस्तलिखित ग्रन्थ 'बनयात्रा' (रचनाकाल संवत् १६०९ वि.) की लेखिका श्रीमती जीवन जी की मां (वल्लभ सम्प्रदायी) हैं । एक अन्य ग्रन्थ 'सेठ पद्मसिंहकी यात्रा' नामक है, जिस का रचनाकाल संबत् १७०५ के बाद का माना गया है । लेखक का नाम नहीं दिया गया है ।" – माजदा असद, **गद्य की नई विधाओं का विकास**, (नई दिल्ली : ग्रन्थ अकादमी, इ. १९९१), पृ.१० ।)

यसको लामो अन्तरालपछि भारतेन्दु हरिश्चन्द्र र हजारीप्रसाद द्विवेदीका समयमा **कविवचन सुधा** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भ्रमणसम्बन्धी लेखका रूपमा प्राप्त भएको मानिन्छ । (विश्वनाथ तिवारी, **छायावादोत्तर हिन्दी गद्य–साहित्य**, (वाराणसी : विश्वविद्यालय प्रकाशन, इ. १९६८), पृ. २८२ ।) यस क्षेत्रमा भारतेन्दुपछि राहुल साङ्कृत्यायनको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । (माजदा असद, पूर्ववत्, पृ. १४ ।) यसरी राहुलका पूर्ववर्ती उपर्युक्त लेखकहरू

तथा उत्तरवर्ती अज्ञेय, रामवृक्ष बेनीपुरी, निर्मल बर्मा आदि अनेक लेखकका असङ्ख्य स्फुट र ग्रन्थाकार कृतिहरूको सृजन-प्रकाशनबाट हिन्दी यात्रासाहित्य द्रुत गतिले विकासतर्फ अग्रसर भएको पाइन्छ ।

नेपाली यात्रासाहित्यको प्रारम्भिक अवस्थामा नाम नखुलेका लेखकद्वारा कर्णाली प्रदेशका खस राजा गगनीराजको शासकीय भ्रमणको वर्णन गरिएको, रचनाकाल १५५० मानिएको तर अझ प्रमाणित नभइसकेको **राजा गगनीराजको यात्रा** (**राजा गगनिराजको यात्रा**को लेखनकालसम्बन्धी अमिल्दा सन्दर्भ र कालगणनाको प्रतिवेदन परिशिष्ट खण्डमा प्रस्तुत गरिएको छ ।) र प्रायः उसैताका नै अज्ञात व्यक्तिद्वारा लिखित राजा गगनीराजकै अर्को यात्राकृतिका साथै गदाधार पाध्याको 'अर्जीपत्र' (र. १६०० तिरको), बेनामी श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी (र. १८३१-३२) अन्तर्गत "काशीयात्रा प्रसङ्ग", जङ्गबहादुरको यात्राको वर्णन गरिएको सुब्बा सिद्धिमानसिंह राजभण्डारीको जङ्गबहादुरको बेलायत यात्रा (र. वि.सं. १९१० तिर) र जङ्गबहादुरकै महाकालीतर्फको यात्राको दैनिक्यात्मक- विवरणात्मक कृति बेनामी बत्तीस सालको रोजनाम्चा (र. १९३२-३३ तिर) जस्ता परकीय र स्वकीय तथा वस्तुपरक र आत्मपरक कृतिहरूबाट नेपालीमा यात्रासाहित्यिक लेखनको प्रयास थालिएको पाइन्छ ।

नेपाली साहित्यमा सर्वथा सचेत रूपमा लेखिएको यात्रासाहित्यको प्रथम कृति हुने गौरव शेरसिंह रानाको मेरो लन्दन राजतिलक यात्रा (१९७०) लाई प्राप्त छ । त्यसपछि चिरञ्जीवी शर्मा पौड्यालको वि.सं. १९७४ मा लेखिएको आत्मकथात्मक ग्रन्थ आफ्नू कथा अन्तर्गतको 'काश्मीरयात्रा-प्रसङ्ग', रणशूर लिम्बूको १९९६ तिर लेखिएको र २०१८ सालमा छापिएको बर्माको सम्झना का साथै भवानी भिक्षुको 'सिमलासम्म' (शारदा–१९९९), लक्ष्मीप्रसाद देवकोटाको 'पहाडी जीवन' (लक्ष्मी निबन्ध सङ्ग्रह २००२ मा सङ्गृहीत), भीमनिधि तिवारीको २००४ सालमा लेखिएको पन्ध्र प्रबन्ध (२००८) मा सङ्गृहीत 'यात्राका तीन सम्झना' लैनसिंह बाङ्देलका युरोपको चिठी (२०१४) र स्पेनको सम्झना (२०२०), केदारमणि आ.दी.का अनेक कृति हुँदै तारानाथ शर्माको बेलाइततिर बरालिँदा (२०२६) मा मानक रूप प्राप्त गरी लैनसिंह बाङ्देलद्वारा प्रवर्तित वस्तुपरक धारा र तारानाथ शर्माद्वारा प्रवर्तित आत्मपरक धारा यी दुवै धारामा समान रूपले प्रवाहित हुँदै आएर शर्माका उत्तरवर्ती असङ्ख्य लेखकका असङ्ख्य कृतिहरूबाट विकासपथमा अघि बढेर नेपाली यात्रासाहित्य आज बहुआयामिक र लोकप्रिय समेत भइसकेको छ ।

यस प्रकार पूर्वीय जगत्मा अनादिकालदेखि प्रचलित यात्रा-परम्परा, संस्कृत वाङ्मयका वैदिक, औपनिषदिक, पौराणिक र

लौकिक/ललित साहित्यअन्तर्गतका अनेक काव्य र आख्यान-ग्रन्थहरूमा चिरकालदेखि प्रस्तुत हुँदै आएका यात्राविषयक चिन्तन, अनुभवाश्रयी र कल्पनाश्रयी सजीव एवम् आकर्षक वस्तुपरक यात्रावर्णनहरूका साथसाथै नेपाली लोकजीवनसित सर्वथा अविभाज्य ढङ्गले सम्बन्धित रहेको यात्राको सुदीर्घ पृष्ठभूमिमा नेपाली यात्रासाहित्यिक लेखनको प्रयास मोटामोटी रूपमा विक्रमी सोह्रौँ शताब्दीमा अचेत रूपमै आरम्भ भएको पाइन्छ । कालान्तरमा आधुनिक पाश्चात्य साहित्यसितको सम्पर्क र प्रभावबाट अधुनातन विश्वसाहित्यमा विधागत रूपले नव्य गद्य लेखनको एक भेदका रूपमा अर्थिने 'यात्रासाहित्य' को स्वरूप प्राप्त गरी नेपाली यात्रा-लेखनको परम्परा क्रमशः विकसित समेत हुँदै आएर आज आधुनिक साहित्यका क्षेत्रमा आफ्नो स्वतन्त्र र विशिष्ट परिचय बनाउन सक्षम भएको छ ।

यात्रासाहित्य गद्यलेखन भए पनि नेपालीमा त्यसलाई फाटफुट रूपमा पद्यमा पनि प्रस्तुत गरिँदै आएको पाइन्छ । लालबहादुर आउँमासीद्वारा आत्मपरक शैलीमा लेखिएको **भोटको लडाइँको सबाई** (रचनाकाल १९१२, प्रकाशन- १९४२)) डिल्ली शमशेर थापाका नाउँमा छापिएको र अब चिरञ्जीवी शर्मा पौड्यालको कृति मानिएको **श्री यूरोप यात्रा** (१९६७) जस्तो वस्तुपरक शैलीमा पद्यमा परकीय (चन्द्र शमशेरको) यात्रा वर्णन गरिएको बृहदाकार ग्रन्थ, आफ्नो यात्रा-वर्णन नाउँ मात्र रहेको र मूलतः यात्रा निर्देशिकाका रूपमा गद्यात्मक र पद्यात्मक मिश्रित शैलीमा लेखिएको शिखरनाथ सुवेदीको **शिखरनाथ भाष्य** (१९५७), जस्ता कृतिहरूका अतिरिक्त लेखक स्वयम्का यात्रानुभवको अङ्कन गरिएको योगी नरहरिनाथको **ऐतिहासिक शिखरिणीयात्रा** (२०३७), धर्मराज थापाको मुक्तिनाथ दर्शन (२०४७), प्रह्लाद पोखरेलको **गोसाईंकुण्ड** (२०५६) रमेश खकुरेलको **खासा–ल्हासा** (२०५८) र **अडगडयात्रा** (२०६८), विष्णुगोपाल रिसालको **अमेरिकालाई हेर्दा** (२०६२) र विजयराज न्यौपानेको **यात्रा मुक्तिनाथ** (२०६९) आदि कृतिलाई यस कुराको उदाहरणको रूपमा लिन सकिन्छ र यस्तो पद्यमा यात्रावर्णन अझै पनि कतिपय स्रष्टाहरूबाट गरिँदै आएको पाइन्छ । गद्यमै पनि शिकार यात्राका वर्णन गरिएका कृतिहरू पनि नेपालीमा केही मात्रा लेखिएको पाइन्छ ।

यस ग्रन्थमा आधुनिक साहित्यको नव्य गद्य भेदका रूपमा विकसित तथा यात्री स्वयम्द्वारा आत्मपरक शैलीमा निजी यात्रागत अनुभव र अनुभूतिहरूलाई कलात्मक ढङ्गबाट लिपिबद्ध गरिएको यथार्थपरक गद्यसृजनालाई नै यात्रासाहित्य स्वीकार गरेर यसको सिद्धान्त प्रस्तुत गरिँदै छ ।

*(निर्मोही व्यासको २०७० मा प्रकाशित कृति* ***यात्रासाहित्यको सिद्धान्त*** *पृष्ठ २१-४६ बाट साभार)*

# जीवन : एक यात्रा



**विष्णुप्रसाद शर्मा पराजुली**

**मानव यात्रा**

जीवन एक 'यात्रा' हो र 'यात्रा' नै जीवन हो भनेर विश्व भरका धेरै साहित्यमा लेखिएको पाइन्छ । त्यसबारे जन्म र मृत्युको कोणबाट विचार गर्दा सही जस्तो लाग्छ । मानिसको जन्मपछि शारीरिक, मानसिक, बौद्धिक, पारिवारिक विभिन्न चरणमा विभिन्न प्रकारका यात्रा गर्दै मृत्युवरण गर्ने भएकाले जीवनलाई एक अविच्छिन्न यात्रा भनिएको हुनुपर्छ । जन्म र मरण यस यात्राको सबैभन्दा सत्य पक्ष हो । जीवनको यात्रालाई फरक कोण र फरक दर्शनबाट हेर्ने र व्याख्या गर्ने गरिन्छ । एउटा कोणबाट जीवनलाई पुनर्जन्मको शृङ्खलाको रूपमा लिइन्छ । यस कोणले मृत्युपछिको जीवनलाई सम्भव मान्छ । अर्को कोणले जीवनलाई पूर्णतः जैविक यात्रा मान्छ । मानव दुई पक्ष अर्थात् माता र पिताको संसर्गबाट जन्म लिन्छ र प्राकृतिक भौतिक तत्त्वको संरक्षणमा हुर्कन्छ । यसले भौतिक विकासको चरणबद्ध यात्रा गर्दै भौतिक तत्त्वमा नै लीन भएर पूरा गर्छ । यो क्रम भौगर्भिक उथलपुथलसहित समग्र जीवजन्तु र वनस्पतिमा जारी रहन्छ । मलाई पनि यो जुनीमा भएको जीवनको यात्रा नै प्रथम सत्य र अन्तिम यथार्थ यात्रा हो भन्ने लाग्छ ।

जीवनको यात्रामा आउने कठिनाइबाट मानव जाति विचलित नहोस् तथा कष्ट, दुःख, पिर, झन्झटलाई सहजताका साथ सहँदै मानिसले अन्तिम टुङ्गोमा लैजान सकोस् भनेर पुर्खाहरूले विभिन्न कथा र प्रचलनको प्रारम्भ गरे । समयको गतिसँगै ती संस्कार र संस्कृतिका प्रचलन सुधारिँदै गए । तिनलाई विभिन्न पर्व, धर्म, दर्शन, परम्पराको रूपमा जीवनयात्रामा समावेश गर्‍यौँ ।

आज भौतिक उपलब्धिको अत्यन्त उच्च तहको यात्रामा सहभागी छौँ । मानव जाति यात्राकै क्रममा आज मङ्गल ग्रहमा पुगेको छ, र अन्य ग्रहको यात्राको तयारी गरिरहेको छ । त्यस्तै मङ्गल ग्रहमा घर बनाउने सोचमा यात्रा सुनिश्चित गर्दै छ । त्यसैले जीवन यात्रा हो, जीवन रहुन्जेल मानव जाति विभिन्न प्रकारले यात्रामा सहभागी हुन्छ । कोही दुई छाक खानाको जोरजामका लागि जीवनभर यात्रा गरिरहेका हुन्छ भने कोही विलासी जीवन र अथाह सम्पत्तिको खोजमा दौडिरहेका हुन्छ ।

हामीले सुनेका छौँ, पढेका छौँ, मानव जातिको विकासक्रमसँगै मानिसले यात्रा गर्न थालेको हो । प्रथम यात्रा खानाको खोजमा थियो । विश्वका विभिन्न क्षेत्रमा सोही स्थान र वातावरणको आधारमा मानव जातिको उत्पत्ति र विकास भयो । उपयुक्त वातावरण भएकोले हिमालयको दक्षिण खण्ड विभिन्न क्षेत्रबाट आएका पुर्खाको स्थायी बसोबास हुन पुग्यो । नेपाल एक उदाहरण हो । खाना, बास, सुरक्षाका लागि यात्रा निरन्तर जारी रह्यो । एक समूहले अर्को मानव समूहलाई भेट्दा बराबर मित्रता र युद्ध भयो । समयसँगै समूह वृद्धि हुँदै गयो । समयसँगै समूह विभाजित पनि हुँदै गए । खेतीपाती, पशुपालन, गुफा हुँदै बासका लागि घर बनाउन सक्ने भए । माताले सबै निर्णय गरिन् । माताको निर्णयलाई सबैले पालना गरे ।

विकाससँगै मानव सङ्ख्यामा वृद्धि हुँदै गयो । गणहरू भए । अनुभवी र पाको मानिसलाई गण प्रमुख बनाइयो । क्रमशः प्रगति हुन थाल्यो । यससँगै ठुलो र सानो, जान्ने र नजान्ने बिच भेदभाव हुन थाल्यो । मानव विकाससँगै प्राकृतिक वातावरणीय विभेदलाई मानिसले महत्त्व दिन छोड्यो । अहम्ले सत्यलाई कुल्च्यो । ठुलोले सानोलाई दबाउन थाल्यो । फलस्वरूप निर्धो तथा असहायलाई कमाराकमारी राख्न थालियो । मानिसले मानिसलाई आज गाई, भैँसी, भेडा-च्याङ्ग्रा बिक्री गरे झैँ बेचबिखन गर्ने, दासदासी राख्ने, छुवाछुतजस्ता कुरीतिलाई अँगाल्दै गयो । मानव सभ्यतामा सबैभन्दा घिन लाग्ने युगको यात्रा मानिसले मानिसविरूद्ध षड्यन्त्र गरेर सुरू गर्‍यो ।

मानिस, परिवार, समूह, राज्य, राजा, साम्राज्य, देश, सीमा, युद्ध, मुक्तियुद्ध, अन्तरिक्ष यात्रा, द्रुत सञ्चार हुँदै विकास भएको मानव सभ्यता आज एक्काइसौँ शताब्दीको मध्यमा पुग्ने बेलामा पनि त्यसरी नै हिजो झैँ युद्ध र मारकाट भइरहेको छ । अर्कोतिर विकासको यात्रा हेर्ने हो भने माथि भने झैँ मङ्गलमा खेती गर्ने सोच र योजना बनिरहेको छ । चन्द्रमा र मङ्गलको यात्रामा रहँदारहँदै पनि मानिसले मानिसलाई अति प्राचीन अर्थात् मानव जातिले भर्खर बोल्न मात्र जान्ने भएको बेलाको जस्तै गरी आज एकअर्कालाई मार्न उद्यत बनेर मानवसंहार गर्ने यात्रामा पनि होमिएकै छ । ती कुरा आज इजरायल र प्यालेस्टाइन, रूस र युक्रेनमा देखिएका छन् । कतै घरबारविहीन,

देशविहीन पारेर शक्तिको आडमा मानिसलाई लखेटिरहेछ ।

ती जो युद्धको यात्रामा छन्; तिनलाई झन् बढी थाहा छ कि यो जीवन अन्तिम जीवन हो । यद्यपि यो संसारको एक्लो राजा बन्ने होड मनमा लिएर उनीहरू मानव भईकन पनि राक्षसी प्रवृत्तिलाई अँगालिरहेका छन् । यही प्रवृत्तिका कारण अलेक्जेण्डर, कुवलाईखान, गेंगिसखानलाई आज संसारले दानवको रूपमा चित्रित गर्ने गर्छन् । मानवको अहित गरेकाले त्यो न जीवन न त यात्रा नै थियो । कपिल, याज्ञवल्क्य, अष्टावक्र, वेदव्यास, वदान्य, सेनरेव, बुद्ध, ऋषभदेव, नागार्जुन, शङ्कराचार्य, हेगेल, मार्क्स, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, मदनमणि दीक्षित, विश्वेश्वरप्रसाद कोइराला, गोपालप्रसाद रिमाल, भैरव अर्याल आदिले जस्तो मृत्युलाई दर्शने ढुङ्गामा पछारेर जितेको यात्रा थिएन । उद्यपि जीवन यात्रा त हुँदै हो । त्यो यात्रा मृत्युलाई जित्न सक्ने यात्रा होस् । यात्राको उद्देश्य मानवहित तर्फ निर्दिष्ट होस् । तब मानव यात्रा सुखद र स्मरणीय यात्रामा परिणत हुन्छ ।

**उद्देश्यमूलक यात्रा**

आधुनिक युगमा यात्राले विभिन्न रूप लिएको छ । चन्द्रमा र मङ्गल ग्रहमा पुगेपछि अन्य ग्रहमा पुग्न अध्ययन खोज भइरहेको छ । मानव यात्राबारे थोरै चर्चा माथि गरियो । सभ्य र सचेत भनिने मानव जातिको यात्रा मानव हत्या, जनजाति हत्या र वंश नाश लक्षित हुनुहुँदैन । त्यसले मृत्युलाई कहिल्यै जित्दैन । मानवयात्रा मृत्युलाई जित्ने, युगौं युग बाँचिरहने, समग्र मानव र पर्यावरण संरक्षण लक्षित हुनुपर्छ । हामीले इतिहासमा त्यस प्रकारको उद्देश्यसहितको यात्रा मानवले गरेको पाउँछौँ । त्यस प्रकारको यात्रा उदाहरणका लागि याज्ञवल्क्य, बुद्ध, हुयनसाङ, अरनिको, शङ्कराचार्य, पद्मसम्भव, लक्ष्मीप्रसाद देवकोटा आदिले गरे । जुन यात्राको प्रभाव हामीले विगत तीन हजार वर्षदेखि निरन्तर सम्झना गरिरहेका छौँ । उनीहरूको दर्शन, सन्देश, कृति, मानवता र योगदानको चर्चा हामी आज पनि विभिन्न दृष्टिकोणबाट गरिरहेका छौँ । उनीहरूलाई मृत्युले कहिल्यै जित्न सकेन । मृत्युलाई जित्ने मानिसको यात्रा उद्देश्यलक्षित थियो । त्यसैले मानवहिततिर लक्षित मार्गमा यात्रा गर्ने यात्रीलाई मृत्युले पनि केही गर्न सक्दैन । भौतिक शरीर भौतिक तत्त्वमा विलीन हुन्छ तर उसको योगदान हाम्रो वरपर समयसँगै युगौं युगसम्म घुमिरहन्छ । हाम्रो यात्रा पनि जे जति, जहाँको, जस्तो प्रकारको, जुन माध्यमबाट भए तापनि त्यो मानवहित लक्षित हुनुपर्छ ।

यसै सन्दर्भमा बुद्ध र अन्य केही व्यक्तिले गरेको यात्रा र त्यसको प्रभावको सङ्क्षिप्त चर्चा गरौँ । गौतम बुद्धको जन्म आजभन्दा २ हजार ५ सय ८७ वर्ष पहिले वर्तमान नेपालको लुम्बिनीमा भयो । गणबाट राज्यमा

रूपान्तरणको अवस्थामा पुगेको हुनाले बुद्धले बाल्यकालमा राजापुत्रले पाउने बराबरको सम्पूर्ण सुविधा पाएको इतिहासमा उल्लेख छ । बुद्धको समयमा मातृप्रधानता, गणराज्य, निजी सम्पत्ति, दासदासी किनबेच, कर्मकाण्ड, राज्यविस्तार, भोगविलास, ईश्वर, अलौकिकतामा आधारित दर्शन एकातर्फ थियो । अर्कोतर्फ चार्वाकको लोकायत दर्शनका चिन्तक पुरणकश्यप, अजित केशकम्बलिजस्ता दार्शनिक पनि थिए जसले लोकमा आधारित सत्य, तथ्य र यथार्थलाई स्वीकार गर्थे । त्यस बेला राजतन्त्र, दासदासी किनबेच, निजी सम्पत्ति थुपार्ने, दान दिएमा स्वर्गको ढोका खुला हुन्छ भन्ने राज्य व्यवस्थाको स्थान बलियो थियो । ती सम्पूर्ण कुरा मन नपरेकाले बुद्धले इ.पू. ५३१ असार पूर्णिमाको मध्यरातमा गृहत्याग (महाभिनिष्क्रमण) गरे । तत्कालीन गणराज्य र राज्यमा भएका अत्याचार, मानव बिक्री, भोगविलासविरूद्ध मार्ग पहिल्याउने उद्देश्य परिलक्षित उनको यात्रा थियो ।

त्यस बेला सिद्धार्थले तिलौराकोटदेखि राजगिर वर्तमान नालन्दा (भारत) को ४८७ किलोमिटर लामो यात्रा गरे । त्यहाँ उनले साङ्ख्य दर्शनका ज्ञाता आलार कलाम र उद्दक रामपुत्तसँग ज्ञान लिए । त्यसपछि राजगिरदेखि ८० किलोमिटर दक्षिणमा रहेको उरूवेला वर्तमान बोधगया पुगे । त्यहीँ इ.पू. ५२८ मा उनले ज्ञान प्राप्त गरे । आफूले प्राप्त गरेको ज्ञान सर्वप्रथम आफ्ना पाँच सहयात्री भिक्षुहरू कौडिण्य, वप्प, भद्दिय, महानभ र अश्वजितलाई सुनाउन भिक्षाटन गर्दै उनी ऋषिपतन सारनाथ गए । त्यस बेला बोधगयादेखि सात साताको भिक्षाटन गर्दै पदयात्रा गरी सारनाथ पुग्दा उनले २४७ किलोमिटर लामो यात्रा गरे । ज्ञान प्राप्तिपछि ४५ वर्षसम्म मानवहितको लागि मात्र सन्देश प्रवाह गर्दै उनी विभिन्न देशको यात्रामा निस्के । इ.पू. ४८३ मा निर्वाण प्राप्त गरे । उनको पनि त्यो यात्रा नै थियो । त्यही यात्राबाट उनी बुद्ध भए । आज संसारका पचासभन्दा बढी देशमा उनको दर्शन जीवन्त छ । बुद्ध र बौद्ध दर्शनबारे सबैभन्दा बढी पुस्तक लेखिएका छन् । उनी संसारभर चर्चामा छन् । त्यसैले उनको जीवनयात्राले मृत्युलाई सदाका लागि पछाऱ्यो ।

त्यस्तै मैले यहाँ उल्लेख गर्न खोजेको अर्का यात्री हुन् हुयन साङ् । उनी चिनियाँ हुन् । उनको जन्म सन् ६०२ मा चीनको हेनान प्रान्तमा भएको थियो । बौद्ध दर्शनबाट उनी सानैदेखि प्रभावित थिए । सन् ६२२ मा भिक्षु बनेपछि उनले सन् ६२९ मा बौद्ध दर्शन अध्ययन गर्न नालन्दाको लागि यात्रा तय गरे । धेरै कष्ट गरेर उनी नालन्दा पुगे । सन् ६२९ देखि ६४४ सम्म नालन्दाको अतिरिक्त भारतका अन्य गुम्बा, मन्दिर र दरबारको अध्ययन भ्रमण गरे । त्यस बेलाको कठिनतम समयमा हुयन साङ्ले ६५७ संस्कृत ग्रन्थ र १५० धातु चीन पुऱ्याए ।सन् ६४५ देखि ६६४ सम्म ७४ थान संस्कृतका बौद्ध ग्रन्थलाई

चिनियाँ भाषामा उल्था गरे । उनले आफू व्यक्तिगत स्वार्थका लागि पूजा गर्न निस्केको नभई आफ्नो देशमा बौद्ध दर्शन र सिद्धान्त अधुरो रहेकाले सो पूरा गर्न सोको खोजमा जीवनलाई खतरामा राखेर यात्रामा निस्केको भनेका थिए । उनको त्यो यात्रा र त्यसबाट सिर्जित कृतिले बौद्ध धर्म र दर्शन विश्वभर फैलियो । उद्देश्यमूलक यात्राको ऐतिहासिक महत्त्व हुन्छ ।

यस हिमाली उपमहादेशका प्राचीन दार्शनिक मध्ये मीमांसाका जैमिनी (सन् ३००), ब्रह्मदर्शनका वादरायण (सन् ३००), गौडपाद (सन् ५००), शङ्कराचार्य (सन् ७८८-८२०), मध्वाचार्य (सन् १२३८-१३१७) ले पनि यात्रा नै गरेका थिए । आधुनिक युगका भौतिकवादी दार्शनिक राहुल साङ्कृत्यायन (१८९३-१९६३) ले त झन् नेपाल, तिब्बत, युरोप र मध्य-एसियाको यात्रा तय गरेका थिए । उनीहरूले जीवनलाई यात्राकै रूपमा स्थापित गरे । ती सबैले दार्शनिक, धार्मिक, सांस्कृतिक र साहित्यिक फाँटमा अतुलनीय, अविनाशी खजाना सन्ततिलाई दिएर गए । जीवित रहिरहे ।

**यात्रा र कृति**

नेपालमा विकासका सन्दर्भमा विभिन्न शासनकालका शासकको आफ्नै प्रकारको योगदान छ । हामी त्यता जाँदैनौँ । कलाकार अरनिको (सन् १२४५-१३०६) को यात्रापछि, सन् १४९३ तिर राजा गगनीराजको यात्रा, सन् १८५३ तिरको जङ्गबहादुरको बेलायत यात्रा हाम्रो यात्रा साहित्य र यात्रा गरी त्यसबाट इतिहासमा नाम लेखिएका पुर्खा हुन् भनिन्छ । खोज हुन सक्यो भने तिनका पुर्खा पनि भेटिन सक्छन् । राणा कालमा यात्रा र अध्ययन खुम्चियो । लुकेर लेखिएका साहित्यिक कृति घरघर र भारतमै बिलाए । बिसौँ शताब्दीको मध्यदेखि भने नेपाली र विदेशीले नेपालमा पदयात्रा गर्ने, कृति प्रकाशन गर्ने क्रम प्रारम्भ भयो ।

हिमालयबारे धेरै अध्ययन भइसकेको सन्दर्भमा नेपाल, नेपाल हिमालय, नेपाली जीवनपद्धति, संस्कृति, कलाबारे अधिकांश नेपालीका साथै विदेशीलाई थाहा थिएन । सन् १९५० भन्दा पहिले केही मात्र विदेशीले नेपाल प्रवेशको अनुमति पाएका थिए । सन् १९५० पछि भने क्रमशः युरोप, अमेरिका, एसियाका विकासविद्, पर्वतारोही, मानवशास्त्री, वनस्पतिविद्, भूगर्भविद्, धर्मशास्त्री, प्रकृतिप्रेमी नेपाल छिरे । उनीहरूले नेपालको विभिन्न भागको यात्रा गरे । विभिन्न विषयमा पुस्तक लेखे । विदेशीले यात्रा गर्दा यात्राको क्रममा सङ्कलित सुनका अक्षरले लेखिएका हाम्रा पुराना दस्तावेज, मूर्ति पनि केही विज्ञले आफ्नो देश लगे । यो काम गलत हो तर उनीहरूले लेखेका पुस्तकमार्फत् नेपाललाई भने विश्वमा चिनाए ।

भूगर्भविद् टोनी हेगन (सन् १९१७-२००३) ले सन् १९५० देखि १९५८ को बिचमा नेपालको विभिन्न ठाउँको गरी

१४ हजार किलोमिटर पदयात्रा गरे । नेपालको प्रथम नक्साङ्कन गरे । भूगोल, हिमाल, हावापानी, हिमालयको उत्पत्ति, नेपाली जाति, इतिहास, संस्कृति, कृषि, जलस्रोत र पर्यटनबारे तस्वीरसहितको पुस्तक लेखे । त्यसले नेपाललाई विश्वभर चिनायो ।

जोसेफ टुची (१८९४-१९८४) ले नेपालको धर्म, संस्कृति, मल्ल, खस साम्राज्यबारे पुस्तक लेखे । त्यसमा उनले तत्कालीन खस साम्राज्य इटाली भन्दा विशाल भएको उल्लेख गरे । उनले धेरै पुराना ग्रन्थ आफ्नो देश इटाली पुऱ्याए । डि.एल. स्नेलग्रोभ (सन् १९२०-२०१६) ले नेपालमा भएको बौद्ध दर्शन, धर्मबारे अध्ययन गरे । उनी डोल्पा पुगे । डोल्पाको गुम्बाबाट प्राचीन पुस्तक तिब्बत लगेको बारे लेखे । तिब्बती बौद्ध धर्म अध्ययन गर्न नेपाल अध्ययन नगरी हुँदैन भने । पहिलो शताब्दीमा पाटन विश्वको बौद्ध दर्शन अध्ययन केन्द्र रहेको उल्लेख गरे । त्यसरी नै क्रिस्टोफ भोन फुरर-हेमनडोर्फ (सन् १९०९-१९९५) ले नेपालको उच्च हिमाली क्षेत्रको जनजीवन र जातिबारे लेखे । त्यस बेला नेपालमा यात्रा गर्नु धेरै कठिन थियो । अहिले जस्तो यातायात, होटल, झोलुङ्गे पुल थिएनन् । यसरी क्रमशः विदेशीले नेपालका विभिन्न भागको कठिन पदयात्रा गरी नेपालबारे लेखे । पुराना दस्तावेज लगे तापनि त्यसको विवरण इमान्दार भएर दिए र नेपाल चिनाउन मद्दत गरे ।

सन् १९५० मा फ्रेन्च आरोही माउरिस हरजोग (सन् १९१९-२०१२) र लुई लचेनलले सर्वप्रथम ८ हजार मिटर माथिको अन्नपूर्ण हिमाल आरोहण गरे । आठ हजार मिटर माथिको हिमालको चुचुरो चुम्ने प्रथम मानव बने । हरजोगले 'अन्नपूर्ण' नामको पुस्तक लेखे । त्यो पुस्तक सन् १९५१ मा प्रकाशित भयो । विभिन्न भाषामा हरेक वर्ष लाखौँ लाख प्रति बिक्री भयो । त्यसले नेपाल र हिमालयबारे विश्वलाई चिनारी दियो । त्यसपछि सन् १९५३ मा तेन्जिङ नोर्गे शेर्पा (सन् १९१४-१९८६) र सर एडमण्ड हिलारी (सन् १९१९-२००८)ले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेपछि नेपाल विश्वभर चर्चित भयो ।

विदेशीको साथसाथै पछि नेपालीले पनि नेपालको यात्रा गरेर लेख्न थाले । योगी नरहरिनाथ (सन् १९१५-२००३), डोरबहादुर विष्ट (सन् १९२८), हर्क गुरूङ (सन् १९३९-२००६), जनकलाल शर्मा (वि.सं. १९८३-२०५६), पूर्णप्रकाश नेपाल यात्री (वि.सं. १९९१-२०६९), बालकृष्ण पोखरेल (वि.सं.१९९०-२०७५), तारानाथ शर्मा (वि.सं. १९९१-२०७८) आदि । (यी नाम उदाहरणका लागि मात्र राखिएको हो । धेरैले यात्रा गरेर सिर्जना गरे । सबैको योगदान उत्तिकै कदर योग्य छन्) ।

एक्काइसौँ शताब्दीको प्रारम्भदेखि नेपाल र विदेशको यात्रा गरी नेपाली साहित्यकारले नियात्रा, यात्रा संस्मरण, यात्रा निबन्ध, यात्रा काव्य लेखन उत्साहवर्द्धक रूपमा अगाडि बढेको छ । साहित्यकार प्रमोद प्रधानका अनुसार

वि.सं. २०७८ सम्म नियात्रा/यात्रा साहित्यसँग सम्बन्धित ८०० (आठसय) प्रकाशित कृति त उहाँले नै सङ्कलन गर्नुभएको छ। आजकल हरेक दिनजसो नियात्रासम्बन्धी पुस्तक प्रकाशित हुनुका साथै विभिन्न सञ्चार माध्यम पत्रपत्रिका, रेडियो, टेलिभिजन, युट्युब तथा सामाजिक सञ्जालमा यात्रा विवरण, श्रव्यदृश्य सामग्री प्रचुर मात्रामा आइरहेका छन्। यो शुभ सङ्केत हो।

**यात्रा र मनोरञ्जन**

मैले माथि केवल दार्शनिक, धार्मिक, शैक्षिक, पर्यटन, जनजीवन, भूगोल, अध्ययन, अनुसन्धान विषयकेन्द्रित यात्राका सङ्क्षिप्त कुरा राखेँ। ती विषयहरूमा केन्द्रित यात्रीले पनि सङ्क्षिप्त रूपमा नेपालको कष्टकर जनजीवन, चाडपर्व, भेषभूषा, आँसु र हाँसो, भौगोलिक अवस्था र प्राकृतिक सुन्दरताको दिल खोलेर उल्लेख गरेका छन्। यात्रा उद्देश्यमूलक हुनुपर्छ नै तर त्यसमा मनोरञ्जन मिसिएन भने यात्रा फलामको डोको बोके जस्तो हुन्छ। नेपालमा आउने धेरै पर्यटक, घुम्न जाने सबै नेपाली नागरिक साहित्यको खोजमा मात्र निस्कन्छन् भन्ने अपेक्षा गर्नु भने हुँदैन। नेपालको पोखरा र अमेरिकाको लस भेगसमा पुग्ने अधिकांश पर्यटक मनोरञ्जनकै निम्ति जान्छन्। पोखरा प्रकृतिको रानी हुनुका साथै युवा प्रेमीप्रेमिकाको प्रेममा बाँधिन प्रेरित गर्ने सहर पनि हो। मानिस मनोरञ्जनका लागि मात्र जसरी पोखराको यात्रा गर्छन् त्यसै गरी मात्र मनोरञ्जनका लागि यात्रा गर्ने संसारकै मनोरञ्जनको लागि ख्याति प्राप्त सहर लस भेगस हो।

हाम्रो पोखराभन्दा सानो, मात्र ६ लाख ४० हजार जनसङ्ख्या र ३६७ वर्ग किलोमिटर क्षेत्र भएको अमेरिकाको लस भेगस संसारकै सबैभन्दा ठुलो मनोरञ्जन प्रदान गर्ने सहर हो। यसलाई त्यहाँ पुग्ने यात्रीले पापी सहर, रिसोर्ट सहर, जुवाको सहर, घडीबिनाको सहर र मनोरञ्जनको विश्वको राजधानी भन्छन्।जुवा, नृत्य र मनोरञ्जनका यावत क्रियाकलाप गोधूलि साँझपश्चात् हुने भएर होला तारा झरे झैँ रातमा झल्झलाकार हुने त्यस सहरलाई "जब रात झर्छ तब लस भेगस ब्युँझन्छ"भनिन्छ।

लस भेगस महङ्गो बारमा बसेर महङ्गो मद पिउन, मदमा मात्तिएर विवाह गर्न, विश्वप्रसिद्ध गायकको लाइभ म्युजिक हेर्न, विभिन्न परिकारका खाना खान, गाँजा तान्न, क्यासिनोमा झुम्मिन र जुवा खेल्न संसारमा प्रसिद्ध छ। विशाल रेस्टुराँमा खाँदै, पिउँदै, हाँस्दै, रल्लिँदै, सहरी उकुसमुकुस, जागिरको टनटन, पारिवारिक बोझ, पत्नीको किचकिच, पतिको आँखा तराई, प्रेमीप्रेमिकासँग भएको विछोड, पतिपत्नी बिचको पारपाचुकेको सम्पूर्ण पीडा सर्लक्कै पिएर मस्त रमाइरहेका हुन्छन्। मानौँ त्यो स्वर्गको कल्पना गरिएको सहर हो जहाँ दुःख छैन, छ त केवल सुख र सन्तोष। त्यो धनीको सहर हो जो आनन्द लुट्न त्यहाँ पुग्छन्। पाण्डवले झैँ जुवामा हारेर

टाट पर्ने पनि हुन्छन् । अचम्म के भने नयाँ चिनजान गर्दै क्यासिनोको खालमा जुवा खेल्दाखेल्दै, बारमा रक्सी पिउँदापिउँदै प्रेम गरेर सोही रात यहाँ कानुनी बिहे पनि गर्छन् । कतिले साँच्ची नै घरजम गर्छन् । कतिले फेरि मदरहित भएपछि दुवै प्रेमीले अघिल्लो रातको कानुनी विवाहको भोलिपल्ट कानुनी पारपाचुके पनि गर्छन् ।

**यात्राप्रति बढ्दो रुचि**

नेपाली युवायुवती र प्रौढको नेपाल हेर्ने चाहना क्रमशः वृद्धि हुँदै छ । यातायातको सुविधा, स्थानीय निकायको चासो, लाहुर जाने र आउने क्रमको वृद्धि, आमाबाबुलाई तीर्थाटन गराउने चाहना, सरकार, बैङ्क, निजी क्षेत्रले कर्मचारीलाई घुम्नका लागि दिने रकम र बिदा, शिक्षित र जागिरे सन्तान हुनु आदिको कारण आन्तरिक घुमफिर र तीर्थव्रत गर्ने प्रचलन विगत एक दशकको बीचमा धेरै वृद्धि भएको छ । धेरै नेपालीलाई नेपालका तीर्थको महत्त्व थाहा नभएर पनि भारतमा जाने चलन छ । भारतको जस्तै महत्त्वका तीर्थ नेपालमा छन् भन्ने कुरा बल्ल क्रमशः थाहा हुँदैछ । अझ थाहा दिनुपर्ने छ ।

स्थानीय लज र होटल सञ्चालकको मनमा रहेको सेतो छाला भएको र विदेशीमात्र पर्यटक हुन् भन्ने सोचमा परिवर्तन भएको छ । नेपाली पनि पर्यटक हुँदा रहेछन्, विदेशीले भन्दा बढी पैसा खर्च गर्दा रहेछन्, टन्न मासु भात खाँदा रहेछन् भन्ने बुझ्न थालेका छन् । 'नेपाली पनि घुम्न आउँछन् र ?' भन्ने सोच भएकै कारण मैले अन्नपूर्ण, सगरमाथा, कञ्चनजङ्घा, मनास्लु क्षेत्रमा नमिठो अनुभव गरेको थिएँ तर विगत दस वर्षदेखि त्यो सोचमा परिवर्तन भएको छ । आजकल मैले ती स्थानको यात्रा गर्दा मलाई विदेशीलाई भन्दा माया गर्छन् । त्यसको कारण के भने विदेशीले भन्दा पदयात्रामा नेपालीले नै खानामा खर्च गर्छन् । जे होस् मैले मेरो पुस्तक 'तिब्बत यात्रा', 'डोल्पोः विश्वको जीवित सङ्ग्रहालय', 'श्वेत पर्वत' र अन्य फुटकर निबन्धमा नेपालका युवा वर्गलाई नेपाल हेर्न विशेष आग्रह गर्ने गरेको छु । पदयात्रा गर्दै उच्च पहाडी र हिमाली क्षेत्रमा पुग्नपर्ने भएकाले युवालाई जोड दिएको हुँ । आज यातायातको पहुँचले पनि केही साथ दिएको छ, सञ्चार माध्यमले उत्साहित पारेको छ । आन्तरिक पर्यटकको चाप वृद्धि भएको छ । आज अन्नपूर्ण परिक्रमा, माथिल्लो मुस्ताङ, सगरमाथा आधार शिविरमा धेरै नेपाली पुगेको देख्दा मेरो हृदय खुसीले आह्लादित भएको छ ।

मोटर र हवाई यातायात सुविधा भएका स्थानहरूमा जीवनको उत्तरार्द्धमा पनि पुग्न सकिन्छ । हिमालयको आँगन हेर्न र हिमालयको काखमा बसेर हिमाली चुलीसँग मायाप्रीतिका कुरा गर्न भने उमेर छँदै जानुपर्छ किनभने त्यहाँ पैदल हिँड्नुपर्छ । उचाइमा अक्सिजन पातलो हुन्छ । सास फेर्न कठिन हुन्छ । उचाइमा लाग्ने बिमार लाग्न सक्छ । त्यस्ता स्थानमा शारीरिक

बल भएकै बेला जानुपर्छ । त्यसैले युवा वर्गमा मेरो आग्रह छ सबैभन्दा पहिले नेपाल हेर्नुहोस् । बढ्दो उमेरसँगै आफ्नो आर्थिक, शारीरिक अवस्थाका आधारमा हवाईमार्ग र अन्य यातायातको साधन प्रयोग गरी यात्रा गर्नुहोस्, तर नेपाल हेर्नुहोस् । सन्तान शिक्षित भइसकेपछि तिनका लागि सम्पत्ति जोडेर राख्नुपर्दैन । हामीभन्दा उनीहरू नै सक्षम हुन्छन् । सानो देश सत्तरी मिटरदेखि सगरमाथाको उचाइसम्म पुग्ने नेपालमा जस्तो विविधता, आत्मीयता, माया र सुन्दरता अन्यत्र कतै पाइँदैन । मैले मेरो देश भएर मात्र भनेको होइन । अन्य देशमा गरेको भ्रमणसँग तुलना गरेर नेपाल नै बढी विविधतायुक्त र सुन्दर छ भनेको हुँ ।

थोरै निजी कुरा राख्न चाहन्छु । मैले नेपालको उच्च हिमाली क्षेत्रको पदमार्गको पदयात्रा सम्पन्न गरेँ । मेरो यात्रा देश भ्रमण गर्ने, हिमालको काखमा पुगेर हिमाललाई चुम्बन गर्ने, हिमाली काख र उपत्यकामा हजारौँ वर्षदेखि बसोबास गर्दै आएका नेपाली आमाबासँग कुराकानी गर्नेमा केन्द्रित थियो । लेख्ने काम पनि गरूँला भन्ने त्यसबेला केही सोचेको थिइनँ । हिमालको नजिक पुग्ने तीव्र रहरले गर्दा यात्रा गरिरहेँ । एक कान दुई कान मैदान भने झैँ त्यसरी एक–एक गर्दै पदयात्रा गर्ने क्रममा धेरै वर्षको अन्तरालमा मैले वि.सं. २०७९ वैशाखमा उच्च हिमाली क्षेत्रको ताप्लेजुङको कञ्चनजङ्घा आधार शिविरदेखि हुम्लाको हिल्सासम्मको उच्च क्षेत्रको पदयात्रा सम्पन्न गरेँ । त्यो यात्रामा मलाई धेरैले पागल पनि भनेका छन् । कतिले आफ्नो हराएको छोरो धेरै वर्षपछि घर फर्केको जस्तो गरी माया गरेको पनि पाएको छु । नेपालका केही लेक, तिब्बततिरबाट सगरमाथाको आधार शिविर र कैलाश परिक्रमा गर्दा कष्टकर अवस्था भोगेको छु । आफ्नै कारणले दुःख पाएको छु ।

अब मैले यो लेखलाई सङ्क्षिप्तमा स्रष्टा पदयात्रासँग जोड्ने अनुमति चाहन्छु ।

**स्रष्टा पदयात्रा नेपाल**

स्रष्टा पदयात्रा नेपालविशुद्ध पदयात्रा र साहित्यसँग जोडिएको साहित्यिक सामाजिक संस्था हो । यो यात्रा शीतल गिरी, डिल्लीराज अर्याल, जसध्वज गुरूङ, जय छाङछा, प्रवीण पुमा, डा. भक्त राई एवं डिल्लीरमण सुवेदीसमेत सात जनाको पहलबाट २०७३ मङ्सिरदेखि प्रारम्भ भएको हो । केही पछि यसको संयोजन गर्ने जिम्मेवारी शीतल गिरीलाई दिइएको थियो भने २०८० माघ ११मा आएर विधिवत दर्ता भएको छ । अहिले साहित्यकार शितल गिरिको नेतृत्वमा पदयात्रामा रूचि राख्ने स्रष्टाहरूको सक्रिय सहभागिताबाट भएको हो । २०८० फागुन २ गतेसम्म आइपुग्दा यस संस्थाले सांस्कृतिक, साहित्यिक, पुरातात्त्विक, प्राकृतिक सुन्दरताले भरि पूर्ण पर्यटकीय क्षेत्र, ऐतिहासिक क्षेत्र, विशेष स्थानका विशेष चाडपर्व आदिमा सहभागी भई नेपालका ७९ स्थानमा

सफलताका साथ पदयात्रा सम्पन्न गरेको छ । सोहीअनुसार साहित्यिक रचना पनि सिर्जना गरिएकाछन् ।

स्रष्टा पदयात्रा नेपालको प्रमुख उद्देश्य भनेको नेपालका विभिन्न क्षेत्रको छोटो छोटो पदयात्रा गरी, पदयात्राको क्रममा प्रकृतिसँग रमाउँदै, चराचुरुङ्गीको भाकामा गीत सुसेल्दै, हरिणको चाल हेर्दै, झरनाको तालमा नृत्य गर्नु रहेको छ । त्यसरी नृत्य गर्दै, आफूलाई तन्दुरुस्त राख्दै पदयात्रा गरिने क्षेत्रको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, जनजीवन, पुरातात्त्विक महत्त्वका क्षेत्र, भेषभूषा, चाडपर्व, जन्म-मृत्यु संस्कार, कृषि, वनस्पति, वातावरण, मौसम आदि विविध विषयमा अध्ययन र विश्लेषण गर्ने, त्यसको आधारमा आफ्नो विषयगत रूचि, चाहना, साधन र स्रोत, ज्ञान र क्षमताबमोजिम सिर्जित ज्ञानवर्द्धक, जीवनोपयोगी, प्रेरणात्मक साहित्यिक रचनाबाट राष्ट्रसेवामा योगदान गर्नु रहेको छ ।

यसै सन्दर्भमा स्रष्टा पदयात्रामा सहभागी पदयात्री सिर्जनशील साहित्यकारले यस बीचमा सयौँ लेख, यात्रा, नियात्रा, निबन्ध, कविता, गजल सिर्जना गरी तिनलाई विभिन्न पत्रपत्रिका, रेडियो, टेलिभिजन, युट्युब र सामाजिक सञ्जालमा प्रकाशन प्रसारण गरिएका छन् । स्रष्टा पदयात्रीका सिर्जनाका सङ्कलित रचनाहरू विभिन्न पत्रपत्रिकामा विशेषाङ्क र पुस्तकको रूपमा प्रकाशित भएका छन्, हुँदै छन् । यसले मुलुकलाई नजिकबाट नियालेर त्यसबारे आफ्ना भावना र दृष्टिकोण उजागर गर्न साहित्यकारलाई प्रेरित गरेको छ । स्थानीय निकायलाई आफ्ना क्षेत्र पहिचान गर्न मद्दत गरेको छ । यस पदयात्रामा संलग्न सम्पूर्ण स्रष्टा पदयात्री साहित्यकारको यो प्रयास ऐतिहासिक हुनुका साथै राष्ट्रिय महत्त्वको भएको छ । स्रष्टा पदयात्रा अभियान बन्यो स्वस्थ जीवन र साहित्य सिर्जनाको, प्रेरक बन्यो सद्विचारको, अभियान बन्यो समग्रमा देश विकासको ।

**यात्रामा ध्यान दिनुपर्ने झिना-मसिना कुरा**

मलाई थाहा भएअनुसार हालसम्म स्रष्टा पदयात्रा नेपालले आयोजना गरेका पदयात्रा मार्ग र क्षेत्र सजिलो पैदल मार्ग वर्गीकरणमा पर्छ । एकदुई दिनको हुन्छ । एक दिनको मात्र भए तापनि यात्रामा निस्कँदा मौसमअनुसारको पहिरन, चस्मा, टोपी (क्याप), राम्रो पदयात्रा जुत्ता, हलुका पदयात्रा सुरुवाल वा पाइन्ट, हलुका हावा छेक्ने ज्याकेट, पसिना सोस्ने टिसर्ट (थप समेत), क्रिम, पानीको बोतल, रूमाल, आफूले खाने औषधि, हलुका सुख्खा खानेकुरा बानीअनुसार, लौरो (स्टिक), डन्डी र बाक्लो फिता भएको झोला (रूकस्याक) र प्राथमिक उपचारका सामान सामान्य आवश्यक कुरा हुन् । यी सामान हुँदा यात्रामा आनन्द, आत्मविश्वास र फूर्ति आउँछ । यात्रा सुरू गर्नु अगाडि सबै सदस्यलाई सो दिनको यात्रा, लाग्ने समय, साहित्यिक कार्यक्रम, भौगोलिक

अवस्थाबारे जानकारी दिनुपर्छ । बिहान छिटो यात्रा सुरू गरी उज्यालोमा नै सबै सदस्य बास बस्ने ठाउँ वा घर फर्कने गरी व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

स्रष्टा पदयात्री विभिन्न उमेर समूहका हुने भएकाले त्यस्तै प्रकारका पदमार्गको चयन गर्नुपर्ने हुन्छ । यात्रा गर्ने स्थान चयन भइसकेपछि समूहका सदस्यमध्ये कम्तीमा दुई-तीन जनालाई एक साता पहिले नै त्यस क्षेत्रको बाटोको अवस्था, पैदल हिँड्ने दूरी (किलोमिटर), चिया वा खाजा घर भए नभएको, देखिने मुख्य दृश्य, हिमाल भए शृङ्खला वा हिमालको नाम, ऐतिहासिक महत्त्वका कोट, गढी, मठमन्दिर, गुम्बा, स्मारक केही छन् कि त्यसबारे सामान्य जानकारी लिने र सूचित गर्ने । बाटोको अवस्था अध्ययन गर्ने स्रष्टाले यात्रा गर्ने दिनको बाटोको नेतृत्व गर्ने । बाटोको सुनिश्चिता हुने हुँदा बाटो बिराउने, दुःख हुने, रातविरात हिँड्नुपर्ने, छलिने वा हराउने, बाटो परिवर्तन गर्नुपर्ने अवस्था हुँदैन ।

स्रष्टा पदयात्रामा सदस्यको सङ्ख्या धेरै र फरक उमेर समूहका हुने हुनाले चार-पाँच स्रष्टालाई यात्रामा रहेका स्रष्टाको स्वास्थ्य अवस्था के कस्तो छ, कोही धेरै पछाडि वा कोही धेरै अगाडि भए कि ! त्यसको रेखदेख गर्न लगाउनु जरूरी छ । साहित्यिक सिर्जना वाचन, मूल्याङ्कन, सुझाव सङ्कलन, परिमार्जन, स्तरीयता वृद्धिबारे बहस गर्नु राम्रो हुन्छ । स्रष्टा पदयात्रामा मेरो नगण्य उपस्थिति रहेकाले ऐतिहासिक र राष्ट्रिय स्तरको ७९ औँ यात्रा सम्पन्न गर्दासम्म भएका सबल पक्षको चर्चा र सुधार गर्नुपर्ने पक्षबारे लेख्न म असमर्थ छु । धेरै पिर नै गर्नु त पर्दैन, कुनै कुरा बिर्सेमा वा यात्रा गर्दा सानोतिनो दुःख नै भएमा पनि घर पुगेपछि ती पीडा चाखलाग्दा यात्रा संस्मरण बन्न पुग्छन् ।

**निष्कर्ष**

जीवन अमूल्य छ । यात्रा जारी छ । भविष्य उज्ज्वल छ । प्राचीन सभ्यताकालीन नेपालभूमि सुन्दर छ । बुद्ध, हुयन साङ र अरनिकोले गरेका पनि यात्रा हुन् । टोनी हेगनको पनि यात्रा नै थियो । प्रकृतिको काखमा रमाउँदै सिर्जनाको यात्रालाई पनि तिखार्नु छ । स्रष्टा पदयात्रामा एकता, आत्मीयता, मित्रता र सिर्जनाको मिठो सम्मिश्रण छ, यात्रीले ल्याएको विभिन्न परिकारको खाजाको स्वाद जस्तो । नेपालको प्रकृति र संस्कृतिमा पाइने विविधताबिचको बलियो एकता जस्तो ।

यसमा केही पुरानो सन्दर्भ उल्लेख गरियो । असान्दर्भिक हुन पनि सक्छ । मानव सभ्यता, यात्रा र यात्राको प्रभाव र महत्त्वबारे थोरै जोड्न मात्र खोजिएको हो । यहाँ उल्लेख भएका नाम उदाहरणस्वरूप जानकारीका लागि मात्र राखिएका हुन् । त्यस्ता अन्य त्यस्तै थुप्रै तेजस्वी व्यक्तिको योगदान छ र उत्तिकै आदर र सम्मान छ । स्रष्टा पदयात्रा नेपालका सम्पूर्ण पदयात्रीका सिर्जना बुद्धका सन्देश झैँ प्रेरणादायी र ओजस्वी होउन् । यति भन्दै यो लेखको बिट यहीँ मार्न चाहन्छु ।

■

# कलमधारी योद्धा

**(यो २३ औँ पदयात्रा हो । मिति २०७५ साल असोज ५ गते ललितपुरको धापाखेल चोकदेखि नागदह, सन्तानेश्वर महादेव, बज्रवाराही हुदै गोदावरी टौखेलसम्म गरिएको यस यात्रामा १२ जना स्रष्टा सहभागी थिए ।)**

**मन्दिरा मधुश्री**



हेर्दाहेर्दै मासिक स्रष्टा पदयात्राले २२ औँ शृङ्खला पार गरिसकेछ ।

"तेइसौँ पदयात्रा नागदह, सन्तानेश्वर, बज्र बाराही, टौखेलदेखि गोदावरीको रहेको छ । त्यो यात्राको साहित्यिक कार्यक्रममा गजलबारे मन्दिरा मधुश्रीको मन्तव्य रहने छ ।" स्रष्टा पदयात्राका संयोजक/मुखिया शीतल गिरीले स्रष्टा पदयात्रा फेसबुक वालमा सूचना सम्प्रेषण गरे । त्यही सूचना म्यासेज बक्समा पनि आयो । स्रष्टा पदयात्रा "स्वास्थ्य र सिर्जनाका लागि पदयात्रा" उद्देश्य बोकेर २०७३ सालमा सुरूवात भएको थियो ।

पहिले पहिले पदयात्रामा नै छलफल गरिन्थ्यो आगामी यात्रा कता जाने भनेर । सबैले आफूले देखेको वा सुनेको नयाँ रूटको बारेमा जानकारी दिन्थे । सल्लाहले आगामी रूट तोकिन्थ्यो । अहिले केही संस्थापक सदस्यहरू भाउ खोजेर पदयात्रा जान छोडिसके । कारण भने सामान्य । पदयात्रामा आफू अनुपस्थित भएको बेला आफूसँग सल्लाह नगरी रूट तोकियो रे । कोही आफूले तोकेको रूटलाई मानेनन् भनेर नगएका रे । सबैले आफ्नो जिद्दी कस्ने । सबैमा आआफ्नै अहम् । सबैको सोचाइ "म जङ्गबहादुर ।" एउटै जङ्गलमा धेरै सिंह कहाँ टिक्नु त नि । पदयात्रा जाने कुरामा पनि विवाद जस्तो भो । जाबो त्यस्तो संस्थामा पनि पद मोह । राजनैतिक नेताभन्दा कम देखिएनन् हाम्रा पदयात्री पनि । त्यसैले क्रमशः पदयात्रा छोड्दै गएका थिए संस्थापक

सदस्यले । अचेल प्रायः मुखिया आफैंले खोजेर हाल्छन् नयाँ नयाँ रूट ।

२०७५ असोज ५ गते शुक्रबार बिहान ७/३० बजे सातदोबाटो चोकमा भेटहुने सूचना थियो । स्वपहिचान बनाउन अरूभन्दा केही फरक हुनैपर्छ । हाम्रो पदयात्राको पनि आफ्नै छुट्टै विशेषता छ । अर्गानिक यात्रा, अर्गानिक खाना । प्रत्येक यात्रीले आफ्नो घरबाट केही न केही खानेकुरा पकाएर लग्नुपर्छ । आफूले बोकेको कुरा आफूलगायत चार जनालाई पुग्ने मात्रामा हुनुपर्छ । सबैले खानेकुरा बाँडेर खाँदा खुब रमाइलो हुने अनि फरक फरक स्वाद पनि चाख्न पाइने ! ड्राइ पिकनिक जस्तै हुन्छ हाम्रो यात्रा । यात्रीले आफ्नो लागि खाने प्लेट, चम्चा, पानी, छाता, लट्ठीजस्ता यात्रामा चाहिने सामग्री पनि आफैंले बोक्नुपर्छ ।

शीतल गिरी हाम्रो मुखिया । धेरैजसो "कसले के ल्याउने" खानेकुराको भाग उनै तोक्छन् । यसो त उनी आफ्नै मनको मालिक । मनमौजी जे जे आउँछ मनमा त्यही त्यही खानेकुरा ल्याउन तोक्छन् । तर म चाहिँ भन्छु "आफ्नो अनुकूलताको खानेकुरा पकाएर बोक्नुहोला सबैले । कहिलेकाहीँ कसैकोमा मुखियाले तोकेको सामान बनाउने सामग्री नहुन पनि त सक्छ ।"

मेरा भागमा त प्रायः करेलाको कवाफ ठेक्का नै छ । पहिलोपटकको यात्रामा नै मैले करेलोको कवाफ बनाएर लगेकी थिएँ । सबैको मुखमा झुन्डिएको थियो स्वाद । अनि हरेक पदयात्रामा मलाई प्रायः त्यही ल्याउन तोकिएको हुन्छ । यसपटकको पनि तोक ऐजन नै थियो मलाई । मेरो पाक कलाको पनि विज्ञापन खुबै गरेको थियो पदयात्राले । आफूले बनाएको खानेकुरा मिठो मानेर खाइदिए पनि अपार आनन्द हुने रहेछ ।

जीवनमा सानो सानो कुरामा ठुल्ठुला खुसी लुकेको हुने रहेछ ।

पदयात्रामा मात्रै होइन धेरैले नै



मैले पकाएको करेलाको कबाफको तारिफ गरेका छन् । धेरैलाई सिकाएको पनि छु बनाउने तरिका । उहिले ४८ सालतिर झापाबाट दाजुका साथी भाउजूसहित आउनुभएको थियो । हाम्रो घर खनारमा । मैले खाना बनाएर खुवाएकी थिएँ । करेलाको कबाफ पनि थियो एउटा भेराइटीमा । खुब मिठो मानेर खानुभयो दुवै जनाले । भाउजूले हिँड्ने बेलामा पनि सोध्नुभयो "त्यो करेला कसरी पकाउने ? कस्तो मिठो थियो ।" मैले तरिका बताएँ । खुसी लागेको थियो यसरी तारिफ सुनेर । तर धेरै वर्षपछि पनि दाजुलाई भेटेको बेला "बहिनीले पकाएर खुकाएको त्यो करेलाको कबाफ कति मिठो थियो अझै बिर्सेकै छैन । जिब्रोमा नै झुन्डिएको छ" भन्नुभयो । दाजुले सुनाउँदा भने अचम्मै लागेको थियो मलाई ।

कहिलेकाहीँका केही कुरा, घटनाहरू, कुनै दृश्य, कतै खाएको खानेकुराको स्वाद हाम्रो मन मस्तिष्कमा जीवन्त बनेर बसिरहन्छ वर्षौंसम्म पनि । दुई वर्षको उमेरमा म आगोमा परेको बेलाको धेरै घटना अझैसम्म ताजा छन् मेरो स्मृतिमा । कसरी याद भएको हो त्यति सानो उमेरको कुरा ? म आफैंलाई अचम्म लाग्छ ।

शुक्रबार बिहान चार बजे नै उठेँ । पदयात्रामा जाने सबै सदस्यहरूको भन्दा असहज स्थिति चाहिँ मेरै छ । मेरा केटाकेटी स्कुल जान्छन् । आठ बजे नै नानीलाई खाना चाहिन्छ । घरको सबै काम भ्याएर हिँड्नुपर्छ । मुख्यतः खाना पकाउन समस्या छ । म आफैँले नपकाए चिया पनि खान पाइन्न ।

हतारहतार नुहाइधुवाइ गरेर बिहानको पूजा गरेँ । घर बढारेर पुछपाछ गरेपछि खाना बनाएँ । मैले अघिल्लो दिन नै करेला किनेर राखेकी थिएँ । पदयात्रामा लान आलु र करेलाको कबाफ बनाएँ । बाबु नानीलाई दिउँसोको लागि खाजा पनि त चाहियो । सुजीको पुवा बनाएर हटकेसमा राखिदिएँ । आफूले पनि लैजानलाई एउटा बट्टामा राखेँ । अर्को बट्टामा कबाफ राखेँ । प्लेट, चम्चा, छाता गगल्ससहित सबै हालेँ ब्यागमा । अलिकति सातु घोलेर खाएँ ।

घडीमा सात बज्न पाँच मिनेट बाँकी थियो । केटाकेटीलाई खानेकुरा, खाजा खान सबै अह्राएँ । नानीले कपाल बाटिदिनु भन्दै काइँयो र स्कुलको रिबन लिएर आइन् । कपाल बाटेर जानुपर्ने अनिवार्य नियम सेन्ट मेरिज स्कुलको । मेरी छोरी शुभश्रीले भने कहिल्यै आफ्नो कपाल बाट्ने कोसिस नै गर्दिनन् । जे काम पनि आमालाई गुहार्ने स्वभावले दिक्क लाग्छ कहिलेकाहीँ त । म सबै कुरामा आत्मनिर्भर हुन सिकाउँछु उनी भने हरेक कुरामा परनिर्भर हुन्छिन्, परजीवी जस्तो ।

कोठामा पसेर तयारी हुँदै थिएँ, साथी शान्ति सापकोटाको फोन आयो ।

"कतिखेर हिँड्ने हो ? यतैबाट झर है । फुत्त निस्कौँला गाडी चढ्न ।"

मैले स्विकारेँ उनको प्रस्ताव ।

सात पाँचमा म निस्किएँ घरबाट । धोबिघाट रिङरोडमा गएर गाडी चढ्यौँ । धेरै टाढा होइन

धोबिघाटबाट सातदोबाटो । बिहानै भएकोले गाडी खाली नै थियो । बाटो पनि खुल्ला । बिचमा रोक्दै मान्छे झार्दै चढाउँदै गर्दा पनि १५ मिनेटमा सातदोबाटो पुग्यो बस ।

शीतल गिरी र डिल्लीराज अर्याल सातदोबाटो चोकमा उभिइरहेका परैबाट देखियो । बाटो काटेर शान्ति र म पनि पुग्यौँ । भक्त राई र हरि गौतमको जोडीले पनि एकैछिनमा हाम्रो ग्रुपको आकार बढायो । लीलाराजको बसाई महालक्ष्मी स्थान । नजिकै थियो सातदोबाटोबाट । लखर लखर गर्दै टुप्लुकिए उनी पनि ।

कीर्तिपुरबाट पुरण राई र डिल्लीरमण सुवेदीको जोडी आइपुग्न लागेको सूचना मुखियाको फोनमा आयो । चोकबाट अलिक अघिल्तिर सेल्सवेरी डिपार्टमेन्ट स्टोर छ । हामी स्टोर अगाडिको खुल्ला ठाउँमा गयौँ र पर्खियौँ साथीहरूलाई । एन. बि. जनकपुरीले पनि मेरो फोन बजाएर कलंकी आइपुगेँ भने ।

पदयात्रामा जाने जति सबै सम्पर्कमा आइसकेका थिए । कोही तोकिएको ठाउँमा पुगिसकेका थिए । कोही बाटोमा नै । एकछिनमा सबै जम्मा भयौँ । तर, शशीथापा पण्डित आइपुगेकी थिइनन् । न त फोन गरेकी थिइन् । तोकिएको समयमा सबैजना आइनपुगेको खण्डमा १५ मिनेट पर्खने नियम छ हाम्रो ।

शशीलाई मैले पनि फोन गरेँ तर लाग्दै लागेन । धेरैपछि मुखियाकोमा फोन आएछ । उनी आउँदैछन्, पर्खनु रे ।

मैले सोधेँ "कसकसले खानेकुरा के के बोकेको छ ?"

सबैले खानेकुरो सामान्य बोकेको रहेछ । चिउरा, पुलाउ, रोटीजस्ता ठोस र पेट अगाउने कुरा कसैले बोकेको रहेनछ । कसैले फलफूल, कसैले चकलेट । स्न्याक्स मात्रै रहेछ सबैसँग । केही किनेर बोक्ने सल्लाह भयो । "दही चिउरा बोकौँ पेट पनि भरिने ।" सजिलै मेरो प्रस्ताव सर्वसम्मत भयो ।

हामी सेल्सबेरी पस्यौँ । उहिले हामी आफ्ना सामान बेच्न र चाहिएको किन्न चार पाँच घण्टा टाढाको हाटबजार कुद्नुपर्थ्यो । बाल्यकाल गाउँमा नै हुर्केको हुनाले यो अर्गानिक अनुभव थियो मसँग ।

भोजपुर बजारमा शनिबार हाट लाग्छ । वरपरका गाउँका मानिस तीनचार घण्टा लगाएर हाट जान्थे । हाम्रो घरको आँगन बाटोमा थियो । उकालोमा तिर्खाएर आउँथे हटेरू । पानी माग्न पस्थे हाम्रोमा ।

पानी दिइरहन भ्याइनभ्याई हुन्थ्यो । कहिलेकाहीँ घरमा नहुदा प्यासै हिँड्थे । प्यासीलाई पानी खान दिन नपाउँदा मन खिन्न भयो । अनि आमाले एउटा जुक्ति निकाल्नु भो ।

बाटोपट्टिको पेटीमा गाग्रीमा पानी र करूवा राखिदिनुभो । धापिएर आएका हटेरू आफैं पानी सारेर खान्थे । थकाइ मार्थे र तृप्त भएर जान्थे । धेरै पटक गएकी थिएँ म पनि हाट ।

सुनसरीको खनारमा पनि शनिबार नै लाग्छ हाट । मधेसी भाषाको

प्रयोग भएर हटिया भन्छन् हाटलाई । आजभोलि सहरमा विदेशी प्रभावमा यस्ता डिपार्टमेन्ट स्टोरको अवधारणा आयो । एकप्रकारले त राम्रो पनि हो यो तरिका । समय र श्रमको बचत हुने । सहरको व्यस्तताका लागि धेरै प्रभावकारी सिद्ध भएका छन् यस्ता स्टोर । सेल्सवेरीमा पनि कपडा चाहिँ थिएन नत्र अरू खाद्यान्नका सामग्री (देशीविदेशी) सबै थिए ।

ढोकाभित्र पस्नेबित्तिकै एउटा खम्बाको आडमा एउटा मकै भुट्ने मेसिन राखेको रहेछ । सिनेमा हल र क्याफेमा पाइने ओरेन्ज कलरको देखिने स्विट पप कर्न भुट्ने रहेछ त्यसमा । बिजुलीबाट चल्दोरहेछ स्टिलको त्यो हाँडी । आधा जति भुटेको मकै त्यही हाँडीमा थियो ।

मलाई त्यस्तो मकै कसरी भुट्छन् होला भन्ने जिज्ञासा थियो । आफ्नै आँखाले प्रत्यक्ष देखेर दङ्ग परेँ म । अरूलाई पनि देखाएँ । यसरी पो भुट्दार हेछन् त्यो पपकर्न त । हिँड्नुपर्छ, नयाँ कुरा देखिन्छ केही न केही ।

जीवन अनुभूतिहरूको सँगालो र यादहरूको सङ्ग्रहालय रहेछ । मैले बच्चामा देखेको कुरा सम्झेँ । एउटा जक्ते भन्ने कुमाले बुढा थिए हाम्रो गाउँमा । कहिलेकाहीँ हाँडी गाग्रा बेच्न घर घरमा ल्याउथेँ । हाम्रो लागि खुत्रुके बनाइदिन्थे ।

नयाँ हाँडी, भिउँट, किनेपछि त्यतिकै आगोमा बसाउनुहुँदैन भन्नुहुन्थ्यो आमाले । रातो हाँडीमा अङ्गारले जे पायो त्यही कोर्थ्यौँ हामी । आमा त औँठा छाप । लेख्न पढ्न आउन्नथ्यो । एकण्पटक कान्छो दाजुले नयाँ हाँडीमा अङ्गारले "जक्तेको टाउको" लेख्नुभएको थियो । आगोमा बसाएपछि त्यो रातो हाँडी डढेर कालो भयो । अङ्गारले लेखिएको कालो अक्षरको "जक्तेको टाउको" पनि त्यही कालोमा मिसियो । किन त्यसरी कालो अङ्गारले लेखेको हो त्यो थाहा छैन अझैसम्म मलाई । त्यो मकै भुट्ने स्टिलको आधुनिक भाँडो देख्दा मलाई बाल्यकाल नोस्टाल्जिक भयो ।

भक्त राईले चिउरा किने । शान्तिले मिठाई दुई बट्टा (रसबरी) किनिन् । लीलाराजले दही किने । एक पाकेट दालमोठ पनि थपियो फेरि ध्रुव घिमिरे बाट ।

लगभग एक घण्टा कटिसकेको थियो हामीले शशीलाई पर्खेको ।

हामीले उनलाई पर्खने समयमा सामान पनि किनिसक्यौँ । अझैसम्म पनि आइनन् उनी । उनले एक घण्टासम्म नकुराएको कुनै यात्रा नै छैन आजसम्म । ढिलो हुनु उनको विशेषता नै हो भन्दा पनि अत्युक्ति नहोला ।

"अब जाँदै गरौँ आउँदै गर्छिन् शशी" मुखियाले भने । हामी धापाखेलको गाडी चढ्यौँ । गाउँतिर जाने गाडीका धेरैजसो मान्छे किसान हुन् भन्ने अनुमान गर्नु परेन । उनीहरूको अर्गानिक हुलियाले नै परिचय दिन्थ्यो शुद्ध किसानको ।

कसैका हातमा दुधका ट्यामी थिए । टाउकोमा ओढ्ने बाँधेका महिलाका हातमा झोला थिए ।

माटोमा काम गर्दा चरचरी चिरिएका उनीहरूका कुर्कुचा चप्पलले छेकिएका थिएनन् । कोही हातमा रित्तो डोको लिएर बनोटमा बसेका थिए । आफूले फलाएका सामान लगनखेलमा बेचेर घर फर्केका थिए धेरैजसो ।

उहिले पैसाको प्रचलन थिएन । सामान किनबेच हुन्नथ्यो । आफूले उत्पादन गरेका सरसामानको वस्तु विनिमय हुन्थ्यो । अहिले वस्तु विनिमय हुन्न पैसामा वस्तुको खरिदबिक्री हुन्छ ।

गाडी लगभग भरी नै थियो । आधा बाटोमा फेरि हामी अरू नौ जनाको ग्रुप पनि चढ्दा गाडी खचाखच भयो । खुमलटार, इसिमोड, सुमेरू हस्पिटल, जेम्स स्कुल हुँदै धापा हाइटमा उक्लियो गाडी । "हामी नागदह जाने बाटोमा झर्ने है भाइ" खलासीलाई सम्बोधन गर्दै मुखियाले भने ।

धापाखेलको तिनकुनेमा उत्रियो हाम्रो टोली । भक्त राईले फेरि फोन गरे शशीलाई । बल्ल उनले बल्खु आइपुगेको बताइन् । "अझैसम्म उहीँ पो" सबैले मुखामुख गरे ।

"नागदह नै आउनु भन्नू शशीलाइ" भनेर निर्देशन दिए मुखियाले भक्तलाई । भक्तले सन्देश सुनाइदिए ।

हाम्रो टोली तिनकुनेबाट पूर्व नागदह तर्फ लाग्यो । गाउँमा सहरको विकास पसिसकेको रहेछ । पुराना नेपाली पहिचानका घर सबै आधुनिक पक्कीमा रूपान्तरण भइसकेको रहेछन् ।

बाटो पनि पक्की सडकमा रूपान्तरित भएको एकपटक तर, फेरि कच्ची बाटोकै स्वरूपमा आएको रहेछ । पक्की भएको बाटो सबै पिच उप्किएर ग्राबेल भएको । कतै हिलो । खाल्डाखुल्डी बाटोमा पानी जमेर हिँड्न नै अप्ठ्यारो । असोज लागे पनि बर्खा सकिएकै थिएन । रातभर पानी परेको थियो । मौसम पनि घुर्मैलो नै थियो बिहानैदेखि ।

हामी नौ जनाको टोली विभिन्न विषयमा गफ गर्दै अघि बढ्यौँ । उस्तै ड्रेस लगाएका नौ जनाको लर्को देखेर वरपरका मान्छेले हामीलाई जिज्ञासाले हेर्दै थिए । एकजना बुज्रुकले त सोधे पनि "के कार्यक्रम गर्न आउनुभएको हो गाउँमा ?"

मुखिया बाले हाम्रो परिचय र उद्देश्य स्पष्ट पारिदिए ।

मैले हिङगोलीको बट्टा बोकेकी थिएँ । सबैलाई बाडेँ । अमिलो, नुनिलो हिङको स्वाद भएको कालो स-साना गोली पाचक मुख रसाउने मिठो थियो । मेरा केटाकेटीलाई खुबै मन पर्छ यस्तो चटपटे कुरा । उनीहरूलाई ल्याइदिएको बट्टा नै बोकेर हिँडेकी थिएँ मैले । बाटो हिँड्दा मुख रसाउँछ भनेर ।

"एकाबिहानै मिठो मिठो कुरा काजु, किसमिस दिनु छैन यस्तो पाचक बोक्छ यो मन्दिराले त ।" हात थाप्दै पुर्वेली झर्रो राईको लवजमा भक्तले डाइलग मारे मलाई । उनी पनि पूर्व चार नम्बर भोजपुरका हुन् । त्यसैले मलाई थाहा थियो उनको लवज ।

"यो त औषधि हो नि । झन् यस्तो त खानुपर्छ अनि पो त्यस्तो घ्यामे भुँडी लाग्दैन त ।" मैले पनि ठट्यौली पाराले भनेँ ।

भक्त राई र म पहाड एउटै ठाउँका । उनको र मेरो गाउँ आमुन्ने सामुन्ने छ । बिचमा जुके खोलो । उनको गाउँ खाम्लुङ मेरो मुलाबारी । एकै ठाउँको भएपछि त्यतिकै पनि आत्मीय लाग्दोरहेछ । त्यही भएर उनलाई आफ्नै दाजुभाइ जस्तो लाग्छ ।

सबैलाई हात थाप्न लगाउँदै हाल्दिएँ बट्टाबाटै हिङगोली ।

"के हो यस्तो मुसाको लिँड जस्तो छ्या..!" अर्को चाटुकर डिल्लीरमण सुवेदीले प्याच्चै भने ।

"हो त मुसाको लिँड नै हो । खाऊ न ।" भन्दै दिएँ ।

यात्रा क्रममा कृषि र पर्यटनलाई विशेष महत्त्व दिने अनि सकेसम्म पुरातत्त्व र संस्कृतिको महत्त्वका वस्तु अध्ययन गर्ने हाम्रो यात्राको उद्देश्य हो । त्यसैले नागदह अवलोकन गर्न मूल बाटो छोडेर दाहिनेपट्टिको सानो बाटो लाग्यौँ ।

अलिकति अगाडि नागदह रहेछ । नागदहमा कमलको फूल रहेछ । काठमाडौँमा पनि कमलको फूल हुन्छ भन्ने थाहै थिएन मलाई । सबैले आफ्नो आफ्नो मोबाइलमा फोटो खिच्यौं दहको र दहलाई पृष्ठभूमि बनाएर । दहको उत्तरपट्टिको सानो मन्दिरमा नागको मूर्ति पनि रहेछ । ध्वजापताका र रातो अबिर फूल चढाएर पूजा गरिएको थियो मूर्तिलाई ।

नागदह काठमाडौँको सांस्कृतिक महत्त्व बोकेको पोखरी रहेछ । २०२१ सालको नापीमा ५२ रोपनी क्षेत्रफल रहेको थियो यसको । अहिले भने छेउ कुना पुरिएर ४२ रोपनीमा खुम्चिएको छ रे । नागदह वरिपरि घेरेर बाटो बन्दै रहेछ । दहमा माछा पालन पनि गरिएको रहेछ ।

उहिले काठमाडौँ उपत्यका तलाउको रूपमा थियो । मन्जुश्रीले चोभारको गल्छी काटेर तलाउको पानी बाहिर पठाउँ । त्यसपछि उपत्यकामा सबै पानी सुक्यो । नागदह र टौदह मात्रै बाँकी रह्यो । उपत्यकाको सबै पानी सुकेपछि नागहरू यो दहमा आएर बसेको किंवदन्ती रहेछ ।

हामीले नागको मूर्तीको दर्शन गऱ्यौँ । आखाँभरी अघाउन्जेल दहलाई पियौँ । मोबाइलभरी दहका फोटा भऱ्यौं । अनि दहलाई यथास्थानमा छोडेर त्यहाँबाट हिँड्यौँ । शान्त दह न त हामी पुग्दा खुसी देखियो । न त छोडेर हिँड्दा दुःखित नै । चुपचाप लमतन्न परिरह्यो ।

दहको पूर्वपट्टिको छेउमा त्यहाँका स्थानीय मान्छेहरू लुगा धुँदै थिए । त्यहीँ नेरबाट पानीको निकास पनि रहेछ । मनमा उकुसमुकुस भयो त्यो देखेर । यस्तो पवित्र दहमा लुगा धुन त नदिनुपर्ने हो । बरू दहभन्दा बाहिरपट्टि लुगाफाटो धुने ठाउँ बनाइदिए पनि त हुने नि । मनैले समाधान देखायो ।

वरिपरिको पाखा र बारीमा सयपत्री र मखमली फूल फुल्ने तरखरमा थिए । फूलको पनि व्यावसायिक खेती देखेर दङ्ग पऱ्यौँ हामी । फूलमा मात्रै आत्मनिर्भर हुने र भारतबाट आयात

नगर्ने हो भने पनि कति गौरवको कुरा हुन्थ्यो नि ।

तिहारका पर्यायवाची यी फूलले माइती सम्झाए एकपटक । भाइटीकामा कहिल्यै नसुक्ने माला मखमलीलाई दिदीबहिनीले दाजुभाइको दीर्घजीवनको कामना गरेर लगाइदिने परम्परा छ ।

"ओहो ! भाइफूल त कति धेरै ।" भक्तले फूलको फोटो खिच्दै भने ।

मखमलीलाई कसैले भाइफूल पनि भन्दारहेछन् ।

पारि सल्लाको जङ्गल माथि चुच्चे डाँडा र त्यसको टुप्पोमा सन्तानेश्वरको मन्दिर देखियो ।

"जय शम्भो ।" मुखबाट फुत्त निस्कियो मन्दिरपट्टि हेरेर ।

सानो खोल्सोको पुल तरेर पारिपट्टि धान खेतको बिचैबिच लाग्यो बाटो । पुल छेउमा बोर्ड थियो "गँगटे खोलो ।"

पुलको तल्तिर मसानघाट रहेछ । बाटोकै छेउमा मुर्दा पोल्ने घाट देखेर चिसो भयो मन एकपटक । मान्छेले बेलाबेला मसान घाट हेर्न गइरहनु पर्छ रे । आफ्नो अस्तित्वको बोध हुन्छ रे त्यहाँ पुगेपछि । अनि असल जीवन जिउने ऊर्जा आउँछ रे ।

घाट उता नजिकै सुँगुर फार्म खोलेको रहेछ । मान्छेले मसान घाट पनि बाँकी राखेनछन् । कसरी बस्छन् होला यस्तो ठाउँमा मान्छे ? डर पनि लाग्दैन कि ? मनले प्रश्न गर्छ । निरूत्तर चुपचाप हिँड्छु म लुखुरलुखुर अरू सँगसँगै ।

तरेली परेको खेतमा लहलहाउँदो धान थियो । आहा ! खुब मनोरम थियो हरियाली । असोज लागिसकेको थियो । झपक्क फलेका धानको बाला नुहुन लाग्दै थियो ।

यस्तो धान फल्ने काठमाडौँका खेत अब दुर्लभ हुँदै गएका छन् । काठमाडौँको कङ्क्रिटको जङ्गलबाट निस्केर बेला बेला यस्ता अर्गानिक हरियाली हेर्न त हिँड्छौँ नि हामी पदयात्रा । एक महिनासम्मलाई रिचार्ज हुन्छन् हाम्रा आँखा, मन मस्तिष्क र शरीर पनि । प्राकृतिक अर्गानिक शुद्ध हावामा एकदिन भए पनि श्वास फेर्छौं ।

काठमाडौँ उपत्यकाको जमिन नै अत्यन्त उर्वर । माटो नै मलिलो छ । तर अब जग्गामा अन्न उब्जन छोडिसक्यो । कङ्क्रिटको अग्ला फसल मात्रै छ जग्गामा । "अब यो धान खेतमा पनि दुईचार वर्षभित्र कङ्क्रिटको घर मात्रै लहलह हुने होलान् ।" सुदूर भविष्यमा पुग्छ फेरि मन ।

पहिलोपटक मैले यो फाँट देख्दा लहलह पँहेलपुर धान झुलेको थियो । सानिमा र म तीन वर्षअघि सन्तानेश्वर मन्दिर दर्शन गर्न आएका थियौँ । यहाँको धानखेत देखेर दङ्ग पर्दै हाम्रो पहाड भोजपुरका अटे धान फल्ने खेत नोस्टाल्जिक भएका थिए । "कस्तो राम्रो धान फलेको । दुईचार रोपनी धान खाने खेत किनेर राख्नुजस्तो है छोरी ।" भन्नुभएको सम्झेँ । त्यो बेला त एउटा पनि घर थिएनन् कहीँ कतै

बाटोमा । अहिले त फाट्टफुट्ट घर बनिसकेका रहेछन् ।

हामी करैँचे उकालो हुँदै हिँड्यौँ । धानखेतलाई पृष्ठभूमि बनाएर फोटो खिच्यौँ । त्यति फोटो खिचिहाल्न चासो नगर्ने शान्तिलाई पनि लोभ्यायो अर्गानिक सुन्दरताले । "लु एउटा फोटो खिच त मन्दिरा ।" झोला र ज्याकेट भुइँमा राखेर तयार भइन् उनी । सेतो भेस्ट हरियो धानको पृष्ठभूमिमा खुब राम्रो देखियो फोटो । मलाई पनि छोड्न मन लागेन त्यही ठाउँमा फोटो खिच्न । म पनि उभिएँ पोज दिएर ।

धानखेत सकिएपछि फेरि गाउँ आयो । गाउँको पुछारमा घुमाउने चौतारी रहेछ । पुरानो पुस्ताले कीर्ति र धर्मको लागि बनाउँथे यस्तो चौतारो । बाटोमा वर-पिपल रोप्ने, पाटीपौवा, हिटी धारो, कुवाजस्ता संरचना बनाउँथे । यस्ता कुरा त अब एकादेशका कथामा मात्रै सीमित भए । इतिहासमा मात्रै लेखिए । हाम्रो पुस्तासम्मले अलिअलि देख्यो भोग्यो, हाम्रा सन्तानले त अब यी सब डिक्स्नेरीमा मात्रै भेट्ने भए ।

हामी सबै जना सुस्ताउन बस्यौँ चौतारीमा र ग्रुप फोटो पनि खिच्यौँ । स्याउ र दालमोठ खायौँ अनि लाग्यौं सन्तानेश्वर महादेवको मन्दिरतर्फ । तलबाट हेर्दा त एकदमै चुली डाँडामा देखिन्छ मन्दिर । कसरी अडिएको होला त्यस्तो टुप्पामा जस्तो लाग्ने ।

मेरो त यो चौथोपटक थियो सन्तानेश्वर पुगेको । पहिलो पटक निजामती कर्मचारीको मन्त्रीमण्डल भएको पालामा आएकी थिएँ । कसैको सन्तान भएनन् भने उसलाई अर्को कोहीले सन्तानेश्वरमा गएर मागिदियो भने सन्तान हुन्छ रे । यो सुनेपछि पूर्व अर्थमन्त्री साहित्यकार दाजु एस.पी. कोइरालाकी आमा मेरी सानिमालाई सुनाएँ र जाऔँ भनेँ । उहाँको कान्छो छोराको र मेरो कान्छो दाजुको पनि सन्तान भएका थिएनन् । बिहे भएको धेरै वर्ष भए पनि । हामीले मागेर गएपछि नभन्दै दुवै जनाको सन्तान भए । दाजुको छोरी र भाइको छोरो छन् अहिले ।

दोस्रोपटक आमालाई लिएर आएकी थिएँ । हिँड्न नसक्ने आमालाई बिस्तारै हिँ ड्दा तीन बजे मन्दिर पुगेको र फर्कने गाडी नपाएर जाडोमा छ बजेसम्म कक्रेर बसेको घटना पनि सुनाएँ ।

तेस्रोपटक हामी बुढाबुढी आएका थियौँ ।

यस ठाउँका बारेमा अलिक धेरै जानकारी मलाई नै रहेछ धेरै पटक पुगेकाले ।

डाँडामा पुग्न दुइटा बाटो छ, एउटा ठाडो खुड्किला र अर्को पछिल्तिरको अलिक सानो सानो खुट्किला भएको । हामी ठाडो बाटो नै लाग्यौँ । उकालो हिँड्न नसक्ने पाका यात्री डिल्लीराज अर्याल र शीतल दाइलाई अर्को सजिलो बाटोको अप्सन पनि बताइदिएँ । तर आँट गर्नुभयो हामीसँगै उक्लिन ।

३६६ ओटा सिँढी चढेर हामी थाप्लोमा पुग्यौँ । टाकुराको मन्दिर

परिसरबाट वरिपरि दृश्य देखेर सबै मन्त्र मुग्ध भए । तर अलिक धुम्मिएकोले टाढाको दृश्य त्यति राम्रोसँग देखिएन ।

भुइँचालोको क्षतिपछि मन्दिरको पुनर्निर्माण गरिएको रहेछ ।

६८ सालदेखि पुजारी बसेका पाँचथरका गङ्गाप्रसाद गौतमले मन्दिरका बारेमा जानकारी दिए । इन्जिनियर बिनोद खड्काको परिकल्पनामा जिर्णोद्वार गरिएको रहेछ । गुठी थोरै छ । मन्दिरको पूजापाठ भक्तजनको भेटीबाट चल्छ । पुजारीले भने । यो मन्दिर १८२३ मा पत्ता लागेको कुरा भक्तपुरको नेवारी शिलालेखमा छ रे ।

शिवको मन्दिरमा जहाँ पनि शिवलिङ्गको स्वरूप हुन्छ तर यो मन्दिरमा शिलास्वरूप स्वतस्फूर्त भगवान् छन्, जसलाई शिवशक्ति स्वरूपमा पूजा गरिन्छ ।

स्कन्दपुराणमा १२ ज्योतिर्लिङ्ग छन् भनेको छ तर नेपालमा एउटा पनि ज्योतिर्लिङ्ग छ भनिएको छैन । स्वस्थानी कथामा मात्रै नेपालका ज्योतिर्लिङ्ग र शक्ति पीठको वर्णन छ ।

किंवदन्तीअनुसार सन्तानका ईश्वर= सन्तानेश्वरलाई कुलतमा लागेका सन्तानलाई सद्बुद्धी दिने र निसन्तानलाई सन्तान दिने महादेवका रूपमा मानिन्छ । १२ राशी नै स्वर्गबाट यो डाँडोमा झरेर तपस्या गरेका हुनाले यो ठाउँको नाउँ झरूवाराशि भएको रहेछ । झरेका + राशि = झरूवाराशि ।

द्वापरयुगमा कृष्णले पनि यिनै सन्तानेश्वर महादेवको तपस्या गरेर धेरै सन्तान प्राप्त गरेको भन्ने अर्को किंवदन्ती पनि रहेछ । पवित्र र सिद्ध भूमि रहेछ यो ठाउँ ।

पशुपति नाथको मन्दिरको शैलीमा निर्माण भएको सन्तानेश्वर मन्दिरमा पुगेको हामी आधा घन्टा जति भइसकेको थियो । शशी बल्ल फ्याँ फ्याँ गर्दै आइपुगिन् मन्दिरमै र मिसिइन हाम्रो समूहमा । हाम्रो सङ्ख्या दश भयो । हाम्रो यात्राले साहित्यिक कार्यक्रमलाई पनि महत्त्व दिन्छ । उनी आएपछि साहित्यिक कार्यक्रम गर्‍यौं ।

शान्तिले छन्द कवितामा लठ्याइन् । भक्तले पुर्वेली भाकाको गीत घन्काए । लीलाराज दाहालले मुक्तक च्वास्स पारे । ध्रुव घिमिरेले बाल कवितामा लुटुपुट्याए । डिल्लीराज अर्यालले पनि छन्दैमा मोहित पारे । नारायण जनकपुरीले पनि आफैंले सङ्गीत गरेको गीत नै रन्काए । पुरण राईले गद्य कविता नै सुनाए । शशी थापा पण्डितले हिन्दी कवितामा अल्मल्याइन् । पुजारी गौतमले पहिलेका सन्तान र आधुनिक सन्तानको व्यहोराको बारेमा प्रवचन दिए । हाम्रो समूहमा मिसिएर उनले पनि साहित्यको रसपान गरे । पत्रकार डिल्लीरमण सुवेदी भने भिडियो खिचिरहेका थिए सबैको । अन्तिममा मेरो पालो आयो । मैले समकालीन साहित्यिक पत्रिकामा भर्खर छापिएको जुत्ता कथा सुनाउन थालें ।

हामी खुल्ला ठाउँमा बेन्चमा बसेर रचना सुनाउँदैथियौँ । मौसम धुम्मिरहेकै थियो अघिदेखि । पाट्ट पुट्ट पानी छिट्याउन थाल्यो ।

कथाको रफ्तार र पानीको रफ्तारमा प्रतिस्पर्धा हुन थाल्यो । सबैले छाता ओढेर ओत लाग्यौँ । मलाई (टोने) टोली नेता (मुखिया)ले छाता ओढाइदिए ।

कथा लामो पनि भएकोले र पानी पनि पर्न थालेकोले राम्रोसँग ध्यान गएन कसैको पनि । लामो भयो भन्न थाले सबैले । पढ्नु न बिचमै छोड्नुभयो मलाई । "कुनै पनि कार्यक्रममा लामो रचना सुनाउन नहुने रहेछ" भन्ने ज्ञान भयो सबैलाई ।

कथा सुनेपछि पुजारी गौतमले खुब मन परेको बताए । म फेरि पढ्छु, मलाई त्यो किताब नै दिनु न भनेर मागे । एउटा लेखकको लागि योभन्दा ठुलो कुरा के हुन सक्छ र ? मैले त्यो पत्रिका उनैलाई दिएँ ।

मन्दिरको पश्चिमपट्टि बन्दै गरेको भवनको छतमुनि हामीले खानेकुरा खायौँ । दही र रसबरी पुजारीलाई पनि दियौं । अनि त्यही बाटो डाँडै डाँडा बाडे गाउँपट्टि लाग्यौँ ।

तल आइपुगेपछि बाटो सोधेको त बज्रबाराही जाने अर्कै बाटो परेछ । हामी उल्टो दिशामा पो हिँडेछौँ । अलिक अगाडिको सिँढी ओर्लेर फेरि तेर्सो बाटो मन्दिरको मूल गेटतर्फ लाग्यौँ ।

पुरण राई म र शान्ति पछि थियौँ अरूभन्दा । बाटो मास्तिरको हरियो घाँसे चौरमा पल्टिएर फोटो खिच्यौँ ।

बर्खाको अन्तिम समय भएकोले हरियो थियो चौर पनि । फोटोमा खुब राम्रो पृष्ठभूमि देखिन्थ्यो ।

ओसो ध्यान केन्द्रको भवन पनि रहेछ जङ्गलको बिचमा । हामी बज्रबाराहीतर्फ लाग्यौँ ।

दसैँको चहलपहल देखियो गाउँमा । खुल्ला चौरमा लिङ्गे पिङ हाल्दै थिए । बाटो सरसफाइमा लागेका थिए कोही । महत्त्व सबै चाडको आफ्नै भए तापनि हामी नेपालीलाई महान चाड दसैँको जति पर्खाइ अरूको नहोला सायद । हाम्रो टोलीलाई अचम्म मानेर ठाडो घाँटी लगाएर पनि हेर्दै थिए कोही त ।

१४ वर्ष माओवादीको त्रास खेपेका नेपाली जनतामा माओवादीको धङधडी यतिछिटै कहाँ मेटिएको छ र ! शङ्का थियो उनीहरूको आँखामा पनि उस्तै पोसाकमा हिँडेका हाम्रो जत्था देखेर । तर हाम्रा झोलामा बन्दुक होइन कलम थियो । बन्दुक बोकेर संहार गर्ने होइन कलम बोकेर सिर्जना गर्दै हिँड्ने लडाकु जत्था थियौँ हामी । यो कुरा के थाहा उनीहरूलाई !

झरूवाराशि चोकमा जनविकास माध्यमिक विद्यालय रहेछ । विद्यालयको सामुन्ने गोदावरी नगरपालिकाको- १३ नम्बर वडा कार्यालय भवन । दुवै आमुन्ने सामुन्ने मस्का मस्की गरेर ठडिएका रहेछन् । वल्लो डाँडो र पल्लो डाँडोबिचको बाटोले काटेको । त्यो बाटो कृष्णप्रसाद भट्टराईको आश्रम

हुँदै बाडे गाउँ निस्किने रहेछ ।

झरूवाराशि भन्ज्याङमा सानो किराना पसल रहेछ । पसलबाहिर एक जना बुढा मान्छे बसिरहेका रहेछन् । उनलाई फेरि बाटो सोध्यौँ "बज्रबाराही जाने कताबाट हो बा ?"

हातको इसारा गरेर देखाए उनले "यी यताबाट जानोस् ।" हामी त्यतै लाग्यौं ।

खुब रमाइलो लागिरहेको थियो हामीलाई यात्रा । बाटो पनि अरू बेला गएको भन्दा सजिलो थियो । न घाम न पानी । अर्गानिक बाटो । गाउँले परिवेश । बाटो मास्तिर सल्लोको जङ्गल । बाटोमुनि गाउँ ।

हामी तीन जना महिला साथी पछि पछि थियौँ ।

अलिक पर पुगेपछि बाटैमा जोडिएको एउटा पक्की घर आयो । दलानमा दुईजना महिला बारीबाट भाँचेर ल्याएका सुकेका मकै नङ्ग्याउँदै थिए ।

"आहा ! यस्तो अलौटा मकै त कस्तो मिठो हुन्छ नि । मागेर लान पाए पनि हुन्थ्यो अलिकति ।" शशीले स्वाद घुटुक्क पारेर भनिन् ।

यो कुरा मकै धनीले पनि सुने ।

"लैजानु न त अलिकति ।" उनीहरूले हार्दिककता साथ भन्दै थिए । तर अझै कति हिँड्नुपर्छ त्यो थाहा थिएन हामीलाई ।

"यो भारी बोकेर कसरी हिँड्छौँ ? अझै कति टाढा छ पुग्ने ठाउँ !" मैले भनेँ । मनभरि अलौटा मकैको स्वाद बोकेर हामी बाटो लाग्यौँ ।

"कति लाग्छ बज्रबाराही पुग्न ?" शान्तिले सोधिन् ।

"१५ मिनेटमा पुगिन्छ" मकै नङ्ग्याउँदै भनिन् मकै धनीले ।

बाटो डाँडोको फेदैफेद अगाडि लाग्यो । अझै बाक्लो बस्ती रहेछ अगाडि सन्तानेश्वरतिरको भन्दा ।

हामीलाई धेरैले ठाडो घाँटी लगाएर हेर्दैथिए यता पनि ।

गाउँ चिरेर गएको बाटो गाउँ छोडेर फेरि जङ्गल छेउ पुग्यो । वरिपरि घेरेको जङ्गलको छेउमा गेट पनि रहेछ । त्यहीँ गेटनेर हामीलाई पर्खेर बसेका रहेछन साथीहरू । हामी सबै गेटबाट छिर्‍यौँ । ढुङ्गा छापेको बाटो हुँदै पस्यौँ जङ्गल भित्र । बाटोको दुवैपट्टि तारको जाली लगाइएको रहेछ । ठुल्ठुला रूखको घना जङ्गल रहेछ । धेरै खालका चराको गीतले झन् मन्त्रमुग्ध बनाएको थियो वातावरण । कस्तो अलौकिक आनन्द । तपस्या गरेर बस्नु जस्तो ठाउँ ।

बज्रबाराहीको मन्दिर जङ्गलको बिचमा छ । यो चाहिँ दोस्रोपटक थियो म आएको । मन्दिरमा भक्तजनले बजाएको घन्टीको टङ टङ आवाज परैबाट सुनियो । झन् सुनमा सुगन्ध थपिएको झैँ भयो आनन्दमा ।

हामी मन्दिर प्राङ्गणमा पुग्यौँ र अवलोकन गर्‍यौँ । मन्दिर पछिल्तिर एउटा पाटी रहेछ । सामुन्नेमा भजनकीर्तन गर्ने घर । मन्दिर भित्र ससाना मूर्ति रहेछन् । अष्ट मातृकाका बिचमा बज्रबाराहीको शिलाको मूर्ति रहेछ । नेवारका पुरोहित गुभाजुद्वारा

तान्त्रिक विधिबाट नित्य पूजापाठ हुँदोरहेछ ।

त्यहाँ नेवार समुदायकी एक जना महिला थिइन् पुजारीको रूपमा । उनैले जानकारी दिइन् मन्दिर र देवीको बारेमा । बाहिर भएका पुरूष पुजारीले काठमाडौँका चार बाराही (बज्र वाराही, धुम वाराही, नील वाराही, र धनतले (श्वेत) वाराहीमध्ये बज्रबाराही एक प्रख्यात शक्तिपीठ भएको बताए । दुर्गा कवचमा समेत बाराहीको उल्लेख छ रे ।

जङ्गल बिचमा रहेको मन्दिरको भिन्नै विशेषता रहेछ । यो मन्दिर प्यागोडा शैलीको भए पनि गजुर रहेनछ । अधुरो रहेछ मन्दिर । किंवदन्तीअनुसार बज्रबाराही भएको ठाउँमा पहिला आहाल थियो । एक दिन एउटा राँगो अकस्मात कतैबाट आएर त्यो आहालमा बसेछ । त्यही राँगोले एक्कासि देवीको रूप लिएछ । त्यसपछि आहाल पुरेर मन्दिर बनाइएको रहेछ ।

मन्दिर एकै रातमा बनाइसक्नु पर्ने थियो । तर, मन्दिर बनाउँदा-बनाउँदै बिहानको कुखुराको भाले बासेछ । बिहान भएपछि गजुर हाल्न हुँदैन भनेर त्यत्तिकै अधुरो छोडिएको भन्ने कथन रहेको छ ।

यस मन्दिरको स्थापना पाटनका राजा श्रीनिवास मल्लले ने.सं.७८६ मा गरेका थिए । फेरि ८५२ मा विष्णु मल्लद्वारा मर्मत गरिएको रहेछ ।

मन्दिरको ठिक सामुन्नेमा ढुङ्गाको भैंसी (राँगो) बनाएर मन्दिरतर्फ फर्काएर राखेको छ । स्थानीय बासिन्दाले त्यस राँगोको मूर्तिमा आफूले पालेका गाई-भैँसी ब्याएपछि बिगौते दुध चढाउन ल्याउँछन् । यसरी दुध चढाएपछि प्रत्येक वर्ष गाई भैंसी ब्याउने र धेरै दुध दिने जनविश्वास रहेछ ।

यी कुरा शिलालेखमा उल्लेख गरिएको छ रे । पाँच फिटभन्दा अग्लो स्तम्भमा राखिएको त्यो राँगोको मूर्तिमा चढाएको दुध जमेर पाप्रै पाप्रा भएको रहेछ । सिँढी बनाइएको रहेछ राँगाको टाउकोमा दुध चढाउन जानलाई ।

शशी धर्म-कर्ममा अलिक बढी विश्वास गर्छिन् । म र उनी जुत्ता खोलेर मन्दिरमा पस्यौँ र दर्शन गर्‍यौं देवीको । शान्ति पसिनन् । अरूले पनि बाहिरबाट नै दर्शन गरे देवीको ।

यति सानो जङ्गलमा पनि ४८ किसिमका चराचुरूङ्गी र करिब १६६ किसिमका वनस्पति पाइन्छन् रे । जङ्गलको घनापन र चराहरूको आवाज सुन्दा पनि त्यही लाग्थ्यो । वनस्पतिमा दुर्लभ अनि औषधीय गुणले भरिएको महत्त्वपूर्ण रूख विजयसाल र नेपालमा मात्रै पाइने काँडे भ्याकुर चरा यहीँ मात्रै पाइन्छ रे । मैले पहिल्यै सुनेको थिएँ । यस जङ्गलबाट एउटा पत्कर पनि लान मिल्दैन रे बाहिर कसैले । अनि महाङ्काल र सङ्कटाको फोटो खिच्न पनि हुन्न रे । एक जना साथीले मलाई पहिले नै भनेकी थिइन् ।

जङ्गलमा पिकनिक खाने ठाउँ पनि बनाएको रहेछ । हामीलाई

त्यहीँ एकछिन बस्ने इच्छा भयो । साँच्चिकै आनन्द र अलौकिक थियो वातावरण । प्राकृतिक सुन्दरता र आनन्दको रसपानले कोही तृप्त भएकै थिएनन् ।

भक्त राईले आफूले बोकेको फूल मकैको थैलो निकाले । हामी सबैले झिकेर खान थाल्यौँ मकै र बदाम । जङ्गलको भुइँ ओसिलो रहेछ । थ्याच्च बस्न पनि हिलो माटो । फेरि जङ्गली लामखुट्टेले टोकेर हैरान बनायो । हामी अर्को गेटबाट निस्कियौँ बाहिर ।

गेटबाहिर ठेलामा चटपटे, पानी, चिप्स, चुरोट, चाउचाउ पनि राखेको थियो । त्यहीँनेर डोकोमा काँक्रा पनि बेच्न राखेको थियो ।

काँक्रा कलिला थिएनन् । सबै छिप्पिएका । ठुल्ठुला । खल्पी हाल्नेजस्ता थिए । दसैँको लागि खल्पी हाल्न लैजान्छ्न भनेरै राखेको होला बेच्न ।

"परदेशमा वा यात्रामा त खान पाए जे नि मिठो ।" उखान मात्रै सुनेको होइन अनुभवी पनि थिएँ म स्वयं ।

त्यस्तै काँक्रा चित्लाङ पदयात्रामा धनप्रसाद सुवेदीले बोकेका थिए । चौरीमा बसेर खाएको त्यो काँक्रोको स्वाद बिर्सेकै थिएन जिब्रोले । अमिलो अमिलो काँक्रोमा नुन खोर्सानीले बेजोड बनाएको थियो स्वाद ।

"यस्तो काँक्रो पनि के खानु ।" त्यही काँक्रो लजस्तै अमिलो मन पार्दै नाक खुम्च्याए धेरैले । मैले यसको स्वाद पनि मिठो हुन्छ भनेर तारिफ गरेँ ।

"हो त ? हरि गौतम तम्सिए किन्न । किलोको ६० मा दुई किलो काक्रा किने । त्यहीँ चक्कु र नुन खोर्सानी पनि मागेर काट्यौं अनि खाँदै बाटो लाग्यौं ।

अब हाम्रो यात्रा गोदावरीतिरको थियो ।

गोदावरी निस्कने बाटो अघिकै मन्दिर पसेको गेटतिर नै पो देखाए केहीले । फेरि हामी मूलबाटोबाट देखाएतर्फ लाग्यौं । अलिक अगाडि आएपछि बल्ल थाहा भयो त्यो गाउँ बडीखेल रहेछ । बाटो सोध्दा हामीलाई भने "यो बाटो नछोडी जानू न टौखेल निस्किन्छ ।"

फाट्टफुट्ट पक्की घर रहेछन् बडीखेलमा पनि । बडीखेल - लगनखेल गाडी पनि चल्दोरहेछ । पारी भित्तामा डोजरे विकास देखियो । पाखो सम्याएर घडेरी बनाउँदै थिए पहेँला दुइटा डोजर । जग्गा प्लटिङ गरेर सयमा सुतेका मान्छे रातारात करोडमा उठ्ने गरेका छन् आजभोलि । यो सरूवा रोग नेपालको पूर्वमेचीदेखि महाकालीसम्म फैलिएको छ । प्रकृतिको दोहन कहालीलाग्दो देखिन्छ आजभोलि जताततै ।

बडीखेलबाट गोदावरी खोल्सो तरेर हामी पारि लाग्यौं । बोर्डमा नाम अर्कै थियो अब, टौखेल ।

"ललितपुरका धेरै ठाउँको नाउँमा खेल जोडिएको छ ।" दर्शन र संस्कृतिका अध्येता शीतल गिरीले भने ।

लगनखेल, जाउलाखेल, भौखेल,

बडीखेल ।

"टौखेल" पूरण राई बोले ।

"त्यो त यही भैगयो नि ।" हरि गौतम बोले ।

"चुनिखेल" लीलाराज र भक्तले एकैपटक भने ।

"गोटीखेल" जनकपुरीको पनि पालो पुग्यो । सबैले खेल भएका नाम सम्झन थाल्यौं ।

"भुरूत्त्ल" फेरि ध्रुव घिमिरेले थपे ।

"चाल्नाखेल लप्सीको भण्डार ।" डिल्लीरमणले जिब्रो ट्वाक्क पार्दै भने ।

"झम्सिखेल" एक्कासि मैले खुसी हुँदै भनें ।

"आफू बसेको ठाउँ त झन्डै बिर्सेको है" शान्तिले हाँस्दै भनिन् ।

"आफूलाई बिर्सँदा जस्तै भैगो नि यो त" डिल्लीराज सुवेदीले व्यङ्ग्य गरे ।

"झम्सिखेल त झमेल भैसक्यो नि ठमेल जस्तै अहिले त ।" भक्तले थपे ।

"अनि त । मैले त एउटा ञबिजेताझभन्ने कथा नै यही झमेलको लेखेको छु ।" फुर्ती लगाइहालेँ मैले ।

तर स्थानीयवासीले बिरोध गरेका छन् रे अचेल आफ्नो नाम बिगारेकोमा । श्रीओम श्रेष्ठ दाइले भन्दै हुनुहुन्थ्यो एकपटक ।

याउलाखेल..!" अब एक्कासि खुसी हुने पालो शान्तिको थियो ।

"ओहो ! हो त शान्तिको र मेरो त बस्ने ठाउँको नाम नै याउलाखेल धोबिघाट थियो । जावलाखेल र झम्सिखेलको बिचमा छ याउलाखेल ।"

"हामीले त आफ्नै वरिपरिको चाहिँ झन बिर्सेछौं पो है शान्ति । म भन्छु ।"

"अँ त नि" उनले स्विकारिन् ।

खुब रमाइलोसँग हामी हिँडिरहेका थियौं । सबैको दिमाग चनाखो भएको थियो खेल जोडिएका नाम सम्झेर सुनाउन । बाटो कटेको पनि थाहा हुँदैन यसरी गफ गर्दै हिँड्दा । यो खेल प्रसङ्गले पनि सबैलाई रमाइलो गरायो । मस्तिष्क मन्थन पनि भयो सबैको ।

"किन धेरैजसो नाउँमा खेल जोडिएको होला है ? कौतुहल पोख्छु म ।

"होला नि केही आफ्नै विशेषता । आफू त ललितपुर एरियाको नभएर होला केही थाहा छैन ।" शशीले भनिन् ।

"जु भएको र भोटोजात्रा हुने ठाउँ र मछिन्द्रनाथको रथ राख्ने ठाउँ भनेर जावलाखेल र लगनखेल थाहा छ त्यति हो ।" फेरि भनिन् ।

"नेवारी शब्द हो ख्यल । ख्यल भनेको चौर । पहिला चौर थियो होला अनि ख्यल बाट खेल भएको हो ।" हाम्रा मुखियाले बताए ।

बाटोको छेवैमा घन्टे फूलको एउटा प्रजातिको फूलको बोट थियो । सानो ओरेन्ज कलरको फूल पनि राम्रो । भक्तले एउटा फूल टिपे ।

"कसलाई दिन बोकेको नि यो फूल ?" शशीले जिस्काइन् ।

"ल मेरो मायाको चिनो" भक्तले शशीलाई दिए फूल ।

"मायालाई त गुलाफको पो

दिनुपर्छ त !" हरि गौतमले व्यङ्ंग्य गरे ।

"गुलाफकोमा काँटा हुन्छ क्या ।" हाँस्दै भने भक्तले । ख्याल ठट्टा र रमाइलो गर्ने स्वभावका छन् भक्त राई ।

बाटोमा एउटा फेरि चौतारी आयो । शशी, भक्त, पूरण र हरि गौतम अघि नै पुगेर चौतारीमा बसिरहेका थिए । हामी शान्ति म र डिल्लीरमण सुवेदी पनि पुग्यौं चौतारीमा । कोही बसे । ध्रुव घिमिरे, जनकपुरी र डिल्लीराज अर्याल, शीतल गिरी पछिपछि आउँदै थिए । थकाइ मार्न बस्यौं हामी पनि ।

डिल्लीरमण सुवेदीले शशीको छेउमा थिए ।

शशीले "ल आइ लब यु" भन्दै हातमा भएको अघिको त्यो फूल डिल्ली रमणलाई दिइन् । "मायाले दिएको फूल मैले अर्को मायालुलाई दिएँ है" भनिन् ।

"धोका भयो धोका ।" भक्तले भने

"गुलाफको फूल नदिएर होला जार पस्यो मायामा" जनकपुरीले भने । हाँसोको फोहोरा छुट्यो । बेलाबेलामा रमाइलो र ख्याल ठट्टा पनि चाहिन्छ जिन्दगीमा । मनोरञ्जनमात्रै होइन मन मस्तिष्क र सम्बन्धलाई नै पुनर्ताजगी गराउँछ । ऊर्जा थप्छ यस्तो ख्याल ठट्यौलीले ।

सबै एकछिन चौतारीमा बस्यौं । थकाइ मार्‍यौं । पानी पियौँ । शशीले झोलाबाट चकलेट निकालेर सबैलाई दिइन् ।

गजलबारे मैले बोल्नुपर्ने बाँकी नै थियो । त्यो जिम्मेवारी मैले पूरा गरेँ । आफ्नो गजल लेखनको प्रसङ्ग र रमाइला घटना गजल दोहोरी सबै भनेँ । बाँकी भएका खानेकुरा खायौँ अनि बाटो लाग्यौँ ।

अघि सन्तानेश्वर मन्दिरबाट देखिएको गोदावरी रिसोर्टको आँगनमा पो पुग्यौँ हामी । गोष्ठी, मिटिङ, सम्मेलन र ठुल्ठुला कार्यक्रम पनि हुने खुब नाम सुनेको गोदावरी रिसोर्ट प्रत्यक्ष देखेँ । ठुल्ठुला बाङ्गा अक्षरमा मात्रै गोदावरी नाम लेखेर भुइँमा गाडिएको बोर्ड रहेछ । पृथक लाग्यो त्यो बोर्ड । मैले त्यसको फोटो खिचेँ ।

हामी त्यसपछि टौखेल चोकमा निस्कियौँ । पिपलको रूख वरिपरि घेरेर चौतारी बनाएर फलामको बेन्च राखिएको रहेछ । हामी सबै जना बस्यौं । समय तीन मात्रै बजेको थियो । अब गोदावरी जाने कि घर फर्कने छलफल भयो । दिन बाँकी नै थियो अनि तोकेको यात्रा पनि ।

लाँकुरी भन्ज्याङ्सम्मको तोकेको थियो तर अब पुगेर फर्कन ढिला हुन्छ भन्ने कुरा आयो । गोदावरीसम्म पुगेर फर्कने प्रस्ताव पनि आयो तर सबै इच्छुक देखिएनन् । अब आजको यात्रा टौखेलसम्म मात्रै भयो भनेर निष्कर्ष निस्कियो । आजसम्मको सबैभन्दा छोटो पदयात्रा यही थियो । हामी साझा बस चढेर काठमाडौँतिर हुँइकियौँ ।

हरिवंशको यो गीत याद आउँछ मलाई साझा बस चढेपछि ।

साझा बसमा जो पनि चढ्दछ

किलिन्डरले दुई रूपियाँको टिकट काट्दछ .....!

■

# पदयात्रा गर्दै शान्तिधाम

**(यो २८औँ पदयात्रा हो । २०७५ साल फागुन ३ गते काठमाडौंको वालाजु वाइपासदेखि पुरानो गुहेश्वरी हुँदै धर्मस्थली, तिनपिप्लेको पाँचमाने, तारकेश्वर हुँदै धर्मस्थलीसम्म गरिएको यस यात्रामा ७ जना स्रष्टाहरू सहभागी रहेका थिए ) ।**

**वसन्त रिजाल**



यात्रा कसलाई राम्रो नलाग्ला ? के चाहँदैमा यात्रा गर्न सकिन्छ र ? यात्रा एक्लै गर्ने कुरा हैन ।भनिन्छ, यात्रामा कम्तीमा दुई वा बेसी मनहरू मिल्नेसँग गर्नुपर्छ । मन मिल्दा विचार पनि मिल्नुपर्छ ।

उस्तै उस्तै उद्देश्य बोकेकाहरूबिचको मात्र सहकार्य हुन सक्छ । नयाँ ठाउँ र नयाँ ठाउँमा रहेका उल्लेख गर्न लायक धार्मिक, ऐतिहासिक, रहनसहन, वातावरण हरेकलाई आ–आफ्नो तरिकाले हेर्ने बुझ्ने र व्यवहारमा उतार्ने जमर्को गर्न सरर हिँडेरमात्र सम्भव धेरै नभएपनि, कमै त नहुने कुरै भएन ।

स्रष्टा पदयात्राले मन लोभ्यायो । महिनामा एक वा दुई दिनको घरको परिवेशबाट टाढा नयाँ नयाँ साथी सङ्गी बनाएर हिँड्दाको मज्जा नहिँड्नेले कसरी स्वाद लिउन् ?

स्रष्टाले अनुभवबाट प्राप्त ज्ञानलाई मर्मस्पर्शी हुने गरी आफ्नो भाव सेतो कागजमा कोर्ने बानीले ऊ पोखिन्छ संयमित भएर ।

अक्षर र शब्दहरूमा खेल्छ ।

सुन्छ सुनाउँछ ।

यसरी नै फलाम पोलेर औजार बनाएझै ऊ औजार बनाउँछ ।

सस्मरणात्मक औजार । घट्टमा मकै ओइरो लागेझैँ शब्दको ओइरोमा शब्द छनौट गर्छ र प्रस्ट्याउँछ आफूले भन्न खोजेका कुराहरू । गत महिना बालाजुको पुरानो गुहेश्वरी हुँदै धर्मस्थलीको फुटुङ्ग पारिको देवीको मन्दिर जहाँबाट रानीवन र सिङ्गो धर्मस्थली तिनपिप्ले देखिन्छ ।

हामी तिनपिप्लेको पाँचमानेतर्फ

लाग्यौं । पाँचमानेमा रहेको कलात्मक मन्दिरतर्फ सिढीँ चढ्दै रमाउँदै लाग्यौं । मन्दिर बनाउने पहल त्यहीँका बाबाले गर्नुभएको रहेछ । घरघरमा मिल्किएर बसेका तामा पितलका गाग्री, खट्कौला, भुजुङ्गा, तसलाहरू बटुलेर छानो पित्तलले बनाएको सुन्नमा आएको थियो प्रत्यक्ष हेर्ने अवसर जुट्यो । मन्दिर आकर्षक र लोभलाग्दो थियो । पिकनिक स्पोर्टसको लागि उपर्युक्त ठाउँ जहाँबाट ओखरपौवा जलकिनी हुँदै त्रिशुली जाने गाडीहरू ओहरदोहर गर्थे । कुखुरा पालनका ठुल्ठुला फारमहरू देखिन्थे । काठमाडौँ सहरका गल्ली गल्लीमा ककनीका स्वादिष्ट, चिसा पानीका सेता र हरिया टाउके मुला जाने ठाउँ प्रत्यक्ष देख्न पाइयो । जलकिनीका राम्रा कवि श्रीहरि फुयालले त्यही माटोमा आमा-खण्डकाव्य सिर्जेका थिए । त्यो माटो र त्यहीँ माटोमा हुर्केका कविलाई सलाम ।

रमणीय मन्दिरमा घण्टौँ बिताएर ध्यान गर्ने मन थियो तर के गर्नु ओखरपौवाको दुर्गन्धित हावाले भाग्न बाध्य बनायो । गाउँलेहरू कसरी सास फेर्दा हुन् ? राज्यको लापरवाही देखिन्थ्यो । कुनै मन्त्रीको क्वाटर त्यो ठाउँमा राखिएको भए ऊ के साँच्चै बस्थ्यो होला, बस्दा के गर्थ्यो होला ? मेरा मनमा बर्गेल्ती कुराहरू खेले । नयाँ ठाउँका दृश्यहरू मोबाइलमा कैद गर्दै स्याउ, नरिवल, पुष्टकारी र सुन्तला खाँदै जङ्गलै जङ्गल तारकेश्वर मन्दिरतर्फ लाग्यौं । तारकेश्वर नगरपालिका त्यही तारकेश्वर महादेवको नामबाट नामकरण गरिएको रहेछ । त्यति रमणीय ठाउँ नपुग्नु भनेको जीवनलाई निस्सार बनाउनु ठानेँ मैले ।

जङ्गलै जङ्गल चराहरूको चिरबिर पातहरू टेक्दा सङ्गीतमय आवाज ‵ हल्ला नगर्नुहोला जनावरहरूलाई डिस्टर्भ हुन्छ′ लेखिएका बोर्डहरू ठाउँ ठाउँमा देखिन्थे । शान्ति नचाहने को होला चाहे जनावर होस् वा मान्छे । हामी सात जना डिल्लीराज अर्याल, नारायण भण्डारी 'जनकपुरी', वसन्त रिजाल, डा.धनप्रसाद सुवेदी, डिल्लीरमण सुवेदी, गोकुल पोखरेल र लक्ष्मीराम दंगालका पाइलाहरू ठुलो स्वर नगरी अगि बढिरहे ।

सल्लाका कलात्मक डल्ला वनभरि असरल्ल थिए । लोभै लागेर झोलामा कैद गरियो ।

तारकेश्वर जहाँ मेला लाग्छ, त्यहाँ एउटा रमणीय पोखरी रहेछ । बिहानको खाना २ बजेतिर खाइसकेर आ-आफ्ना रचना सुनाउँदै सुन्दै गर्दा बुढा दौँतरीले पनि सुन्ने अवसर पाउनुभयो । उहाँहरूले आफ्ना टोल छिमेकमा अवश्य चर्चा गर्नुहोला । यसरी स्रष्टा पदयात्राको सन्देश फैँलदो छ । तारकेश्वर नजिकै शान्तिधाम केही वर्ष अगाडि बनेको भए पनि हेर्ने मौका जुर्‍यो ।

हिन्दु धर्मको एक सम्प्रदाय वैष्णवहरूको पहलमा शान्तिधाम बनेको रहेछ । सार्वजनिक जग्गामा ठुलै रकम मुट्ठी दानबाट उक्त कार्य सम्पादन



भएको शिलालेखमा देख्न सकिन्थ्यो । शिलालेख आफैँ बोलिरहेको थियो ।

मदन कृष्णको गाउँ जितपुर फेदी उहाँको बुबाले धर्म विद्याश्रममा पढाउदा रहेछन् । धर्मस्थलीमा डुल्दा विश्वम्बर चन्चल (घिमिरे), मोहाराज शर्मा (ढकाल)को गाउँ देख्न पाइयो ।

४/५ बजे ठाँटीको पिपलबोटबाट बस चढी बाइपास आइयो, जहाँबाट यात्रा सुरू गरिएको थियो, अन्त्य गर्दै सेल पकाइयो । स्रष्टा पदयात्राको संयोजक शीतल गिरीविनाको यो यात्रा खल्लो महसुस भयो । यति राम्रो रमणीय ठाउँको यात्रामा राम्रो फोटोग्राफरलाई पनि यात्री बनाउन पाएको भए कति मज्जा हुँदो हो ! म मनमनै गम्न पुगेँ ।

यस यात्रामा मैले लक्ष्मीराम दंगाल भाइलाई पनि लगेको थिएँ । उनी साहित्यकार नभएपनि साहित्यकारका मिठा कविताहरू कण्ठस्त भन्न सक्ने रहेछन् । भीमनिधि तिवारीको गरिब कविता दंगाल भाइबाट सुन्न पाइयो । उमेर ढल्किँदै जाँदा जाऊँ भनेर कहाँ जान सकिन्छ र ? उमेर हुँदै यात्रा गर्ने हो ।

विभिन्न देश देशावरबाट नेपाल हेर्न विदेशीहरू त आउँछन् भने हामी हाम्रै देशका रमणीय ठाउँ घुम्न किन नजाने ? आफ्ना मनमा लागेका यात्राका हुटहुटी किन नलेख्ने ? खोज अनुसन्धानको लागि यात्रा कोसेढुङ्गो हो ।

महिनामा एकदिन यात्राको लागि छुट्याउने बानी विस्तार विस्तार पर्दैछ । बानी र पानी जता लग्यो जान्छ भनेझै यात्राका साथीहरू जसले जसरी हेर्छ, अनुभव गर्छ, त्यसैका आधारमा राम्रो संस्मरणलगायतका कृतिहरू बन्न सक्छन् भन्ने मेरो ठम्याइँ छ ।

■

# शंखरापुरको सरोफेरो

**(यो ३०औँ पदयात्रा हो । २०७६ बैशाख छ गते काठमाडौँको साखु बसपार्कदेखि बज्रयोगिनी मन्दिर, लप्सेगाउँ हुँदै जहरसिह पौवासम्म गरिएको यस यात्रामा ९ जना स्रष्टाहरू सहभागी रहेका थिए) ।**

**शान्ति सापकोटा**



२०७६ वैशाख ६ गते बिहानको ७ः४५ मा हामी चाबहिल पुगिसकेका थियौँ । हामी मन्दिरा मधुश्री, म र मेरो सुपुत्र उत्सव सापकोटा । अरू साथीहरूको बाटो हेरी बस्नुभएका आदरणीय अगुवा स्रष्टा शीतल गिरी आइपुग्नुभएको थियो । साथैमा हुनुहुन्थ्यो, गीतकार नारायण भण्डारी जनकपुरी र अप्सरा पुडासैनी । एउटा ऐतिहासिक सहर साँखुबारेधेरै सुनेकी थिएँ, सालीनदी नुहाउन गएका मौकामा । तर यही सहरलाई परिक्रमा गरेर जाने यात्रा पदयात्राले जुराएकोमा मन हर्षित थियो । बसबाट ओर्लेपछि मनमनै ऐतिहासिक सहरलाई नमन गरेँ । यस सहरमा रहेका चार ढोकाहरूको बारेमा जानकारी लिए । हरेक ढोकाको आफ्नै महत्त्व छन् ।

एउटा ढोकाबाट बेहुली भित्र्याउने अर्कोबाट देवताको खट निकाल्ने एउटाबाट बेहुला निकाल्ने र अर्कोबाट मुर्दा । यी सबैको आ–आफ्नै महत्त्व थिए । लेख्दैजाँदा धेरै लेखिन्छ । मनमा साँखुका किम्बदन्ती गम्दै हामी अन्य साथीहरूको प्रतीक्षा गर्दै थियौँ ।

त्यहाँबाट बिलम्ब नगरी साँखु जाने बस चढियो । उपत्यकाको प्राचीन सहर साँखुको बसपार्कसम्म हाम्रो बस यात्रा भयो । जुन भूमिलाई लावण्य देश अर्थात् शंखरापुर भन्ने गरिन्छ । आजभोलि यो सहर साँखुकै नामले परिचित छ ।

केही पदयात्री साथीहरू नआइपुगेका कारण हामी बसपार्क

नजिकै चिया पसलमा चिया चमेना गर्न बस्यौँ । सो समयमा लक्ष्मीराम दंगाल र वसन्त रिजाल पनि आइपुग्नुभयो । यसरी पदयात्रीको सङ्ख्या आठ जनामा मात्र सीमित भयो । यात्राका लागि सबैका पाइला अगाडि लम्किन जुर्मुराए ।

एक स्थानीयको पथ प्रदर्शनअनुसार हामीले आफ्नो यात्रा सुरू गऱ्यौँ र आलुबारीको सानो गोरेटोबाट उकालोतर्फ सोझियौँ । बज्रयोगिनी मन्दिरतर्फ ।

बारीभरि मल्किएका आलुको खेती देखेर मनै रमाइलो भयो । आफ्नो भूमि बाँझो बनाएर टाढा सुन खोज्न जानेहरूदेखि दुःख लाग्छ । त्यति बेला शंखरापुरबासीसँग मेरो केही गुनासो रहेन । उनीहरूको मिहिनेतलाई भित्री मनदेखि सलाम गरेँ ।

करिब ३० मिनेटको गोरेटो बाटो छिचोलेपछि १०८ वटा ढुङ्गे सिँढीको फराकिलो बाटो सुरू भयो । सिढीँको दायाँबायाँ अनेकौँ ढुङ्गे शिलालेखहरू थिए । पुराना रूखहरू र अनेक लहराले लहरिएका वनकुञ्ज देख्दा के लाग्दथ्यो भने त्यहाँको वन पनि प्राचीन हो । ठाउँ ठाउँमा स्थापित ढुङ्गे धाराले गर्दा प्राचीन ऐतिहासिक, सांस्कृतिक धरोहरको रूपमा शंखरापुरलाई मान्न सकिने थुप्रै प्रमाणहरू थिए ।

हनुमानका सन्तानहरूले पशुपति र स्वयम्भूमा जस्तै वज्रयोगिनी मन्दिर परिसरलाई पनि छोडेका थिएनन् । रूखका हाँगाबाट हामफाल्दै बाटो छेक्न बसेका ठुला साना हनुमानहरू हामीहरूलाई हेरेर मुख बाइरहेका थिए । मन्दिराले चारैतिर हेरेर भनिन्- "विचरा खाना त केही छैन । के गरून् । खान पाइन्छ कि भनेर यसरी बाटो छेकी बस्छन् । ला ला आइज यी" भन्दै उनले खाँदै गरेको आइसक्रिम सानो छाउरो हनुमानलाई दिइन् । एउटा बलियो बाँदर झम्लङ्ग रूखबाट हाम फालेर आयो । उसले समाउन मात्र के भ्याएको थियो झ्याप्झुप् खोसेर रूखमै चढेर खान थाल्यो । विचरो निर्धो सानो हनुमान हेरेको हेऱ्यै भयो ।

यहाँको रथ तान्ने परम्परा पनि अनौठोकै रहेछ । नेवार र तामाङ समुदायले संयुक्त रूपमा तान्ने रथले यी दुई समुदायको प्रेमलाई झल्काएको पाइयो ।

साँखुका नेवार समुदायले यहाँको सानो खोल्चासम्म रथ ल्याएपछि, तामाङ समुदायले सिँढी नै सिँढी रथ तानेर बज्रयोगिनी लैजाँदा रहेछन् । यो सुनेर नै मन आनन्दित भयो । दुई समुदायको यो प्रेम आज पनि जीवित छ साँखुमा ।

ढुङ्गाका खुड्किला पार गरिसकेपछि बज्रयोगिनी मन्दिरको प्रवेशद्वार आइपुग्यो । जहाँ अत्यन्तै सुन्दर र कलात्मक चित्रहरूले मन्दिर सुसज्जित थियो । मल्ल र लिच्छविकालीन वास्तुकलाको



ऐतिहासिक छनक त्यहाँ विद्यमान थियो । मन्दिरको उत्तर कुनामा अवस्थित कलात्मक ढुङ्गे धाराले अझ मन्दिरको शोभा बढाएको थियो ।

मन्दिर मात्र नभई ढुङ्गे धाराको कला वास्तवमा अलौकिक थियो । मन्दिरको पछाडिपट्टिको भित्ता २०७२ सालको भूकम्पले चर्काएको थियो । त्यहाँका स्थानीय एक पुजारीका अनुसार "१९९० सालको भूकम्पबाट यही भागमा अलिकति उठेको थियो । २०७२ सालको भूकम्पले उही ठाउँमा नराम्ररी

चर्काएको छ ।" त्यति पुरानो मन्दिरलाई त्यत्रो ठुलो धक्काले पनि धन्य धेरै क्षति भने पुऱ्याएको देखिएन । त्यति ठुलोभूकम्प आउँदा पनि सामान्य क्षति पुऱ्याएको मान्नुपर्छ । तथापि बहत्तरको भूकम्पले साँखुको त्यत्रो बजार ध्वस्त बनाएको कहाली लाग्दो स्थिति यिनै आँखाले देखेका थिए ।

बज्रयोगिनी मन्दिरको ठिक माथि अर्को तीनतले देवतले घर रहेको छ । देवतले घरको अगाडि एकजना बाबा साधुको भेषमा बसिरहेका थिए । साधुबाबालाई देखेर मन्दिरा र लक्ष्मीराम दंगालले कुरा गर्न थालैँ "यहाँको नाम के होला ?"

"सीता राम बाबा", उनले मुस्कुराउँदै जवाफ दिए । मैले अयोध्यामा चोला फेरेको हो । उनले अगाडि भन्दै गए, "पशुपतिमा १२ वर्ष बिताएँ र पनौतीमा १० वर्ष । अहिले हिँड्न नसकेर माताको शरणमा छु ।"

"एउटा फोटो खिचौँ न बाबा है ।" मन्दिराले मोबाइल समाउँदै भनिन् ।

"ना, ना मलाई फोटो फाप्दैन ।" उनले फोटो नखिच्न अनुरोध गरे ।

"अनि बाबाको जन्मेको घर कता हो त ?" फोटो खिच्न नदिएपछि मन्दिराले सोधिन् ।

"रौतहट जिल्ला गौरमा हो ।" उनले जवाफ फर्काए ।

यसरी केही साधु सन्तहरू पनि मन्दिर परिसरमा टहलेका देखिन्थे । सीताराम बाबा एक पात्र मात्र थिए ।

देवतले घरलाई भूकम्पले भत्काएर दुईतले भएको थियो । घरको भुइँ तलामा देवीलाई प्रसाद बनाउने स्थान र दोस्रो तलामा अखण्ड अग्निको कुण्ड रहेको छ भन्ने कुरा स्थानीयबाट थाहा भयो तर हेर्न गएनौँ । दोस्रो तलामा मानव टाउकाको मूर्ति रहेको थियो । तर उक्त टाउको कसको हो भन्ने सम्बन्धमा विभिन्न लेखोट र लोक कथनअनुसार फरक फरक कुरा रहेछन् । कसैले अवलोकितेश्वरको प्रतिमूर्ति त कसैले दिपङ्करको आकृतिको टाउको, कसैले बलदेवको टाउको त कसैले बिक्रमादित्यको टाउको भन्ने गरेका रहेछन् ।

एउटा ठुलो फलामको कराइ घोप्टिएको थियो । उक्त कराइ किन घोप्ट्याएर राखिएको हो भन्ने सन्दर्भमा एउटा अनौठो किंवदन्ती रहेको छ ।

प्रचलित मिथकअनुसार राजा धर्मदत्तले आफूलाई तेलमा पाक बनाई प्रत्येक दिन प्रसाद स्वरूप देवी मातालाई समर्पित गर्दथे । यस्तो कठोर तपस्या गरेको १२ वर्ष पुग्न एक दिन अगाडि देवीले भोलि शुभ साइतमा आउनू तिमीलाई पारसमणि बन्ने सूत्र बताइदिन्छु भनिछन् । सो कुरा राजाका सुसारे विक्रमादित्यले सुनेछन् ।

भोलिपल्ट राजा आउनु पूर्व नै विक्रमादित्यले देवीको पूजा आराधना गरी पारसमणि सूत्रको वरदान पाए । त्यस दिन देवीले अब यो कराइमा त्यस्तो नैबेद्ध कहिल्यै पाक्ने छैन

भनी सो कराइ घोप्टयाइदिइन् । सो दिन राजा मन्दिरमा आइपुग्दा कराइ घोप्टिरहेको देखेपछि परचक्रीसँग आफ्नो गोप्यता राख्न नसकेकोमा पश्चात्ताप गर्दै विक्रमादित्यलाई नै आफ्नो राज्य सुम्पी बज्रयोगिनीकै ध्यानमा बसेको भन्ने भनाइ छ । त्यही बेलादेखि नै राजा विक्रमादित्यले शासन सुरू गरेको सम्झनामा विक्रम सम्वत् चलाएको भन्ने भनाइ छ ।

भृकुटीको विवाहको स्वयम्भर बज्रयोगिनीकै प्राङ्गणमा भएको थियो भन्ने भनाइ छ ।

बज्रयोगिनीको कथासँग बौद्ध, धार्मिक मर्ममात्र नभई नेपालको राजनीतिक इतिहासले आफ्नो अमिट छाप छोडेर गएको छ । प्रमाणित अभिलेखहरू र लोक जनजिब्रोले सो कुरा मान्दै आएको पाइन्छ ।

अग्रज स्रष्टा पदयात्री शीतल गिरीका अनुसार- विक्रमादित्यको उक्त सिंहासन आजको राम मन्दिरमा अद्यावधि छ भन्ने गरिन्छ । सो सिंहासनमा बस्दा बस्नेसँग पुतलीले प्रश्न सोध्ने गर्थ्यो रे र सही जवाफ दिन नसक्नेको तत्काल मृत्यु हुने गरेको चर्चा छ । पुतलीका प्रश्नको सहज रूपमा विक्रमादित्यले जवाफ दिन्थे । त्यसो भएको हुँदा विक्रमादित्य जान चाहेको ठाउँमा सिंहासनसहित उडाएर पुतलीले पुऱ्याइदिन्थ्यो ।

सुन्नमा आए अनुसार उनी सोही सिंहासनमा बसेर प्रत्येक दिन बिहान साँखुको बज्रयोगिनीमा पुग्थे । महान् तान्त्रिक विक्रमादित्यले आफ्नी इष्ट देवी बज्रयोगिनीलाई प्रत्येक दिन एउटा ठुलो कराहीमा तेल तताएर आफ्नो शरीरलाई अनेकौं मसलाहरूले पोती त्यसमा हाम फाल्थे र आफ्नो शरीरको पकवान देवीलाई चढाउँथे । श्रद्धापूर्वक शरीरको मासुको पकवान चढाउने विक्रमादित्यले योगिनीबाट झन् कञ्चन शरीर पाउँथे भन्ने चर्चा अझसम्म चलेकै छ ।

बज्रयोगिनीबाट प्रशस्त धन सम्पत्ति प्राप्त भएको हुँदा, राजाले त्यही धन आफ्ना प्रजाका कल्याणको निम्ति खर्च गरेर पालन-पोषण गर्दथे । अर्थात् विक्रमादित्यको अस्तित्व थियो, चमत्कार गरेरै भएपनि लोकको हित गर्थे । त्यही बेलादेखि विक्रमादित्यले विक्रम सम्वत् चलाएको भन्ने भनाइ छ । यसकारण नै संयमपूर्वक बज्राचार्यहरूले विक्रमादित्यको टाउकाको पूजा अहिलेसम्म गर्दै आइरहेका छन् । कराइ त्यही हो जुन अहिले घोप्ट्याएर सुरक्षितसँग राखिएको छ ।

वज्रयोगिनी मन्दिरलाई शक्तिकी, विद्याकी र धनकी देवीको प्रतीकको रूपमा मान्दै र पुज्दै आएको छ । तीर्थराज बज्राचार्य ब्रम्हचारी पुजारी (साँखु) का अनुसार, देवीको मन्दिर भए तापनि यहाँ बली चढ्दैन । नरिवल र अन्डा पनि फुटाइँदैन । नरिवल नै फुटाउन नहुने ठाउँमा हिंसा गर्ने त कुरै भएन । भगवान्ले बनाएको

शरीरलाई मारेर मासु खानु पर्दैन ।

घोप्टिएको कराइको खास इतिहास के होला ? एक्काइसौँ शताब्दीको वैज्ञानिक युगमा वैज्ञानिक सोचअनुसार परम्परालाई मान्नुपर्ने थियो कि ! पुराना, प्राचीन सम्पदाहरूलाई हेर्ने पुरातात्विक विभाग कहाँ छ ? जसका नजर यता पर्लान् कि नपर्लान् ! वर्षौंदेखि घोप्टिरहेको विशाल फलामको कराइको आयु कति छ भनेर थाहा पाइएला कि नपाइएला ? मेरो मनको खुल्दुली मेटाउने भविष्य आउला कि नआउला !

साँच्चै भन्नुपर्दा हाम्रा पुर्खाहरूले बनाएका पाटी, पौवा र मन्दिरहरूका शिल्पकला, चित्रकला मूर्तिकलाले कति सुसज्जित भएका रहेछन् । प्रकृतिको मात्र होइन । कलाकृतिको पनि धनी देश रहेछ । यस्तो अतुलनीय कलाको वरिपरि सुन्दर हरियाली वनले पनि सिंगार गरेको छ, यो ठाउँलाई । कोइलीको कुहुँकुहुँले वनै गुन्जायमान रहेको थियो । यसलाई पूर्ण पर्यटकीय क्षेत्र बनाउने हो भने साँखुको नाम अझै चम्किने थियो । तर काठमाडौको कचौरामा खाँदिएर निसास्सिएका आन्तरिक पर्यटक वाहेक विदेशी पर्यटकहरू साँखुको सुन्दर नगरीमा देखिएका थिएनन् ।

यात्रा अगाडि बढ्नै थियो । हाम्रो टोली बज्रयोगिनी मन्दिरबाट अगाडि लाग्यो । जुन हाम्री चेली भृकुटीलाई बिदाइ गरेको ऐतिहासिक बाटो थियो । धुपीका बोटहरूको मिठो वास्नाले मनै हरर बनायो । जङ्गलको बाटो, रातो माटो, उकालो ठाडो लौरो टेक्दै र बात मार्दै उकालिएका थियौँ हामी तीन देवी मन्दिरा, शान्ति र अप्सरा ।

धुपीका पात भुइँभरि ओच्छिएका थिए । ओसिलो जमिनमा पानी अमलाका बोटहरू बग्रेल्ती थिए । लक्ष्मी दंगालजीले पानी अमला उखेलो भर्खर बनेका पानी अमला, खानेपानीले पखालेर उनले सबैलाई चखाए । अझै भन्नुपर्दा यसरी पानी अमलाको स्वाद पनि धेरै वर्षपछि मिलेको थियो । नजिकै रहेको सानो पुलमाथि सामूहिक तस्बिरमा कैद भयौँ । वनको गोरेटो बाटो । बाटोमा माटो थिएन । कारण, माटोले धुपीको च्यादर ओढेको थियो ।

हामी बज्रयोगिनी मन्दिरबाट धेरै माथि आइसकेका थियौँ ।

जङ्गलमा न्याउलीको स्वर गुन्जिएको थियो । अरू चराहरूको चिर्बिर चिर्बिरले गर्दा आँखाको सौर्न्यता मात्र होइन कानले पनि प्राकृतिक सौन्दर्यताको आभास दिलाएको थियो । सल्लाको धुपको बास्नाको साथै सिर्सिर सिर्सिर चलेको बतासले सल्लाको पातको स्पर्शले पाँचै इन्द्रियलाई द्रविभूत बनाएको थियो । काठमाडौँ उपत्यकाबाट नजिकै भएर पनि टाढा कतै छुट्टै दुनियाँमा छु जस्तो लागेको थियो ।

शंखरापुरमा स्कुस खेती निकै फस्टाएको रहेछ भन्ने कुरा ठाउँ ठाउँमा लहरा जानको लागि बनाइएका

बाँसका टाँडबाट थाहा लाग्दथ्यो । डाँडामाथि राता घरहरू लस्करै थिए । एउटै आकृतिमा चिटिक्क परेका घरहरू देखेर जो कोहीलाई पनि अन्दाज कुन परियोजनाको लागि बनाइएका घरहरू हुन् भनेर अन्दाज लागाउन कठिन भयो । बारीमा गहुँ पाकेका र पाक्न ठिक्क परेका थिए । पाखो बारी कत्ति बाँझा थिएनन् । ठाउँ ठाउँमा भूकम्पले घर ढालेर टिनका पाताको घर थिए । माटोले भर्खर बाटो पाएको थियो भने अब पक्की बाटोको पर्खाइमा त्यहाँका बासिन्दा थिए भन्न सकिन्थ्यो । टाढा टाढाका पहाडी शृत्ताहरू हामीभन्दा मुन्तिर थिए । शिखरको मास्तिर बादलका थुम्का हिमालझैँ टल्किएका थिए ।

वनको बास्ना, मनको शान्ति र तनको उमङ्ग लिएर हामीहरू गोरेटै गोरेटो भएर मोडियौँ वनभन्दा बाहिर खुल्ला ठाउँमा । बाटोमा नगरकोट जान हिँडेका बाह्य पर्यटकहरूसँग जम्काभेट भयो । ठिक त्यसै बेला हामी आन्तरिक पर्यटकहरू उनीहरूसँग एक क्लिक फोटोमा फ्युजन भयौँ । अलिकति बाटो सँगसँगै काट्यौँ पनि । रमाइला कुरा गर्दै । यिनै दृश्यहरूलाई अवलोकन गर्दै हामीले एउटा घरको आँगनमा आफ्ना गोडालाई विश्राम दियौँ । "पानी खान पाइन्छ कि ? " जनकपुरी दाजुले भन्नुभयो ।

"पानी मात्र के छ्याङ पनि पाइन्छ ।" उनले अझै भन्दै गए "भन्नुस् कोदोको खाने कि मकैको खाने ? गहुँको पनि छ । चामलको खानु हुन्छ भने पनि छ ।" तामाङ लवजमा मानबहादुर वाइवाले भने । भित्र गएर करूवामा पानी ल्याएर दिए ।

हामीले करूवाको पानी मात्र पियौँ । चिसो पानीको आनन्द लियौँ । त्यसपछि हाम्रो टोली अगाडि बढ्यो । गाउँलाई छोडेर फेरि वनतर्फ ओरालो ।

लप्सेको वनमा, चराहरूको धुनमा, पातपतिङ्गरको चालमा झन् मिठो सङ्गीत बजेको थियो । त्यही वनमा हामीले ल्याएको खाना खान मन भयो । खुल्ला ठाउँमा हामीले आफ्नो झोला बिसायौँ । हामी आठ जनाको त्यस दिनको घुमन्ते परिवार गोलो घेरामा बसी आफू आफूले ल्याएका खाजा फुकायौँ र बाँडीचुडी खायौँ । हाम्रो पदयात्राको एउटा सुन्दर विशेषता यही हो, आफूले लगेको खाना सबैलाई बाँड्ने र अरूको खाना पनि खाने । यसले गर्दा स्वादको फरकपना साथै एक आपसमा घनिष्ठ साहित्यिक सम्बन्धको कसिलो गाँठो बन्दो रहेछ ।

खाना खाइसकेपछि सबैले आ-आफ्ना मोबाइल, कापी, कागजमा खिपेका सिर्जना फुकायौँ । पालैपालो सिर्जना वाचन गर्ने क्रममा एन बी जनकपुरीले अति मिठो ६ लाइने कविता वाचन गर्नुभयो । बसन्त रिजालले पनि मिठो कविता वाचन गर्नुभयो । शान्ति सापकोटाले छन्द कविता सुसेलिन् । अप्सराको पनि

कवितै आयो । मन्दिराले गजल गुनगुनाइन् । लक्ष्मीराम दंगालले नैतिक दृष्टान्तका भजन गाए र उत्सव सापकोटा जो हिँड्न डुल्न मन पराउने उनले गीत गाए । शीतल गिरीले कविता वाचन गरी अन्त्यमा कार्यक्रम समापन गर्नुभयो ।

भोजन र अक्षर सिर्जनाको सन्तुष्टि लिएसँगै हामी वन कन्दराको प्राकृतिक सिर्जनामा सामेल भयौँ । नाकको डाँडीजस्तै डाँडा र गालाजस्ता खोल्सा । खोल्सामा माथिबाट आएको पानीको कुलकुल आवाज । आहा कति मनमोहक श्रव्य, दृश्य दुवै । फेरि नाकको डाँडीजस्तो डाँडा र गालाजस्ता खोल्सा, त्यहाँ पनि पानीको कुलकुल आवाज । बहेको पानी कञ्चन थियो । यस्ता प्राकृतिक छटा पटक पटक दोहोरिए । मणिचुडबाट झरेको पानी होला है दाजु ? मैले आफ्नै अगाडि हिँडिरहनुभएका शीतल दाइलाई सोधेँ । "हो त्यहीँको हो । किनकि यही डाँडाको सिधामाथि त पर्छ मणिचुड पर्वत ।" उहाँले भन्नुभयो । साँच्चै पानी पनि मणिचुड पर्वतबाट झरेको जस्तो निर्मल र कञ्चन थियो ।

जेपि प्रतिष्ठान मैत्री सेवाश्रम (जेष्ठ नागरीक ग्राम) भनेर लेखिएको मुख्य गेटमा आइपुग्दा पो माथिका बान्की मिलेका राता घरहरू वृद्धाश्रम रहेछ भन्ने थाहा लाग्यो । जान मन हुँदा हुँदै पनि आकासमा बादल मडारिँदै आएको देखेपछि हामी फर्किन बाध्य भयौँ ।

हाम्रो गन्तव्य स्थल चिया बगानसम्म थियो । तर चिया बगानतर्फ जान दुई घण्टा लाग्ने र पानीले चुट्ला भन्ने डरले बाटो मोडियो । बाटोमा हाम्रो गतिमा पनि सुस्तता आएको थियो । अप्सरा पुडासैनी जो पहिलोपल्ट पदयात्रामा सहभागी हुन आएकी थिइन्, उनका खुट्टामा जुत्ता थिएनन् । चप्पलको सहारामा हिँड्न नसक्ने स्थिति भएकोले चिया बगानतिर नलागेर जहरसिंह पौवातिर लाग्यौँ । पारि काउलेको लेकबाट जुगल हिमालको सुन्दर अनुहारले हामीलाई चिहाइरहेको थियो भने बाटोमा ओरालिँदै गर्दा भोटे कुकुरले मन्दिरालाई पछ्याइरहेको थियो । मन्दिराको पशु प्रेम अपार छ । सो कुरा उसले बुझेको हुनुपर्छ र उनलाई पछ्याएको हुन सक्छ भन्ने कुराको अनुमान सहजै लगाउन सकिन्थ्यो ।

जहरसिंह पौवामा आएर बस नचढ्दासम्म उसले पछ्याइरह्यो । बस चढ्दा ४:३० भइसकेको थियो । भोटे कुकुरले परबाट हेरिरहेको थियो । बस खचाखच भइसकेको थियो । हामी चढ्ने बित्तिकै बस गुड्न थाल्यो । ठिक त्यसै बेला हावाहुरीसहित मुसलधारे पानी दर्कियो । थोरै ढिलो भएको भए हामीलाई पानीले पोतो पार्ने थियो । चाबहिलमा आइपुग्दा चाबहिल जलमग्न थियो । पानी रोकिएको थियो र हामी हाम्रो घर जान आ–आफ्ना रूटका गाडी चढ्यौँ ।

■

# ढुङ्गा खोज्दै भीमढुङ्गामा

**(यो ३१ औँ पदयात्रा हो । २०७६ साल जेठ ३ गते काठमाडौँको सीतापाइला चोकदेखि रामकोटहुँदै भीमढुङ्गा स्वीटजरल्याण्ड पार्क हुँदै कलङ्कीसम्म गरिएको यस यात्रामा ६ जना स्रष्टाहरू सहभागी थिए । )**

**डिल्लीराज अर्याल**



त्यसो त संयोजकबाट पदयात्राको उर्दी जारी भइसकेको थियो तर मैले आफू जाने नजाने निधो गर्न सकेको थिइनँ । यस्ता विषयमा चाहँदाचाहँदै पनि कारणवश निर्णय गर्न, उपस्थित हुन नसकिने हुँदोरहेछ, हुन्छ । मलाई यसपटक त्यस्तै भएको थियो । सूचना हेर्दा सङ्ख्यात्मक हिसाबले अलि कमजोर देखिएको र भीमढुङ्गा नामले आकर्षित गरेकाले पनि होला सबै कुरालाई जितेर अन्तिम घडीमा जाने निधो गरेँ ।

जेठ महिना, जाने गरिसकेकाले बिहानै तयार भएको थिएँ । यसपटक सधैँ सँगै निस्कने मित्र शीतलजीसँग फोन सम्पर्क हुन सकेको थिएन, उहाँ निस्कनु पनि भएन । बस चढेर म निर्दिष्ट स्थलतिर लागेँ । मनमती खोलोभन्दा अझ अगाडि पुग्दासम्म पनि पदयात्रीमध्येका कोही देखिएका थिएनन् । हेर्दै हेर्दै म सीता पाइला पुगेर चोकमा उत्रिएँ र प्रतीक्षा गर्न थालेँ ।

सामान्यतया हाम्रो पदयात्रामा जम्मा हुने ठाउँ र हिँड्ने समय सूचित गरिएको हुन्छ । आजको जम्मा हुने ठाउँ सीतापाइला चोक र हिँड्ने समय ८.३० बजे भनेर तोकिएको थियो । म अलिकति छिटो पुगेछु । यात्रामा प्रायः यस्तै हुन्छ । कहिले बसले ढिलो गर्छ, बाटामा रोकिनुपर्छ । कहिले समय राखेर हिँड्यो अवरोध हुँदैन, समयभन्दा छिटै पुगिन्छ र प्रतीक्षा गरेर बस्नुपर्छ । प्रतीक्षा गरेर बस्नु झन् असजिलो कुरो जस्तो लाग्छ मलाई तर गर्न त पर्छ, पर्छ । आज पनि प्रतीक्षा गरेर बस्नेमा परियो ।

म चोककै छेउको एउटा घरको पेटीमा टुस्स बसेर प्रतीक्षा गर्न थालैं । आज प्रा.कृष्णप्रसाद घिमिरे पनि पदयात्रामा सम्मिलित हुने जानकारी आएको थियो । करिब १५ मिनेट जतिपछि साथीहरूको आउने क्रम प्रारम्भ भयो । प्रा. कृष्ण घिमिरे, नारायण भण्डारी अलि छिटो आउनुभयो । अनि वसन्त रिजाल, लक्ष्मीराम दंगाल र घनश्याम प्रसाईंलगायतका मित्रहरू आइपुग्नुभयो । मैले संयोजकलाई फोन गरैं । उहाँले आफू जान नमिलेको तर पहिल्यै सूचित गर्दा जाने मान्छेलाई पनि 'भयो भो यसपटक' भन्ने लाग्न सक्छ भन्ने लागेर सूचना नगरेको जानकारी गराउनुभयो । मैले फोनमै भनें - 'बाठा मान्छेका बाठै कुरा !'

साथीहरू जुट्दा र यति कुरा गर्दासम्ममा हाम्रो तोकिएको समय भइसकेको थियो । कतैबाट कसैलाई पर्खन पर्ने सूचना नआएकोले आज मात्र छ जना नै भइने कुराको निधो गरेर हामी सीतापाइला चोकबाट पश्चिमोत्तरको बाटो सीतापाइला मन्दिरतिर लाग्यौं ।

मन्दिरमा पुग्न धेरै बेर लागेन । सीतापाइला मन्दिरमा पुगेर ढुङ्गामा अङ्कित सीताको पाइला मानिने एउटा फराकिलो ढुङ्गामा कोरिएको 'सीताको पाइला' मानिँदै आएको त्यो आकृति हेर्‍यौं जसका आधारमा त्यो ठाउँको नामै सीतापाइला रहेको मानिन्छ । त्यहाँबाट अघि बढ्दै गर्दा मेरा मनमा त्यो पाइलाको, नामको साथसाथै नेपालका धेरै ठाउँमा पाइने रामायण, महाभारत कालका, त्योभन्दा अघिका र पछिका पनि थुप्रै कथाहरूसँग जोडिने ढुङ्गा, गुफा, नदी, घाटहरूका बारेमा कुरा खेलिरह्यो । नेपालमा त्यस्ता किम्बदन्तीहरूसँग जोडिने गुफा, मन्दिर, ढुङ्गा, स्थलहरू धेरै छन् । यथार्थ जे भए पनि जनमानसमा तिनले त्यस्तै कुरासँगको सम्बन्ध स्थापित गरेर विश्वास बनाएका छन् ।

भस्मासुरसित जोगिन शिव पसेको गुफा भनिने हलेसी गुफा, वाल्मीकिले तप गरेको, सीताले लवकुशलाई जन्मदिएको भनिने आश्रम, वाल्मीकि आश्रम, लवकुशले अश्वमेध यज्ञको घोडा बाँधेको, सीताले खाना बनाउने गरेको ठाउँ,...(भैंसालोटन), सीता पृथ्वीमा समाहित भएको भनिने गुफा सीता गुफा (देवघाट), रामले शिव धनु भाँचेर सीतासँग विवाह गरेको भनिने धनुषा (जनकपुर), त्यस्तै अन्य विषयसँग जोडिने कीचक बध (विराटनगर), अर्जुन धारा (झापा), स्वर्गद्वारी (प्युठान), सीता कुण्ड, माण्डव्य ऋषिको आश्रम, यज्ञ कुण्ड (अँगारे), सत्यवती ताल, ऋतुवर्ण स्थान, भैरवस्थान, और्व आश्रम, रूरूक्षेत्र... (पाल्पा), वाण गङ्गा, मायादेवी मन्दिर, लुम्बिनी बगैंचा, कपिल आश्रम, (कपिलवस्तु) सुपा देउराली, पणेना (अर्घाखाँची), शृङ्गा, रेसुङ्गा, भृगुतुङ्गेश्वर, ... (गुल्मी), व्यास जन्मेको, तप गरेको भनिने ठाउँ (तनहुँ) पशुपतिनाथ (काठमाडौँ), मुक्तिनाथ (मुस्ताङ), मनकामना (गोरखा), रणउजिरेश्वरी भगवती, अमरनारायण

(पाल्पा), विन्ध्यवासिनी (कास्की), वराहक्षेत्र, चतराधाम (धरान), गजेन्द्रमोक्ष, (त्रिवेणीधाम) गलेश्वर (बेनी), महाकालेश्वर (ललितपुर) ... आदि यसका उदाहरण हुन् । यस्ता कथा, किम्वदन्तीसँग जोडिने ठाउँहरू नेपालमा अनगिन्ती छन् । सुत्केरी ढुङ्गा, हात्ती ढुङ्गा, वखलढुङ्गा त धेरै ठाउँमा देखे सुनेकै हो । यिनमा पनि यस्तै खालका कथा जोडिने गरेका छन् । हामी जाँदै गरेको भीम ढुङ्गामा पनि त्यस्तै किम्बदन्तीहरू जोडिने गरेका होलान् ।

कच्ची भए पनि बाटो फराकिलै भएकाले यात्रा सहजै थियो । त्यसैले पनि होला ९ बज्दा नबज्दै हामी रामकोट पुगिसकेका थियौँ । बाटो अलि घुमाउरो हुँदै थियो । त्यहाँ केही बेर अडिएर टोली अघि बढ्यो । यस ठाउँलाई फस्कु भनिने रहेछ । जयन्तिग्राम पुग्दासम्म भोक लागेजस्तो भएको थियो । एउटा पसलमा बसेर इच्छानुसार चिया, चना ... खायौँ । बडो स्वादिष्ट रहेछ त्यहाँको परिकार । वसन्तजीले पैसा तिर्दै भन्नुभयो - 'कति सस्तो ?'

दोकानमा, बिक्रेतासँगै 'कति सस्तो?' भन्ने कुरामा म अलि फरक विचार राख्छु । पसलबाहिर निस्केर हिँड्दै गरेपछि मैले भनिहालेँ - 'पसलेलाई त्यसो भन्नु भनेको मूल्य बढाउनलाई सहयोग गर्नु होइन र ?'

वसन्तजी मेरो कुरामा सहमत त हुनुभयो तर हाँस्दै भन्नुभयो - 'सस्तो त सस्तै हो नि ।'

सबैजसो भारती र गिरीहरूको बसाइ रहेको कछाडथोक भनिने त्यो गाउँदेखि भीमढुङ्गातिर लाग्न केही उकालो लाग्नुपर्ने रहेछ । त्यही उकालो लाग्दै गर्दा हामीले स्थानीय महेश्वर थापाको खोजी गरी उहाँलाई भेटेर सँगसँगै मन्दिरतिर लाग्यौँ । बाटामा भीमको मन्दिरको बारेमा त्यति चर्चा भएन, भयो त खालि मनका खुल्दुली मेट्ने गफ मात्र । कतै भीमसेनले उचालेर राखेको कथामा आधारित ढुङ्गाका कारण भीमढुङ्गा भनिने गरेको त होइन ? यसमा पनि तीन दिनकी सुत्केरीले उचालेर राखेको भनिने ढुङ्गाहरूको जस्तै कुनै कथा जोडिएको त छैन ? आदि आदि । बाटो अलि बढी उकालो तर फराक रहेछ । त्यो उकालो हुँदै हामी नागार्जुन नगरपालिकामा पर्ने भीमढुङ्गा पुग्यौं ।

भीमको मन्दिरमा पुग्दा महेश्वर थापा हाम्रा साथमा हुनुहुन्थ्यो । उहाँकै सहयोगमा हामी त्यस क्षेत्रको सामान्य जानकारी लिँदै थियौँ । मन्दिरमा पुग्दा नपुग्दै महेश्वर थापाले धेरै कुरा बताइसक्नुभएको थियो। उहाँकै सहयोगमा हामी त्यस क्षेत्रको सामान्य जानकारी लिँदै थियौँ । भीमढुङ्गा नाम सुनेर कुनै ठुलोढुङ्गा होला भन्ने कल्पना गरेको थिएँ मैले तर त्यस्तो कुनै खास ढुङ्गा रहेनछ, त्यो त नाम मात्र रहेछ । थापाका अनुसार- भीमसेनको मन्दिर भएकैले त्यस ठाउँको नाम भीमढुङ्गा भएको रहेछ । मन्दिर, मन्दिर नभनेर स्थान भन्ने खाले रहेछ । खालि एउटा सानो

चौतारो जस्तोमा पूजा गर्ने गरिएको ढुङ्गालाई थपक्क अड्याएर राखिएको मात्र । एउटा सानो चौतारो जस्तो ।

मलाई किशोरावस्थातिर गाउँघरमा भीमसेनको पूजा गर्दा राखिने ढुङ्गा र लिङ्गोको सम्झना भयो । हामीले किशोरावस्थामा म्यालको वा पातीको लिङ्गो गाडेर परेवा, कुखुरा काटेर ढुङ्गामा रगत चुहाउने गरेको देख्थ्यौँ भीमसेन पूजाका नाममा । त्यसै भएर होला 'ढुङ्गो रातो पेट तातो' भन्ने गरेको । सोचें- त्यस्तै ढुङ्गा त होइन भीमढुङ्गाका रूपमा स्थापित भएको ? त्यसको रहस्य खुलेन, तर ती भीम जसको पूजा गरिन्छ ती महाभारत कालीन भीम नै भएको उदाहरण खोजिरहन परेन । दोलखाको भीमेश्वरले पनि यसकै सङ्केत गरेको पाइन्छ । त्यहाँ भित्तामा तिनै भीमसेनको प्रशस्ति लेखेर पनि राखिएको छ । त्यहाँका नेवार हरूले आफूहरूलाई भीमका सन्तान मान्ने गरेको चर्चा पनि केही पाका त्यहाँका वासिन्दाबाट सुन्न पाइन्छ ।

मलाई स्थानीय जानकार व्यक्तिसँगको भेटघाट, उनीहरूसँगको सहकार्य र त्यसक्षेत्रका विविध विषयको जानकारी नै पदयात्राको मूल प्राप्ति हो जस्तो लाग्छ । थापाबाट वरपरका बस्तीहरू मन्दिरदेखि दक्षिणपट्टि मजुवा, झ्याङ्लेटी, उत्तरतिर बरालगाउँ, थाप्ले गाउँ आदि आदि रहेको जानकारी पायौँ । पारि पारि देखिएका ती गाउँहरूले पदयात्रीहरू कतै हामी भएतिर पनि आउँछन् कि भन्ने भावमा आशालाग्दो नजरले हेरे जस्तो लाग्यो । पश्चिमपट्टिको पाखुरे, खड्कागाउँ, बुढाथोकीगाउँ पनि त्यस्तै अवस्थामा देखिए । माथि उल्लिखित स्थानको भ्रमण गर्नु आवश्यक रहेको र सोका लागि सहयोग गर्ने प्रतिबद्धता थियो थापाजीको । हामी भने तेर्सो लाग्ने हतारमा थियौँ ।

भीमसेन मन्दिर नजिकै जाल्पादेवीको स्थान रहेछ । त्यो पनि नाम मात्रको मन्दिर, ढुङ्गाहरू यत्रतत्र छरिएका, मन्दिरको भग्नावशेष मात्र रहेछ । ढुङ्गाहरूका बिच जालपा देवीको पुरानो जस्तो लाग्ने ढुङ्गाको मूर्ति रहेछ । त्यो भग्नावशेष मन्दिरमा पुग्दा मलाई नरमाइलो लाग्यो । सोचेँ - कति उपेक्षित छन् हाम्रा मठ, मन्दिरहरू ! संरक्षण गर्नुपर्ने पुराना कुराहरू ! धार्मिक, ऐतिहासिक भवनहरू, मूर्तिहरू ! कलाहरू ! जाल्पादेवीको मूर्तिले पनि गुनासो गरिरहे जस्तो, यसो भनिरहे जस्तो लाग्यो -

न मन्दिर बन्यो मेरो न पूजा दैनिकी चल्यो

चाल पाएन मान्छेले जालपाको अचम्म भो !

हराएँ म त्यसै मेरो भाउ छैन कहीँ कतै

थुप्रियो राश ढुङ्गाको बस्न मन्दिर छैन खै !

मैले मनमा उब्जेका यी चार पङ्क्ति कागजको टुक्रोमा टिपेँ र मनमनै गुन्गुनाएँ । मन उद्विग्न जस्तै भयो तर केही भनिनँ । हाम्रा मन उद्विग्न गराउने कुराहरू त धेरै हुन्छन्, छन् । तिनको कुरा गरेर

साध्य हुँदैन भन्ने कुरा थाहा छ, तैपनि गरिँदो रहेछ । पछि मैले तिनै चार पङ्क्तिलाई जालपा'को गुनासो शीर्षकमा पूरा पनि गरेँः-

को हौ किन यहाँ आयौ मनसाय लिई कुन ?

को आए साथमा यत्रा कहाँ पुग्ने भई मन ?

के पत्रकार हौ ? दिन्छौ साँचो खबर, चिन्तन

साहित्यकार हौ सच्चा कि यो यथार्थमा भन ।

..............................................................

न मन्दिर बन्यो मेरो न पूजा दैनिकी चल्यो

चाल पाएन मान्छेले जालपाको अचम्म भो !

म हराएँ त्यसै मेरो मूर्तिको भाउ छैन क्यै

ढुङ्गा थुर्प्याउँछौ मात्र व्यवस्था बस्न हुन्न क्यै!

मूर्तिको अर्थ खै ! ढुङ्गाहरूका बिचमा छु म

विना प्राण प्रतिष्ठाको विना मन्दिरको छु म

चिन्ता छैन तिमीलाई देख्छु ठान्दछु शून्य म

अरूको नबुझी मूल्य मान्छे बनिन्न- भन्छु म ।

भीमढुङ्गा भन्दा अलि पर, तल महेश खोला र भालुखोला बग्दा रहेछन् । केहीबेर उभिएर त्यो तामाङ बहुल क्षेत्र, महेश खोला र त्यसको किनारमा फैलिएको फाँटलाई हामीले हेरिरह्यौँ । त्यो फाँट कताकता पाल्पाको 'प्रभास' जस्तै लाग्यो । महेश खोलाको मूल भएतिर काठमाडौँ र धादिङको सिमाना पर्दोरहेछ । भीमसेन मन्दिरदेखि दक्षिण पश्चिमतिर केही टाढा दहचोक र त्यसकै सेरोफेरोमा बदरीनारायण धाम पनि रहेछ । यसरी थापाबाट त्यस क्षेत्रको जानकारी पाएका हामी उत्तरतिरका गाउँ, त्यहाँको गुफा हेर्न पछि कार्यक्रम बनाएर आउने वचन दिँदै बिदा भयौँ र दक्षिण पश्चिम दिशातिर तेर्सियौँ ।

जेठको महिना, भर्खर डोजर लगाएको बाटो, धूलोको कुरा गर्नै परेन । गफ गर्दै गर्दै हामी अलि परको भन्ज्याङमा पुग्यौँ । त्यहाँबाट बाटो बाँडिएको रहेछ । अन्दाजमै बायाँपट्टिको बाटो समातेर हामी अघि बढ्यौँ । तेर्सिंदा तेर्सिंदैको बाटो अलि अलि उकालियो । अब भने यस अघि दहचोक जाने क्रममा हिडिसकेको परिचित बाटो रहेछ । अलि माथि पुग्दा त्यही उन्यूको घारी देखा पऱ्यो । भिरालोमा उन्यूको विचित्रको जालो बनेको थियो । प्रकृतिको त्यो कारिगरी मलाई एकदमै राम्रो लागेको हो । जति हेरे पनि हेरिरहूँ जस्तो लाग्ने त्यो कला, त्यो कारिगरीको फोटो यसपटक पनि लिएँ मैले ।

मोटरे बाटो भए पनि उकालिँदै गएको त्यो बाटोले २.३० बजे स्विजरल्यान्ड पार्कमा पुऱ्यायो । त्यहाँ यसअघि पनि पुगिसकेकोले ठाउँ र पार्क मलाई नौलो भएन, अघिल्लो यात्राका मित्रहरू, त्यति बेलाका गफहरू र त्यहाँ नाचिरहेका किशोर

किशोरीहरूको सम्झनामा मनमा उठेको विचार तरङ्गलाई भने नौलो मान्नैपर्छ । जो बेलाबेलामा उठ्छ, नवीकरण हुन्छ र थपघट पनि ।

सम्झन्छु - अघिल्लो यात्रामा त्यहाँ पुग्दा एक हुल विद्यार्थी, तिनका केही शिक्षकहरू अङ्ग्रेजी, हिन्दीका गीत गाएर उफ्रिरहेका थिए । शायद शैक्षिक भ्रमण हुँदो हो । तिनका भेषभूषा, गायन र उफ्राइमा कुनै नेपालीपन थिएन । त्यो देखेर मैले ब्यङ्ग्य गरेको थिएँ- "बडा असल शिक्षकहरू रहेछन् । यिनले छात्र छात्राहरूमा राष्ट्रिय चेत पनि गजबले जगाउने भए । संस्कार संस्कृतिको जगेर्ना गर्ने कुरा त गर्नै परेन ।"

विद्यालयमा समानताका, संस्कार, संस्कृतिका, राष्ट्र र राष्ट्रियताका कुरा गर्छन् शिक्षकहरू अनि छात्रछात्रालाई गराउने अभ्यास र सिकाउने कुरा भने यस्तै यस्तै हुन्छन् ! हामी अभिभावक पनि सन्तानले आफ्नो राष्ट्रभाषामा बोल्न नजानेको कुराको चिन्ता गर्दैनौँ, विदेशी भाषा बोल्न थालेकामा दङ्ग पर्छौं । त्यसैमा मख्ख पर्छौँ । त्यसैलाई प्रोत्साहित गर्छौँ । अनि हामी नै संस्कार, संस्कृतिका, भाषा र राष्ट्रियताका गफ गर्छौँ । यो विडम्बना तलदेखि माथिसम्म देखिएको छ । यसको असर के केमा र कहाँ कहाँ पर्छ भन्नेबारेमा कसले सोच्ने ? कसले ध्यान दिने ? हामीलाई अर्काको आलोचना गर्न र अरूको कुरो काट्न पाए पुग्ने भएको छ । मनमा यस्तै यस्तै कुरा उठे, उठिरहे । मन एक तमासको भइरह्यो ।

त्यहाँ केहीबेर यताउता हेरेर बाँकी रहेका खानेकुरा खाइसकेपछि हामी अलि पर रहेको विन्ध्यवासिनी मन्दिरतिर लाग्यौँ । २.४५ जति भइसकेकाले धेरै बेर भुल्न समय थिएन । बाटो कति छ ? भन्ने हेक्का पनि थिएन । त्यसैले विन्ध्यवासिनीको दर्शन गर्‍यौँ र हाम्रो यात्राको नियमित अङ्ग बनेको साहित्यिक कार्यक्रम प्रारम्भ गर्‍यौँ ।

आज यात्रीसङ्ख्या कम भएकाले कार्यक्रम त्यति लामो र औपचारिक पनि भएन । प्रारम्भमा घनश्याम प्रसाईँजीले मिठो लोकगीत सुनाउनुभयो । अरू यात्रीले पनि आआफ्ना रचना सुनायौँ । अन्त्यमा प्रा. कृष्ण घिमिरेले संक्षिप्त तर मिठो टिप्पणीसहित आफ्ना भनाइ राखेपछि कार्यक्रम सकियो र हामी त्यहाँबाट हिँड्यौँ ।

त्यहाँबाट ड्रिगुङ्ग काग्युद रिन्चेन पालरी गुम्बातिर लाग्ने बाटो ओर्लन थाल्यौँ । अब फेरि नयाँ बाटो सुरू भयो, किनकि हामी अघिल्लो यात्रामा विन्ध्यवासिनी मन्दिरबाट दहचोकतिर लागेका थियौँ । मन्दिरबाट सुस्त सुस्त हिँडेर चन्द्रागिरि नगरपालिकामा पर्ने त्यो गुम्बामा आइपुग्यौँ । बाटो असहज रहेनछ । त्यस गुम्बामा बुद्धधर्मसम्बन्धी पठनपाठन गराउने व्यवस्था रहेछ । समय धेरै नभएकाले पनि खासै सोधपुछतिर लागिएन । समय थोरै भए पनि हिँड्न अझै धेरै नै थियो । त्यसैले अलिअलि सोधपुछ र सामान्य निरीक्षण मात्रमा सन्तुष्ट भएर त्यहाँबाट ओह्रालो झर्‍यौँ, झरिरह्यौँ ।

■

# ठुलो ओखतीको बुटो र बघिनीको दुध

**(यो ४०औँ पदयात्रा हो । २०७६ साल फागुन ६ गते ललितपुरको गोदावरीदेखि चापाखर्क, काभ्रेको लामाचौर, रचाले भक्तपुरको रानीकोट, घ्याम्पेडाडा हुँदै सूर्यविनायक चोकसम्म गरिएको यस यात्रामा १७ जना स्रष्टा सहभागी थिए ।)**



## ध्रुवकुमार घिमिरे

"ए बाबु, ठुली दिदी सुत्केरी भएकी छ रे । ठुलो ओखती, गुँद, बतासा, मिस्री आदि सुत्केरी ओखती लिएर जा है, पहाडमा दिदीलाई भेट्न । यहाँबाट झन् टाढा पर्छ । जाने मान्छे पनि कोही छैन ।"

करिब चार दशक पहिले भएको आमाको यो आदेश । आदेशको तामेली गर्ने म अर्थात् तराईबाट काठमाडौँमा पढ्न बसेको छोरो । पहाड भन्नाले नुवाकोट जुन यहाँबाट नजिक पर्ने नै भयो बारा जिल्लास्थित मेरो घरपरिवार रहेको निजगढको तुलनामा । दिदीको बिहेपछि हाम्रो परिवार नुवाकोटबाट बसाइँ सरेको थियो । आमाको यो आदेश शिरोपर गरेँ मैले असनका बैद्य पसलहरूमा चहारेर, भनिएका सामग्रीका पोका किन्दै । त्यसपछि पनि यो सुत्केरी ओखतीको पोषण पुऱ्याउने उपक्रम लामो समयसम्म चलिरह्यो । कहिले ठुली दिदी, कहिले सानी दिदीकोमा । हुँदाहुँदा आफ्नी श्रीमती सुत्केरी हुँदा पनि यस क्रमले निरन्तरता पाएको थियो । घरपरिवारका सदस्य अन्य आफन्त मात्र नभई छरछिमेकी सुत्केरी हुँदा समेत ठुलो ओखती ओसार पसारको मसित गहिरो अनुभव छ ।

जति ओसारे पनि यो ठुलो ओखती फलाउने वनस्पतिसँग भने मेरो परिचय भएको थिएन । तराईमा नपाइने हुँदा यहाँको गोठाले जीवनले मलाई चिनाएन । त्यसपछिको जीवनमा पनि म यससित अपरिचित नै रहेँ । तर

संयोग २०७६ फागुन ३ गते शनिबार १२ बजेको शुभमुहूर्तमा यससँग मेरो पहिलो चिनापर्ची भयो । यसरी परिचय गराउने पनि महिला नै पर्नुभयो्, साहित्यकार मन्दिरा मधुश्री । क्रम थियो स्रष्टा पदयात्रीहरूको चालिसौँ शृङ्खलाको । यसको पहिलो शृङ्खला २०७२ बाट थालिएको अरे । सुरुमा पाँचसात जनाबाट थालिएको यस शृङ्खलामा हरेकपल्ट पदयात्रीहरू थपिने क्रम जारी नै रहेको छ । प्रायः उपत्यका आसपासका डाँडाहरूमा चाहार्ने गरेको यस टोलीमा म पहिलोपल्ट बिसौँ शृङ्खलामा जोडिएको थिएँ, बल्खुबाट दक्षिणकाली हुँदै ह्वाइट हाउस जानेक्रममा । यसपछि यदाकदा मात्र सहयात्री बन्ने मौका जुरेको छ मलाई आफ्नै बेफुर्सदीले गर्दा ।

गोदावरी हुँदै फुल्चोकी डाँडामा पुग्ने लक्ष्य लिए तापनि समयाभावले बिचैबाट लाँकुरी भन्ज्याङतिर मोडिएको अघिल्लो पदयात्रामा नै आगामी यात्रा लामाचौर हुँदै पनौतीसम्म रहने कुराको तय गरिएको थियो । सोहीअनुसार ०७६ को फागुन ३ गते हामी भेटिएका थियौँ सात दोबाटोमा । हामी भन्नाले स्रष्टा पदयात्राका पुराना र नयाँ सदस्यहरू । बिहानको सात बजेको उर्दी भए तापनि समयमै को पो आइपुग्ने हो र ? म त्यहाँ पुग्दा टोलीनेता शीतल गिरी, डिल्लीराज अर्याल शान्ति सापकोटा र मन्दिरा मधुश्री मात्रको उपस्थिति थियो । यसपछि परशुराम परासर, शारदा पराजुली, वसन्त रिजाल, विमल अर्याल, लीलाराज दहाल, लक्ष्मीराम दङ्गाल, डिल्लीरमण सुवेदी, राममणि दुवाडी, नवराज रिजाल, नेत्र एटम, धनप्रसाद सुवेदी, मातृका पोखरेल गर्दै १७ जना क्रमशः त्यहाँ जम्मा हुँदा रमाइलै भयो । टोलीनेताको आजलाई यत्ति नै हो भन्ने आशय बुझेपछि साझ बस चढेर ढुक्क हुँदै गन्तव्यतिर प्रस्थान गऱ्यौँ ।

नौ बजेतिर गोदावरी आइपुगेका हामी त्यहाँ गफिँदै केक पाउरोटीको चारोलाई चियाको घुट्कीले धकेल्दै उदरस्त गरेपछि इसिमोडतिर मोडिदै उकालियौँ स्याँस्याँ र फ्याँफ्याँ गर्दै । झन्डै दुई घन्टा लाएर उक्लिएपछि बल्ल डाँडामा आइपुग्यौँ । यहाँबाट उपत्यकाका तरेली दृश्यलाई अघाउन्जेल हेरेपछि हामी जङ्गली गोरेटो हुँदै तेर्सियौँ । अब एकैपल्ट धेरै जना सँगसँगै हिँड्ने परिस्थिति रहेन बाटाको साँगुरोपनले गर्दा झुन्ड झुन्डमा विभक्त भयौँ । भेडा भेडासँग बाख्रा बाख्रासँग भनेझैँ महिला जतिको एक झुन्ड भयो । पुरूषहरू उमेर र हिँडाइको गतिअनुसार ससाना टुकडीमा बाँडिए । समयले उपलब्ध गराएको अनुकूलताको फाइदा उठाउँदै मैले मांसाहारी चुट्किलाको पोको फुकाएँ, बस अनि त के चाहियो हाँसोको फौवाराले वन नै गुन्जियो । त्यसैले होला हाम्रो झुन्ड क्रमशः बाक्लियो । केही बेरमा महिला साथीहरू पनि थपिएपछि के



मुख खोल्न सकिन्थ्यो र ! श्लीलताको पर्दा नै च्यातेर मुखै कुल्ला गर्न पर्ने गरी भनिएका चुट्किला दोहोऱ्याउन कसरी सक्नु ! तैँ चुप मै चुप । ' ध्रुव सर हामीले त हाँस्नै पाएनौँ' को गुनासो सुन्नु बाहेक म बबुरो के पो गर्न सक्थेँ र !

मभन्दा पछाडि रहेको महिला समूह पटक पटक कान्लातिर गएको देखेर मलाई पनि खसखस लाग्यो । सोधिहालेँ 'हैन के खोज्दै हुनुहुन्छ त्यतातिर ?''ठुलो ओखती' भन्ने जवाफ थियो मन्दिरा मधु श्रीको । 'हँ, त्यो यहाँ पाइन्छ ?' मेरो आश्चर्यको सीमा 'सातवाँ आसमान'मा पुग्यो । 'पाइँदो रहेछ, यिः यही त हो' भन्दै गरेकी मधु श्रीको हातमा एक पाते वनस्पतिको जरामा रहेको सानो डल्लो थियो, पिँडालुको सानो गानो जत्रो । मैले मधु श्रीको हातबाट त्यो गानो आफ्नो हातमा लिएँ, वल्टाई पल्टाई हेरेँ । कोट्याएर सुँघेँ पनि । चार दशक अगिको कतै लुकेको गन्धले प्रकट भएर 'हो' भनी साक्षी बक्यो । मैले नयाँ ज्ञान पाएँ । औषधीय वनस्पतिप्रतिको मेरो रूचिमा मन्दिराजीको सहयोग अपेक्षित रह्यो नै । मैले तत् क्षण उहाँलाई गुरू मानेँ र भनेँ "गुरूमा, मलाई यसको बोटैसम्म पुऱ्याइदिनुहोस् ।" उहाँको सहयोगमा मैले ठुलो ओखतीको बुटो मात्र चिनिनँ त्यसलाई सुरक्षित रूपमा घरमा ल्याई गमलामा समेत हुर्काउने प्रयास गरेँ तर वनको चरी वनमै रमाउँदो रहेछ । त्यहाँको हिउँ र तुसाराको चिस्यान

घरमा सम्भव भएन सायद । त्यसैले होला एक महिना जति हरियो अनुहार लगाए पनि त्यसपछि भने त्यो बिरूवा सदाका लागि बिदा भयो । मन्दिरा र शान्तिजीले पहिले नै एक पोको तुल्याइसक्नुभएको रहेछ कान्लामा हातैले खोतल्दै भए पनि । एक महिनापछिको यात्रामा मन्दिराजीले त्यही ठुलो ओखतीलाई सुत्केरीलाई खुवाइने परिकार पुऱ्याएर खुसुक्क चखाउनुभएको स्वाद जिब्रोको टुप्पामा अझै झुन्डिएको छ ।

अरूलाई के केको धुन घरज्वाइँलाई खानाकै धुन भनेझैँ म भख्खर केही सिकेको शिशुले जस्तै ठुलो ओखती खोज्दै गुरूमालाई पाठ बुझाउँदै गर्दा अरू साथीहरू जङ्गलको बिचमा पुगेर खानाको तयारीमा लागिसकेछन् । औपचारिक परिचयपछि केही साथीहरू सबैले ल्याएका खानेकुरा बाँड्ने तरखरमा लागे । म पनि 'भवती भवती माम् भीक्षाम् देही' भन्दै आफ्नो प्लेट थापेर घाँसे गलैचामा थचक्क बसेँ । आफूले र साथीहरूले ल्याएका खानेकुराहरू धमाधम प्लेटमा थपिदै गए, चिउरा, दही, विविध स्वादका अचार, विभिन्न परिकारका तरकारी के के के के । जे आयो मज्जाले चपायो, पचायो ।

यसबिच साथीहरू सायद चुट्किला सम्झदै कर्के आँखाले मलाई हेर्दै हाँस्दे गर्न थालेपछि नारी समूहको वनको गुनासो एकपल्ट फेरि दोहोरियो तर म बबुरो फेरि पनि अवाक । पानीको कमीले चुठ्नामा भन्दा पुछ्नामा बल गर्दै आआफ्ना भीक्षा पात्र झोलामा थन्क्याएर हामी फेरि बाटो लाग्यौँ ।

कहिले उक्लँदै अनि कहिले वर्लदै हामी एउटा ससानो गाउँमा आइपुग्यौँ । ढुङ्गामाटाका गारोमा ठडिएका यी घरहरू कुनै एकतले त कुनै दुई तलेसम्मका थिए । छाना पनि पराल, छ्वाली, ढुङ्गा अनि जस्ताका । प्रायः सबै घरका पिँढीमा ठुला ठुला चुला अनि आँगनमा मान्छे नै लुक्न मिल्ने घ्याम्पाहरू ! विशेष प्रयोजनका लागि बनेका यी संरचनाहरूप्रति सङ्केत गर्दै एक जना मित्रले सोधिहाले 'यी किन बनाइएका हुन्' भनेर । 'ज्यु यसमा जाँड, यसमा रक्सी अनि यसमा निगार हाल्ने हो'

घरपति तामाङनी अधबैँसले खुलस्त गरिन् । 'कोदाको कि चामलको ?' मैले प्रश्न तेर्स्याएँ । 'कहाँ पाउनु कोदा, चामल ? हामी त यहीँ फलेको मकैको बनाउँछ ।' उनी खुलस्त भइन् । आफूलाई खान पुग्छ त मकै यसरी जाँड बनाएपछि ? भन्ने साथीको सोधाइको जवाफमा उनले भनिन्, "कोही कोही साल नपुग्दा सहरमा रक्सी बेचेको पैसाले सस्तो खाले चामल किनेर ल्याउने हो नि सार !" 'अनि पुलिसले पक्डँदैन त ?' भन्ने मेरो प्रश्न सुनेर उनी केही खिन्न भइन् । 'कहिलेकाहीँ बिहान लाँदा ढुकेर बास्छा र पकडिन्छ । नात्र

त रातिको दुई तीन बजे लाँदा क्वै उठेको हुँदैन । त्यसैले पकडन सक्दैन साप' उनको वेदना मिश्रित उत्तरले म खिन्न हुन्छु र प्रसङ्ग बद्लिदै सोध्छु, 'घरमा अरू देखिनुहुन्न त ?' 'भुराभुरी खेल्न गयो । बुरो पाँच पाथी जाने ग्यालनमा रक्सी बेचेर आयो अनि तास खेल्न गयो उः त्यो घरमा' उनले चोर औँलाले घर देखाउँदै भनिन् । सहर नजिकका गाउँहरूको हाल सबैतिर यस्तै छ भन्दै हामी महिलालाई नमस्ते गरी ओरालियौ ।

हामीलाई पर्खदै गरेको अघिल्लो समूह पनि बाटा नजिकके कुनै घरमा अलमलिएको रहेछ । 'हेर्नोस् त सर कान्लामा साग ।' एक मित्रले देखाए । आहा !आँगन पुर्न उठाइएको ढुङ्गे गारोको प्रत्येक कापको प्वालमा रायोको साग लहलहाइरहेको ! झलक्क माधव घिमिरेको हरफ सम्झेँः

ढुङ्गाको काप फेरेर पनि उम्रन्छ पिपल ।

सिर्जना शक्ति संसारमा कैल्यै हुँदैन विफल ॥

यति मात्र सम्झेर पुगेन । मनले किनेरै लाने अठोट गऱ्यो । कसरी दिनुहुन्छ म किन्छु मुखलाई बोलाइहाल्यो । 'हामी साग बेच्दैन लाने मन भए लैजा सकेजति' भन्न नपाउँदै घरपति महिलाले झन्डै एक अँगालो साग हाम्रो अगाडि ल्याइपुऱ्याइन् । इच्छा हुने साथीहरूले बाँडीचुँडी लियौँ । मलाई भने केही असहज लाग्यो । त्यसेले सोधेँ, "तपाईँकहाँ रक्सी छ?""छ नि कति बोतल लान्छ ? बोतलको डेर सय ।" मैले भनेँ, "एक बोतल ।" उनले छोरीलाई अह्राइन् । छोरीले एक लिटरको मिनिरल वाटरको बोतलभरि लिएरआइन् । मैले दुई सय दिएँ । उनी बाँकी पचास फर्काउन घरतिर लागिन् । हामी भने 'ल है बैनी हामीलाई ढिला भयो, हामी लाग्यौँ' भन्दै फटाफट अगाडि बढ्यौँ । मेरो मन भने बल्ल सन्तुष्ट भयो ।

अलिक पर पुगेर खाने गरेका साथीहरूले एक दुई बिर्को चाख्यौँ । मिठै रहेछ । सबैको प्रतिक्रिया एउटै रह्यो । हामीले अगि जाने साथीहरूलाई भेट्टाउन छिटो छिटो पाइला चाल्यौँ । हामी हिँड्ने बाटो पूर्वतिर मोडियो । सुरूमा त यो चाक्लै थियो । पछि पछि त साँगुरिँदै घोडेटो, गोरेटो हुँदै ओरालो झर्ने वेलामा त मुसेटो पो भयो ! त्यसैले खेतका आली आली हुँदै हामी ओर्लिन बाध्य भयौँ । कतै पाकेका र कतै हरिया गहुँका बालाहरू हावासँग बयेली खेल्दै हाम्रो स्वागतमा नाचेझैँ देखिन्थे । देब्रेपट्टि सल्लाघारी र दाहिनेतर्फ खेतका बाली नियाल्दै हामी खरखरती झर्दै थियौँ, साथीहरूलाई छिट्टै भेट्ने गरी हतारिएर । निकै तल पुगेपछि हामीले साथीहरूलाई भेट्टायौँ । उहाँहरू वनको बिचको खुल्ला ठाउँमा सुस्ताउँदै हाम्रै प्रतीक्षामा हुनुहुँदो रहेछ । ढिलिएकामा उहाँहरूको व्यङ्ग्य वाण सहँदै हामी

पनि सुताउन थाल्यौँ ।

कस्तो तिर्खा लागेको थियो ध्रुव सरले पानी बोक्नु भएको रहेछ । लु लु खाऊँ ।' मन्दिराजीको प्रस्तावले म अकमकिएँ । झोलामा पोखिन्छ कि भनी मैले अगि किनेको 'डेर सयवाला' बोतल हातैमा झुन्ड्याएको थिएँ । मन्दिराजीको प्रस्तावले म कालोनिलो भएँ । टोने (टोलीनेताको सङ्क्षिप्त रूप, जसको थालनी मैले अघिल्ला यात्राहरूमा गरेको थिएँ जुन करिब करिब स्थापित पनि भइसकेको थियो हाम्रो यात्रामा) शीतलजीले पनि हात बढाए । मैले उनलाई बोतल दिँदै बिर्कोमा थापेर चाख्न अनुरोध गरेँ । उनले त्यसै गरेपछि एकाएक भन्न थाले "यो त बघिनीको दुध पो रहेछ !" 'बघिनीको दुध अरे !' केही साथीको मुखबाट आश्चर्य प्रकट भयो । 'यही खोज्न त उहाँहरू ढिला हुनुभएको रहेछ, बल्ल पो रहस्य खुल्यो ।' केही साथीले स्वाभाविक रूपमा प्रतिक्रिया दिए । टोनेले बाघको दुधको इतिहास पर्गेल्दै भने, "हाम्रो यात्राको थालनी गर्दा एक जना मित्र घरमै बनाएको तीनपाने बोकेर ल्याउँथे र साथीहरूलाई चखाउँथे पनि । सुरु सुरुमा चाख्ने साथीहरूले केही बढी नै चाखेपछि अप्ठ्यारा बाटातिर लाग्ने, बढी फुर्ती लाउने, बाघले झैँ घुरेर हेर्ने गर्न थालेपछि हाम्रो समूहले यसको नाम जुरायो 'बघिनीको दुध' ।" टोनेले अझ प्रस्ट्याउँदै भने, "ती मित्रले आफ्नो घरमा यो नभएको वेलामा यसरी नै घुम्दा कुनै घरमा पसी जसरी हुन्छ खोजेर ल्याइछाड्थे । त्यसैले पुराना साथीहरूका लागि यो नयाँ कुरा भएन । नयाँ साथीहरूलाई भने नौलो नै लाग्यो होला ।" उनले एक दुई बिर्को चाखेर हात बढाउने साथीतिर बोतल थमाइदिए । हात हातमा घुम्दै अन्त्यमा मेरो हातमा आइपुग्दा अझै एक चौथाइ त बाँकी नै थियो । केही महिला साथीहरूको आश्चर्यको जिब्रो टोकाइ र खासखुस भने अझै रोकिएको थिएन ।

स्रष्टा पदयात्राको महत्वपूर्ण र मौलिक पक्ष भनेको रचना वाचन नै हो । थालनीदेखि नै यसले अध्यावधि निरन्तरता पाइरहेकै छ । आजको यात्रामा पनि यसपछि यहीक्रम थालियो । सबै साथीहरूले आआफ्ना रचना वाचन गर्नुभयो । यस्ता यात्रामा कविता, गीत, गजल, हाइकु, तान्का जस्ता छोटा छरिता रचना नै सुनाउन उपयुक्त हुने हुँदा सबैले यिनै विधाहरू रोज्यौँ । मेरा पालामा मैले 'भोलाको झोला' शीर्षकको पूर्व प्रकाशित बालकविता नै सुनाएँ । अरू साथीले प्रायः ताजा ताजा रचना वाचन गर्नुभयो । यसरी रचना सुनाएर मात्र पर्याप्त हुँदैन । त्यसका बारेमा तत्काल टिप्पणीको व्यवस्था हुनुपर्छ र यसबाट स्रष्टा बढी लाभान्वित हुन्छ भन्ने मेरो मान्यता छ । हाम्रो यात्रामा यात्री सङ्ख्या र समयको तालमेलमा यो कहिले लागु हुन्छ त कहिले हुँदैन पनि ।

यसपछि हामी सिधै तलतिर लाग्यौँ र दोभान भन्ने ठाउँमा आइपुग्यौँ । यो काभ्रेपलान्चोक र ललितपुरको सीमा छुट्ट्याउने खोला रहेछ अनि पनौती जाने बसको अन्तिम स्टप पनि । यति वेला दिनको चार बजिसकेको थियो । अझै कुनै बस यहाँ आइपुगेको थिएन, नआउने सम्भावना पनि छ अरे । बस आएपछि यात्रु पर्खदैँ आधा घण्टा कुरेर मात्र हिँड्छ अरे । यहाँबाट पनौती पुग्न बसलाई एक डेढ घण्टा लाग्छ अरे । यस्तै यस्तै अरे अरेका कुराले हाम्रो यात्रा पनि बेटुङ्गामा पऱ्यो । केही साथी पनौती भएर घर फर्कने भन्दै बस कुर्न थाले भने केही यहाँबाट बढीमा दुई घण्टामा सूर्यविनायक पुगिनेमा दृढ रहे । अन्त्यमा बेटुङ्गोको बस कुर्नुभन्दा त आफ्नै गोडामा विश्वास गर्नुमा बुद्धिमानी हुनेमा धेरैको मत्यैक भयो । त्यसैले हामी पुनः हिँड्दै उकालियौँ ।

दायाँतिर पहाड र बायाँतर्फ खोलाको बाटो हुँदै हामी अगाडि बढ्यौँ । बेला बेलामा हामीहरू 'बघिनीको दुध'को घुट्को लाउँदै आफनो ऊर्जा थप्दै पनि गर्न थाल्यौँ । ठाडी उकाली नसकिँदै बाँकी रहेको बघिनीको दुध सकियो । अन्तिम थोपो मुखमा चुहाएर मैले बोतल बाटाका छेउमै राखिदिएँ, कसैले पुनर्प्रयोग गरिहाल्छ कि भन्ने आसमा । बाटैभरि ठोट्ने खोजाइको क्रम पनि रह्यो । पहिले नै काटिएर बेचिसकिएका ठोट्नेको झाङमा ससाना पालुवा पलाउँदै थिए । म भने यसको ढुङ्ग्रो खोज्दै थिएँ । साथीहरूले कलिला पात टिपेको देखेर यस्तो पनि खाइन्छ र ? भन्ने लागेको थियो तर अचारका लागि भित्र पात भएको ढुङ्ग्रोभन्दा कलिला पात बेस भन्ने कुरा साथीहरूले भनेपछि मैले पनि त्यस्तै पात साहोरे झोला भरेँ । हिँड्दा हिँड्दा शरीर लोत भइसक्यो अझै गन्तव्य आइपुगेको थिएन । यो त कुनै कविले

पुग्छु भनेर हिँडेको ठाउँ त पाइलै पिच्छे पर सर्छ

कहिलेकाहीँ घुम्तीहरूमा पुगेँ जस्तो पनि लाग्छ ।

भनेझैँ भएको थियो हामी सबैलाई । घाम डुब्यो, साँझ पऱ्यो, तारा उदाए केही बेरमा जून देखियो आकाशमा तर हाम्रो सूर्यविनायक अझै देखिएको थिएन । रयाले, रानीकोट घ्याम्पेडाँडाको आसपास हुँदै अगि बढेका हामी बल्लतल्ल साढे आठ बजे सूर्यविनायक आइपुग्यौँ । केही बेरको बस कुराइपछि आआफ्ना आवासतिर लाग्यौँ । म घरभित्र छिर्दा साढे नौ भइसकेको थियो । मोबाइलको गणनाले २१ किलोमिटरको हिँडाइ देखाउँदा छक्क परेँ । दुई गाँस टिपेर ओछ्यानमा लडेको म भोलिपल्ट बिहान आठ बजे पो ब्युँझेछु । उठ्दा शरीर र मन दुवै चङ्गा थिए । हृदय युद्ध जितेझैँ प्रफुल्ल थियो ।

■

# मनभरि दामन !

**(यो ४१ औँ पदयात्रा हो । यो यात्रा २०७६ साल चैत्र १ गते काठमाडौँको कलङ्कीबाट बसचढेर मकवानपुरको दामनसम्म पुगी त्यहींको वनमा थियो । यस यात्रामा २८ जना स्रष्टा सहभागी थिए ।)**



## खोलाघरे साहिँलो

राति साढे नौ बजेको हुन्छ घर आइपुग्दा ! शीतल सर काँडाघारी चोकमा ओर्लिनुभयो, अलि अगाडि नै डिल्लीराज सर सनराइज चोकमा ओर्लिनुभएको थियो । शीतल सरले ओर्लिंदा–ओर्लिंदैं भन्नुभयो, "ब्यानर पनि फुकाएर लिएर जानोस् है, उतै राख्नुहोला !" म फोर्स पार्कमा बसबाट ओर्लिएसँगै सहचालक पनि झर्छ र मलाई ब्यानर फुकाउन सघाउँछ । एक छेउको सुतरी गाँठो परेको रहेछ फुकेन, झ्वाट्टै तानिदियो, चुँडियो च्वाट्टै, कस्तो बुचो देखियो चार कुनामध्येको एउटा कुनो ! माया त लाग्यो नि तर हतार गऱ्या केटाले, थोरै खोटी भैहाल्यो । पट्ट्याएर बोक्छु, उनीहरू दुवैलाई बाई बाई गर्छु र अनि उकालो लाग्छु । पाँच मिनेटमा घर आइ पुगेर ब्यानर बेरेर जतनले दराजमाथि तेर्सो पारेर राख्छु, दिनहुँ देखिने गरेर ताकि मैले यस दिनलाई निकै दिनसम्म बिर्सिनु नपरोस् ! यस पटकको पदयात्रालाई अरू पदयात्राहरूलाई जत्तिको मात्रै महत्व दिएर भएको छैन, अलि कति कुरा पनि बिर्सिन मिलेको छैन, किनभने 'यो एकचालिसौँ पदयात्राको वर्णन लेख्ने जिम्मा खोलाघरेको है !' भनेर निर्देशक शीतल गिरिले दिउँसो दामनमा भन्नुभएको छ, त्यसैले । 'बिहान थानकोट, नागढुङ्गातिरै यो जिम्मा पाएको भए !' आफ्नै मनले सोच्छ । हरेक ठाउँका नाम हेरिन्थ्यो, सोधिन्थ्यो । परिवेशको टिपोट गर्दै गरिन्थ्यो, आफ्नै तालमा मस्तराम भएर यात्राको आनन्दतिर मात्रै ध्यान गयो । फर्केर आउँदा राति भएको हुन्छ, केही

देख्न पाएको भए पो ! जे होस् हिङ नभए पनि हिङ बाँधेको टालो कसो नहोला भन्ने सम्झेर लेख्न थालेको छु !

अब सुरू गर्छु है, माथि कोट्याएको कुरो भन्न ! कोरोनाको असरपूर्वको यो पछिल्लो अभियान । यसपछिका महिना यात्रा–शून्य भएका छन्, अब पनि कहिले हो थाहा छैन । कोरोनाको सङ्क्रमण बढ्दै गएको छ । म २०७६ साल चैत्र १ गते शनिबारको पदयात्राको कुरो लेख्दै छु । 'बिहान बस लिएर आउनुहोला, साढे ६ बजे !' यो शीतल सरको सल्लाहअनुसार म घरबाट ६:२५ मा निस्किएको हुन्छु । भुइँमा उज्यालो परै खसिसकेको छैन । पाँचै मिनेट लाग्छ कस्सिएर हिँड्दा हाम्रा घरबाट फोर्सपार्क पुग्न । साढे छ बजे यहीँ भेट्ने निधो गरेको हो बसवालासँग तीन दिनअघि नै । कुरो छुट्यो अलिकति । बस बन्दोबस्त गर्न पनि शीतल सरले अस्ति मलाई नै जिम्मा दिनुभएको हो । फोर्सपार्कबाट माछापोखरीसम्म जाने आउने सिटी बसमध्ये एउटासँग बल्ल बल्ल रिजर्भ मिलाएको थियो १४ हजारमा । १८ हजार पो भन्थ्यो त सुरूमा ता ! दामनसम्म जाने र आउने भाडा । मिलेर बस्न सके ३० जनासम्म अटाइन्छ भनेको थियो, खास सिट चैं बाईसवटा मात्रै थिए । अनि, आज बाटो लाग्नुअघि मैंले घरबाटै बसवालाललाई फोन गर्छु । 'म फोर्सपार्कमै छु' भन्छ ऊ । हतारिँदै जान्छु आफूले पो ढिलो गरेछु भन्ने लागेर । उस्स:.....केको हुन्थ्यो फोर्सपार्कमा ! पार्किङ भएर बसेका अनेक बस हेर्छु, त्यो नं. भनेर अरूसँग पनि सोधी हेर्छु । अहँ, आफूले बन्दोबस्त गरेको नं. वाला बस ता कतै छैन त ! फेरि फोन गरेको पश्चिमपटि छु भन्यो उसले । पश्चिमी डाँडातिर लाग्छु, एउटा उताबाट आउँदै गरेको ठुलो वाहनको हेडलाइट मेरा आँखैमा पर्छ, नजिक आउँदा ता त्यही पो रहेछ आफूले बन्दोबस्त गरेको गाडी ! कति सिपालु हुन् यिनीहरू ढाँट्न ? अनि, लाग्छौं बाटो । मैले बस चढ्दाचढ्दै 'मङ्गलम् भगवान् विष्णुः मङ्गलम् गरूडध्वजः मङ्गलम् पुण्डरीकाक्षः मङ्गलाय तनो हरिः' भनेर आजको हाम्रो अभियानका लागि हामी सबैको मङ्गलकामना पनि गरेको छु ।

काँडाघारी सनसिटी छेउबाट शीतल सरका लागि गाडी रोकाउँछु, अलिक पर सनराइज चोकमा डिल्लीराज सर पर्खिरहनुभएको थियो, चढ्नुहुन्छ । को कहाँ कति बजे आइपुग्ने भन्ने सूचना पहिले नै भैसकेकाले हामी निर्धारित समयमा कोटेश्वर पनि पुगेका हुन्छौं । कोटेश्वरमा हाम्रो बस पर्खिएर निकै जना बस्नुभएको हुन्छ म को–को कहाँ–कहाँ चढ्नुभयो भनेर पुरै जान्दिन होला किनभने म पनि यस अभियानका लागि नयाँ–नयाँ प्रवेशी हुँ र सबै पदयात्रीसँग परिचित भई नसकेको अवस्था छ मेरो पनि । योसमेत म पाँचौं पटक मात्रै सहभागी भएको छु पदयात्रामा । बिहानै भएकाले सडकमा भिड छैन बरू जाडो छ । काठमाडौंमा जाडो हत्तपत्ती निखिँदैन रहेछ । कोटेश्वरमा

माधवलाल श्रेष्ठ, सुमन थापा, सुनिता थापा, विमल अर्याल, वसन्त रिजाल, घनश्याम प्रसाईं, पर्शुराम परासर, शारदा पराजुली, जयन्ता पोखेल, ताल्छीखेलमा प्रवीण पुमा राई र लीलाराज दाहाल, बल्खुमा ध्रुव घिमिरे र डिल्ली रमण सुवेदी, कलङ्कीमा डा. धनप्रसाद सुवेदी, डा. यादेवी ढकाल, गीता रेग्मी, प्रभा बराल, एन.बी. जनकपुरी, गोविन्द नेपाल, सरस्वती अर्याल यति चढ्नुहुन्छ फटाफट । यसअघि ताल्छीखेलबाट अघि बढेपछि धोबीघाटमा ७:५ बजे मेघा अस्पतालको अलिकति अगाडि मैंले नै रोकाएको थिएँ बस । यहाँ शान्ति सापकोटा र मन्दिरा मधुश्रीलाई चढाउनु छ हामीले । निश्चित समयभन्दा ३ मिनेट ढिलो हुँदा उहाँहरू दुवै आइपुग्नुहुन्छ अब हाम्रो अर्को अडान कलङ्कीमा हुन्छ, हामी ७:१५ मा पुगेका हुन्छौँ । त्यहाँ जनकपुरीलगायत सात जना मित्रहरू तयार भएर हामीलाई पर्खिरहनुभएको चढ्नुहुन्छ, माथि लेखिसकेको छु यो कुरो ।

ऋचा र शशी थापा पण्डितलाई निकै बेर पर्खिनुपरेको सम्झना छ । ७:५५ मा उहाँहरू पनि हतारिँदै आइपुग्नु हुन्छ । यति हुँदा हामी जम्मा २७ जना हुन्छौँ । अब हामी सबै चढिसकेपछि बसले पनि गति लिन्छ । १४ हजारको बन्दोबस्त मिलाउन खटिहाल्नुहुन्छ घनश्याम प्रसाईं । २७ जनालाई ५३० रूपैयाँको दरले उठाउने सहमति भएअनुसार घनश्याम सरले पैसा सङ्कलन गर्नुहुन्छ सबैबाट । परिआएका काममा छिटो अघि सर्नुहुन्छ घनश्याम सर । उपत्यकाभित्रै त उल्लेख्य कुरा के थियो र ? कलङ्कीबाट ढुङ्गेअड्डा, नैकाप, सतुङ्गल, गुर्जुधारा, थानकोट हुँदै हाम्रो बस नागढुङ्गाबाट नागबेली मार्ग पछ्याउँदै ओरालो लागेको छ । नेपालको सबैभन्दा पुरानो राजमार्ग त्रिभुवन राजपथको दायाँबायाँको भिरालो सतह, उत्तरतिर पारि देखिने पहाडका रमाइला गाउँहरू, तल... निकै तल एउटा खोलो त्रिशूलीलाई भेट्न हतारिएको... हामी थाहानगरको दामनलाई हेर्न हतारिएजस्तै । झ्याप्ले खोला, खेस्टे खोला, सिस्ने खोला खै अरू के-के नाम गरेका साना-साना खोलाहरूका नाम पनि पढ्दै जान्छौँ हामी । यो सिस्ने खोलादेखि थानकोटसम्मको सुरूङमार्ग बन्न लागेको छ रे ! अहिले बिहान र बेलुका हुने सवारीजामलाई सहज बनाउन यसो गर्न लागिएको भनिएको छ । पुग्यो हाम्रो बस नौबिसेमा । 'नौबिसे' अर्थात् ? उहिले मोटरबाटो नखुल्दा पैदल, भारी ल्याउँदा लैजाँदा काठमाडौँदेखि यहाँसम्म नौपल्ट बिसाउँदा आइपुगिन्थ्यो रे ! यो ठाउँ नवौँ बिसाउनीमा पर्दो रहेछ र बोल्दै, भन्दै लाँदा नौबिसे भएछ । यहाँबाट दाहिने लाग्छ ठुलो बाटो । त्रिशूली करिडोर भने पनि भयो यसलाई, नाम चैं पृथ्वी राजमार्ग । राजधानीबाट पोखरा जान, मुग्लिन हुँदै तराई जान, तराई हुँदै पूर्व वा पश्चिम जान यो मुख्य राजमार्ग हो । दाहिने लाग्छ पृथ्वी राजमार्ग छातीमा अनेक



सानाठुला वाहन बोकेर । हामी भने देब्रेतिर लाग्छौँ, सानो बाटो त्रिभुवन राजपथबाट मनभरि दामन ताकेर ।

हाम्रो अनुमान छ दस बजे दामन पुगिन्छ भन्ने, तर के पुगिन्थ्यो !

बसवालाको आफ्नै बस रहेछ । बिस्तारै कुदाउने । सहजले हिँड्ने । थापा ट्राभल्सको बा.३ ख ७०६१ नं. को बस सबै कुरामा शान्त । सावधानी, मितव्ययिता, मिजास सबै कुरामा अनुकूल स्टाफ पनि । दुई जना त थिए !

म र पर्शुराम परासर दाहिनेपट्टि दोस्रो सिटमा, पहिलोमा दुई तालव्य शबाट नाम उठेका शारदा र शीतल गिरी, उहाँकै छेउमा भुइँमा टायरमाथि जनकपुरी सर, अगाडि बनेटमा पनि चार जनाजति । माधवलाल सर र प्रवीण पुमा केविनमा । गीता रेग्मी र शान्ति सापकोटा ढोकाकै छेउको सिटमा । यो सिट हामीले उहाँहरूलाई रिजर्भ राखिदियौं, अरूलाई बस्न खोज्दा पनि 'त्यो सिट शान्ति र गीताजीलाई राखिदिएको' भनेर रोकेका हौँ । यसको कारण छ– गत मङ्सिर ७ गते सिन्धुलीगढीको पदयात्रामा जाँदा उल्टी गर्दागर्दा निकै शिथिल बन्नुभएको थियो रे ! एक जना, अनि यसपालि सावधानी गर्नै पर्‍यो नि !

म ता सो यात्रामा इलामबाट सोझै आएर उतै सहभागी भएको थिएँ । त्यो हविगत सम्झिएर यसपालि शीतल सरको सुझ बेलामाथि काम लाग्यो । संयोजक भएपछि विवेक पनि चाहियो नि त ! हामी अरू ता उहाँकै मातहतका न हौं ! र यसपालिको यात्राभरि हामी सबै सकुशल रह्यौं, कसैले उल्टी गर्नुपरेको देखिएन, सुल्टी... गर्नु परेको थियो कि त्यो भने सम्बन्धितलाई नै थाहा होला !

अँ त हाम्रो बस अनेक घुमाउराहरू छिचोल्दै अघि बढिरहन्छ । बसभित्र हामी विभिन्न कित्तामा विभिन्न चर्चा गर्दै समय धपाउँदै हुन्छौं, समयले हामीलाई पो धपाउँदै थियो भने पनि हुन्छ । डिल्लीरमण सुवेदी पत्रकार । घरि बस्ने घरि उठेर कसैका छेउमा गएर 'बोली अँठ्याउने भाँडो' थाप्नुहुन्छ । जयन्ता बहिनीले उठेर गीत गाउन थाल्नुहुन्छ सुरिलो आवाजमा, मन्दिराले सघाउनुभयो क्यारे अलिअलि, अरूबाट खासै साथ पाउनुभएन र एकछिनमा यो उत्साह आफैँ सेलायो । यता जनकपुरी सर पनि घरिघरि कुनै कुनै गीत उरालिहाल्नु हुन्छ । कसैले चक्लेट, कसैले सुन्तला, कसैले भुटेका मकै भटमास ल्याएको हुन्छ, वितरण पनि भइरहन्छ । हामीले कुराले मुख चलाइरहन्छौं, दाँतले के-के चपाइरहन्छौं । भित्रको वातावरण यस्तै छ बाहिर पनि कम रमाइलो छ र ?

सरररर बस गुडिरहेको छ । राति पानी परेकाले कताकता बादल देखिए पनि उत्तरतिरका हिमाल निकैवटा खुलेका छन्, छ्याङ्ग देखिन्छ मनमोहक दृश्य । हामी पूर्व गइरहेका छौँ । घरिघरि सानासाना खोलाहरू पनि आउँदै हुन्छन् । सुँगुरे खोला नाघेर अलिक पर गएपछि हामी अर्चले भन्ने ठाउँमा पुग्छौं । थात्रे गापाको वडा नं ४ लेखेको थियो एउटा होटलको बोर्डमा । कता कता लेखेको प्रस्टैसँग पढ्न पाए त जानिने हो, नत्र दौडिएको गाडीबाट त्यति सम्भव नहुने ।

सेप्याङ खोला, सिर्दो खोला यस्तै अरू के-के नामका अनेक खोलाखोल्सा आए, छोडिए । यदाकदा अरू वाहन पनि भेटिन्छन् तर साह्रै पातला, वाहनहरूमा चाहिँ बढी सङ्ख्यामा मोटरसाइकल चलेको पाइयो ।

भिरालो धरातललाई काटेर बनाएको बाटो । दुवैतिर घरिघरि सानातिना बस्ती पनि आउँछन्, होटलहरू पनि ठाउँठावै । दुवैतिर जङ्गल चाहिँ निकै भेटिन्छ । वनस्पतिहरूमा चिलाउने, मौवा, बर्रो, उत्तिस, लप्सी, ढाल्ने कटुस, मलातो, जुरे काफल, भोगटे, सिउँडी, सिमल, चुत्रो यस्तै देखिन्छन् आफूले चिनेका नाम । नचिनेका वनस्पति ता कति हो कति ! बुट्यान भनेकामा तितेपाती, बनमारा, तिते पनि देखियो । पानी अमला ता कति हो कति ! भित्तैभरि, जङ्गलैभरि !

'ड्राइभर भाइ ! यसो कतातिर एकछिन रोक्नुपर्ला है !'

कसैले पछाडिबाट उच्च स्वरमा बोलेको सुनिन्छ ।

'अँ, बिहानको चिया र अघिको सुन्तलाको झगडा खपिनसक्ने जस्तो छ है !' अरू कसैले थपेको पनि सुनिन्छ । लघुशङ्काका लागि भनेर बुझियो । कुरो सर्दैसर्दै ड्राइभर भाइसम्म पुगेको ५ मिनेटजति पछि एक ठाउँमा बस रोकियो भित्तापट्टिको अलिक फराक ठाउँमा । हामी सबै ओर्लिन्छौं । 'एकातिर महिलाहरू जाने, अर्कातिर पुरूष जाने है' भन्दै एकजना अघि

लागे, हामी पुरूषजति उनका पछि लाग्यौं । पाँच मिनेट भनेकामा पन्ध्र मिनेटभन्दा धेर अलमल भयो । भित्तामा लम्किएर कसैकसैले पानीअमला पनि तान्नुहुन्छ, बाँडेर खाएको पनि देखियो । पानीअमला नचिन्ने पनि निकैजना हुनुहुँदो हो, नौलै लागेछ । आफूलाई ता चासो भएन । उहिले हामी साना छँदा मौवा, पाँचथरमा स्कूलको उत्तरपट्टिको पाखैभरि भएको, हामीले उखेलेर खाएको, अरू पनि अनेक ठाउँमा पानीअमला छाप्छाप्ती भेटेको 'घरै पिँडालु, वनै पिँडालु, ससुराल जाँदा बाह्र हातको पिँडालु' भनेजस्तो भोगिसकेको मलाई यो ठाउँको पानीअमलाले खासै तानेन ।

सबैका मोबाइल, क्यामेरा जीवन्त बनेर फोटो खिच्न थालेछन् । कोही हिमाललाई पृष्ठमा पारेर, कोही समूहमा कोही एक्लै, कोही दोक्लै । ठुलो क्यामेरा बोक्ने र घरि कता घरि कता तेर्स्याइरहने डिल्लीरमणजी अघि कतिखेरदेखि सक्रिय रहेछन् । बसतिर आउने क्रममा को-कसका छेउछाउमा परेको हुन्छ कसले हेक्का राखेको हुन्छ र ? म कतिखेर लड्न लड्न खोजेको जस्तो बाङ्गिएको रहेछु, नजिकै डा. यादेवी ढकाल हुनुहुँदो रहेछ, पत्रकारका क्यामेराले कुन सड्को हामीलाई र अरूलाई पनि कैद गरिसकेछ । कसैलाई उस बेला थाहा भएन । भोलिपल्ट पो, ..होइन पर्सिपल्ट रैछ एनबी जनकपुरीको फेसबुक वालमा देखियो (धर्खरिएर वा चिप्लिएर लड्नै आँटेको म, मलाई भर दिन सक्नेगरीको दूरीमा डा. यादेवी ढकाल रहनुभएको र '...लडें लडें लडें म त लौ न समाऊ...' लेखेको फिल्मी छायाङ्कनकै रङ्गढङ्गमा फोटो पोस्ट गरेको देख्ता पो म त तीन छक्क परैँ । सबै सहयात्रीहरूलाई यसले पछिबाट भए पनि मनोरञ्जन दियो होला भन्ने लाग्यो । कति चलाख हुनुहुँदो रहेछ हाम्रा साथीहरू ? बसको अगाडिपटि आयौँ सबैजना । सामूहिक फोटो खिच्ने प्रस्तावअनुसार । 'स्रष्टा पदयात्रा' लेखेको ब्यानर देखिने गरेर फोटो लिइसकेपछि पुनः यात्रा अघि बढ्छ हाम्रो ।

हाप्से चौरदेखि अघि बढेपछि भने गाउँबस्तीका दृश्यहरू आउन थाले है ! खेतीपाती पनि देखिन थाल्यो । तर्कारी बाली धेरैजसो । मलातो, उत्तिस यता पनि देखियो । सिस्नो भित्तैभरि कतैकतै त । डाले घाँसमा दुधिलो, पैयुँ, खनिउँ, निभारो पनि कताकता देखिन्छ । 'नौखर्क' पुगियो । यो थाहा नगरपालिकाभित्रै पर्दोरहेछ । पर–परसम्म गाउँ देखियो । अब भने गन्तव्यको नजिक पुगिएछ भन्ने अनुमान भयो । दामन पनि थाहा नगरमै पर्छ नि त !

बस गतिमान् छ, हामी पनि बसभित्र मतिवान् छौं । कसका ज्ञानमा के छ ? कसका घतमा केले प्रभाव पारेको छ ? झुन्ड–झुन्डमा चर्चा छ, कोही निस्क्रिय छैन । परशुराम सर के–के टिपोट पनि गर्दै हुनुहुन्छ, मेरै छेउमा दाहिनेपट्टि बसेर ।

'टिस्टुङ, २०३० मिटर' लेखेको

सडक विभागको ठुलो कोसेपाटी देखियो । हाम्रो उत्साह जुर्मुरायो । लु, पुग्न लागिएछ है ! अब पालुङ पनि आइहाल्छ । मैले सम्झिएँ मनमनै । उपत्यकाजस्तै डोल परेको ठाउँ पर–परसम्म देखिन्छ । आरूबखडा, आलुचा, पलम, नास्पाती भरिभन्डै फुलेको देखिने गावैभरि । आरूबखडा रातोमा बैजनी मिसिएको फुलेको, अरू सबैको सेताम्मे फूल । गाउँभरि बुट्टा भरेजस्तो सेता थेग्लैथेग्ला ।

२०३१ सालमा पहिलो पटक म यो बाटो भएर राजधानी आएको थिएँ । उस बेला अरू बाटाघाटा बनेका थिएनन् । पूर्वबाट राजधानी पस्ने यो एउटा मात्रै बाटो थियो । महेन्द्र राजमार्ग पनि खण्ड–खण्डमा निर्माण हुँदै गरेकाले सबै जोडिएका थिएनन् । मुग्लिन र चितवन जोडिएपछि, हेटौँडा र चितवन खण्ड पूरा भएपछि मात्रै पृथ्वी राजमार्गबाट नियमित रूपमा सवारी चल्न थालेका हुन् । ठ्याक्कै कहिलेदेखि भन्ने त मलाई थाहा छैन तर पनि २०३५ र ३६ तिर मुग्लिन-नारायणघाट जोडिएको होला पक्की सडकले । अनि त पूर्व–पश्चिम सबैतिरबाट राजधानी आउन धेरै सरल भएको हो नि ! यो त्रिभुवन राजपथबाट म उसवेला राजधानीबाट फर्किंदाको केही सम्झनाको अझै झझल्को छ । वीरगन्ज जाने गाडीबाट पथलैयासम्म र त्यहाँबाट अर्को ढल्केबरसम्मको, अनि इटहरीसम्मको, यसरी टुक्रे यात्रा गर्नुपरेको थियो । हो, त्यसैबेला मैले यी टिस्टुङ र पालुङलाई एक नजर हेर्न पाएको थिएँ । त्यसपछि पनि कृष्णभिरमा पहिरोले थुनेका बेला एक खेप र कुनै अर्कोपल्ट राजधानीबाट फर्किंदा एक खेप हिँडेको छु । अहिले मलाई उस वेला देखेका रमणीय दृश्यहरूलाई नवीकरण गर्ने हतार छ, उत्कण्ठित छु ।

के के तर्कनामा रूँमलिंदै बाटो ता कटिसकेछ पो !

आयो है आयो पालुङ पनि ! बसभित्र छौँ । उही सडक छेउछाउमा ठुला–ठुला अक्षरमा लेखेका पाटी देखियो भने त्यो पढेर जानिने ता हो नि ! नत्र कसैले सहजीकरण गर्नुपर्यो, अन्यथा एकसरो बाटो मात्रै हिँडदा कति पो जानिन्छ र ? 'भाग्गेजोग्गे भए खाइन्छ चिउरा' भन्ने उखान छ नि ! हामी पनि भाग्यमानी परेछौँ, सहजकर्ता भेट्टाइहाल्यौं । पालुङ प्रवेश गरेर थानानगर बजार, ओखर बजार, स्कुल चोक, खानी गाउँ आदि छिचोल्दै अगाडि बढेपछि शिखरकोटमा हाम्रालागि सहजकर्ता भेटिनुहुन्छ । एक जना, दुईजना मात्रै हो र ? पाँचजना एक से एक कुशल, स्थानीय साथीहरू सडकको मास्तिरबाट आएर हाम्रो बस रोकाउनुहुन्छ र चढ्नुहुन्छ । एकजना ता मेरा पूर्वपरिचित मित्र पो हुनुहुँदो रहेछ 'बिर्खे अञ्जान' उहाँलाई देख्नेबित्तिकै खुशीले झन्डै उफ्रिएँ पो म त ! पालुङ साहित्य परिषद्का अध्यक्ष– बिर्खे अञ्जान । उहाँलाई भेट्ता मैले हामी चितवनमा पल्लवको कार्यक्रममा भेटघाट र चिनजान भएको सम्झिएँ । दाह्री पालिरहनेले

एक खेप दाह्री काट्नुभएछ, साविकको मान्छे नै होइनजस्तै देखिनुभयो, दाह्री भएकै चाहियो भनिदिएको थिएँ मैले । धेरै सक्रिय मान्छे उहाँ । साहित्य र समाजसेवामा समर्पित व्यक्ति । मैले परबाट गरेको थोरै मूल्याङ्कनले के थाम्थ्यो, उहाँ अझै धेरै हुनुहुँदो रहेछ । उपाध्यक्ष हुनुहुँदो रहेछ 'नवराज बर्तौला' उहाँसँग नयाँ चिनजान भयो । सचिव भद्रध्वज गौतम । फेसबुकमा 'गौतम भद्रध्वज' लेखेको पाएँ । पत्रकार, कवि– राम बर्तौला, सहृदय, सहयोगी व्यक्ति । लोकगायक, कवि– शालिकराम बर्तौला, अविरल बोलेर थाक्नै नजान्ने रसिक व्यक्ति । यति पाँच जनाको साथ पाएका छौं हामीले शिखरकोटदेखि दामनसम्म । दामनमा एकजना स्थानीय अभिभावक 'सधन कार्की' ले पनि हामीलाई ढुक्कै साथ दिनुभयो ।

बाह्र बजे नाघिसकेको थियो दामन पुग्दाखेरि । दस बजे आइपुग्ने सपना... चकना चकना ! २३२२ मिटर उचाइमा रहेको दामन । अझै उचाइमा रहेको सिमभन्ज्याङ पूर्व–दक्षिणमा उभिएर हामीलाई लोभ्याइरहेको हुन्छ तर समय खोइ र हामीसँग ? त्रिभुवन राजपथको सर्वाधिक उचाइको गर्व बोकेको सिमभञ्ज्याङले हाम्रो स्वागत गर्न पाएन । १० बजे नै आइपुगेका भए ६ किलोमिटर माथि रहेको सिमभञ्ज्याङ हेर्न पक्कै पनि गइन्थ्यो नि !

त्यहाँबाट तराई छ्याङ्गै देखिन्छ । लामीडाँडाबाट नागबेली भएर घुम्दै–घुम्दै आएको सडक, वल्लो डाँडाबाट देखिने भीमफेदी, हेटौँडा, सानी राप्ती र झन्डै चितवनसम्मै ठम्याउन सकिने दृश्य, चारकोसे झाडी आदि दृश्य हेर्नबाट हामी वञ्चित भएका छौँ । अलिक छिटो बस हाँक्न लगाएको भए हुन्थ्यो होला । बिहान कलङ्कीमा ४० मिनेट मान्छे पर्खिनु परेर पनि हो । सबै कमजोरी हाम्रा आफ्नै हुन् 'किन रोइस् मङ्गले आफ्नै ढङ्गले !'

दामनमा अरू कार्यक्रमभन्दा पहिले भोजन गर्ने ठहर भयो र मुख्य चोकको उत्तरपट्टिको खाली ठाउँमा भेला भयौं । कोही उभिएरै कोही बसेर भोजनमा जुट्छौं । स्रष्टा पदयात्राको आफ्नै अनुशासन छ, भोजन लिएरै जाने । निर्देशकले भनेअनुसार जस–जसले जे–जे ल्याएको निकालेर बाँड्न थाल्छौँ । मलाई परौठा ल्याउने निर्देशन थियो । रोटी, पुरी, दाल, पुलाउ, तरकारी खालखालका, पापड, दही चिउरा, मासु, अण्डा आदि । कतिपय थाल, कचौरा, गिलास, प्लेट, चम्चा आफैंले लिएर गएका थियौं, डिस्पोजेबलको पनि व्यवस्था छँदैथियो । खाइसकेर सरसफाइ पनि भयो, फोहोरलाई टुङ्गो लगाइयो । हाम्रो टोलीले आफूद्वारा बनेको फोहोर आफैं व्यवस्थापन गर्ने अनुशासन राम्ररी पालना गर्छ । हामीले सहभोजन सकेर सरसफाइ पनि गरिसक्छौँ । फोटो खिच्न ता हरेकको चासोभित्रै पर्ने कुरा भयो, यहाँ अपवाद हुने कुरै भएन । अलिक पर, तलतिर डोल परेको गैह्रीमा लालीगुराँस फुलेका देखिन्छन् । त्यहीं नजिकै डिलमा पनि

एउटा बोट मजाले फुलेको रहेछ । एक जनाले (नाम भन्दिनँ) ता गएर तलैबाट पुगिने तीनवटा थुँगा भएको एउटा हाँगो भाँचिहाल्नुभयो त ! अनि त्यही हाँगो शिरमा समातेर कसैले, पृष्ठभूमिमा पारेर कसैले फोटो पनि खिचिहाल्नुभयो । 'यहाँ फूल टिप्न, हाँगा भाँच्न मनाही छ, ५०० जरिवाना हुन्छ' अलिक पर ढुङ्गामा बसेर हाम्रै गतिविधि नियालिरहेका दुई स्थानीय महिलामध्ये एउटीले भनिन् । सायद उनीहरू त्यतै जङ्गलमा बाख्रा चराउँदै थिए । एकछिनलाई अव्यवस्थित भयो, छिरोलिए पदयात्रीहरू ।

पालुङ साहित्य परिषद् (पासाप) को भने योजना अर्कै रहेछ । उहाँहरू हामीलाई दामनमा बसबाट झरेपछि सोही खुला ठाउँमा वा अन्यत्र भए पनि अनुकूल ठाउँमा जम्मा गराएर औपचारिक स्वागत गर्ने तयारीमा हुनुहुँदो रहेछ, योजनाबारे भन्न चाहिँ बाँकी रहेछ । हाम्रो भोजन गर्ने तत्परताले भन्न सक्नु भएनछ । भोका पदयात्रीलाई पर्खाउन पनि असजिलो लाग्यो होला नि त ! सो योजनाबारे कुरा चलेपछि भोजनपछि लगत्तै सोही ठाउँमा अनौपचारिक रूपमै टिका र खादा लगाइदिएर हाम्रो स्वागत गर्नुभयो उहाँहरूले । खाजा पनि ल्याइदिनुभएको रहेछ भुटेको मकै र मोही जो हामीले फर्किंदा बसमा उपयोग गर्यौं । अब भने हामी पासापका साथीहरूको अगुवाइमा त्यहाँका दर्शनीय स्थलहरू हेर्न थाल्छौं । देब्रेपटि लालीगुराँससँगै अन्य अनेकथरि वनस्पतिको जङ्गल । संरक्षित वन भएकाले सानातिना बुट्यान काटेर अन्य वनस्पतिलाई गोडमेल गरेको देखिन्छ । जङ्गल प्रवेश गर्नुअघि संरक्षित वनस्पति उद्यान रहेछ । उद्यानमा अनेकथरिका वनस्पति र तिनको वैज्ञानिक नाम पनि उल्लेख गरिएको । लालीगुराँस कतै फुलेको, कतै फुल्दै, कतै फुल्नै बाँकी पनि । उद्यानभित्रै एउटा लालीगुराँसलाई पृष्ठमा पारेर हामी सामूहिक र कतिपय व्यक्तिगत फोटो खिच्छौँ । सडकैसडक अलिक परसम्म जान्छौं । डाँडाको मध्यमा बाटो, दायाँबायाँ दुवैतिर कोणधारी र अन्य अनेक वनस्पतिले घनीभूत रमणीय जङ्गल । कति हेर्नू र ? यता समयले पखेटा फर्फराउन थालिसक्यो । यहाँ सम्पन्न गर्नुपर्ने काम अझै निकै छ ।

यसबेला हामी जम्मा ३२ जना छौं । वनस्पति उद्यान हेरिसकेपछि पूर्वतिर अलिक परसम्म सडकैसडक एउटा अग्लो डाँडामा लानुभयो पासापका साथीहरूले । तर त्यहाँबाट रमित चाहिँ नदेखिने, जङ्गलले छेलेर । डाँडाबाट ओर्लियौं सबै । सडकैसडक शान्ति, शशी, मन्दिरा र अरू पनि कतिजना अझै पूर्वतिर जानुभएछ । केही साथीहरू पासापका साथीहरूसँग यता फर्किनुभयो । हामी जनकपुरी, लीलाराज सर, ऋचा, माधवलाल सर, डिल्लीराज सर, शीतल सर लगायत पूर्व गएकाहरूलाई पर्खिएर बस्छौँ । 'मेरो झोला यतै होस् है, सरहरू यहाँ उभिइरहँदा म साथीहरूलाई बोलाएर

ल्याउँछु' भन्दै ऋचाले आफ्नो झोला मेरै छेउमा ल्याएर राखिदिनुभयो र शान्ति सापकोटाहरू गएतिर जानुभयो। निकैबेर पर्खियौँ उता गएका कोही पनि आउनुभएन। कार्यक्रम गर्न ढिलो भयो, अब घुमघाम र अन्य ढिलाइ सबै स्थगित गर्ने निर्णय भएर सबै फर्किन थाल्नुभयो । म र जनकपुरी मात्रै बाँकी रह्यौं । 'जाऊँ हामी पनि, कतिबेर पर्खिनु ?' जनकपुरीले भन्नुभयो । ऋचाको झोला पनि म बोक्छु र कार्यक्रमस्थलतिर लाग्छौं हामी पनि। 'मान्छे खेद्नु अघि लागि, पशु खेद्नु पछि लागि' हामीभन्दा अघि जानेले हामीलाई खेदे, अब हामीले पनि हामीभन्दा पछिकालाई खेद्यौं, लुखास्त...! किन ढिलो गर्नु त ?

वनस्पति उद्यानकै विपरीतमा अग्लो डाँडामा भ्युटावर छ। यहाँ चढेर हेर्दा उपत्यका जम्मै छ्याङ्गै देखिन्छ, अरू पनि सबैतिर हेर्न सकिन्छ भनेर भ्युटावरमा चढेर हेर्ने योजना थियो अघि यहाँ आइपुग्दैखेरिको । समयले दिएन । फेरि को कता, को कता भइयो, एकैचोटि सबै जम्मा नै भइएन। को चढ्ने, को नचढ्ने हुने भो । त्यही गएर रचना वाचनको कार्यक्रम गर्ने सल्लाह थियो पहिलेको, अहिले मान्छे छिरोलिएर त्यो योजना पनि बदल्नुपर्यो । सेल्फी डाँडामा पो कार्यक्रम गर्ने निधो भयो। हामी सरासरी सेल्फी डाँडामा जान्छौँ ।

शान्ति सापकोटालाई फोन गरेँ । 'सेल्फी डाँडामा आउनू तपाईंहरू सबै, यहाँ कार्यक्रम सुरू भयो !'

'ए ऽऽऽ हामी ता भ्युटावरमा पो गयौँ त सरासरी। अघिको कुरो त्यस्तै थियो र सबै यतै हुनुहुन्छ होला भनेर !'

'ल ल, छिटो आउनुहोला, यहाँ सबै जना हतारिँदै हुनुहुन्छ !' यति वार्ता गरेर म पनि सेल्फी डाँडाबाट रमित हेर्नेहरूसँग मिसिएँ ।

'आहा ! थाहा !!' तल देखिएको पालुङको भूबनोट र प्रकृति जादूमय देखिन्छ । थाहा अर्थात् थाहा नगरपालिका । बागमती प्रदेशको मकवानपुर जिल्लामा पर्ने सुरम्य भूगोल। यहाँ प्रकृतिको कालीगढीले जीवन्त मुस्कान छोडेर लाखौँ पर्यटकलाई आफूतिर तानिरहेको हुन्छ । लमतन्न भएर लगभग उत्तर–दक्षिण लाम्चो आकारमा रहेको, तीनतिर सदाबहार हरियालीयुक्त पहाडले पहरा दिएको, मनोहर उपत्यका पालुङ ।

'देशको राजधानी ता यहाँ पो बनाएको भए बेस हुने रहेछ ।'

मेरो आफ्नै मनले भन्यो। प्रशस्तै खोला खोल्सा, अन्न बाली वा तरकारी खेतीका लागि निकै उपयुक्त। सहर भएर पनि भिडभाडरहित, स्वच्छ वातावरण मान्छे, पशुचौपाया, चराचुरुङ्गी सबैले रोज्ने ठाउँ । झलक्क हेर्दै म त मोहित भएको छु । गाडीमा बसेर एकसरो बाटो हिँड्दा के पो देखिँदो रहेछ र ! यसरी खुला हिसाबले हेर्न पाएर असाध्यै खुसी छु म । अनि त पर्यटकहरू यहाँ आउँदा रहेछन् ! झट्ट रूपचन्द्र विष्टको सम्झना भयो। एकताका नेपाली राजनीतिमा चर्चित मान्छे रूपचन्द्र विष्ट ।

'रूपचन्द्रलाई जनताले एक रूपैयाँ र एक भोट दिए रे !'

'रूपचन्द्र कसैलाई पनि 'तपाईं' भन्दैनथे रे, 'तिमी' केहीलाई भन्थे रे, बाँकी सबैलाई 'तँ' बाटै सम्बोधन गर्थे रे !'

जनतालाई 'तिमीहरू भाते कुकुर हौ' भन्थे रे ! हामी इलाममा यस्ता कुरा सुन्थ्यौं रूपचन्द्र विष्टका बारेमा र छक्क पर्थ्यौं । अनि, सुन्यौं रूपचन्द्रले चुनाव जितेको कुरो पनि । पञ्चायतकालमा राष्ट्रिय पञ्चायतमा विधायक निर्वाचित भएका रूपचन्द्र पञ्चायतकै कट्टर विरोधी थिए । रूखो, हठी, सनकी स्वभाव भएका उनले कसरी यत्रो जनमत पाए त ? सबैमा यो जिज्ञासा थियो, अचम्म लाग्थ्यो उनको स्वभावका कुरा सुन्दा ।

सुधारका काम धेरै गरेछन्, जनतालाई सचेत बनाएछन्, छोराछोरीलाई स्कुल नपठाउने आमाबाबुलाई तथानाम गरेछन्, महिनामा एक दिन सामूहिक श्रम गर्ने चलन चलाएछन्, आफ्नो उन्नतिका लागि आफै अघि सर्नुपर्छ भनेर बोध गराएछन्, गरिबको उत्थान गरिबकै नेतृत्वमा मात्रै हुनसक्छ, सामन्तीले गरिबको कल्याण गर्दैनन्, हरेक कुराको 'थाहा' चाहिन्छ भन्थे 'थाहा पा, जान् भाते, बुझ् भाते' भन्थे रे ! जनतालाई । यस्ता कति हो कति उनका सुधारका कुरा त !

दामन र पालुङलाई एउटै गाविस बनाएर, अति नै कम कर उठाए र सो रकमले गाउँमा के विकास गरियो, प्रस्ट देखाइदिने । एकै पैसाको तलमाथि हुन नदिने । राजाले उनलाई मन्त्री बनाउन खोज्दा नमानेकाले, पञ्चायतका खराब क्रियाकलाप, चाकडी, भ्रष्टाचार आदिको कडा विरोध गरेकाले उनी पत्राउ परे, व्यवस्था विरोधीको आरोप लगाइयो, पटकपटक जेल हालियो । तर सही विचार थियो उनको । विचार र कार्यशैली मिल्थ्यो, इमानदारी थियो त्यसैले सारा जनता उनका थिए । जस्तोसुकै रूखो स्वभाव भए पनि उनी जनप्रिय थिए । सम्पन्न परिवारका भए पनि तल्लो स्तरका जनताको जस्तो उनको जीवनशैली थियो । 'थाहा' दर्शन नै बन्यो ।

यस्ता दार्शनिक, चिन्तक, समाजसुधारक, कवि, मण्डलेतन्त्रका विरोधी रूपचन्द्रको शालिक बनाइएको छ, उनी कसैको चाकडी नगर्ने, मुलाहिजा नगर्ने, योग्यता र क्षमताको कदर गर्ने, गुणग्राही, अचाहिँदा कुरा, ढर्रा, फजुलखर्चितालाई नरूचाउने आदि सटिक गुणहरूले गर्दा नै जनप्रिय मात्रै होइन आदर्शसमेत भए । पालुङको मात्रै नभएर राष्ट्रकै चासो र अनुकरणीय व्यक्ति भए । यी भला मनुष्यको यति परिचय पाएपछि मनमनै मैले यिनलाई सलाम गरेँ ।

अब भने हामी औपचारिक कार्यक्रममा जुटेका थियौँ । हामीलाई 'स्रष्टा' हुनुको औपचारिक दृष्टान्त प्रस्तुत गर्नु पनि थियो । दिनभरि 'पदयात्रा' भइसकेको थियो र बाँकी रहेको 'स्रष्टा' प्रस्तुति अर्थात् रचना वाचनका लागि हामी यो सेल्फी

डाँडामा जम्मा भएका थियौं । शीतल गिरीको अध्यक्षता, बिर्खे अञ्जानको सञ्चालन र नवराज बर्तौलाको स्वागत मन्तव्यका साथ कार्यक्रम सम्पन्न गरियो । यो कार्यक्रमको विशेष आकर्षण वा उल्लेखनीय कुरो 'स्रष्टा पदयात्रा' नियात्रा सङ्ग्रहको सामुहिक विमोचन हो । यस सङ्ग्रहमा स्रष्टा पदयात्राका पहिलोदेखि बीसौँसम्मका पदयात्रा समावेश छन् । जम्मा १६ जना लेखकबाट अनुभूत नियात्राहरू निकै आकर्षक छन् । अब दोस्रो प्रकाशन २१ देखि चालीसौँसम्मको तयार हुँदैछ ।

समयले हामीलाई हुट्हुटी लगाएको लगायै छ, हतार गर्न भनेर । काठमाडौँबाट गएका २७ जना र स्थानीय ५ जनासमेत अहिले हामी ३२ जना स्रष्टा रचना वाचनका लागि भेला भएका छौं । यति जनाका १/१ रचना सुन्न हामीलाई थप तीन घण्टा समय लाग्ने अनुमान हुन्छ । त्यत्रो समय थिएन । अनि छोटकरी उपाय अवलम्बन गर्न लाग्छौं ।

काठमाडौँको प्रतिनिधित्व १ जनाले गर्ने, दामनको १ जनाले गर्ने भन्ने ठहर भएपछि हामीमध्येबाट हेर्दैखेरि खाइलाग्दी स्रष्टा मन्दिरा मधुश्रीले रचना वाचन गर्ने सहमति भयो । मन्दिराले मिठो गजल सुनाउनुभयो, हामी सबै सन्तुष्ट भयौँ ।

अब पालो पासापको ! पासाप अर्थात् पालुङ साहित्य परिषद् । शालिकराम बर्तौला पासापको प्रतिनिधित्व गरेर कविता सुनाउन थाल्नुभयो । गद्य कविता, त्यै पनि निकै लामो । हतार भएका बेला हामीचाहिँ छिटै सकेदेखि हुन्थ्यो भन्ने ठान्दै थियौं, उनी कवितामाथि कविता थपिरहन्छन् अझ जोशिएर । छेउमै उभिएर नवराजजी अझै ऊर्जा थपिदिन्छन्, शालिकरामजी झन् जोशिला भएर आवाज बढाउँछन् । कुराको चुरो ता भरेभरे पो बुझियो ! जसोतसो उनको प्रस्तुति सकेपछि औपचारिक रूपमा अध्यक्षको मन्तव्यसहित सभा सकिन्छ, हामी सबै बसमा चढ्छौं । सबैलाई ठाउँ पुगेन । पासापका साथीहरू शिखरकोटमा नै ओर्लिने हुँदा उभिने नै रोज्नुहुन्छ । त्यसबेला शालिकरामजीको अरू कला पनि सुन्न, देख्न पाइयो । लोकगायक पनि रहेछन्, उनको गायन सुन्दैसुन्दै तलसम्म आयौँ । मान्छे मात्रै सानो जिउ, कदका स्वर भने निकै तेजिलो । उसमाथि 'बाघको दूध' पनि अलिकति सेवन गरेको थाहा पायौँ हामीले । नजिकै हुनुको फाइदा । अघि किन जोशिएछन् भन्ने पनि थाहा पाइयो । थाहा नगर हो नि त !

शिखरकोटमा पासापका साथीहरूसँग विदाको हात हल्लाउँछौं । यसबेला ५ बजिसकेको हुन्छ । उहाँहरूले खाजा खान ल्याइदिनुभएको भुटेको मकै अब काम लाग्यो, हाम्रो फिर्तीयात्रासँगै । हामी पनि समग्र पालुङलाई विदाको हात हल्लाउँछौं । यो पर्यटन, कृषि, पशुपालन, तर्कारी खेती, सदाबहार वनजङ्गल, रमाइला पहाडहरूले बनाएको, समृद्धिमा लम्किरहेको

सुरम्य उपत्यका ! रूपचन्द्र विष्टको सचेतना, स्वावलम्बन, थाहा, दूरदृष्टि र रूखो तर प्रिय आत्मीयतालाई आत्मसात् गरेर सगर्व जीवन्त यो सुन्दर भूगोललाई ४१ औं स्रष्टा पदयात्राको साध्य भइदिएकामा म मनमनै धन्यवाद दिन्छु । बिदा पालुङ् ! मनभरि दामन बोकेर हामी जाँदैछौं फिर्ता ! फेरिफेरि आउनेछौं !

हाम्रो बसले टिस्टुङ नाघ्नु र घामले हाम्रो गोलार्ध नाघ्नुसँगै साँझ नजिकिंदै आयो । हतारले चिया खान पनि अनुकूल भएन कतै, अब मनले चिया चियाउन थाल्यो, आँखाले सम्भावित ठाउँ हेर्न थाले सडकका दायाँबायाँ । पाँच मिनेटका लागि गाडी रोक्ने कुरा पनि चलेको छ । दुवै उद्देश्य पूरा हुने ठाउँमा गाडी रोकदिए ड्राइभर भाइले । तत्परताका लागि घनश्याम सर हुनुहुन्छ, ओर्लिएर चियाको अर्डर पनि गरिहाल्नुभएको छ । यही मौकामा हरहिसाब गरेर बाँकी रहेको पैसा मेरा जिम्मामा र हातैमा पनि आाइपुग्छ, अब बसवालालाई पैसा दिने काम मेरो भयो । चिया सकेर अघि बढेका छौं । आकाशले धर्तीलाई कालो पाल ओढाउन थाल्यो बाह्र गोलाइ र बाईस गोलाइहरू नाघ्दै बस नौबिसे आइपुग्यो । नौबिसे आउनुभन्दा अघिदेखि नै हामी विभिन्न प्रसङ्ग झिकेर, चुट्किला सुनाएर र सुनेर हाँस्तै रमाइलो गर्दै थियौँ । शीतल गिरीले बिहान जाँदैखेरि दुईजना पञ्जाबी काठमाडौँ घुम्न आएका, भटमास किनेर खाएका, फिर्ता जान बस चढेका, अनि 'आप आया.. आपका बाप आया' वाला चुट्किला सुनाएर खुबै हँसाउनु भएको थियो । नौबिसेबाट यता लाग्छ बस जाम पनि सुरू ! म र डिल्लीराज सर एकै ठाउँ परेछौँ । केही चर्चा रामायणका भए, मैले के जानेको थिएँ र उहाँबाट सुनेँ मात्रै ! ध्रुव घिमिरेको चुट्किला भन्दाखेरिको हाउभाउ नै अर्कै ! भुँडी बाउँडिउन्जेल हाँसियो । चुट्किलामा अल्मलिएका हामी कतिखेर जाम खुल्यो, कतिखेर कहाँ पुगियो पत्तै नपाई नागढुङ्गा आइसकेछौं । अब भने सबै सावधान ! कलङ्की आयो । शान्ति सापकोटा, मन्दिरा मधुश्री, ध्रुव, डिल्लीरमण, धेरैजना ओर्लिनुभयो । स्वयम्भू, बालाजु, बसपार्क सुकेधारा, चाबेल, कोटेश्वरमा पायक पर्नेहरू पनि ओर्लिंदै जानुभएको छ । कोटेश्वरबाट यता लाग्दा भने जयन्ता पोखे्रल, डिल्लीराज सर, शीतल सर र म चारजना मात्रै रहेका छौं । चाबेलमा आइपुगेपछि नै मैले सबैका सामुन्नेमा बसवालालाई भाडा बुझाइदिएको छु ,१४ हजार मध्येको १३ हजार र निश्चिन्त भएको छु । जयन्ता आज कोठातिर नगएर भाइका घरमा जाने भनेर पेप्सीकोलामा ओर्लिनुहुन्छ, बाँकी हामी तीन जनाको कुरो सुरूमै लेखेको छु । अब भने म पनि यो एकचालीसौं स्रष्टा पदयात्राको मेरो अनुभवलाई यतिमै बिट मार्छु । सबैको जय होस् !

पढ्नेलाई गुनको माला !

■

# रेल कुदाउँदै स्रष्टा पदयात्रा

**(यो ४२औँ पदयात्रा हो । २०७७ साल साउन ३ गते भक्तपुरको बोडेदेखि चागुनारायण मन्दिर पुगेर फेरी बोडे फर्किएको यस यात्रामा ७ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**शारदा पराजुली**

साउने झरी झमझम गर्दै रातभरि पानी परिरहेको थियो । पानी रहन्न होला कसरी जाने स्रष्टा पदयात्रामा भन्दै उठ्न खोज्दै थिएँ पराशरको मोबाइलमा घण्टी बजिहाल्यो । फोन माधवलाल श्रेष्ठले गर्नु भएको रहेछ । उहाँले फोन उठाउनासाथ भन्नुभयो, "यस्तो झरी परिरहेको छ । म नजाने भएँ सर ।" उहाँले यति भनेर फोन राख्नुभयो । उठेर मैले घडी हेरेँ भर्खर पाँच मात्र बजेको थियो । साँच्चै झरी नै पर्ने हो त ? भन्दै ढोका खोलेर बाहिर हेरेँ । पानी रहने कुरै थिएन । झन् जोड जोडले पानी पर्न थाल्यो । स्रष्टा पदयात्रा जान हौसिएका गोडा लल्याकलुलुक भएर गले । यात्रामा जाने कि नजाने त्यसै दुविधा उत्पन्न भयो मनमा । दुविधात्मक मानसिकता बनाउँदै आफ्नो भागमा परेको पुलाउ पकाउनतिर लागेँ म । "पानी त झन् ठुलो पर्न थाल्यो । जाने र ?" पराशरको प्रश्न थियो त्यो ।

"जाने नि किन नजाने र ? रातभरि नै पानी परेको छ रहन्छ होला अब ? आठ नौ बजेतिर त उघ्रेला नि ।" म जाने कुरामा दृढ भएँ । । अन्ततः मुसलधारे पानीको सामना गर्दै झोलामा पुलाउ भुटेको बदाम र भुटेको मकै बोकेर पराशर र म ४२ औँ स्रष्टा पदयात्राका लागि निस्कियौँ ।

२०७६ साल चैत्र महिनाको पहिलो शनिबार दामन गएर ४१ औँ स्रष्टा पदयात्रा गरेका थियौँ । त्यसपछि विश्वमा फैलिएको कोरोना भाइरसका कारण सरकारले देशैभरि लकडाउन घोषण गरेको थियो तसर्थ स्रष्टा पदयात्राको यात्रा अवलोकन भिडियो कन्फेरेन्समा खुम्चिएको थियो । लकडाउन केही खुकुलो भए पनि

सार्वजनिक यात्रायात नखुलिसकेकाले टाढा टाढाका साथीहरूलाई पदयात्रामा जान असुविधा भएको थियो । हामीलाई भने बोडेमा भेट भएर निलबाराही हुँदै चागुनारायणसम्म जान कुनै वाधा व्यवधान थिएन त्यसैले २०७७/०४/०३ मा स्रष्टा पदयात्राका लागि निस्कियौँ । घरबाट निस्कँदा बिहानको ७ :१५ भइसकेको थियो । झमझम पानीलाई छाताले के थेग्थ्यो र, आधापाटो भिज्दै जोरपाटी पुग्यौँ । बाटामा खोलै पसेझैँ गरी पानी बग्दै थियो । जुत्ता मोजा भिजेर भातै भए । एक हातले छाता र एक हातले लुगा माथि सार्दै अगाडि बढ्दै थियौँ घनश्याम प्रसाइँको फोन आइहाल्यो । "ल हामी आइपुग्नै लाग्यौँ" भन्दै परासरले फोन राख्नुभयो । हामी लामा लामा फड्का गर्दै नयाँवस्ती पुग्यौँ । बासुकी मार्ग पुग्दा वसन्त रिजाल ठिक्क परेर बस्नु भएको रहेछ । उहाँ पनि हाम्रो टिममा थपिनु भयो । त्यसभन्दा केही अगाडि बढेपछि घनश्याम प्रसाइँ थपिनु भयो । हामी चार जनाको छरितो टोली मिठा मिठा गफ गर्दै गोठाटार पुग्यौँ । विनायक चोकमा हाम्रो प्रतीक्षा गर्दै हुनुहुन्थ्यो खोलाघरे साहिँला । उहाँकै पछि लागेर अगाडि बढ्यौँ हामी पनि ।

उहाँले हामीलाई आफ्नो घर लिएर जानु भयो । "यसरी भिजेर आउनु भएको छ एक कप चिया नखुवाई त कहाँ छाड्छु र म" भन्दै चिया खुवाउने कुरामा लाग्नु भयो । उहाँको घरमा पुग्दा हामी चारै जना लगभग लगभग आधाउघि भिजिसकेका थियौँ । मेरो त जुत्ता मोजा पुरै भिजेका थिए । उहाँले हामीलाई सिटिङ रूममा पुऱ्याउनु भयो । मलाई सोफामा थ्याच्च बस्न पनि अफ्ठ्यारो लागिरहेको थियो तैपनि चिया पिउने कुरा भएकाले हामी सोफामै बसेर चिया सुर्क्यायौँ । खोलाघरे साहिँलाको घरमा श्रीमती, छोराबुहारी र नातिनातिना हुनुहुँदो रहेछ । हामी पुगेर सोफामा बस्दै गर्दा उहाँले हाम्रो परिचय घरका सदयस्यलाई यसरी गराउनु भयो कि एक छिन त हामी कुराको चुरो नै नबुझेर अवाक भयौँ । 'उहाँ ब्रम्हपुत्री' भन्दै मतिर इशारा गर्नुभयो, उहाँ चाहिँ 'डब्बल ऋषि' भन्दै पराशरतिर इशारा गर्नु भयो । उहाँ चाहिँ 'श्रेष्ठ ऋतु' भन्दै वसन्त रिजाललाई देखाउनु भयो । उहाँ चाहिँ पर्नुभयो 'कनैया' घनश्याम प्रसाइँतिर देखाएर भन्नुभयो । एकछिन त हाँसिमजाक नै भयो त्यहाँ । आहा ! हाम्रो परिचय गराउने तरिका कस्तो गज्जबको भन्दै उहाँको तारिफ गऱ्यौँ हामीले । चिया सुर्क्याई सकेपछि उहाँ पनि हाम्रो टिममा थपिनुभयो । अनि हामी पाँच जनाको टिम लाग्यो बोडेतर्फ । बोडेमा पुग्दा पानी पुर्ण रूपले रोकिसकेको थियो । बाटामा कुराकानी, अनुभव, अनुभूति एक अर्कामा सुनाउँदै र सुन्दै बोडे पुग्यौँ । त्यहाँ पुगेर चिया खाने सुरमा थियौँ स्रष्टा पदयात्राका संयोजक शीतल गिरी र प्रवीण पुमा राई आइपुगिहाल्नु भयो ।

यसरी बोडेमा पुग्दा स्रष्टा पदयात्राका लागि सात जनाको टिम तयार भयो । हुन त पदयात्रामा जान धेरै साथीहरू उत्सुक हुनुहुन्थ्यो ।

लकडाउनका कारण जान नपाउनु भएकाले उहाँहरूलाई विस्मात् भएको कुरा मन्दिरा मधुश्रीले खोलाघरे साहिँलालाई दुवाकोटमा पुग्दै गर्दा फोनमा गरेका कुराकानीले पुष्टि हुन्थ्यो ।

२०७६ साल चैत्र महिनाको पहिलो शनिबार दामन जाँदा जम्मा २७ जनाको जम्बो टोली खुब रमाइलो गर्दै गएका थियौँ । त्यही कुराको सबैले सम्झना गरिरहेका थिए । लकडाउनको पूर्ण पालना गर्नुपर्ने कारण र झरी परेकाले पनि २७ जनामध्ये २० हटाएर हामी जम्मा सात जनाको छरितो टोली बोडेदेखि पदयात्रामा अगाडि बढेको थियो । छ जना पुरूषहरू रहेको उक्त टोलीमा महिलाको प्रतिनिधित्व मैले गरेकी थिएँ । पदयात्रा सुरू हुँदै गर्दा शीतल गिरीले भन्नुभयो, "दही ल्याउनुभयो होला नि है शारदाले ?"

"कहाँ ल्याउनु दही ? यत्रो पानी परिरहेको छ । दही न सही त्यसै आयौँ । उसो भए किनौँ न त ।" उहाँले भनेपछि म दही पसल कहाँ छ सोध्न थालेँ । खासमा दही ल्याउने जिम्मा शीतल गिरीको थियो । उहाँ अघिल्लो दिन गोठाटारबाट बोडे नै बसाइँ सरेकाले मलाई उहाँको भागमा परेको दही ल्याउने जिम्मा दिनु भएको थियो । अगाडि बढ्दै जाँदा दही पसल भेटियो । दही केरा र काँक्रा उहाँले किन्नु भयो । झोलाभरि खानेकुरा बोकेर हिँड्दा पनि भोक लाग्न छोड्दो रहेनछ । घडीले त्यस्तै नौ बजाएको थियो । पेट निमोठ्न थालिहाल्यो । "मलाई त भोक लाग्यो । केही खाऔँ न ।"

मेरो प्रस्ताव सुनेर घनश्याम प्रसाइँले भन्नुभयो "अलिमाथि जाऔँ मसँग रोटी तरकारी छ त्यही खाऔँला ।" लौ त भनेर जोड जोडले हिँड्न थाल्यौँ । झन्डै आधा घन्टा जति उकालो ओरालो र तेर्सो बाटो हिँडिसकेपछि हामी निलबाराही मन्दिर परिसर पुग्यौँ । लकडाउनले गर्दा दर्शनार्थीहरू छिटफुट रूपमा मात्र आएका देखिन्थे । हामीले पनि मन्दिर वरिपरि घुमेर फोटो खिचायौँ र ढोका बाहिरैबाट भगवान्लाई नमस्कार गर्‍यौँ । मन्दिरभित्र पसेर पुजाआजा गर्न न त हामीसँग पुजा सामग्री नै थियो न त हाम्रो उद्देश्य मन्दिरमा पुजा गर्ने नै थियो । हाम्र उद्देश्य त केवल कुनै पनि ठाउँमा पुगेर त्यहाँको वस्तुस्थिति अवलोकन गर्नु र त्यस भेगका किंवदन्तीका बारेमा थाहा पाउनु थियो । त्यसैले मनमनै भगवान्लाई प्रणाम गर्दै गल्ती भएमा माफ दिनुहोला भन्दै मन्दिरको प्राङ्गणमा रहेको बेन्चमाथि बसेर खाजा निकाल्यौँ । घनश्याम प्रसाइँले सुख्खा रोटी र करेलाको तरकारी निकाल्नु भयो । तरकारी त जिब्रै लट्ठ पार्ने खालको थियो ।

रोटी तरकारी खाँदै गर्दा खोलाघरे साहिलाले भन्नुभयो, "खिचडी पनि तातै छ । तातैमा खाए मज्जा हुन्छ निकालौँ ?" निकाल्नु निकाल्नु भन्दै वसन्त रिजालले प्रतिक्रिया दिनुभयो । त्यसपछि साह्रै मिठो तात्तातो खिचडी र करेलाकै तरकारी पनि खायौँ हामीले । खानेकुरा खाइसकेपछि जुठा

भाँडा बोक्नु परेन हामीले । त्यहाँ भाँडा धुने साबुन हात धुने साबुन सबै धारै छेउमा रहेछ त्यसैले भाँडा धोएर सफा चट पारेर झोलामा हाल्यौँ हामीले । अब भने मनलाई पनि ढुक्क पेटलाई पनि आनन्द भयो । झोला बोक्दै गर्दा शीतल दाइले एक एक कोसो केरा थमाइदिनुभयो । केरा खाँदै सुसेल्दै भनेझैँ हामी पनि केरा खाँदै ओरालो झर्‍यौँ ।

ओरालो झरेर अलि पर पुग्दा दुवाकोटको नयाँ बस्ती भन्ने ठाउँ रहेछ । त्यहाँ ठुलो सशस्त्र क्याम्प रहेछ । त्यस नयाँबस्ती गाउँबाट देखियो तरकारी खेतीको अभूतपूर्व सौन्दर्य । कतै बोडी खेती कतै सिमी खेती, कतै काँक्रा र फर्सी खेती । व्यावसायिक रूपले गरिएको तरकारी खेतीप्रति सरकारले अध्ययन अवलोकन गर्छ कि गर्दैन भन्ने लाग्यो मनमा । तरकारी खेती गर्न चाहने जो कोहीले पनि यहाँ आएर तरकारी खेती कसरी गरिन्छ अध्ययन गरे हुन्छ भैँ लाग्यो मलाई । तरकारी खेती हेर्दै अगाडि बढ्ने क्रममा हामी दुवाकोटमा अवस्थित इन्जिनियर कलेज अगाडि पुग्यौँ । त्यहाँबाट थोरै बाटो मोडेपछि एउटा पसलमा झोला बिसाएर थकाइ मार्दै चिया खाने निधो भयो । चियासँग वसन्त रिजालले किन्नु भएको मुङको भुजिया पनि खायौँ हामीले । आराम गर्नासाथ रेल कुदाउन हतारो हुँदो रहेछ प्रवीण पुमा राईलाई । त्यसैले खोलाघरे साहिँला र प्रवीण पुमा राई अर्को पसलको अगाडि बेन्चमा बस्नुभयो । हामी चियासँग भुजिया मिसाएर गफिँदै थियौँ । खोलाघरे साहिँला दाजुले पनि भुजिया लिएर जानुभयो । रेल कुदाउँदै गर्दा हातमा चिया आइपुगेकाले होला प्रवीण पुमाको हातबाट चिया घोप्टिएछ र हातै चियाले पोल्न भ्याएछ । धन्न फोको चाहिँ उठेनछ ।

चियाको कार्यक्रम सकिएपछि यात्रा सुरू भयो । कतै खेतै खेत कतै भर्खर खनेको बाटो जहाँ हिलोले जुत्ता नै भासिएलाजस्तो थियो । कतै उकालो त कतै ओरालो । कतै गाउँ गाउँ कतै पाखा पखेरा गर्दै निकै माथि पीपल चौतारीमा पुग्यौँ । त्यहाँ एक छिन आराम गर्ने कुरा भयो । आरामका क्रममा काँक्रो खाइयो । वसन्त रिजालले फेरि भुजिया निकाल्नु भयो । भुजिया पनि फ्वाँक लाउन भ्यायौँ हामीले । आरामपछि बाटो लाग्दै गर्दा प्रवीण पुमाले छुर्पी निकाल्नु भयो । छुर्पी टोक्दै उकालो लाग्यौँ । बिहानैदेखि पानीले भिजेको जुत्ता मोजाले खुट्टा दुखाउन थालिसकेका थिए । खुट्टामा फोका उठे पनि हिँड्नु त पर्‍यो । बिस्तारै भर्खर बनाएको खुड्किला चढ्दै चाँगुनारायणतर्फ लाग्यौँ । अलि माथि पुगेपछि शीतल गिरी हिँड्नै सक्नु भएन । उहाँलाई सास बढेर गाह्रै हुँदै थियो । केही साथीहरू अगाडि बढिसक्नु भएको थियो । उहाँहरूलाई भेट्न लामा फड्का गरूँ भने शीतल सर एक्लै पछाडि पर्नु हुनेभयो । खै के गरूँ के गरूँ भन्दै उहाँलाई पर्खन थालेँ ।

सबै जना माथि पुगिसकेकाले शीतल सर र म पछाडि छोडियौँ । माथि पुगेर दुईतिर जाने बाटो भेटियो । कता जाने भन्ने दुविधा भयो मलाई ।

शीतल सरले यही बाटो हो जाऔँ अगाडि भन्दै अगाडि लाग्नु भयो । गफ गर्दै अगाडि गयौँ । निकै पर पुगिसक्दा पनि कसैलाई भेटेनौँ । कोही मान्छे पनि हिँडेको देखिएन । "लु हामी त गलत बाटो आएछौँ जस्तो छ शीतल सर ।"

मेरो कुरा सुनेर उहाँले गाई चराउँदै गरेकी एक वृद्धालाई सोध्नुभयो "चाँगुनारायण जाने बाटो यही हैन ?"

"उतैबाट जानु पर्थ्यो नि । यताबाट त पुग्न त पुगिन्छ तर धेरै घुम्नुपर्छ ।"

"आइ त हाल्यौँ, घुम्नु परे घुमौँला जाऔँ जाऔँ । साथीहरू छिटो पुगेर फोटो खिच्दै होलान् । हामी बिस्तारै जाऔँ ।" टोली नेताको कुरा मान्नु नै परिहाल्यो । अगाडि हिँड्ने साथीहरूले चाँगुको गेटमा निकैबेर पर्खिदा पनि हामी नपुगेकाले फोन नै गर्नुभयो । हामी भने सिँढी चढ्नको हैरान । कुनताको त उकालो चढ्दा शीतल सरको सास बढ्ने त्यही माथि सिधै माथि सिँढी चढेर जानुपर्ने रहेछ । बिसाउँदै बिसाउँदै बल्लतल्ल माथि पुग्यौँ ।

२०७२ सालको भूकम्पले भत्काएको चाँगुनारायणको पुनःनिर्माणको काम हुन नसकेकाले मुख्य मन्दिरबाहेक अन्य ठाउँका भग्नावशेष त्यतिकै असरल्ल थिए । लिच्छवी राजा मानदेवले जीर्णोद्वार गरिएको चाँगुनारायणको मन्दिरको चाँडै पहिलेकै संरचनामा आए पर्यटकहरूका लागि केन्द्र बन्ने थियो कि जस्तो लाग्यो । काठमाडौँ उपत्यकाभित्र रहेका चार नारायणहरूमा शेषनारायण, मच्छेनारायण, चाँगुनारायण र विशङ्खुनारायणमध्ये चाँगुनारायणको आफ्नै विशेषता छ । मूलतः ठुली एकादशीका दिन ठुलो मेला लाग्छ चाँगुनारायणमा । अरू बेला पनि आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो नै रहन्छ यहाँ । बिहे, पार्टी, ब्रतबन्ध, पूजाआजा मात्र होइन वनभोजका दृष्टिले पनि यो क्षेत्र निकै प्रख्यात छ ।

चाँगुनारायणको घुमघमापश्चात् फेरि उही ठाडो सिँढी ओरालो झर्‍यौँ हामी । हामी ओरालो झर्दै गर्दा प्रवीण पुमा एउटा ढुङ्गामा बसेर धुँवा फाल्दै रेल कुदाउँदै थिए । हामी भने आफ्नै गफमा निकै तल पुग्यौँ । पानी चुहिन लागेको थियो । सरकारी कार्यालय रहेको एउटा भवन जहाँ सर्वसाधारणले सेवा लिन आउँदा बस्नका लागि बनाइएको बेन्चमा आनन्दले बसेर रचना सुन्ने सुनाउने काम गर्‍यौँ । रचना वाचनको कार्यक्रमपछि भोक नलागे पनि ल्याएको खानेकुरा कहाँ फिर्ता लानु भन्दै मैले पुलाउ र साँधेको गुन्द्रुक निकालेँ । शीतल सरले किनेको दही खानै भ्याएको थिएन । पुलाउसँग दही र केरा मिसाएर खायौँ । पुलाउसँग दही र केरा मुसेर पहिलोचोटि खाएकी थिएँ मैले । गुन्द्रुक भने थोरै थोरै भयो । जे होस् रमाइलो गरी खाइयो । त्यसपछि प्रवीण पुमाले हिँड्ने बेलामा जेरी निकाल्नु भयो । खाना खाइसकेपछि मुख मिठा गर्दै बाटो लाग्यौँ हामी ।

अलि वर आएपछि घनश्यामले भन्नुभयो "हामी जाने बाटो यता हो । यो पक्की बाटो होइन । अघि आएको त कच्ची बाटो थियो ।"

यो बाटो गए पनि त्यही पुगिन्छ" भन्दै अघि लागे प्रवीण पुमा निकै अगाडि बढेपछि एउटा रोकिएको ट्रकलाई त्यस बाटोको बारेमा सोध्दा त हामी गलत बाटो हिंडेका रहेछौं भन्ने पुष्टि भयो । त्यसपछि जसरी अगाडि गएका थियौं त्यसरी नै फर्कर आयौं । एउटा कच्ची बाटोबाट तल झर्दै गर्दा खोल्सोमा पुग्यौं । खोल्सो तरेर खेतै खेत मूल बाटोमा निस्कियौं । हामी बाटोमा निस्किएको निकै बेरसम्म पनि प्रवीण पुमा आएनन् ।

"हैन रेल कुदाउन प्रवीण सरलाई कत्रो बेर लागेको हँ? ।" घनश्यामको जिज्ञासा थियो ।

खसखस थाम्न नसकेर मैले सोधैं "अघिदेखि रेल कुदाउने कुरा चलिरहेको छ । यो के भन्न खोजेको हो सर ?"

"ए रेल कुदाउनु भनेको बुझ्नु भएको छैन ? चुरोट तान्नु भनेको हो नि म्याम ।" बल्ल पो बुझैं रेल कुदाउनुको अर्थ । चालीसौं स्रष्टा पदयात्रामा जाँदा बाघको दूध खाएको कुरा बुझेकी थिएँ । ४२ औं पदयात्रामा जाँदा रेल कुदाउनुको अर्थ थाहा पाएँ ।

रेललाई सुस्तरी कुदाएका प्रवीण पुमा आइपुग्ने बित्तिकै बाटो छुटियो हाम्रो । प्रवीण पुमा र शीतल गिरी बोडेतर्फ लाग्नुभयो भने खोलाघरे साहिंला, घनश्याम प्रसाईं, वसन्त रिजाल र हामी जोईपोइ मुलपानीतर्फ लाग्यौं । दिनभरि हिंडेको थकाइ एकातिर अर्कोतिर चिसो जुत्ता र चिसो मोजाले खुट्टामा घाउ बनाएर टेक्नै नहुने भइसकेको थियो । 'भोको भन्छ रे खोलावारि खाऊँ, अघाएको भन्छ रे खोलापारि खाऊँ' भनेजस्तै भयो मलाई । म चाहिँ जुन पसल देख्यो कि चप्पल पाउँछ कि भनेर हेर्छु घनश्याम चाहिँ "यहाँ किन्नु हुँदैन महँगो पर्छ उतै गएर किन्नु होला अब त कति नै छ र भन्न छाड्नु हुन्न ।"

खुट्टामा भएको घाउले पाइलै चलाउन नहुने भइसक्यो । अब चाहिँ म हिंड्नै नसक्ने भएँ भन्ने लाग्न थाल्यो । पानी छिट्ट्याउन थालिसकेको थियो । बेलुकाको पानी रहन्न भन्दै लोग्नेमान्छे खलक लामा फड्का मार्न थाले । आफूलाई भने रूनु न हाँस्नु भएको छ । पसलैपिच्छे जुत्ता चप्पल देख्छु कि भन्दै हिंड्दै थिएँ । खोजेको कुरा त कहाँ भन्दा भन्दै पाइन्छ र, अहँ पाइएन । अगाडि बढ्दै जाँदा बल्लतल्ल बागमती खोलाको पारिपट्टि एउटा ठेला गाडामा चप्पल बेच्न राखेको रहेछ । त्यही एकजोर चप्पल किनेपछि जुत्ता त्यही विसर्जन गरेर घरतर्फ लागैं । चप्पल लगाउने बित्तिकै दुखाइ कहाँ कम हुन्थ्यो र, झिकिदे गाँडभन्दा थपिदे गाँड भनेझैं खुट्टाको घाउको दुखाइ कम हुनु त कहाँ हो कहाँ हो झन् नयाँ चप्पलले अर्को ठाउँमा घाउ बनायो ।

जसरी बिहान घरबाट निस्कँदा मुसलधारे पानी परेको थियो त्यसैगरी घर आइपुग्दा पनि मुसलधारे पानी नै परिरहेको थियो । यसरी कोरोना भाइरसको त्रासपूर्ण वातावरणमा साउने झरीमा भिज्दै ४२ औं स्रष्टा पदयात्राको यात्रा समाप्त भयो ।

■

# मञ्जुश्रीले पिएको महादेव पोखरीको पानी

**(यो ४३ औँ पदयात्रा हो । २०७७ साल कार्तिक १ गते भक्तपुरको कमलविनायकको पोखरी हुँदै बोजिनी ड्याम हेरेर महादेव पोखरी पुगी फर्कने क्रममा महामञ्जुश्रीको मन्दिर अवलोकन गरि यात्रा समापन भएको थियो यस यात्रामा ५ जना स्रष्टा सहभागी थिए ।)**



**शशी थापा पण्डित**

रहर पनि अचम्मकै हुँदो रहेछ जिन्दगीमा । रहरले के पो गराउँदो रहेनछ र ? यो ?कुराको साक्षी म आफैं हुँदै छु आज । सबै जना डराएर घरमा थुनिएर बसेको बेला म भने चुलीहरूका थुम्काहरूलाई भेट्न बाहिर निस्कँदै छु । भर्खर भर्खर प्रेममा परेका जोडी जुनै परिस्थिति र बखतमा पनि एक अर्कालाई भेट्न आतुर भएजस्तो । पहाडका थुम्कासँगको प्रेम भर्खर भर्खर परेजस्तो वा भनौं उपत्यका वरिपरिका चुलीहरूका प्रेमले मलाई पागल बनाएको छ । नढाँटी भन्नुपर्दा केही वर्षदेखि उपत्यका वरिपरिका चुलीहरूसँग मेरो प्रेम परेकै हो । अहँ म ढाँट्न चाहन्नँ । त्यही भएर त उपत्यकाबाट देखिने पहाडका शृत्लाहरूका चुलीहरू आफ्नै खुट्टाहरूले हिंडेर टेक्ने अनि मायाले चुम्ने र प्रेमले स्पर्श गर्ने लत जो बसेको छ ममा । घरका परिवारहरूको मायाले यस्तो परिस्थितिमा मलाई घरबाट बाहिर ननिस्किदिए पनि हुन्थ्यो भने भावना देखाउँदा पनि चुलीहरूका प्रेमले आक्रान्त पारेको मेरो मन उहाँहरूको मप्रतिको प्रेमभन्दा पनि मेरो प्रेमले पो मलाई पोलिरहेको थियो । प्रेमीलाई भेट्न घरका र समाजकासँग छिप्दैलुक्दै हिंडेका जोडीजस्तो म पनि अलि लोतेलोते पर्दै भए पनि घरबाट निस्किछाडेँ । त्रिचालीसौं स्रष्टा पदयात्रा २०७७ कार्तिक १ गतेका दिन । मेरो प्रीति बस्दै थियो नगरकोटको चुलीसँग । महादेव पोखरीको पानी टन्न खाएर पहाड उक्लदैं अनुहारबाट बगेका पसिना पुस्दै चुलीहरूसँग माया

साट्ने विचारमा थिएँ ।

मजस्तै घरकाहरूको माया लत्याएर आउनेहरूमा शीतल गिरी, खोलाघरे साँइला, शोभा थापा केसी, प्रवीण पुमा र म डा. शशी थापा पण्डित थियौँ । भक्तपुरको कमलविनायकमा मजस्तै घरकाहरूको मायालाई छोडेर आउनेहरूसँग भेट भयो । अरू कोही आउन बाँकी छन् कि ? डिल्ली सुवेदी पनि आउने भन्ने थियो त । चर्चासँगै फोन गरियो किन नआएको ? सायद फोनमा आउन नसकेका कारणले बताउँदै थिए डिल्लीजी । बहाना जे बनाए पनि घरकाको मायालाई उनले छोड्न सकेनन् होला । नगरकोटको चुचुरो भेट्न र महादेव पोखरीको पानी खान कुन बाटोबाट जाने भन्ने सल्लाह भयो । पुरानो चलिरहेको छालिङको बाटो हुँदै नगरकोट जाने बाटो २-४ वर्षदेखि नै बनाउने भनेर जुन कन्स्ट्रक्सनले जिम्मा लिएको हो अझैसम्म पनि ठेकेदारले काम पूरा नगरेकोले बाटो धेरै नै बिग्रेको हुनाले त्यो बाटो नजाने सल्लाह भयो । हाल बागेश्वरीबाट पनि चुचुरोसम्म पुग्ने मोटरबाटो बनिसकेको रहेछ । उक्त बाटोबाट जाने निर्णय गरियो । म भक्तपुरको शारदा माध्यमिक विद्यालयमा पढ्दा जितपुर, छालिङ, सुँडाल, ताथली, जयबागेश्वरीबाट धेरै साथीहरू पढ्न आउँथे । यी ठाउँहरूको बारेमा सुनेकी थिएँ तर प्रत्यक्ष रूपमा आजसम्म पनि जयबागिश्वरीको यो उकालो बाटो हिँडेको भने थिइनँ । नगरकोट धेरै पटक आउँदा पनि छालिङको बाटो भएर जाने गरेको थिएँ । भक्तपुर कलेजमा आईएस्सी पढ्दा २०४८-२०४९ तिर हुनुपर्छ स्ववियुको चुनावमा उठेकाहरूलाई भोट माग्न भक्तपुर कलेजमा पढेका विद्यार्थीहरूको घरघरमा गएर भोट माग्ने चलन थियो । त्यसै समयमा जयबागेश्वरी मन्दिरको पश्चिमतिरको सुँडाल गाउँमा प्रत्येक विद्यार्थीको घर नछोडी भोट माग्न आएका थियौं । तर आज गइरहेको पूर्वतर्फको बाटोमा भने पहिलो पटक खुट्टा हाल्दैछु । भक्तपुरमा नै जन्मेहुर्के पनि भक्तपुरकै सबै ठाउँमा कहाँ पुग्न सकेको छु र ? आँखाले देखिरहेको ठाउँमा पनि खुट्टाले टेक्न नपाउनुको कथा सायद काम नपरी घुम्नकै लागि त्यो समयमा छोरीचेलीलाई कुनै ठाउँमा पठाउने चलन नभएर होला ।

कोरोना कहरले गाँजिरहेको यो प्रहर केही मत्थर भएको हुनाले यात्रा गर्ने आँट जुर्मुराएको थियो हाम्रो । भर्खर-भर्खर थोरै लोकल बसहरू स्वास्थ्यका उपायहरू अपनाएर सञ्चालनमा आउन थालेका थिए । कोरोनाबाट बच्न मुखमा मास्क लगाउनु पर्ने र हातमा बेलाबेलामा सेनिटाइजर दल्नुपर्ने बाध्यता थियो । मेरो बुबा जनकबहादुर थापा अर्थात् उहाँको साहित्यिक नाम जनकानन्द थियो । उहाँले मास्कलाई "मुख लगौँटी" नाम राख्नु भएको थियो । कुरा के थियो भने हामी कलेज पढ्ने समय कहीँकतै कसैले सामान्य अवस्थामा मास्क लगाउने चलन थिएन । तर



हाम्रो घर छेउमा नयाँ घर बन्दै थियो । त्यस घरकी आमैले सधैँ मास्क लगाएर हिँड्नुहुन्थ्यो । कसैले मास्क नलगाउने समयमा मास्क लगाएको देखेर हामीलाई जान्ने उत्सुकता जाग्थ्यो । तर उहाँ कोहीसँग पनि नबोली हिँड्ने हुनाले हामीले सोध्ने आँट गरेनौं । उहाँलाई देख्यो कि मुख लगौँटी आमोई आइन् भन्थ्यौं । समय समयको कुरा भनेजस्तो आज प्रत्येकको मुखमा मास्क अनिवार्य भएको छ कोरोनाको डरले गर्दा । मास्कको उपायबाट केही मात्रामा भए पनि रोग सर्नबाट बच्न सकिन्छ भन्ने विश्वव्यापी मान्यता थियो । हामीले पनि यी उपाय अपनाउँदै यात्रामा निस्केका थियौँ । बाटोमा देखिएका प्रायः मानिसहरूका मुख "मुख लगौँटी" अर्थात् "मास्क"ले छोपिएका थिए । अझै पनि निर्धक्क भएर हिँड्न सक्ने वातावरण थिएन । त्यसैले लोकल बसमा यात्रा गर्ने आँट नभएको हुनाले आफूसँग साधन भएकाले मात्र हालको पदयात्रामा भाग लिन पाउने उर्दीअनुरूप तीनवटा मोटरसाइकलबाट पाँच जना यात्रीको यात्रा सम्भव भएको थियो यो समय । हुन पनि कोरोनाले नेपालमा पनि आतङ्क मच्चाइरहेको थियो । धेरै घरबाट परिवारका सदस्यहरू छिनिरहेको थियो । यस्ता आतातायी खबर वरिपरि भएको देख्न र समाचार सुन्ने दैनिकीजस्तो भइरहेको थियो संसारका सबै मानिसहरूको । मेरै परिवारमा पनि दोस्रो कोरोनाको कहरमा मेरो आफ्नै बुबालाई गुमाउनु परेको नमिठो घटना भोग्नु परेको थियो । मेरा अन्य केही आफन्तहरूलाई पनि यस कहरले खाएको थियो । म लगायत मेरो परिवारलाई पनि अन्तिम

कोरोनाको कहरसँग जुध्नु परेको थियो ।

हामी सबै भेला भएपछि भक्तपुर सहरलाई कमलविनायकमा छोडेर पूर्वतर्फ गुड्न थाल्यौं । बाटो ठुलो चौंडा बनाइँदै रहेछ । सहर छोडेर जितपुरको गाउँमा आउँदा झन्डै सहरकै जस्तो रूप लिन ठिक्क परिसकेको रहेछ यहाँको बस्ती पनि । त्यसै पनि सकेसम्म सबै नेपालीलाई काठमाडौँ उपत्यकामा थोरै जग्गामा एउटा भए पनि घर चाहिने । अझ त्यसमा पनि २०७२ साल वैशाख १२ गते आएको भूकम्पपछि धेरै नेपालीको घर काठमाडौँमा बन्न थालेको छ । उपत्यका वरिपरि रहेका जिल्ला सिन्धुपाल्चोक, दोलखा, रामेछाप, नुवाकोट, मकवानपुर, धादिङ लगायत नेपालका पूर्वदेखि पश्चिमसम्मका जिल्लाहरूबाट उपत्यकामा घर बनाउने लहर नै चलेको छ ।

नेपालको अन्य जिल्लाभन्दा काठमाडौँ उपत्यकामा भूकम्पको जोखिम कम देखिएको हुनाले र यहाँको रूमानी मौसम, बाढी पहिरो नआउनुको साथै राजधानी भएको कारणले सबै भौतिक पूर्वाधारको सुखसुविधाका यहीँ प्राप्त हुने भएको हुनाले पाएसम्म सबैले यस उपत्यकामा घर बनाउन खोज्दा यहाँको प्राय जग्गा दिनपरदिन सकिँदैछ । त्यसैको कहरमा यो ठाउँ पनि परिसकेको रहेछ । घर बन्न बाँकी रहेको जमिनमा भने कतै धान झुल्दै थिए, कतै धान काटिरहेको दृश्य देखिँदै थियो । तल्लो भाग छोडेर केही हल्का उकालोमा देखियो पहेलपुर फुलिरहेको तोरीबारी । केही माथि पुगेपछि तोरीबारीको सट्टामा देखियो पैसा फलिरहेको जमिन । जमिनलाई चिराचिरा पारेर टुक्राटुक्रामा पैसा फलाइरहेको दृश्य अहिले नेपालका धेरैजसो ठाउँमा देख्न सकिन्छ । यहाँ पनि त्यही व्यहोराको जमिनहरू ठाउँ ठाउँमा भेटियो । हुन त जग्गा धनीको लागि कहिल्यै केही नफल्ने सामान्य रूखविरूवा र बाँसघारी र सिस्नोले ओगटेका यस्ता जमिनमा पैसा फल्न थालेपछि जग्गा दलाललाई नबेचेर पनि के गरून् । जग्गाधनीलाई नगद फाइदा भए पनि यसरी जग्गा प्लटिङ गर्दा भौगोलिक वातावरणको जगमा भने नराम्रोसँग धक्का पुग्ने रहेछ । त्यसैले त पानीका मुहानहरू सुक्ने, त्यहाँ भएका चराचुरूङ्गी कीराफट्याङ्ग्राको वासस्थान मेटिने, अनावृष्टि हुने, कहिले समयमा पानी नपर्ने र कहिले धेरै पर्ने जस्ता वातावरण खलबलिने हुँदोरहेछ ।

केही वर्ष पहिले कमलविनायकबाट नाला जाने बाटोको बीचमा रहेको ताथली गाउँदेखि केही माथि जङ्गलमा चट्टान अभिलेख रहेको ठाउँमा पुगेका थियौं । हामी त्रिविवि संस्कृति विभागका विद्यार्थीलाई र केही खोप कलेजका विद्यार्थीलाई लिएर संस्कृतिविद् पुरूषोत्तमलोचन श्रेष्ठले यहाँसम्म हामीलाई पुऱ्याउनु भएको थियो । नेपालमा हालसम्म प्राप्त पुरानो मल्लकालीन चट्टान अभिलेख यहाँ प्राप्त रहेछन् । यो इतिहासको

धरोहर हो । यसलाई संरक्षण गर्नु अति नै आवश्यक छ भनेर हामीलाई बताउनु भएको थियो पुरूषोत्तमलोचन सरले त्यसबेला । सुँडालबाट उत्तरतिर जयवागेश्वरीको भित्तोमा एउटा ठुलो अग्लो सेतोघर देखिएको थियो । त्यसबेला यो सेतो ठुलो बिल्डिङ के होला भनेर मनमा खुलदुली भएको थियो मलाई । त्यहाँ सोधेँ तर कसैले बताउन सकेका थिएनन् । बल्ल यतिका वर्षपछि आफ्नै आँखाले देखेर यो सेतो भव्य ठूलो घर बौद्ध गुम्बा रहेछ भन्ने थाहा पाउन सकियो । यस डाँडामा गुम्बाबाहेक भव्य रिसोर्ट, होटलहरू पनि रहेछन् । मानिसहरू गाडी लिएर पस्दै गरेका देखिया रिसोर्ट र होटलहरूमा ।

यहाँको बाटोमा कालो पिच गरिएको रहेछ । बाटो त उकालो भए पनि सजिलो नै थियो । खोलाघरे साइँलाको मोटरसाइकलमा शीतल गिरी, प्रवीण पुमा एक्लै मोटर साइकलमा र मेरो स्कुटीमा भने शोभा केसीलाई सँगै लिएर उकालो लाग्दै छौँ । कोरोनाले गर्दा बाइक चलाउन र सर्भिसिङ गर्न नपाएर घरमा राख्दाराख्दै मेरो स्कुटीको हावा कम भएको रहेछ । त्यसैले डबललोड उकालोमा तान्न आफैँले भारी बोकेको जस्तो भइरहेको थियो । प्रवीण पुमाको मोटर साइकलमा शोभा केसीलाई राख्न आग्रह गरेँ । तर उनको मोटरसाइकल हालत पनि झन्डै उस्तै रहेछ । तैपनि उनले पुरूष अहंलाई डगमगाउन दिएनन् ।

बाइक बनाउने ठाउँ कतै पाइन्छ कि भनेर हेर्दै गयौं । पानी मुहान जाने बाटोको मोडमा एउटा वर्कसप त भेटियो तर बन्द रहेछ । कारखानाको साहू भक्तपुर बजार गएको भन्ने खबर पायौं । पर्खिने कुरो पनि भएन । त्यसैले माथि नगरकोट बजारमा वर्कसप पाइहालिएला भनेर हावा कम भएको स्कुटीलाई लिएर पानी मुहान जाने चोकलाई छोडेर पूर्वतर्फ लाग्यौँ । कार्तिक महिना न थियो त्यसैले यहाँका घर बाहिर आँगनमा, बारीका डिलमा गोदावरी, मखमली, सयपत्री फूलहरू फुलिरहेका देखिन्थे । बारीमा कतै आलु, कतै कोदो फलिरहेका थिए । यहाँबाट हामी उत्तरपूर्व उकालो चढ्यौँ । केही माथि पुगेपछि दोबाटोको चोकमा आइपुग्यौं । बाटोको पश्चिमतर्फ करिब ५०० मिटरको दूरीमा बोजिनी नगरकोट रिसोर्ट रहेछ । त्यहाँदेखि करिब ५०० मिटर उत्तरतर्फ वरिपरि जङ्गलको बिचमा कृत्रिम ताल बनाइएको रहेछ जसलाई बोजिनी ड्याम (पोखरी) नाम दिएको रहेछ । यो ठाउँ चाँगुनारायण नगरपालिका वडा ८ भित्र नै पर्दो रहेछ । यस सुन्दर तालमा फोटो खिचाएर तालसँगै रहेको चौरमा ओर्लंदा जुगा आतङ्क मच्चियो । वर्षा याम सकिए पनि जुगा भने अत्यधिक लाग्दो रहेछ यहाँ । एउटा जुगाले त मलाई चुस्न भ्याइहाल्यो । यस चौरमा स्थानीयको वस्तुहरू भने चर्दै थिए । चाँगुनारायण

नगरपालिका वडा ८ अन्तर्गत रहेको यहाँको जग्गाको भाउको कुरा हामीमध्ये कुनै एक सदस्यले स्थानीयसँग सोध्न भ्याइहाले । त्यहाँको बाटोको छेउमा रहेको जग्गाको भाउ त्यस समयमा ७-८ लाख आना पर्ने कुरा उनै स्थानीयबाट हामीले थाहा पायौं ।

अब भने हामी पहिले छोडेको दोबाटोमा फर्कियौं । त्यहाँदेखि नगरकोट टावर पुग्न करिब तीन किलोमिटर बाँकी रहेछ । बस्तीहरूलाई छोडेर जङ्गलको बिच हुँदै माथितिर उक्लँदै छौं । दुवै छेउमा रूखैरूख र त्यसको बिचमा पिच गरिएको सडकबाट हामी महादेव पोखरी र नगरकोटको टावर पुग्दै छौँ । गाडीहरू साइड मिलाएर राखिएको ठाउँलाई क्रस गरेर हामी बाटोको छेउछाउमा राखिएका होटलको छेउमा आइपुग्यौं ।

पहिला महादेव पोखरीभन्दा पनि टावर गयौँ हामी । टावरबाट उपत्यकाको दृश्यावलोकन गरेर श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको २९ औं शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा संवत् २०३० पुस १३ गतेका दिन भूमिसुधार मन्त्रालय, नापी विभाग ट्रिगोनो मेट्रिकल नापी ब्रान्चको राष्ट्रिय जियोडेटिक आधार रेखा तथा आधारभूत जियोडेटिक स्टेसन नगरकोटको भूमिसुधार मन्त्रीले उद्घाटन गरेको शिलालेख हेर्दै गर्फिंदै छौँ । नापीको जागिर खानु भएको मेरो बुबाले नापी विभाग ट्रिगोनो मेट्रिकल नापी ब्रान्चको राष्ट्रिय जियोडेटिक आधार रेखा तथा आधार भूत जियोडेटिकको काम गर्नुभएको थियो रे केही वर्ष यहाँ पोस्टिङ भएर । यो जियोडेटिक उहाँकै पालामा राखिएको थियो रे । हामी नगरकोट गयौँ भनेर उहाँलाई बतायौँ कि उहाँ गर्वसाथ यहाँ गर्नुभएको नापीको कामको बयान गर्नुहुन्थ्यो । यही कुरामा गफिँदै हामी तल मूल बाटोमा आयौं । मूलबाटोबाट ढुङ्गाको सिँढीको बाटो हुँदै केही तल झरेरपछि वरिपरि जङ्गलको बीचमा रहेको पोखरीको छेउमा आइपुग्यौं । यही पोखरीलाई भनिँदो रहेछ महादेव पोखरी । धेरै पटक नगरकोटको टावर आउँदा पनि टावरकै उत्तरतिर मुनि रहेको महादेव पोखरी आजसम्म नदेखेको वा भनौं थाहा नपाएको देखेर आफैँलाई एक प्रकारको पछुतो पनि लाग्यो ।

यहाँको मनोरम र शान्त वातावरण देखेर घरबार सबै त्यागेर यतै कतै कुटी बनाएर बसौँ-बसौँ लाग्यो मलाई । यहाँ महादेवलगायत विभिन्न देवीदेवताहरूको मूर्ति र मन्दिरहरू हुनुको साथै पोखरीदेखि अलिपर उत्तरतिर कुटी पनि रहेछ । हाल त्यस कुटीमा भारतीय बाबा आएर बसेका रहेछन् । एक छिन मनमा वैराग्य आए पनि किन सकिन्थ्यो र घरबार त्याग्न र भौतिक सुख सयल त्याग्न यति सजिलै ! मनमा उठेको वैराग्यलाई सेलाएर त्यहाँभित्र भौतिक उपस्थिति गराएर फर्काएँ मन यही संसारिक प्रपञ्चमा । त्यहाँका स्थानीयहरू रामजी नेपाल र उनका

साथीहरूले मन्दिरको पूजा र सरसफाइ गर्दै त्यहाँ बसेका गुरू साधुहरूलाई सेवा पुऱ्याउँदै रहेछन् । दिदी बस्नुहुन्छ भने हामी अर्को कुटी बनाइदिन्छौँ, रामजीले भने । तर वाइफाई भने हुनुपर्छ भन्ने मेरो माग थियो । हैट वाइफाई चाहिने पनि जोगी हुन्छन्, भन्दै शोभा केसीले मजाक गर्नुभयो । यस्तै रमाइलो गफगर्दै रामजीहरू र उहाँको साथीहरू मन्दिरको कामतिर लाग्नु भो । हामी भने पेट पूजा गर्नतिर लाग्यौं ।

हामीलाई भोक लागिसकेको थियो । त्यसैले ड्राई पिकनिक यहींको वातावरणमा मनायौं । भोकले होला कति मिठो भएको रोटी र आलुको तरकारी, पकोडा, सेल.... । पोखरी नजिकै रहेछ सानो कुवा । त्यहाँको मूलको पानी सारै मिठो रहेछ । पिउनका लागि त्यस कुवाको मिठो पानी न छान्नुपर्ने, न उमाल्नुपर्ने, न औषधि राख्नुपर्ने । शुद्ध र अर्ग्यानिक पानी भएकोले पो मानिसहरू यहाँको पानी पिउन लिन आइरहेका रहेछन् । महादेव पोखरीमा महामञ्जुश्री तिब्बतबाट आफ्ना दुई श्रीमती मोक्षदा र कामदालाई लिएर आएका थिए । यही समय तलाउको रूपमा रहेको उपत्यकाको पानीलाई मञ्जुश्रीले चोभारमा रहेको कटुवाल दहलाई काटेर उपत्यका बाहिर पठाएका थिए । यसपछि यस उपत्यकालाई बस्न योग्य बनाएका थिए भन्ने कुराको उल्लेख विदेशी लेखक सिल्भा लेभीको पुस्तकमा उल्लेख छ । पछि महामञ्जुश्रीले यी दुई पत्नीहरू मोक्षदालाई फूलचोकीमा र कामदालाई चम्पादेवीमा राखेका थिए । आज पनि यी दुई देवीहरू फुल्चोकी देवीको नामले र चम्पादेवीको नामले प्रख्यात छन् ।

महादेव पोखरीबाट फर्केर हामी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय बीपी कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जर भेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति राष्ट्रिय वेधशाला नगरकोटभित्र छिर्दै छौं । सङ्ग्रहालय बन्द भएकोले त्यस प्राङ्गणमा रहेको सुन्दर बगैँचामा रहेका सुन्दर फूलहरूसँग फोटो खिचाएर फर्कियौं । अब भने हामी सबैको सल्लाहले आएकै बाटो फर्किने निधो गऱ्यौं । महादेव पोखरी र नगरकोटको चुलीको प्रेममा परेर झन्डै कुटीमा बस्ने निर्णयमा पुगेर पनि यस पटकलाई मात्र प्रेमले चुमेर, हातले स्पर्श गरेर नगरकोट र महादेव पोखरीलाई फेरि कुनै दिन आउँला है प्रीत बसाउन भनेर फर्कियौँ हामी । फर्कदैं गर्दा बिच बाटो थाकलमाथमा रहेको जयवागेश्वरीको मन्दिरमा दर्शन गर्न पस्यौँ । डाँडोको बिचमा रहेको यो मन्दिर पनि चाँगुनारायण नगरपालिका वडा नं ८ मा नै पर्दो रहेछ ।

थाकलमाथका महिला समूहले भजनकीर्तन लगाउँदै रहेछन् मन्दिरमा । हप्ताको एक चोटि लगाउने गर्दा रहेछन् भजन । हामीलाई पनि बस्न अनुरोध गरे । केही समय भजनमा रमाएर हामी मन्दिरमा रहेका सरस्वतीको मूर्ति, महादेवलगायतको अन्य देवदेवीहरूको

मूर्ति, महामञ्जुश्रीको मूर्तिको दर्शन गऱ्यौँ । मन्दिरको पश्चिमतिर छेवैमा रहेको सानोखोला तरेर मन्दिरमाथि रहेको चौरबाट मन्दिरका साथै नाला, साँगा, ताथली, भक्तपुरको दृश्य हेऱ्यौं । त्यहाँदेखि माथि रहेका गाउँघरहरू, बारीहरू र बारीमा फल्दै गरेका फर्सी, ढोडका सुकेका थुप्राहरू, आलुका हरिया बोटहरू हेऱ्यौ ।

यस मन्दिरलाई हिन्दुहरूले सरस्वतीको मन्दिरको रूपमा मान्दा रहेछन् भने बुद्धिस्टहरूले श्री महामञ्जुश्रीको मन्दिर । यो मन्दिर पनि नेपालको अन्य मन्दिरजस्तो हिन्दु धर्म र बौद्ध धर्मको धर्म समन्वयकारी स्वरूपमा रहेछ । मन्दिरमा पस्न बनाइएको बाटोको छेवैमा रहेको ठुलो द्वारमा पञ्चध्यायी बुद्धका मूर्तिहरू ढोकामाथि लहरै राखिएको देखिएबाट, सिङ्गमरमरमा "श्री महामञ्जुश्री शरण" भनेर दाताले यस मन्दिरमा सहयोग गरेको कुरा लेखेर भित्तामा टाँसिएको देखिएबाट अनि माथि मन्दिरमा रहेका सरस्वती र मञ्जुश्री एकै स्थलमा रहेको कुराबाट यो कुरा प्रस्ट हुन आउँछ ।

मन्दिरबाट ओर्लदैं गर्दा मन्दिरको द्वारसँगै २०१७ मा स्थापित श्री सरस्वती माध्यमिक विद्यालय देखियो । यस स्कुलको भित्तामा राष्ट्रिय गानका साथै "मानिसको अधिकार कर्ममा मात्रै हुन्छ" (गीता), "अरूको अगाडि शत्रुलाई पनि गाली नगरौं" (चाणक्य) जस्ता नीतिका कुराहरू लेखिएको रहेछ । विद्यार्थीलाई नैतिकवान् बनाउन यस्ता उपाय अपनाइएको होला सायद । देशमा बहुदल आएदेखि नैतिक शिक्षा पढाउन छोडेको समयमा यस्ता केही भनाइले पनि थोरै भए पनि नैतिकवान् बनाउन सघाउ भने पुग्छ होला जस्तो लाग्यो मलाई । यसलाई पढ्दै पढ्दै हामी तल बाटोमा फर्कियौं ।

अब भने ढिलो गर्न हुन्न भनेर कतै नअल्मलिई फेदीमा पुग्यौँ । जितपुरको बाटोको एक छेउमा रहेको मन्दिर र सँगै रहेको पिपलको चौतारामा बस्यौँ । माथि जयवागेश्वरी मन्दिर जाँदा छलिएका प्रवीण पुमा अब भेटिँदैन भन्ने लाग्दै थियो, टुप्लुक्क आइपुगे । उनी मोटरसाइकल बनाउन पो गएका रहेछन् । पुमालाई उमा भनेर शोभा केसीले बोलाउँदा एकछिन सबै जना हाँस्यौं । वास्तवमा उनले उमा नै भन्ने ठानेकी रहिछिन् । त्यहीँ चौतारोमा बसेर नजिकै खेतमा धान काटेको दृश्य हेर्दै-हेर्दै आ-आफ्नो कविताबाचन गऱ्यौँ । आफ्ना गाउँघरमा धान काट्ने गरेको सम्झेर नोस्ट्याल्जिक भयौँ केही बेर हामी कविहरू । तर अन्त्यमा 'उमा उर्फ पुमाले कोरोनाको केही लक्षण देखिएकोले टेस्ट गरेको छु, आज बेलुका रिपोर्ट आउँछ' भनेपछि हाम्रो सातो गयो । हामी उनलाई कोरोना नभएको रिपोर्ट आओस् भनेर भगवान्सँग कामना गर्दै आफ्नो घर फर्कियौं । घर पुगेर पनि उनको कोरोना टेस्टको रिपोर्टको समाचार कहिले आउँला भनेर व्यग्र प्रतीक्षामा रह्यौं ।

■

# पहाडको गोरेटो

**(यो ४४औँ पदयात्रा हो । २०७७ साल मंसिर ६ गते साँखुबाट बज्रयोगिनी हुँदै मणिचूड दह पुगेर : साँखुमा आई टुङ्गीएको यस यात्रामा ६ जना स्रष्टा सहभागी रहेका थिए ।)**

**शीतल गिरी**



जीवन यात्रा हो– पहाडको गोरेटो जस्तै जता गए पनि गोरेटो पछ्याउँदा अन्ततः गन्तव्यमा पुगिन्छ । पदयात्राको क्रममा गोरेटो पछ्याउँदा इतिहासमा उल्लेख भएका धेरै महत्त्वपूर्ण ठाउँहरूमा पनि पुगियो, लोकले बचाएर राखेको इतिहासका धेरै पात्रहरू पनि चिनियो । नेपालमा धेरै कुरो मौन छ, कोरोना कहरले संसार आक्रान्त बनाउँदा, यहाँ नेपालमा, नेपाली जनताका दर्दहरू, मर्महरू हिउँदमा खर्कहरू नाङ्गिएझैं मृत्यु डरको कारण दिनभर रातभर घरभित्र गुम्सिएर कहाँ आफ्ना चिनेजानेका या आफन्त कोरोनाबाट ग्रसित भए ? को मऱ्यो ? भन्दै सान्त्वनाका शब्द मोबाइलबाट फालेर/सुनेर बस्नुपर्ने समय पनि थियो एकताका ।

जीवन यात्रा हो– पहाडको गोरेटोमा पदयात्रा गर्ने हुटहुटीले गर्दा निश्चित दुरी कायम गरी, माक्स र सेनिटाइजर सुक्षरक्षाको दृष्टि अपनाई निजी सवारीसाधन तीनवटा मोटरसाइकलमा ४४ औँ स्रष्टा पदयात्रा सम्पन्न गर्ने भनेर २०७७ मङ्सिर ६ गते म शीतल गिरी, खोलाघरे साहिँलो, डिल्लीराज अर्याल, डिल्लीरमण सुवेदी, नवराज रिजाल र माधवलाल श्रेष्ठ मणिचूड दहको यात्रामा निस्किएका थियौँ । कीर्तिपुरका डिल्लीरमण सुवेदीको स्कुटरमा नवराज रिजाल, गोठाटारका खोलाघरे साहिँलोको बाइकमा डिल्लीराज अर्याल अनि कपन बालुवाका माधवलाल श्रेष्ठको बाइकमा म सवार भएर साँखु पुगेका थियौँ ।

जीवन यात्रा हो– भएर के

गर्नु २०७७ को वैशाख, जेठ र असारमा पहाडको गोरेटोमा हिँडिएन, गरियो के भने अनलाइनमा यात्रा बारे चर्चा। पहाडको गोरेटो बाटोमा पदयात्रा गर्दाको आनन्द, खुला ठाउँको स्वच्छ हावा र ती मनमोहक दृश्यको आनन्द अनलाइनमा खुम्चिँदा प्राप्त हुँदो रहेनछ । अनि जे जे पर्छ व्यहोरिन्छ भन्दै २०७७श्रावणमा चाँगुनारायणको यात्रापछि परिस्थिति फेरि भयावह भएकाले भदौ र असोज पदयात्रा स्थगित गरी कार्तिकमा महादेव पोखरीपछिको मणिचूड दहको यात्रा थियो यो । हुन त पदयात्राको क्रममा ११ औँ यात्रामा २०७४ असोज ६ गते यस यात्रामा सहभागी भएकामध्ये मैले यो दह अवलोकन गरिसकेको थिएँ । यस पटक निजी सवारीबाट साँखु पुगी एउटा पसलमा सो ठड्याएर मोटर हिँड्ने बाटै बाटो उकालो लागेका थियौँ, बज्रयोगिनीको मन्दिर नगएर ।

जीवन यात्रा हो ! पहाडी गोरेटोमा पदयात्रा गर्दै तामाङ गाउँ छिचोल्दै गर्दा सडक छेउको ढिस्कोमा बसेर हामी ६ जनाले पारिलो घामको मजा लिँदै भोजन गरेका थियौँ, हो पहाडको गोरेटोको पदयात्रामा सहभागी नभएसम्म जीवनमा यस्तो आनन्द पाइन्न, सहरी वातावरणभन्दा अर्को संसार हेर्ने र अनुभव गर्न पाइन्न । पहाडको गोरेटो पछ्याउँदा चार जना साथी अघि लागे म र खोलाघरे साहिँलो पछि पर्‍यौँ । पछिमात्र परेनौँ गोरेटो बाटोबाट फुत्त सडकमा निस्कँदा देब्रे लाग्नुपर्ने ठाउँमा हामी दुई भने दाहिने लागेछौँ । यो चिसापानी जाने बाटो हो– यो कुरा हामीलाई थाहा भएन, हामी दुई एउटै वर्ष जन्मिएका आपसमा गफिँदै पहाडी रूख-वृक्ष बारे जानकारी सहयात्रीबाट लिँदै, बज्राठ बारे थाहा पाउँदै बाटैबाटो एक घण्टा हिँडेपछि भेटिएका मानिससँग सोध्दा पो– झल्याँस्स भइयो र साथीहरूलाई भेट्न तालुदेखिको तागत गोडामा ल्याएर हिँडियो ।

जीवन यात्रा हो– थरीथरीका स्रष्टाहरू, विभिन्न ठाउँ अवलोकन गर्न, महिनामा एक पटक पहाडको गोरेटोमा पदयात्रा गर्न निस्कन्छन् । मणिचूड पहाडको वनको गोरेटो, कोरोनाको समय, मानिसको चहल पहल शून्य– हो त्यसबारे देख्न अहिले शब्द पाइरहेको छैन । एक ठाउँमा बाटोमा कुनै धाँमी या झाँक्रीले तान्त्रिक क्रिया गरी पिठाका विभिन्न आकृति बनाई कालो कपडाको ध्वजा र कुखुराको रगत (त्यहाँ भालेको प्वाँख थियो) चढाएको र पूजा गरेको पाइयो । धाँमी/झाँक्री भनेको हाम्रो समाजको युगौँयुगदेखिको संरक्षक, उद्धारक, डाक्टर, वैद्य, ज्योतिष साथै न्यायाधीश पनि हो । धाँमी/झाँक्रीले अहिले सम्मान पाइरहेको छैन । गहन अध्ययन गर्ने हो भने नेपाली पहाडी समाजको इतिहासको मर्ममा धाँमी/झाँक्रीको देन पाउन सकिन्छ । धाँमी/झाँक्रीमा स्थानीय

रैथाने जडीबुटी विषयक ज्ञानलाई सही रूपमा परिचालन गर्न सकिएको भए नेपालले यस बारेमा राम्रो स्थान बनाउन सक्ने थियो । आज हामी दुईले गोरेटो पहिल्याउन नसक्दा मणिचूड दहदेखि दक्षिणपट्टिको घमाइलो चउरमा दुई घण्टा जति साथीहरूलाई कुर्न लगायौँ । मोबाइल त थियो नि, समय समयमा सम्पर्क पनि भएकै हो, भएर के गर्नु ? हिँड्दै गरेको बाटोले नै अन्तै पुगाएपछि कस्को के लाग्छ । जङ्गलको उकालो गोरेटो सकिएपछि हामी दाहिने नलागेर देब्रे लागेको भए मोडमा बडेमाको साइनबोर्ड थियो मणिचूड दह जाने बाटो देखाएको– मात्र १५ मिनेट तिर्पाइलो उकालो हिँड्दा पुगिन्थ्यो, तर पाइला अन्तै लागेर पो ।



मणिचूड दह, मणिचूड दह– डाँडाको थाप्लोको दह, जङ्गलको बिचको दह, जङ्गलबाट बग्दै आएको स्वच्छ सफा पानी पश्चिमतर्फबाट दहमा झर्छ, झर्नासाथ दहमा कालो देखिन्छ पानी, यही हो यसको विशेषता । हिउँदको बेला यसै पनि दिन छोटो हुन्छ– मणिचूड डाँडामा लाम लागेका रूखहरू, गुराँसका बोटहरूलाई साक्षी राखेर पौराणिक राजा मणिचूडले यज्ञ गरेको स्थल जो अहिले दह बनेको छ, हेऱ्यौँ । यज्ञको चरूको कारणले दहको पानी कालो देखिएको भन्ने कुरामा लोकविश्वास अडेको छ । दहको दक्षिणतर्फ धर्मशाला, भजन घर पनि बनेको छ– उपयोग त्यति भएजस्तो बुझिएन । समय समयमा लाग्ने मेला जात्रालाई ध्यानमा राखेर बनाइएको जस्तो लाग्यो ।

यात्रा जीवन हो– अहिले हाम्रो

फिर्ती यात्रा हुँदै छ, सुस्तरी मणिचूड दहबाट निस्केर बगेको पानी जस्तै, पहाडको गोरेटोमा । कति स्वच्छ छ यहाँको सबै चिज, चराको चिरबिर चिरबिरले मन प्रसन्न पार्छ ।

कति सोझा छन्, विद्यालय वरपर भेट भएका मन ।

यहाँ मणिचूड राजाको दरबारको भग्नावशेष अझै फेला पर्छ कि चाख लिएर खोजी गर्ने कसले ?

मणिचूड राजाले पूजा गर्ने गरेको भनिएको शिवमन्दिर पनि उपेक्षित छ, कति विभत्स लाग्छ ।

मणिचूड पर्वतमा रहेको बज्रयोगिनी पनि मौन छ, पहाडको गोरेटो जस्तै । कोरोनाले आक्रान्त बनाएको यस समयमा, बज्रयोगिनी मन्दिरको जिर्णोद्धारले गति लिन नसकेको पाउँदा आँसु झारेर रून त सकिएन, त्यो दर्द र मर्म आँसु नझारी रोएर आफैँमा सीमित राखियो, कति उपेक्षित छ विक्रमादित्य राजाको ठाउँको अनि विक्रम संवत्मा गर्व गर्छौं– यथार्थ नपहिल्याएर अनजान छौँ र त भारतको उज्जैनमा विक्रमादित्य खोज्छौँ ।

शाक्त, शैव, बोन, बौद्ध अनि हिन्दुको आस्थाप्राप्त बज्रयोगिनी कति शक्ति सम्पन्न छ । पौराणिक राजा मणिचूडभन्दा पनि पुरानो शाक्त, शैव र बोनको परिवर्तित इतिहासको साक्षी पनि हो बज्रयोगिनी । यात्रा जीवन हो– पहाडको गोरेटो बाटोमा यात्रा गर्नेले यस्ता कुरा प्रत्यक्ष भेट्छ, इतिहासको पानामा खोज्दैन ।

पहाडको गोरेटोमा पदयात्रा फेरि धेरैको जीवन हुनेछ, जब कोरोनाको त्रास हट्ने छ ।

अनि डराई डराई पहाडको गोरेटोमा पदयात्रा गर्नुपर्ने छैन ।

आपसमा गफिँदै, समयमा नै घर पुग्ने गरी हामी बज्रयोगिनी मन्दिर परिक्रमा गरेर ओरालो ओर्लिंदै छौँ, ढुङ्गा छापेको सिँढी भएर । ओर्लंदा दाहिनेतर्फ मन्दिर परिसरमा भूमिसात भग्नावशेष देख्दा मेरो मन छटपटियो, शङ्कराचार्य कामरू कामक्षाबाट बद्रीकाधाम जाने क्रममा यस मन्दिरमा रहेका शाक्त, बोन तान्त्रिकहरूलाई शस्त्र बलद्वारा पराजित गरी संरचना ध्वस्त बनाएको थाहा पाउँदा । विगत कोट्याउनु अपराध हैन, छरिएर रहेका शैव मार्गी सन्यासीलाई एक ढिको बनाउन सकेको शङ्कराचार्यको कार्य अवश्य महान् छ– शाक्त र बोन तान्त्रिकहरूको दमन गरेको पाटो पनि खोजी गरिनुपर्छ ।

पहाडको गोरेटोमा पदयात्रालाई मैले जीवनको दर्शन खोजी गर्ने माध्यम बनाएको छु । उमेरले ७० को नजिक पुग्न लाग्दा पनि सदा नयाँ नयाँ रमणीय ठाउँमा जान र इतिहासको खोजी गर्न लालायित हुने गर्छु– यस पटक यस्तै भयो, बाइक राखेको ठाउँमा आयौँ, तातातातो चिया खाएर बाइकमा हुइँकिएर यात्रा पूरा गर्‍यौँ ।

■

# कालु पाण्डेको समाधि स्थल पुग्न सफल भयौँ

**(यो ४५ औं पदयात्रा हो । २०७७ साल पौष ४ गत सीतापाइला चोकबाट हिंडेर रामकोट हुँदै दहचोकको डाँडा उक्लेर कालुपाण्डेको समाधीस्थल, इन्द्रदह हुँदै कलंकीसम्म गरिएको यस यात्रामा ६ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**

**पवन सङ्ग्रौला**



यात्रा एक आफैंमा रम्ने रमाउने कार्य हो । व्यक्ति स्वयम् कुनै ठाउँ घुम्ने हेर्ने चाह राख्दै गर्दा उसले सोचे आँटेका ठाउँ भनौ या गन्तव्य पुग्न सक्छ, त्यसलाई यात्राको मूलभूत विषयअन्तर्गत राख्न सकिन्छ । त्यसअनुरूप हामी विभिन्न ठाउँहरू घुम्दै, अवलोकन गर्दै जाने र त्यस स्थान आसपास रहेका चलिआएका चालचलन, जात, धर्म संस्कृति, चाडपर्व रीतिरिवाज आदिको खोज तथा अन्वेषणमा पक्कै पनि यसले टेवा पुऱ्याउँदछ भन्ने मलाई विश्वास छ । यसै सन्दर्भलाई केलाउँदै जाने क्रममा हामी स्रष्टा तथा सर्जकहरूले पनि यस्ता किसिमका कार्यक्रमलाई थप उत्सर्गमा पुऱ्याउने काम भैरहेको मलाई महसुस गराउँछ । हाम्रो स्रष्टा पदयात्राको संयोजकत्व गरिरहनुभएका वरिष्ट लेखक, अन्वेषक, साहित्यकार सर्जक आदरणीय शीतल गिरिज्यूबाट हाम्रो यो नितान्त यात्रा थालनीको ४५औं शृङ्खलामा आफ्ना अनुभवहरू राख्न स्थान उपलब्ध गराइदिनुभएकोमा उहाँलाई हार्दिक नमन टक्राउँदै आफ्ना केही अंशहरू राख्न पाउँदा ज्यादै पुलकित भएको ठान्दछु । समय सापेक्ष पदयात्रामा नौला आयामहरू थप्दै जानुले पनि हाम्रो जीवनलाई अझ उल्लहासमय भनाउँदै गएको र विभिन्न स्थानको यात्रा गर्नाले हामीलाई जीवन जिउन थप ऊर्जा प्रदान गरेको म ठान्दछु ।

२०७७ पौष ४ गते, जति बेला धरा रूँदै थिएँ, विश्वभरि नै कोरोनाले आक्रान्त बनाएको अवस्था थियो



तथापि हामी त्यसतर्फ पनि सजग रहँदै, माक्स, स्यानिटाइजर लगाउँदै निश्चित दूरीको समयको पालना गर्दै स्रष्टा पद यात्राको क्रमलाई जोड्ने प्रयास गर्दा हामी जम्मा ६ जनाको उपस्थिति रहेका थियौं । पौषको महिना अत्यन्तै जाडो र हुस्से लागेको मौसम हुँदै गर्दा पनि हामी बिहान सबेरै, घडीको समय झट्ट नियाल्दा ८ बजे २ भाइ, मणि र म सीतापाइला चोकमा पुग्यौं र संयोजक शितल सरलाई जानकारी गरायौं ।

त्यसको केही समयपछि उहाँहरू शीतल सर, शान्ति म्याम, खोलाघरे सर, मन्दिरा म्याम आइपुग्नुभयो र हामी त्यहाँबाट ६ जना पदयात्रीहरू उत्तर रामकोटतर्फ हुइँकियौँ । बाटो सुरूसुरूमा पिच भए तापनि ठाउँठाउँमा धुलाम्मे कच्ची आदि इत्यादि थिए तर हामीलाई यात्रा गर्न भने सहज नै भएको मान्नुपर्छ । त्यसपश्चात् जंगलको बाटो सुरू हुनुपूर्व हामी सबैले चौरमा बसेर घाम ताप्दै चिसोमा सुन्तला स्याउ  र केरा खायौँ र फेरि उकालो चड्यौँ । उकाली चढ्दाका दौरान हामीलाई केही हिँड्न असहज महसुस भयो र केही शक्ति प्रदान गर्ने काजु बदाम पेस्ता खाँदै हिँडिरहयौँ । करिवन ३ घण्टाको हिँडाइपछि हामीले भोजन गर्ने सल्लाह गर्यौँ र इन्द्रदहको

आसपास हामीले करिब १२:३० तिर नारायण पोखेल स्मृति भवन नजिक मजासँग भोजन गर्यौं र फेरि उकाली चढ्यौं । यात्राको क्रममा नारायण पोखरेल स्मृति भवन, प्लेन दुर्घटनामा मृत्यु भएकाहरूको स्मारक, दहचोक किल्ला, कालु पाण्डेको स्मारक र मूर्ति, मनकामना मन्दिर, इन्द्रदह, स्विटजरल्यान्ड पार्कलगायतका स्थान अवलोकन गर्ने सौभाग्य मिल्यो । आकाश नखुलेको हुँदा मनोरम देखिने हिमालहरू अनि नुवाकोट, धादिङ र गोरखा साथै उपत्यकाको तीन सहर धक फुकाएर हेर्न भने पाइएन ।

जे होस् नयाँ स्थानको आभास भने हामीलाई बेग्लै लागिरहेको थियो । केही थकान अनि केही मिठा बातहरूले अझ सन्नाटा छाए जस्तो भान भैरहेको थियो । हामी अझै उकाली चढ्दै जाँदा हामीले प्लेन दुर्घटनामा मृत्यु भएकाहरूको स्मारकलाई नियाल्दै त्यसतर्फ पनि अध्ययन गर्दै अगाडि बढ्यौं त्यसको केही बेरपछि मात्र अलिअलि होटल लजहरू हामीले कैद गर्न थाल्यौं । हामीलाई बल्ल थाहा भयो कि अब धेरै जंगलको बाटो सिद्धिएछ र हामी कालु पाण्डे समाधितर्फ उन्मुख हुँदै थियौं, दिउँसोको समय अलि तुवाँलो लागेको जस्तो भएकाले हामीले निकै टाढाका डाँडाकाँडाहरू साथै हिमालहरू निर्क्योल गर्न भने अलि पछि पर्‍यौ ।

नभन्दै हामी कालु पाण्डेको समाधि स्थल पुग्न सफल भयौं र हामीले त्यहाँ रहेको लेखिएका पुरातात्विक वस्तुहरूलाई टिप्दै वर पर नियाल्दै सुन्दर फोटाहरू कैद गर्न भने पछि परेनौं । त्यसतर्फ अवलोकन गर्दै जाँदा हामी छेउमै रहेको भ्युटावरमा चढ्यौं र अझ सुन्दर तस्विरहरू कैद गर्न अघि सर्यौं र हामी ६ जना पद यात्रीहरूको पनि सामूहिक तस्बिर लिएर तल झर्यौं । त्यस नजिकै रहेको मनकामना मन्दिर दर्शन गर्दै हामी ओराली झर्यौं र तल आइपुग्दा ठुलो सुन्दर समतल फाँट अर्थात् स्विजरल्यान्ड पार्क नामक चौर रहेछ र हामीले त्यही बसेर आफ्ना रचना सुन्ने र सुनाउने कार्य प्रारम्भ गर्ने निचोडमा पुग्यौं र सबैले आआफ्ना रचना सुनाइयो र सुनियो । केही समय थकान मेट्दै मिठा बातचितहरू सँगै रम्दै रमाउने कार्य गरियो र फेरि हाम्रो गन्तव्य तर्फ उन्मुख भइयो । त्यसपछि हामी हाम्रो गन्तव्य कलंकीलाई आधार मान्दै ओराली झर्ने क्रम सुरू भयो त्योभन्दा अघि हामी केही बेर सिधा तेर्सो बाटो हिंड्दै गर्दा बाटाको छेउमै पहाडको चुचुरोमा विन्दयवासिनी मन्दिर देख्यौं तर समय अभावले गर्दा हामीलाई त्यसतर्फ आकर्षित गरे तापनि हामी पाउबाटै दर्शन गर्दै अघि बढ्यौं । र केही बेर सिधा यात्रा गरेपछि ओरालो बाटो सुरू भयो र हामीले हाम्रो यात्रालाई निर्क्योल गर्दै साँझ ६ बजे मात्र कलंकी झर्न सफल भयौं र त्यसपछि हामी गाडी चढेर आआफ्नो गन्तव्यतर्फ लाग्यौं ।

■

# कटुवालदहको रमाइलो क्षण

**(यो ४६औँ पदयात्रा हो । २०७७ साल माघ ३ गते ललितपुरको खोकनादेखि कटुवालदह पुगेर पुनः खोकना आइपुगे पछि सकिएको यस यात्रामा ७ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**घनश्याम प्रसाई**

२००७ साल माघ ३ गते कोरोनाको डरलाई मनबाट पन्छाएर तर सजग भएर मास्क, सेनिटाइजर सदुपयोग गर्दै सामाजिक दूरी पनि कायम गर्दै ४६ औं स्रष्टा पदयात्रामा यस पटक हामी सात जनाको मात्र सहभागिता थियो। यस यात्रामा डिल्लीराज अर्याल, शीतल गिरी, वसन्त रिजाल, घनश्याम प्रसाई, लीलाराज दाहाल, माधवलाल श्रेष्ठ र लक्ष्मीराम दंगाल ।

माघको दिन जाडोको समय भए पनि सबैमा पदयात्राको खुसी बोकी पदयात्राका अध्यक्ष शीतल गिरीले ठाउँको चयन गरेअनुरूप हामी ७ जनामध्ये ६ जना (माधवलाल श्रेष्ठ बाहेक) लगनखेलमा जम्मा भएका थियौं । हामी बिहानको ८.१५ मा बस चढी खोकना पुग्दा स्रष्टा माधवलाल श्रेष्ठ भने हामी सबैभन्दा पहिला मोटर साइकलमा गएर हाम्रो बाटो पर्खेर बस्नुभएको थियो । माधवजीले खोकनाको यःमरी खाजा पसलमा सबैलाई लिएर जानुभयो । बिहानको चिंसो समय भएको हुँदा हामी सबैले पसलमा बन्दै गरेको तातो चाकु र खुवा राखी बनाएको यःमरी खाएर जाडो भगाएका थियौँ। हो यःमरी प्रशंसा गर्न लायकको नै थियो र हामीले स्वाद मानेर थप्दै खाँदै तातो चियाको अडर गर्न पनि भ्याएका थियौँ । समयको ख्याल गर्दै तातो चियाको चुस्की लगाउँदै हामी जाने बाटाको बारेमा सोधपुछ गरी सो स्थानबाट लगभग पौने १० बजेको समयमा हामी ७ सात जनाको पदयात्रा सुरू भएको थियो ।

हुन त हाम्रो यस यात्राको समयमा विश्वव्यापी कोरानाले आफ्नो प्रभाव र क्षमताले सबैलाई तर्साएकै थियो। तर पनि पदयात्रा भनेपछि हुरूक्क हुने

हामी ढुक्कसँग कटुवाल दहको यात्रामा निस्केका थियौँ, सुरक्षालाई ध्यानमा राखेर । खोकनाबाट कटुवाल दहको बाटो लाग्दा हामीले कार्यविनायक र बुङ्मतीको मच्छेन्द्रनाथलाई दाहिने पारेर पूर्वतर्फको बाटोबाट दक्षिण तर्फ लागेका थियौं । सो स्थानबाट मूलबाटो छोडी गाउँको गोरेटो बाटो ओरालो झर्दै जाँदा दनुवार परिवारका प्राचीन बस्ती डुकुछाप पुगेका थियौँ । हामीले गाउलेसँग सोधनी गर्दा सो स्थानमा उनीहरूको धेरै खेतबारी नरहेको भए पनि समय अनुकूलका बाली तरकारी लगाएर आय आर्जन गर्ने गरेको रहेछन् ।

पुरानो पेसा माछा मारेर बेच्ने भए पनि बागमती ढलमतीमा परिणत भएपछि माछा नदीमा नरहेकोले बाँच्नका लागि पेसा परिवर्तन गरेको थाहा पाइयो । हामी गएको समयमा भने उनीहरूको मेहनत बन्दाकोबी, गान्टेमुला, काउलीको रूपमा मुस्कुराइरहेको पाउँदा हाम्रो मन पनि रमाएको थियो ।

मेहनतसाथ तरकारी बाली लगाएर आ–आफ्ना जमिन हरियाली बनाएको देखिन्थ्यो ।

साथै उन्नत जातको भैँसी पालेको, व्यावसायिक रूपमा बङ्गुर र कुखुरा पालन गरेको हामी आफैले देख्न पायौँ ।

त्यहाँ हामीले बाटो सोधनी गर्दा बागमतीको झोलुङ्गे पुल तरेर जान भनेका थिए । अनि हामीले उहाँहरूले बताएकै बाटो भएर केही पर गएपछि फास्ट्र्याक अर्थात् नयाँ छिटो बाटो बनाउँदै गरेको मूलबाटोमा पुगेका थियौँ ।

अनि हामी हाम्रो गन्तव्यतर्फ अघि बढ्दै बाटोमा भेटिएका स्थानीयसँग त्यतातिर चलेको चलनचल्तीमा जग्गाको मूल्य कति भनेर सोधेका थियौँ । त्यतिखेरको अवस्थामा पनि त्यहाँको जग्गाको मूल्य प्रति आना १५ लाख देखि ३० लाख सम्म रहेको बताएको थिए, स्वाभाविक रूपमा अस्वाभाविक मूल्य बोलेका थिए । हामीलाई जग्गा किन्नु थिएन, हामीले त पदयात्राको क्रममा जानकारी लिन मात्र चाहेका थियौँ ।

हिँडदै जादा मूलबाटामा बागमती नदीमा पक्की पुल निर्माण भइरहेको, बाटोमा जताततै कलभर्ट बनाउने र सडक विस्तार गर्ने काम द्रूत गतिमा भइरहको थियो । बागमती नदी भने काठमाडौँ उपत्यकाको सहरी क्षेत्रबाट बगेर गएको फोहोरमैलाको डङ्गुर, नदीमा पानीको भाग भने ज्यादै कम देखिँदै थियो । बगेर आएको नदी भए पनि पानी हो कि हैन जस्तो लाग्ने कालोमैलो ।

साँच्ची भन्नुपर्दा पशुपन्छीले यो पानी पिउने हो भने बिरामी भएर केही दिनमा मर्नेजस्तो बागमती नदी किनारका गाउँबस्ती भने केही पातलो थियो । कतै धान काटेर कुनिउँ लगाएका भेटिन्थ्यो । हामी डुकुछापबाट करिब ३ घन्टा हिँड्दै जाँदा मूल बाटो छोडी बागमतीको अर्को झोलुङ्गे पुल तरी पारिपट्टि पुग्दा बागमती नदीको पानी कति सफा भएझैँ लाग्यो । ए, यो ठाउँ त कटुवाल दह पो हो त ! प्रकृतिले दिएको सुन्दर उपहार । जति हेरे पनि हेर्नेलाई चकित लाग्ने । बगेर आएको पानीको माथिपट्टि तैरेर



बसेको फिँज करिब एक हात जति अग्लो । कटुवाल दहमा पानी ठोकिएर हावा बहँदा सिमलको भुवा उडेझैं उडिरहेको अति नै मनोहर दृश्य ।

बागमतीको पूर्वमा ठूलै गाउँबस्ती रहेको अनुमान लगाइयो, सोही झोलुङ्गे पुलबाट आवतजावत गरेका मानिस देखेर । पश्चिममा त मोटर चल्ने फास्टट्र्याक बन्दैथ्यो । सबैको धर्मको रक्षक बनाएर नदीको पूर्वतर्फ झोलुङ्गे पुलको दक्षिण किनारमा सङ्कटा स्थापना गरेको छ ।

माथि गाउँमा बस्ने हिन्दु, बौद्ध सबैको आस्थाको केन्द्र बनाएको देखिने सङ्कटा रहेको छ भने सोही नदीको पश्चिमतर्फ ढिस्कोमा पनि एक मन्दिर देखिन्छ ।

पहारिलो ठाउँ खोज्ने क्रममा हाम्रा आँखा एउटा अत्यन्त सुन्दर चौतारोमा पर्न गएको थियो ।

सो चौतारो ढुङ्गा, मार्बल, इँटाले नभएर बियर खाएर फालिएका सिसाको बोतल सदुपयोग गरी बनाएको चौतारी थियो, जसले हाम्रो मन तान्यो । हो हामी त्यसैमा बसेर, हामी सबैले बोकेर लगेको खानेकुरा, फलफूल खाएका थियौं । पदयात्राको क्रममा गरिने रचना वाचन कार्यक्रम त्यही सम्पन्न गरेका थियौँ ।

त्यहाँको हरियालीले हामीलाई जतिसुकै लोभ्याए पनि हाम्रो आफ्नै किसिमको बाध्यता भएकोले हामी वारि आएर केही समय बसेर पारि टुलुटुलु हेरेका थियौं । झोलुङ्गे पुल तरेर आएका गाउँलेलाई सोध्दा अहिले पनि त्यहाँ कटुवाल थरका बस्ती रहेको थाहा पाइयो ।

पहिला जताततै जङ्गलै जङ्गल

भएको समयमा कटुवालहरूले भैँसी पालन गरी गोठ राख्ने गरेको र आफूले सामान्य खानका लागि चाहिने खेती गर्ने गरेको भए पनि भैँसीले पानी खाने, नुहाउने ठाउँ नभएकोले कटुवालले केही पहरो काटी पानी सञ्चय हुने स्थान बनाएको हुँदा सो स्थानलाई कटुवाल दह नामकरण गरेको भन्ने बुझियो ।

हो पनि । पदयात्रा नगरिएको भए, यो थाहा हुने थिएन । घर फर्कन अवेला भइसकेको थियो । यी सबै कुराको बिट मारी करिब तीन घन्टा जति पदयात्रा गरेपछि बल्ल बस चढ्न पाइने हुँदा घडी हेर्दै हामीले घर फर्कन पाइला चाल्यौँ । हामी आएको बाटो नफर्केर करिब १ घन्टाजति छोटो बाटो खोज्दै (तर कसैसँग नसोधेर) जाँदा हामी हिँडेको बाटो त बीचैमा हरायो । मानिस हिँडेको डोब पहिल्याउँदै गोरेटो पहिल्याउँदा अघि डोजरले सम्याएको ठाउँमा पो पुगियो । हामीलाई बागमतीको किनारै किनार उत्तर जानु थियो खोकना पुग्न । त्यही लक्ष्य लिएर गोरेटो बाटोमा हिँड्दै गर्दा हामी त भिरमा पो पुग्यौं, अब ओर्लन पनि नसकिने उक्लन पनि नसकिने । परेन त फसाद ! जसरीतसरी केत्तुकेको बुट्यानको सहारा लिएर भए पनि सो विकट स्थान पार गरेरै छाड्यौँ ।

तल फेदीमा हामी सबै एकै ठाउँ जम्मा भएर अघि बढिरहँदा बाटोमा एउटा सानो चिया पसल पाएका थियौं । सबैको हिँडाइ थकाइ ! त्यसमा पनि माघ महिनाको चिसो वातावरणले हो तातो त खोज्ने नै भयो ।

स्वाभाविक हो, हामीले चिया र बिस्कुट खाएर पनि आफ्नो गन्तव्यतर्फ लाग्न भने बिर्सिएका थिएनौँ ।

यसरी फर्कने क्रममा जे जति कठिनाइ भए, खेतको आली आली हिँडे पनि हामी अन्ततः खोकना आइपुग्दा साँझको ५ नाघिसकेको थियो । त्यहाँ स्रष्टा माधवलाल श्रेष्ठले मोटर साइकल राख्नु भएकोले उहाँ त्यसैमा हुइँकिनु भयो ।

हामी बाकी ६ जनाले खोकनाको प्रसिद्ध तोरीको तेल भने बोक्न बिर्सिएनौँ । यस क्रममा हामीले खोकनामा रहेको तोरी च्यापेर तेल निकाल्ने पुरानो पद्धतिको प्राचीन प्रविधि पनि हेर्न भ्यायौँ । त्यहाँबाट लगनखेल आउने अन्तिम बस ६ बजे छुट्ने जानकारी भएअनुसार, हामीसँग समय नरहेकोले सरासर बसपार्क गएका थियौँ ।

बसमा बस्नु के थियो, समय भइसकेको हुँदा साँझपख आँखा खोकनामा लगाउँदा रमाइलो लागेको थियो ।

कतै छानामा पाकेको फर्सी, कोही आफ्नै घरदैलोमा बसी हरियो प्याज र लसुन बिक्री गर्न मुठा बनाइरहेका, कोही भने गान्टेमुला (स्याखुचा) मुठा पारिरहेका, आफ्नै श्रममा रमाइरहेका मेहनती मानिस हेर्दै उहाँहरूको श्रमलाई सलाम गर्दै यस यात्राको सम्झना मनमा सँगाल्दै लगनखेल आइपुगेका थियौं ।

अनि हामी ६ जना आफूलाई पायक पर्ने बस समात्दै फर्किएका थियौँ । जोरपाटी आउने म, वसन्त रिजाल र लक्ष्मीराम दंगाल भने गोकर्णेश्वर गाडीमा बसी फकिएका थियौं ।

■

# स्रष्टा पदयात्रामा इन्द्रसरोवर

**(यो ४७ औँ पदयात्रा हो । २०७७ साल फागुन १ गते बसबाट मकवानपुरको इन्द्रसरोवर पुगेर सो स्थानको वरिपरि घुम्दै कुलेखानी पुगेर फर्किएको यस यात्रामा २९ जना स्रष्टाहरू सहभागी रहेका थिए । )**



**माधवलाल श्रेष्ठ**

जीवन एक प्रकारको यात्रा हो । यो निरन्तर चलिरहेको हुन्छ । यात्रा गर्नाले जीवनमा स्वस्थ र निरोगी रहन मद्दत गर्छ । जीवन दीर्घायु हुन्छ । यो आम मान्यता हो र सत्य पनि हो ।

हामी स्रष्टाहरू २०७७ फागुन १ गते शनिबार मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिकाको इन्द्रसरोवर ताल (कुलेखानी ड्याम) क्षेत्रमा पदयात्रामा गएका थियौँ ।

विगत आठ वर्षदेखि वरिष्ठ साहित्यकार एवम् स्रष्टा पदयात्राका संयोजक शीतल गिरीको नेतृत्वमा हामी स्रष्टाहरूले हरेक महिनाको पहिलो शनिबार काठमाडौँ उपत्यकालगायत देशका विभिन्न ठाउँमा पदयात्रा गर्दै आइरहेका हौँ । यात्राको क्रममा विभिन्न स्थानहरूको भौगोलिक, ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक तथा साहित्यिकलगायत विविध कोणबाट अवलोकन गर्नुका साथै अनुसन्धान गरेर प्रचार प्रसार गर्ने गरिन्छ ।

निर्धारित समय बिहान ६.३० मा जोरपाटी लामा पेट्रोल पम्प अगाडि हिमाल तराई ९५७७ नं. को गाडी लागि रहेको थियो । चालक थिए राम ।

जोरपाटीबाट स्रष्टाहरू बसन्त रिजाल, मिना रिजाल, घनश्याम प्रसाईँ, पवन सङ्ग्रौला, शारदा पराजुली, परशुराम पराशर, ऋचा, गोविन्द घिमिरे वेदमणि बसमा चढ्नुभएको थियो । चावहिल चोकमा पुगेपछि माधव लाल श्रेष्ठ रूद्र अधिकारी, स्मिता श्रेष्ठ र निशा के.सी. चढ्नुभयो । बस गौशाला हुँदै कोटेश्वर पुग्यो । त्यहाँबाट शीतल गिरी, कमला

गिरी, बबिता थापा, रवीन्द्र आशिष शैली, चढ्नुभयो । यसरी ललितपुर धोवीघाटबाट शान्ति सापकोटा र मन्दिरा मधुश्री चढ्नुभयो । बल्खु चोकबाट डिल्लीराज अर्याल, खोलाघरे साहिलो, शशि थापा, ध्रुव घिमिरे, एन.बी. जनकपुरी टीका सापकोटा, विष्णु पौडेल, हिमा पौडेल र सृजना शर्मा बसमा चढ्नुभएको थियो । हामी २९ जना पदयात्रीहरू सबै बसमा रमाइलो गर्दै गयौ ।

अहिले मैले यो लेख्दै गर्दा यो बाटो केही समयका लागि बन्द गरिएको छ । कुलेखानी, चिसापानीगढी हुँदै हेटौँडासम्म पुग्ने यो बाटो स्तरोन्नति गर्ने भनेर हालसालै २ महिनाका लागि यातायात रोकेको छ ।

चोभारको हिमाल सिमेन्ट कारखाना बन्द भएर सुख्खा बन्दरगाहमा परिवर्तन भइसकेको छ, यो दुःख लाग्दो पक्ष हो ।

स्रष्टाहरू उद्योग र वातावरणको बारेमा छलफलमा व्यस्त छन्, अन्य प्रसङ्गहरूमा वार्तारत छन् । टौदह, चाल्नाखेल र हात्तीवन पुग्दै गर्दा बागमती संरक्षण, खोकनाको ऐतिहासिक धार्मिक सांस्कृतिक महत्त्वको अनि फास्ट ट्रयाक निर्माणको विषयमा गफगाफ चल्दै हुन्छ । एकै पटकमा हामी फर्पिङ जलविद्युत् परियोजना कटेर चेकजाँच गर्ने स्थलमा पुगेका हुन्छौँ ।

फर्पिङ बजारको मुखैबाट हामी दाहिने मोडिन्छौँ । केही उकालो हुँदै छैमलेमा पुग्छौँ । पाखाभरि नास्पातीका बोटहरू प्रशस्तै देखिएका छन् । फर्पिङको नास्पाती बजारमा प्रख्यात छ । लप्सीका बोटहरू पनि प्रशस्तै



रहेछन् । पाखाभरि काउली, बन्दा, तोरी, रायो तरकारी खेती गरेर राम्रो आम्दानी गरेको अनुभव हुन्छ ।

हुमानेसम्म अलि उकालो बाटो छ । हुमाने काठमाडौँ र मकवानपुरको सिमाना पनि हो । त्यसपछि ओरालो सुरू हुन्छ । फाखेल पुगेको केही समयपश्चात् हामी इन्द्रसरोवर ताल (कुलेखानी ड्याम) क्षेत्रमा पुगेर सबै ओर्लेर इन्द्रसरोवर ताल अवलोकन गर्छौं । यो ताल मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा पर्छ ।

अति सुन्दर नागबेली आकारले बनाएको यो ताल कुलेखानी जलविद्युत् आयोजनाको लागि बनाइएको हो । यसलाई कुलेखानी ड्याम भनिन्छ । हाल इन्द्रसरोवर नामले चिनिन्छ । धेरैले मार्खु भनेर पनि चिन्ने गर्छन् । तालमा व्यावसायिक माछापालन पनि गरिएको छ । मनोरञ्जन लिन मोटरबोट चढ्नु र डुङ्गा सयर गर्न सकिन्छ । डुङ्गामा सवार गरेर केही पर गएपछि ओर्लेर मनमोहक दृश्य मोहिनी झरना अवलोकन गर्न सक्छौँ, तर हामी मोटरबोट चढ्दैनौँ । यस विषयमा दुई मत भयो र कुरा मिलेन ।

तालको उत्तरतिर पौराणिक गाउँ चित्लाङको दृश्यावलोकन गर्न सकिन्छ । स्थानीय भेषभूषा, लोकल खानाहरू र भेडापालन फार्महरू अवलोकन गर्न सकिन्छ ।

हामी करिब १०.४५ मा इन्द्रसरोवर पुगेका थियौँ । स्रष्टाहरूले भोकाएको महसुस गरेपछि सामूहिक भोजन गरियो । एकछिनको आराम पछि सबले बिहान को सहभोजन गर्‍यौँ । त्यसपछि वरिष्ठ साहित्यकार श्री गोविन्द घिमिरे वेदमणिको प्रमुख आतिथ्यमा साहित्यिक कार्यक्रम गरियो । स्रष्टा निशा के.सी सम्पादक रहेको मुक्तक सागरको आठौँ अङ्क लोकार्पण पनि गरिसकेपछि नियमानुसार स्रष्टाहरूले आ–आफ्नो सृजना वाचन गर्नुभएको थियो । म, आफूले पनि केही मुक्तकहरू सुनाउन पाएको थिएँ ।

चट्ट लाउनु कालो चस्मा
मन्द मुस्कान थप्नु यस्मा
खिच्नुस् हजुर एक सेल्फी
अनि, सेन्ड गर्नु हजुर बुक फेसमा

संयोजक शीतल गिरीले साहित्यिक कार्यक्रम रमाइलो वातावरणमा सम्पन्न भएकोमा सबैलाई हार्दिक धन्यवाद दिनुभयो ।

समय घर्किंदै थियो । त्यहाँबाट सबै पदयात्रीहरूले इन्द्रसरोवर तालको दक्षिण भाग ड्याम क्षेत्रमा पुगेर अवलोकन गर्‍यौँ । त्यही मनमोहक दृश्यलाई मोबाइलमा कैद गर्दै गर्दै सबै पदयात्रीहरू इन्द्रसरोवर ताल (कुलेखानी) लाई बाइ बाइ गरेर बसमा चढेर काठमाडौँ फर्केर आयौ । फर्केर आउँदा शेषनारायण दर्शन गरेर फर्केका थियौँ । चोभारको डाँडो काट्ने बित्तिकै काठमाडौँ झलमल भइसकेको देखिएको थियो । सबैलाई आ–आफ्नो गन्तव्य पुग्ने हतारो भएको हुनाले बिहान जसरी नि आफूहरू चढेको ठाउँबाट स्रष्टाहरू क्रमशः बिदा हुनुभयो ।

■

# पनौती-खोपासीमा केही घण्टा

**(यो ४८औँ पदयात्रा हो । २०७७ साल चैत्र ७ गते काभ्रे जिल्लाको खोपासीदेखि पनौतीसम्म गरिएको यस यात्रामा २३ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**

**सिर्जना शर्मा**



"बदाम खा को सुन्तोला छोडाको, के छ खबर पुरानो जोडाको"

यही गीत बजिरहेको थियो गाडीमा । मान्छे चढ्ने ओर्लने क्रम जारी नै थियो । गीतको चर्को आवाजसँगै म मोबाइलको स्क्रिनतिर पनि आँखालाई बेस्सरी कुदाउँदै थिएँ कसैले फोन गऱ्यो कि ? यो मोबाइलको रिङ टोन नसुनिन सक्छ भनेर मोबाइलको कान थिचेर आवाज ठुलो पनि पार्दै थिएँ । काखमा बच्चा राखे जसरी झोला राखेकी थिएँ । रत्नपार्कमा क्याबिनको सिट मैले आफैँ रोजेर आसन ग्रहण गरेकी हुँ, १५ मिनेट अघिमात्र । कोही साहित्यकारहरू मेरो नजरमा पर्नुहुन्छ कि ? पर्नुभयो भने मलाई नै सजिलो हुनेछ । बाठी बन्न खोजेकी हुँला म सायद । त्यति नै बेला अलि पर आउँदै गरेकी नारी, जसले स्रष्टापदयात्राको लोगो अङ्कित ड्रेस लगाउनु भएको थियो, तिर मेरा आँखा परी हाले । उहाँ पनि हतारमा हुनुहुन्थ्यो । परिचित जस्तो लागेपछि गाडीको सिसामा तन्केर मैले उहाँको अनुहार हेरेँ । अहो ! शशी थापा ! चल्नै आटेको बसलाई रोक्न भन्दै म खुर्र ढोकामा पुगेँ शशी दिदीलाई हात हल्लाएँ, स्वागत गरेँ । अब भने मेरो मुटु ठिकसँग चल्न थाल्यो । अघिसम्म एक्लै । चिनेजानेको कोही थिएन तसर्थ चमक थिएन अनुहारमा । गाडी अगाडि बढ्यो । कवि गजलकार खोलाघरे साहिलोसँग फोनमा कुरा भएको थियो । उहाँ र शीतल गिरी सर म चढेकै गाडीमा जान तयार हुनुभएको छ र त्यसका लागि घरबाट हिँडिसक्नुभएको छ । यति भएपछि मलाई आनन्द भैहाल्यो । बीचमा

शान्ति सापकोटासँग पनि कुरा भयो । उहाँ तयार भएर मन्दिराजीलाई कुरी राख्नुभएको र कोटेश्वरबाट सँगै जाने कुरा भएछ । तर उहाँहरूले ढिला गर्नुभयो । तसर्थ हामी सँगै जान सकेनौँ । जडीबुटीबाट खोलाघरे सर र डिल्लीरमण सुवेदी जोडिनुभयो । त्यसपछि शीतल सर ।

स्रष्टापदयात्राका संयोजक शीतल गिरीज्यूले केही दिन अगाडि मात्र स्रष्टा पदयात्राको ४८ औँ शृङ्खला पनौती-खोपासीमा हुने सूचना गर्नुभएको थियो । निकै सुनेको तर कहिल्यै नगएको पनौती-खोपासी जाने, त्यहाँको माटोसँग पिरती गाँस्न पाइने र त्यहाँको गाउँ, समाज, बजार, वनपाखा हेर्न पाइने भएपछि नगइरहन सकिनँ र आफू पनि सहभागी हुने जानकारी गराएकी थिएँ । कुरा हो २०७७ चैत्र ७ गते शनिबारको । त्यही अनुरूप बिहान ६.०० बजे नै कीर्तिपुर स्थित आफ्नो डेराबाट रत्नपार्क कुदेँ र खोपासी पनौतीका लागि गाडी चढेँ । म साँगादेखि उता कहिल्यै गएकी थिइनँ । नयाँ ठाउँ भएको हुनाले जिज्ञासु आँखा पनौती-खोपासी हेर्न र गोडाहरू त्यहाँको माटोसँग मित्रता गाँस्न आतुर देखिन्थे । गाडीले हल्का उफार्दै, थचार्दै साँगा, बनेपा हुँदै पनौती पुऱ्यायो । त्यहाँ पुग्दा केही साथीहरू आइपुग्नुभएको रहेछ । एकछिन त्यो बसपार्कमा गफगाफ गऱ्यौँ । त्यसपछि त्यहाँबाट खोपासीका लागि गाडी चढ्यौँ । खोपासीमा पत्रकार एवं रोटरी क्लव अफ पनौतीका रोटरियन मधुसूदन गुरागाईँ भेटिनुभयो । त्यही एक चियापसलमा बसेर रोटी चिया खायौँ । त्यसपछि हामी वडा न १० मा रहेको रोसी खोला हेर्न गयौँ । सलान्दु खोला पनि रहेछ । त्यसको आफ्नै इतिहास रहेछ । द्रोपदीले स्नान गर्नुभएको हुनाले त्यसलाई शैलेन्द्री खोला पनि भनिदोरहेछ । त्यो द्रोपदीको गुप्तवासको नाम रहेछ । त्यही शैलेन्द्री नाम अपभ्रंश हुँदै सलान्दु भएको रहेछ । पनौती जलविद्युत केन्द्र नेपालको तेस्रो जलविद्युत आयोजना रहेछ । २.४ मेगावाटको जलविद्युत उत्पादन हुने कुरा मधुसूदन सरले जानकारी दिनुभयो । नेपाल सरकारको आयोजनामा बनेको सो जलविद्युत सोभियत संघले सहयोग गरेको रहेछ । त्यसको उद्घाटन २०२२ सालमा राजा महेन्द्रले गर्नुभएको रहेछ । दुई वर्ष अघि काठमाडौँ विश्वविद्यालयलाई अनुसन्धानका लागि दिइएको रहेछ यो । अनुसन्धान कार्य पनि भैरहेको र जलविद्युत उत्पादन पनि भएको देख्दा खुसी लाग्यो । सलान्दु खोलालाई साक्षी राखेर हामीले सेल्फी खिच्यौँ, रमायौँ ।

त्यहाँबाट फर्कंदै गर्दा हाम्रा छुटेका साथीहरू पनि आइपुग्नुभयो । मधुसूदन सरको पाइला पछ्याउँदै हामी पनौती जलविद्युत केन्द्रको पानी सङ्कलन गर्ने पोखरी हेर्न गयौँ । सुन्दर पोखरी पानीले भरिभराउ थियो । माछाहरू पौडी खेल्दै थिए ।



पोखरीको पानीको प्रतिबिम्वमा हामीले आआफ्ना हँसिला अनुहार हेर्‍यौँ । काठमाडौँ विश्वविद्यालयले दुई वर्षदेखि यो पोखरीमा माछाका लागि अनुसन्धान थालेको रहेछ । नगरपालिकाले पनि यस क्षेत्रको विकासका लागि पार्कको रूपमा विकास गर्ने र पानीमा खेल्ने खेलहरूका लागि पनि काम गर्ने योजना बनाएको सुन्दा खुसी लाग्यो । मनमोहक पोखरीलाई बायाँतर्फ पार्दै हामी अगाडि बढ्यौँ । त्यहाँका मानिसहरू काममा व्यस्त थिए । कोही खेतीपातीको काम गरिरहेका थिए त कोही घर बनाइरहेका थिए । सबैलाई आआफ्नै कामको चटारो थियो ।

अलिकति उकालो चढ्दै हामी गुरागाईँ सरलाई पछ्याउदै थियौँ । एउटा घर आइपुग्न लाग्दै गर्दा १८/१९ वर्षकी झैँ लाग्ने एक किशोरी हामीलाई शिष्टाचार नमस्कार गर्दै स्वागत गर्न आइपुगिन् । मलाई लाग्यो मधुसूदन सरले आफ्नो घर ल्याउनुभएछ । यी नानी उहाँकै छोरी, बहिनी कोही हुनुपर्छ भन्ने अनुमान गरेँ । घरमा पस्दै गर्दा केही अरू चेहरा पनि देखिए । त्यो घर गुरागाईँ सरको नभएर नेपालका वैज्ञानिक महन्त नरबहादुर भारतीको घर रहेछ । नरबहादुर भारतीका नाती रामेश्वर भारती छेउमै कुर्सीमा बसिरहनुभएको थियो । उहाँको परिवारले हामीलाई स्वागत गर्‍यो । अघि हामीलाई बाटोमा स्वागत गर्न पुगेकी नानी त भारतीकी पनातिनी पो रहिछन् । वैज्ञानिक नरबहादुर भारतीको त्यो माटोमा उभिन पाउँदा खुसीले छाती चौडा भयो । गर्वले नाक उँचो भयो । राणा शासनको जर्जर अवस्थामा गेहेन्द्र शमशेर जस्तो वैज्ञानिकको समकालीन भएर उहाँले बल, बुद्धि, धन, विद्या

लगाएर बनाउन नसकेको ग्रामोफोन रेकर्ड सफलतापूर्वक बनाउने उनै वैज्ञानिक नरबहादुर भारतीको माटोमा उभिएर हामीले उहाँले गरेका योगदान उहाँको परिवार र गुरागाईं सरबाट सुनेर मक्ख परिरहेका थियौँ ।

औपचारिक शिक्षा हासिल नगरेका भारतीले आफ्नै सीप आफ्नै मेहनत, साहस र स्वाध्ययनले विज्ञानको नयाँ नयाँ प्रयोगमा लागि पर्नुभएको रहेछ । नरिवलको तेलमा लुगा धुने सोडाको उचित मात्रा मिलाएर त्यसलाई पकाउँदा बन्ने पदार्थबाट ग्रामोफोन रेकर्ड बनाउनु भएको रहेछ । नेपाली पलिस, नेपाली बेढ्ला भ्वाइलिन, विशेष प्रकारको लट्ठि, एक हजार वर्षसम्म टिक्ने रसायन औषधि लगायत अरू पनि बनाउनुभएको रहेछ । उहाँ गीत सङ्गीत लगायत साहित्यमा पनि सिद्धहस्त व्यक्तित्व हुनुहुँदोरहेछ । उहाँले खोपासीमा मठ चलाएर आफ्नो जिन्दगी बिताउनुभएको रहेछ । हामी त्यही मठमा पुगेका थियौँ । २०१५ सालमा त्रिभुवन पुरस्कार प्राप्त गर्नुभएका नरबहादुर भारतीको निधन २०३३ सालमा भएको रहेछ । उहाँले जीवन बिताएको त्यही मठमा, त्यही निवासमा उभिएर हामीले फोटो खिचायौँ । उहाँको प्रतिभा कर्मलाई सम्मान गर्दै विभिन्न क्षेत्रले दिएका पुरस्कार, सम्मानपत्र अवलोकन गऱ्यौँ । उहाँको कलाले भरिएको झ्यालको अघिल्तिर उभिएर फोटो खिच्न हामी लोभियौँ । मीठो सम्मान मिसिएको भारतीका सन्तानले दिएको चियाको चुस्की लिएर यस्ता महान् पुत्रलाई कोटी कोटी नमन गर्दै र उहाँको कर्मलाई सलाम गर्दै परिवारलाई धन्यवाद दियौँ । तत्पश्चात हामी उकालो लाग्यौँ ।

एक मन्दिरको अघिल्तिर हाम्रा पाइला रोकिए । "यो द्रोपदा मन्दिर हो ।" मधुसूदन सरले त्यस मन्दिरको बारेमा हामीलाई जानकारी दिनुभयो । खोपासीको उच्च भागमा रहेको नृसिंह मठको छेउमा द्रोपदा मन्दिर रहेछ पौराणिक कालखण्डसँग जोडिएको यस मन्दिरमा पाँच पाण्डव अर्जुनले द्रोपदीसँग स्वयम्बर गरेको थान पनि यही हो भन्ने जनविश्वास रहेछ । पहिले खुला ठाउँमा थान जस्तो भएको त्यस ठाउँलाई पछि मन्दिर बनाइएको रहेछ । हरेक माघ शुक्ल पूर्णिमाको दिन यस क्षेत्रमा मेला लाग्दोरहेछ । द्रोपदा मन्दिरको दर्शन गरेर हामी ओरालो झऱ्यौँ । तलतिरको असाध्यै सुन्दर गाउँ हाम्रा आँखामा केन्द्रित भयो ।

हामी पानीको नहर नहर हुँदै गाउँ हेर्दै आली कान्लामा उभिएर फोटो खिच्दै, अलि अगाडि गयौँ । त्यहाँ एउटा मन्दिर रहेछ । कमलनयन आचार्य हुनुहुदोरहेछ त्यहाँका गुरू । नौं दश जना विद्यार्थीहरू रहेछन् । पढ्दै गरेका ससाना विद्यार्थीहरूसँग कुराकानी गरेर हामी बजार झऱ्यौँ । त्यहाँ पानी किन्यौँ र हात हातमा पानी बोकेर आलु लगाइएका सुन्दर फाँटहरूलाई

नियाँल्दै अलि तल एउटा मन्दिरको छेउमा बसेर हामीले नै घरबाट बनाएर लिएका खानेकुराका भाँडा खोल्यौँ । उपस्थित सबैलाई आआफ्ना परिकार चखाउने यो परम्परा मलाई औधी मन परेको छ । धेरै घरको पकवान एकै थालीमा खानुको मज्जा बेग्लै हुँदोरहेछ । त्यसको आनन्द साहित्यिक पदयात्रामा जोडिएपछि मैले अनुभव गर्न पाएँ । रमाइला साथीहरू त्यसमा पनि साहित्यकार । हरेक कुरामा सिर्जनशील व्यक्तित्वहरू साहित्यिक कुराकानी, साहित्यिक माहोल बडो गजब लाग्ने । वरिष्ठ लेखकहरूका साथमा उहाँहरूका भावना विचार सुन्न पाइने, सिर्जनाका विषयमा चर्चा हुने, समीक्षा हुने यस्तो माहोल सर्वप्रिय लाग्यो ।

छेउमा रहेको आलुबारीमा दुई तीन ओटा गीतमा टिकटक बनाउन पनि पछि परिनँ म त । अरू साथीहरूले पनि आआफ्नो रूचि अनुसार फोटो भिडियो बनाउनु भयो । त्यहाँबाट हामी भण्डारी गाउँतिरको बाटोतिर लाग्यौँ । मधुसूदन सर हामीलाई कार्यक्रम स्थलमा भेट्ने वाचा गर्दै छुट्टिनु भयो । खेतको आली आलीको सानो बाटोबाट हामी अगाडि बढ्यौँ । खेतमा किसानहरू आलु गोडिरहेका, सिंचाइ गरिरहेका, औषधि छरिरहेका, कोही साग टिपिरहेका त कोही भने घाँस काट्न व्यस्त । सबै किसानका कामलाई नियाँल्दै हरियो आलुबारीको त्यो भूभागबाट हामी बाहिर निस्क्यौँ । झार नआओस् भनेर जमिनमा प्लास्टिक बिछ्याइएको हुनुपर्ने अनुमान मैले लगाएँ ।

मन्दिर खोलालाई पछि पारेर हामी पनौती प्राविधिक शिक्षालयको प्राङ्गणमा पुग्यौँ । हाम्रा साथीहरू कोही अगाडि पुगिसक्नुभएको रहेछ । त्यहाँ एक औपचारिक कार्यक्रमको आयोजना गरियो । पनौती साहित्य समाजको आयोजनामा पनौतीमा जन्मनुभएका साहित्यकार सूर्यप्रसाद लाकोजुको "स्वर्णीम धुन" मुक्तकसङ्ग्रहमाथि चर्चा एवं काव्यगोष्ठी आयोजना गरिएको रहेछ । कार्यक्रमको अध्यक्षता पनौती साहित्य समाजका अध्यक्ष रामसुन्दर देउजाले गर्नुभयो । स्रष्टा पदयात्री गीता रेग्मीले स्वागत मन्तव्यद्वारा स्वागत गर्नुभयो भने कार्यक्रमको सञ्चालन डा. सुमनराज ताम्राकारले गर्नुभयो । 'स्वर्णीम धुन'माथि प्रभा बरालले बोल्नुभयो । उक्त कार्यक्रममा मधुसूदन गुरागाईँ, शीतल गिरी, सूर्यप्रसाद लाकोजु, माधवलाल श्रेष्ठ, डिल्लीरमण सुवेदी, डिल्लीराज अर्याल, वसन्त रिजाल, लीलाराज दाहाल, संस्कृति दाहाल, ध्रुवकृष्ण ताम्राकार, विमल अर्याल, शारदा पराजुली, परशुराम पराजुली, सुमन पुडासैनी, सिर्जना शर्मा, सुभद्रा दाहाल, हरिप्रसाद चौलागाईँ, रत्ननिधि रेग्मी, थरेन्द्र बराल, प्रभा बराल, शान्ति सापकोटा, मन्दिरा मधुश्री, ऋचा, शशी थापा, सूर्यभक्त कर्माचार्य, मृगेन्द्रबहादुर प्रधान, गीता रेग्मी

लगायतका स्रष्टाहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा डिल्लीराज अर्यालले छन्दमा कविता वाचन गनुभयो । गीता रेग्मीले 'स्वर्णीम धुन' मुक्तक सङ्ग्रहमाथि बोल्नुभयो । खोलाघरे साहिँलोले भेडा मनोविज्ञान शीर्षकको विधाता छन्दमा कविता वाचन गर्नुभयो । मैले पनि आफ्ना चार ओटा मुक्तक सुनाउने अवसर पाएँ । ध्रुबकृष्ण ताम्राकार र ८४ वर्षिय ओतबहादुर खड्काले 'हाम्रो राम्रो पनौती' शीर्षकमा कविता वाचन गर्नुभयो । सरू पोखरेल, हरिप्रसाद चौलागाईं लगायतले कविता वाचन गर्नुभयो ।

साहित्यकार सूर्यप्रसाद लाकोजु २६ कृतिका सर्जक हुनुहुँदोरहेछ । उहाँसँग मेरो भेट पल्लव साहित्य प्रतिष्ठानको कार्यक्रममा भएको थियो । उहाँले आफ्ना चोटिला केही मुक्तकहरू सुनाउनु भएको थियो र पनौती-खोपासीका विषयमा, त्यहाँको साहित्यिक गतिविधिका बारेमा जानकारी गराउनुभएको थियो । समयले बिस्तारै नेटो काट्दै थियो । समयको पावन्दीलाई मध्यनजर गर्दै केही स्थानीय र केही स्रष्टा पदयात्रीहरूलाई मात्र रचना वाचनका लागि समय दिइएको थियो । सबै स्रष्टाहरूको रचनामा हराउने मन नभएको कहाँ हो र तर हामीलाई त्यही दिन काठमाडौं फर्किनु पनि थियो । आयोजकले योमरीका व्यवस्था गर्नुभएको रहेछ । मीठो योमरीको स्वाद लिँदै करिब चारबजे कार्यक्रम समापन गरियो । पनौती प्राविधिक शिक्षालयको आँगनमा हामीले सामूहिक तस्वीर सम्झना स्वरूप कैद गऱ्यौँ ।

सूर्यप्रसाद लाकोजु र त्यहाँका अरू स्रष्टाहरूले हामीलाई त्यहाँ भएका ११ औं, १३ औं शताब्दीका शिवजी, वासुकीनाग, नौ हाते ढुङ्गा, लीलावती र पुन्यवति नदी, रूद्रावदी, बदरीनारायण, केदारनाथ, गणेश, मुक्तेश्वर, सीताराम, इन्द्रेश्वर महादेव, अहिल्या शिला, पनौती लायकू दरबार त्यहाँको सङ्ग्रालय घुमाउनु भएको थियो । लिच्छिवीकालीन मूर्तिहरू पुर्खाहरूले प्रयोग गरेका सामग्रीहरू हामीले सङ्ग्रालयभित्र अवलोकन गर्न पाएका थियौं । अझै घुम्ने नयाँ नयाँ ठाउँहरू हेर्ने र सुन्दर पनौतीलाई आँखामा राखिरहने मन नभएको कहाँ हो । तर त्यहाँका साथीहरूसँग बिदा हुनैपर्ने थियो । करिव सवा पाँचतिर हामी पनौती बसपार्क आइपुग्यौं त्यहाँका साथीहरूलाई यो सौहार्दताका लागि धन्यवाद ज्ञापन गर्दै बिदा भयौं । हामी सबै स्रष्टाहरू आआफ्नो गन्तव्यका लागि गाडी चढ्यौं । गाडी खचाखच भरियो । ठाउँ ठाउँमा यात्रुहरू चढ्ने र ओर्लने क्रम जारी नै थियो । मुटुभरी खोपासी, पनौती, त्यहाँका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थल, त्यहाँका स्थानीय साहित्यकारहरूको मायालाई सजाएर एकैसाथ मनमनमा भन्यौं "बाईबाई पनौती, फेरि भेटौंला !"

■

# अविरल बग्दछ इन्द्रावती

**(यो ४९औँ पदयात्रा हो । २०७८ साल वैशाख ४ गते काभ्रे जिल्लाको मण्डन देउपुरबाट इन्द्रावती नदीको सेरोफेरोमा गरिएको यस यात्रामा २७ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**डिल्लीरमण सुवेदी**

स्रष्टा पदयात्राको सूचना, यात्रा संस्मरण लेख्न जिम्मा लिएका स्रष्टाहरूले व्यक्तिगत विवरणसहित सकेसम्म चाँडो उपलब्ध गराउँन अनुरोध छ ।

-४९औँ यात्रा, इन्द्रावतीको डिल्ली रमण सुवेदी

-स्रष्टा पदयात्राको यो अङ्क प्रकाशनमा ल्याउन तपाईंको यात्रा संस्मरणले मात्र रोकिएको हुँदा यही २०७९ माघको २० गतेसम्म उपलब्ध गराउनुहुन अनुरोध छ । उपलब्ध नभएमा समावेश गर्न असमर्थ रहेको जानकारी गराउँदछु ।

शीतल दाइको म्यासेज हप्तामा तीन पटकसम्म बजेकोबज्यै छ । भेटमा, फोनमा, हरेक पटक- 'सकियो? सकियो? ल चाँडो गरौं है !' 'फलाना, तिलानाले लेखेनन् । अर्कोलाई जिम्मेवारी दिइयो ।' दाजुले अविरल खैबर गरिरहनु भयो । म पनि -'दाजु लेखेको छैन, लेख्न थालेँ, आधी पारेँ, सक्किगो !' भन्दै ढाँट्दै रहेँ । गते नै तोकेर अल्टिमेटम आएपछि चाहिँ नलेखी भएन भन्ने लाग्यो ।

अघिल्लो वर्ष २०७८ वैशाख ४ गते स्रष्टा पदयात्राको ४९ औं शृङ्खलाका सिलसिलामा हामी यात्रा गर्दै काभ्रेको मण्डनदेउपुर स्थित जोगीटार, माझीबस्ती पुगेका थियौँ । यो ऐतिहासिक ठाउँ पनि हो, साहित्यकारका लागि पवित्र स्थल पनि । किन पनि यस्तो हो भने यही ठाउँमा बसेर साहित्यकार

रमेश विकलले 'अविरल बग्दछ इन्द्रावती' उपन्यास लेख्नु भएको थियो । ऐतिहासिक ठाउँ र दस्तावेज पनि भएकोले एकपटक सो उपन्यास पढेर मात्रै लेख्छु भन्ने लाग्यो । पहिले पढेका धेरै कुरा बिर्सिसकेकाले पनि दोहोऱ्याउने र त्यस बेलाको परिवेश, पात्र र प्रवृत्तिलाई अहिलेको समयसँग जोडेर, तुलना गरेर लेख्न सकिन्छ कि भन्ने पनि हो । यात्रापछि नै ऐन मौकामा सो उपन्यास खोजी गरेँ तर पाइएन । प्रकाशक साझा प्रकाशनमा पनि गएँ, पाइएन । पछिल्ला दिनमा किताब पुनः प्रकाशन भइसकेको गाता हाल्न मात्रै बाँकी रहेको भन्ने कुरो पनि आयो । तर यता शीतल दाइको मिति तोकेरै अल्टिमेटम आएपछि मेरो केही जोड चलेन । त्यसैले पनि सो यात्राको बारेमा लेख्न ढिला भयो ।

अब खैरियत छैन भनेर लेख्न त बसेँ तर कहाँबाट सुरू गर्ने ? दोमन भयो । घरबाट लुगा, जुत्ता लगाएर निस्कैँबाट सुरू गर्ने कि ? कोभिडपछि पहिलो पटक सार्वजनिक बसमा यात्रा गर्दैछुबाट सुरू गर्ने ! काभ्रेको मण्डनदेउपुर स्थित जोगीडाँडामा पुगेर पैदल यात्रा सुरू गरेँबाट सुरू गर्ने ? जोगीटारमा भेटिएका नेपालबाहरूसँगको गफगाफबाट सुरू गर्ने कि ? माझीटारमाथिको डाँडामा वनभोज स्टाइलले खाना खाएको कुराबाट सुरू गर्ने कि ? माझीटारमा भेटिएका माझीदाइ, शिक्षक र स्थानीयसँगको कुराकानीबाट सुरू गर्ने ? अझ ईन्द्रावतीको किनारमा पुगेर रचनावाचन गरेकोबाट पो सुरू गर्ने ? बिलखबन्द बाँकी नै छ ।

करिब दुई वर्ष कोरोना महामारीको त्रासमा बाँचियो । सुरक्षाकै दृष्टिकोण र यातायातको असहजता पूरा गर्न स्कुटर किनेपछि सार्वजनिक बसको यात्रा भएकै थिएन । यात्रा जोखिमपूर्ण भए पनि 'अविरल बग्दछ इन्द्रावती' लेखिएको गर्भभूमिमै पुगेर त्यहाँका पत्र, परिवेश, भूगोलको रसास्वादन गर्ने त्यो भन्दा ठुलो उत्साह थियो । त्यो पूरा गर्नलाई पनि जोखिम मोलियो ।

बस यात्रा जोगिडाँडासम्मको रह्यो । त्यहाँ झरेर हामी हिँड्दै जाने, गाडीलाई अगाडि पठाउने र खानाको तयारी गर्ने सल्लाह भयो । गाडी जसको बुकिङ गरिएको थियो उहाँहरूले नै खाना बनाएर खुवाउने राम्रो सेवाको व्यवस्था गर्नुभएको रहेछ । यो सजिलो भयो भन्ने लागेर हामीले सल्लाहले नै त्यही गाडी व्यवस्था गरेका थियौँ ।

जोगीटार पुग्दा बिहान करिब एघार बजिसकेको हुँदो हो । जोगीटार नाम रहे पनि त्यहाँ अधिकांशतः नेपाल थरका बाहुनहरूको बसोबास रहेछ । पहिले पहिले यो ठाउँमा बस्ती थिएन रे ! माथि गाँ (गाउँ) मा रहेछन् यी नेपालहरू। बेला मौका खेती गर्न मात्रै




नेपालहरू बैँसी झर्ने गर्दा रहेछन् । जोगीटार औल भएकोले औलो लाग्छ भनेर कोही पनि यहाँ नबस्ने गरेको स्थानीय बद्रीप्रसाद नेपालले सुनाउनु भयो । एकपटक औलोको ठूलो महामारी आएछ । गाँउका दर्जनौँ मान्छे मरेछन् । गाँउ नै ज्वरोले सोत्तर भएको उहाँले सुनाउनु भयो । त्यसैले कोही पनि बैँसीमा झर्न तयार थिएनन् । तर जब औलो निर्मूल हुँदै गयो अनि बल्ल गाँका मान्छेहरू बैँसीमा पनि बस्न थालेछन् । अहिलेको ब्राह्मण बस्ती धेरै पुरानो नभएको अर्का हरिप्रसाद नेपालले सुनाउनु भयो ।

बैँसीमा कोही ब्राह्मणहरू नबस्ने बेलामा पनि इन्द्रावतीको किनारमा भने माझीहरूको बस्ती थियो । उनीहरूको मुख्य पेसा माछा मार्ने, डुङ्गा चलाउने, अलि अलि खेतीपाती गर्ने नै थियो । आँङमा लुगा, कपडा नलगाउने, पुरूषहरूले एउटा धोती बेर्ने, महिलाहरूले लुङ्गी र ब्लाउज लगाउने । त्यो पनि वर्षौंसम्म फेर्ने कुरो छैन । 'विचराहरू नाङ्गै हुन्थे, कपडा फेर्ने, नयाँ लगाउने, शरीर ढाक्ने लुगा लगाउने भन्ने त कुरै हुँदैनथ्यो', नेपाल सुनाउनु हुन्छ । जसको कारण गरिबी नै थियो । शिक्षाको अभाव, गरिबी, चेतनाको अभाव आदि कारणले माझीहरू पिल्सिएका थिए ।

निरीहलाई जसले पनि हेप्छ र चेप्छ भनेजस्तो जो गरिब र निरीह छ

उसैलाई प्रयोग गर्ने न हुन् । माझी बस्तीमा पनि त्यस्तै भएको रहेछ । जुन कुरा अविरल बग्दछ इन्द्रावतीमै उल्लेख छ । स्थानीय काजीको शोषणमा परेका माझीहरूको कथा नै सो उपन्यासको मूल विषयवस्तु हो । माझीहरूको अवस्था र काजीको शोषण कारूणिक र आवेगपूर्ण छ ।

नेपालबाको कुराले पनि उपन्यासमा उल्लेख भएका माझीहरूको अवस्था वास्तविक नै हो भन्ने कुराको थप पुष्टि भयो । यसले छिटोभन्दा छिटो माझी बस्तीमै पुगेर हेर्ने हुटहुटी बढ्यो ।

जोगीटारबाट ओरालो झरेर आँपडाँडा पुगियो । आँपडाँडा उपन्यासमा पनि वर्णन भएको ठाउँ हो । कप्तान काजीको आँपघारी भनेर चिनिन्छ यो ठाउँ । अहिले त यो ठाउँमा पार्क निर्माण गरिएको रहेछ । भित्र छिर्न पैसा तिर्नुपर्ने । स्थानीय तथा पार्कको संरक्षक पार्वती घिमिरेले त्यो पार्क र वरिपरिको भूगोलको बारेमा जानकारी दिनुभयो । भित्र छिरेर लामै समय विश्राम गरियो । फोटोसेसन चल्यो । त्यहाँबाट तल अविरल बगिरहेकी इन्द्रावती, वारिपट्टिको माझीबस्ती, त्यो वरपिपल चौतारो, माथिको काजीगाउँको दृश्य राम्रो थियो ।

अहिले यो क्षेत्रको जति राम्रो दृश्य थियो, परन्तु प्राचीन दृश्य निकै कुरूप थियो । काजीको रवाफ, दबाब, शोषण, थिचोमिचो, माझीहरूको निरीहपन, गरिबी, अभाव, दुःख, कष्ट आदिले त्यो भूगोल नै कुरूप र विकृत थियो । दिमागमा त्यही विरूपपन बोकेर माझीटार पुगेको म यो सुन्दर दृश्यले रोमाञ्चित बनैँ । कल्पनाले सकारात्मक फड्को मार्न खोज्यो । माझीगाउँ, माझीबस्ती, माझीको जनजीवन, काजीका खलक आदिमा पूर्णतः परिवर्तन आइसक्यो होला भन्ने कल्पना गरैँ ।

माझी गाउँका भूमा, मिलौती, गोपे, बिर्खे, सोविते, वीरसिंह काका, अनि काजीगाउँका कप्तान काजी, चतुर्भूज काजीहरूको जीवन कस्तो होला ? भन्ने कल्पनाको कुतूहल त छँदै थियो । त्यो दृश्यको पक्कै पनि पूर्णतः परिवर्तन भयो होला भन्ने अनुमान गर्न मलाई कत्ति पनि कठिन भएन । त्यो बेलाको समय र अहिलेको समय मै परिवर्तन आइसक्यो । करिब ५०-६० वर्ष अघिको समयसँग अहिलेको जनजीवन तुलना गर्नु मेरो मूर्खता हुन्छ भन्न मेरो मनले पनि मान्यो । त्यही मानेर पार्कबाट फर्केर जङ्गलको गोरेटो बाटो हुँदै काजीगाउँतर्फ प्रस्थान गरियो । जुन अहिलेको जोगीटार हो ।

जोगीटारमा हाम्रो खानाको प्रबन्ध थियो । भान्से दाइहरूले भात, दाल, काउलीको तरकारी, मुला-

मटरको अचार चटक्क पार्नुभएछ । भोकले आत्तिएका बेला तात्तातो भात सप्र्याकसप्रुङ बजाउँदा चौरासी व्यञ्जन भन्दा मिठो भयो ।

खाना खाएर माझीबस्तीतिर ओरालो झरियो । मनको कुतूहल अझै बाँकी नै छ । भूमा र मिलौतीको प्रेम जीवित छ कि छैन होला ? गोपे, बिर्खे, सोवितेहरू कहाँ के गर्दै होलान् ? वीरसिंहहरूको खेती किसानी चलिरहेको होला कि छैन होला ? इन्द्रावतीमा डुङ्गा चलिरहेको होला कि न होला ? माझीबस्तीका झुप्रा घरहरू उस्तै होलान् कि फेरिए होलान् ? माझीका दुःख नासिए कि छैनन् होला ? भन्ने कुतूहल ।

माझीबस्तीमै रहेको चौतारोमा पुग्दा राजु माझीसँग भेट भयो । राजु पूर्वशिक्षक हुनुहुँदोरहेछ । स्वास्थ्यमा समस्या आएपछि अहिले आराम गरिरहनु भएको । उहाँसँग लामै गफगाफ भयो । अनि थाहा भयो माझीबस्तीको वर्तमान अवस्था ।

माझीबस्तीका झुप्रा घरहरू झुप्रामै रहेछन् । केही केही भने इटाका र पक्की घरमा पनि परिवर्तन भएछन् । तर आहा ! भन्ने किसिमले होइन । पक्की घर भन्नु मात्रै । त्यसले पनि जनाउने रहेछ पक्की घर कसरी बन्यो र अवस्था के हो भन्ने । माझीबस्तीका अहिलेका गोपे, बिर्खे, सोवितेहरूले विदेश गएर अलिअलि पैसा कमाएछन् । त्यही पैसाले सिमेन्ट पोतेको पक्की घर बनेछन् । कसैकसैले बाहिरै घर बनाएछन् । अहिलेका भूमा, वीरसिंहहरूका छोराछोरी सहर/काठमाडौँतिर बसेर पढ्न पनि थालेका रहेछन् ।

माझीबस्तीको चौतारोमा पुग्दै स्वास्थ्यसँग सम्बन्धित केही होर्डिङ बोर्डहरू राखिएको देखियो । त्यो जनचेतनामूलक प्रचार सामग्री राख्नुले पनि काजीहरूको प्रभाव माझीबस्तीमा छ भन्ने जनाउँछ भने माझीहरूको जनस्वास्थ्यमा पनि खासै परिवर्तन आएको छैन भन्ने पनि जनाउँछ । त्यस्तै देखियो । माझीका आँगन, पिँढी खासै सुग्घर देखिएनन् । जनजीवन स्तरीय देखिएन । लवाइ खुवाइमा परिवर्तन आएको पाइएन । बाक्लो बस्ती, साँघुरा गल्लीलाई छेवैबाट खोलातर्फ ओरालिने डोजरको कच्ची डोहोले गिज्याएजस्तो मात्रै देखियो । माझीबस्तीमा कप्तानकाजीको शोषण त रहेनछ तर पालिका, जनप्रतिनिधिहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, एनजीओ र आइएनजीओहरू नयाँ काजीहरू बनेर आएका रहेछन् । माझीबस्ती धेरैको योजनामा परेछ । धेरैका आश्वासन पनि आएछन् । एनजीओ र आइएनजीओले डलर छाप्ने मेसिन बनाएछन् तर माझीहरूको जीवनस्तरमा कुनै परिवर्तन आइसकेको

रहेनछ । पहिलेको वा उपन्यासमा वर्णन गरिएको माझीबस्तीभन्दा अहिले धेरै परिवर्तन आएको राजु माझी पनि बताउनु हुन्छ । माझीहरू खेतीपाती गर्न थालेको, माछा मार्न छोडेर विदेश गएको, गाउँ छोडेर सहर गएको, घरघडेरीकै मात्रै भए पनि लालपूर्जा प्राप्त भएको उहाँले सुनाउनु भयो । तर बालुवा चालेर जीविका गुजार्दै आएका माझीहरूको डोजर र क्रसर ल्याएर ठुला व्यापारी र ठेकेदारले बालुवा चाल्न थालेपछि रोजगारी खोसिएको स्थानीय केशव माझीले बताउनु भयो । छोराबुहारीको रोजगार नभएको, खेती गरेर आम्दानी नहुने भएकाले दुःख ज्युँका त्युँ भएको उहाँको गुनासो थियो । सिंहदरबार गाउँगाउँमा आए पनि आफूहरूले अनुभव गर्न नपाएको उहाँले दुखेसो सुनाउनु भयो ।

म केशव माझीसँग गफ गर्दैगर्दा उता इन्द्रावती किनारमा पदयात्रीहरूको रचनावाचन सुरू भइसकेछ । टोलीमा सहभागी सबैले आ–आफ्ना रचना सुनाउने, ताली पिट्ने, नाच्ने गर्दा माहोल रमाइलो बनिरहेको थियो । त्यहाँ तेजप्रकाश श्रेष्ठले हाइकु, रमेशजङ्ग थापाले गद्यकविता, ऋचा महर्जनले गद्यकविता, घनश्याम प्रसाईंले गीत, स्मिता श्रेष्ठले गद्यकविता, शेर बहादुर अधिकारीले गीत, मायामितु न्यौपानेले गद्यकविता, मन्दिरा मधुश्रीले गीत, विन्दा खतिवडाले गजल, रवीन्द्र आशिष शैलीले गद्यकविता, निशा केसीले ३ वटा मुक्तक, सुनिता शिवाकोटीले गद्यकविता, वसन्त रिजालले गद्यकविता, विमला अधिकारी देवकोटाले गद्यकविता, भुवन शिवाकोटी चौघरेले गद्यकविता, रूद्र अधिकारीले ४ वटा मुक्तक, किशोर श्रेष्ठले गद्यकविता, एन बी जनकपुरीले गद्यकविता, खोलाघरे साहिँलोले गजल, विमल अर्यालले गद्यकविता, रेश्मा शाक्य स्रोता, आलोक चालिसेले गजल, लीलाराज दाहालले गजल, प्रतीक घिमिरेले मुक्तक, माधवलाल श्रेष्ठले हाइकु, महेन्द्र चालिसेले कविता वाचन गर्नु भयो भने मीना रिजाल, प्रा.डा.ध्रुव घिमिरे, उद्धव रायमाझी लगायत असल श्रोता बन्न रूचाउनु भयो । त्यस्तै डिल्ली रमण सुवेदीले धन्यवाद ज्ञापन, गोविन्द घिमिरे वेदमणिले मन्तव्यसहित कविता सुनाउनु भयो भने शीतल गिरीले कार्यक्रम समापन गर्नुभएको थियो ।

रचना वाचनको कार्यक्रमपछि फर्किएर जोगीटारबाट आफ्नै पूर्ववत बस चढेर हामी काठमाडौँ फर्कियौँ । बाटोभरि तन्द्रामा आँखाभरि आइस्यो ‘ अविरल बग्दछ इन्द्रावती’ टेलिसिरियल र परिवर्तित परिपेक्ष्यको माझीबस्ती ।

■

# शृङ्गी ऋषि र गुफा

**(यो ५० औँ पदयात्रा हो । २०७८ साल असोज २ गते ललिततपुरको ढुङ्गिनबाट यात्रा सुरु गरी लाँकुरीभञ्ज्याङ र शृङ्गीऋषिको गुफापुगी पुनः ढुङ्गिन आएर सकिएको यस यात्रामा २० जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**

**विमल अर्याल**



**घरदेखि ढुङ्गिनसम्म**

सधैँको भन्दा झन्डै डेढ घण्टाको अग्रिम जानकारी दिन मोबाइलको अलार्म क्लकलाई निर्देशन दिइयो । मोबाइलको घण्टीले सूचना दिएपछि सदाझैँ आजको क्रियाकलाप पनि सुरूआत हुन पुग्यो । बिहान ४:१५ मा आँखा खुल्नेबित्तिकै मोबाइलको साउन्ड अफ गर्ने काम हुन्छ । अनि ढिला नगरी सधैँझैँ नित्य कर्मतर्फ अग्रसर हुनु सामान्य तर अनिवार्य हुने भई गयो । बिहान ७ :४५ बजे ग्वार्को बस स्टपमा पुग्ने सूचना अगाडि नै संयोजक शीतल गिरीले गरी सक्नु भएको थियो । त्यस बाहेक आफूले अन्य आवश्यक सामानको अतिरिक्त आफ्नो भागमा परेको परौठा पनि लैजानु थियो । श्रीमतीको सहयोगविना आफैँमा उक्त जिम्मेवारी बहन गर्ने क्षमता थिएन । धन्न जिम्मेवारीबाट भाग्न परेन । तर कति वटा लैजाने दुबिधा भने नपाकुन्जेल परिरह्यो । हाम्रो सामान्य नियमानुसार जसको भागमा जे पर्छ आफू सहित ४ जनालाई पुग्ने सामग्री लिएर जाने हो । सूचना अनुसार १३-१४ जना उपस्थित हुने जानकारी चाहिँ अघिल्लो साँझसम्म नपाइएको पनि होइन ।

**उत्साहपूर्ण सहभागिता**

२०७८ असोज दुई गते स्रष्टा पदयात्राको ५० औँ शृङ्खलाको कुरो हो यो । म बिहान ६.०० बजे अगावै नै घरबाट निस्केको थिए । स्रष्टा पदयात्राको लोगोयुक्त झोला ढाडमा थियो र झोला भित्र एउटा फोल्डिङ

लठ्ठीसहित दिनभरिको लागि चाहिने बन्दोबस्तीका सामान । शीतल गिरी, वसन्त रिजाल, खोलाघरे साहिँलो, मन्दिरा मधुश्री, लीलाराज दाहाल, डिल्ली रमण सुवेदी, विमल अर्याल, शारदा पराजुली, परशुराम परासर, पवन सङ्ग्रौला, नवराज रिजाल, गोपाल नेपाल, सनी नेपाल, रूपा पौडेल, प्रमोद भट्टराई 'प्रतीक', विष्णु खनाल, हिमा पौडेल, निशा केसी र पार्वती भट्ट आदि जम्मा भएर २० जनाको टोली साझा यातायातका २ वटा बसमा चढ्यौँ । ८.२० मा ग्वार्को चोकबाट कृष्णमन्दिर, इमाडोल, खरीबोट, सानागाउँ, स्कुलचोक, नर्कटेचोक, तल चौतारा, माथि चौतारा, लुभु, पानी ट्याङ्की, लामाटार हुँदै ९.०० बजे ढुङ्गिन पुग्यौँ ।

**पहिलो विश्राम र खाजा**

ढुङ्गिनबाट हामी पिचबाटो अगाडि नबढेर छोटोबाटो हिड्ने क्रममा पाखाको गोरेटो रोजी उकालो लाग्यौँ । सानोतिनो वन नै रहेछ । ठाउँ ठाउँमा हाँगा पन्छाउदै झाडीबाटो छिचोल्दै हामी निरन्तर उकालिइ रह्यौँ । कोही अगाडि, कोही पछाडि, कोही सँगसगै हुनु यात्राको विशेषता भै गो । कोहीले छोटो र कोहीले लामो श्वास तान्दै र फाल्दै हामी उचाइ लिदाको अनुभव अहिले सम्झँदा बहुतै आनन्द महसुस हुन्छ । बेला बेलाको सुस्केरा, स्याँस्या र फ्याफ्या के अघि पछि त्यत्तिकै पाइन्छ र ? न खोजेर भेट्टाइन्छ, न किन्न नै पाइन्छ । शृङ्गी ऋषिको गुफाले हामीलाई हौस्याइरहेको थियो । जति सक्दो चाँडै आउन मौन सन्देश पठाइरहेको थियो । हृदयमा तरङ्ग निम्त्याइरहेको थियो । पदयात्राको क्रममा पूर्वको झापादेखि पश्चिम डडेल्धुरासम्मका यात्री सहभागी रहेछौँ । हामीमध्येका पामा उमेरका गोपाल नेपाल तथा झण्डै एक दर्जन वसन्त पनि पार नगरेकी सनी नेपाल थिइन् ।

करिव ४० - ४५ मिनेटको यात्रापश्चात् हामी पुनः कालोपत्रे भएको मूल सडक आइपुग्छौँ । सडक किनारमा हाँस्दै केही छिन आराम गर्ने, पछाडि परेका साथीहरूलाई पर्खने काम हुन्छ । उभिने ठाउँ र फुर्सद मिल्ने बित्तिकै आ आफ्ना ब्याग र खल्ती खोतल्न सबै खप्पिस देखिन्थे । सेल्फीदेखि सिंगल्स र ग्रुप फोटो नखिचिने कुरै थिएन । प्रायः सबैका मोबाइलका क्यामेराले धोको पु-याए । सबै जना जम्मा भएपछि केरा, माल्पुवा र एक एक अन्डा समेतले अलिकति भोक मेटायौँ । हुन त कसैकसैले साथीहरू पर्खने निहुमा ढुङ्गिनको बसपार्क नजिक केही नास्ता लिएका पनि थियौँ । पुनः उकालो चढ्दा भोकले सताउने समस्या रहेन । यस बेलासम्म अगाडिको थकाइ पनि मरिसकेको थियो ।

स्रष्टा पदयात्राको ५० औँ शृत्त्खलाको क्रममा अनुभवका विविधता बटुल्दै लाँकुरीभञ्ज्याङ्तर्फ अगाडि बढ्छौँ । ढुङ्गिनबाट पहिलो



विश्रामसम्म उकालोको स्याँस्याँ र फ्याँफ्याँबाहेक अन्य अप्ठ्यारो त्यति महसुस गरिएन । त्यसपछि पनि पिच सडकको सजिलो र फराकिलो मोटर बाटोले हामीलाई सँगसँगै डोऱ्याउन सकेन । संभवत हामीले छोटो बाटो चाहिरहेका थियौ । त्यसैले पुनः पाखा र बुट्यानको बाटो भएर हामी उक्लिन थाल्यौँ ।

अरूलाई के कस्तो लाग्यो, कुन्नि ! मलाई भने सित्तैमा किन त्यो सजिलो बाटो छोडिएको होला ? हिँड्दा हिँड्दै मनमा यस्ता तरङ्ग उठ्न थाले । बाटो समाइसकियो, नहिँडी उपाय पनि थिएन । अनि कसैलाई केही नभनी मनको कुरा मनमै सीमित राखियो । त्यसपछि खुट्टामा लागेको जुका टिप्दै फ्याल्न पो तल्लीन हुनपर्ने भयो । सेपिलो ठाउँ जुका असाध्यै लाग्ने रहेछ । दायाँबायाँ कस्तो दृश्य थियो कतै नजर दिन सकेको होइन । सम्पूर्ण ध्यान जुकामा केन्द्रीकृत हुन पुग्ने । अब कुन बेला यो बाटो सिद्धिएर पिचको बाटोमा पुगिने होला, मनमा यस्तै कुराले घर गर्न थाल्छ । गोडा राता नहुने सायदै कोही हुनुहुन्नथ्यो होला । जब बाटो लाकुरी भन्ज्याङमा आएर टुङ्गियो सन्तोषको श्वास फेर्दै सबै जनाबाट जुत्ता, मोजा फुकालेरै भित्र लुकेका जुका टिप्दै फाल्ने कार्य भयो । अनि मात्र हामी शृङ्गी ऋषिको गुफा अवलोकनतर्फ अग्रसर भयौँ ।

**शङ्गी ऋषि र गुफा**

लाँकुरी भन्ज्याङको चोकबाट दक्षिण पश्चिम पाखामा पर्ने श्रृङ्गी ऋषिको गुफा स्थानीय बासिन्दाको भनाइमा १० -१२ मिनेटमा पुग्न सकिने जानकारी थियो । जङ्गलको बाटो,

बर्खाको समय आवश्यक जानकारी लिने जिज्ञासु बाहेक अरू खासै नजाने भएर पनि होला बाटो साह्रै अप्ठ्यारो थियो । बाटामा न स्थानीय थिए न अन्य यात्रु कसैसँग भेट नै भयो । जुकाका बिगबिगीका कुरा गरेर साध्य छैन । माथिबाट बर्सिएका गँड्यौला समेत हिड्ने बाटो भरि बिस्कुन सुकाए झै देखिन्थे । गँड्यौला कुल्चिँदै अगाडि बढ्नुपर्ने बाध्यता थियो । यस्ता मोटा र लामा गँड्यौलासँग अहिलेसम्म साक्षत्कार भएको थिएन । यही जुरेछ भन्नु प-यो । त्यसबाहेक हिड्न मिल्ने बाटो जति सबै क्षेत्रमा उनीहरूकै बिगबिगी रहेको पाइयो । साघुरो गोरेटो । अलिकति चिप्लियो कि भिरबाट तल खस्ने खतरा उत्तिकै थियो । ठाउँ ठाउँमा रूखका हाँगा, बुट्यान र झाडी पन्छाउँदै हिँड्नुपर्ने अवस्था उस्तै । धन्न त्यस दिनको यात्रा अवधिभर पानी भने परेन । केही ठाउँमा भने पानीको पाइप हिँड्ने बाटोमै खुला बिछ्याइएको भेटियो । तिनै पाइप समातेर पनि हामी अगाडि बढयौँ । त्यस दिनको मौसम भने आशातीत अनुकूल रह्यो र थप जटिलताको सामना गर्नु परेन । लाँकुरी भञ्ज्याङदेखि शृङ्गी ऋषिको गुफासम्मको यात्रामा, भीर पाखाको सानो गोरेटो बाटो मात्र । बाटाभरि गँड्यौलाको साम्राज्य । नकुल्ची धरै नहुने बाहेक अर्को विशेषता हो जुका आतङ्क ।

अघि पहिलो विश्रामपछि लाकुरी भन्ज्याङसम्मको बाटोमा पनि जुकाको प्रसङ्ग उठेको थियो । त्यो नै आजको अन्तिम होइन रहेछ । त्यसको बुबा जिजुबाजेकै रूप पो देखियो त ! हुन पनि जुकासँगको अप्रत्याशित जम्काभेट र सङ्घर्षलाई सबै पदयात्रीहरूले अविस्मरणीय क्षणको रूपमा आत्मसात गरेको हुनुपर्छ । हामीले रोजेको बाटो नै जुकाको घना बस्ती रहेछ । अर्काको बस्तीमा विनाअनुमति घुसेपछि उसको खेदाइको सामना गर्नु नै पर्थ्यो, डटेर गरियो पनि । किनकि हामीले बाटोमा हिँड्ने कामबाहेक उसको केही बिगार गरेका पनि थिएनौँ । तर उसले रतिभर सदाशयता देखाएन ! जति अगाडि बढ्यो उति थप आक्रमणकारीको सङ्ख्या बढ्दै जान्थ्यो । जुत्ताभरि भरिएको जुका माथि माथि उक्लँदै रगत चुस्न आतुर देखिन्थे । हिँड्दाहिँड्दै टक्क अडियो, हत्तपत्त जुका टिप्यो र पालैपालो फाल्न थाल्यो । हरेक १- २ मिनेटको अन्तरालभित्रै यो कर्म गर्नैपर्ने हुन्थ्यो । ढिलासुस्ती गरेर समय बिताउने समय कहाँ पाउनु । जति समय बिताएर जुका मिल्काउन लाग्यो, उति थप जुका भेला भई घेरा हाल्न थाल्थे । अलि ढिलाइ भयो कि मोजाभित्र पुगिसक्थे । पिँडुलासम्म पुगेर रगत चुस्नु पयरदेखि पाँसुलासम्म । अब त सामान्यझैँ लागिसकेको थियो हामीलाई सुरूमा डर पनि नलागेको होइन । तर कति डराउनु ? बिस्तारै अभ्यस्त पनि हुन थाल्यौँ । साथमा नुन बोक्ने र गोडामा दल्ने केही साथीलाई

जुकाले उतिसारो चुस्न भ्याएन ।

हात गोडा र जुत्तामा स्यानिटाइजर पनि २-४ मिनेटको अन्तरमा दल्न थालियो । स्यानिटाइजरको प्रभावले जुकाको शक्ति केही छिण भएको अनुभव पनि भयो । स्यानिटाइजरको गन्धले गर्दा जुत्ता, खुट्टा र पिँडुलाबाट जुका टिप्दै फाल्न धेरै सहज भएको महसुस गरियो । अन्त्यमा करिब २.०० बजे शृङ्गी ऋषिको गुफा अवलोकनपश्चात् खाना खान बस्नु अगाडि सबैको जुत्ता, मोजा खोल्दा देखियो प्रायः सबैको खुट्टा रगताम्य । कसैको गोडामा अझै जुकाले ज्युनार गरिरहेको, कसैको गोडामा अझै रगत बगिरहेको र कसैका गोडाबाट रगत बग्न छोडेर रगतको टाटो जमेको जस्ता अनेकौं दृश्य देखिए । नजिकैको पँधेराको पानीले हात गोडा धोएर हामी खाना खाने तरखरमा लाग्यौं । ढुङ्गिनबाट माथि उकालो चढ्न सुरू गर्दा मोबाइलको घडीमा ९:३० बजेको थियो । लाकुरी भन्ज्याङ चोकबाट शृङ्गी ऋषिको गुफातर्फ दक्षिणी पाखो हुँदै पश्चिम लाग्दा करिब करिब १२:१५ भएको हुनुपर्छ ।

**पुग्न नसकेको गुफा**

लाँकुरी भञ्ज्याङकबाट १०- १२ मिनेटको बाटो त हो भन्ने कानमा परेको थियो । करिब करिब १ घन्टाको हिँडिसकियो, भिरैभिरको पाखो छिचोल्दै ! अहँ! गुफा भेटिँदैन । बाटो आर्कै परेछ भन्ने पनि लाग्यो । हार खाएर हामी सबै जना फर्कने निधो गरे हामी जो जहाँ थियौँ त्यहीँबाट पछाडि फर्किने निधो गर्‍यौँ । फर्किने क्रममा अघि अगाडि रहनु भएका साथीहरू पछाडि र पछि रहनु भएका साथीहरू अगाडि हुनु स्वभाविक थियो । जुकाको आक्रमणबाट जति सकिन्छ बच्न छिटो छिटो फर्कन हामी आतुर रह्यौँ पनि । तर लाकुरी भन्ज्याङ पुग्न करिब ५ मिनेट बाकी रहदा शंख र घण्टीको आवाजले अगाडिका पदयात्रीहरूलाई जिल्ल पार्छ । पछाडि केही साथीहरू फकर्दा धेरै नै पछाडि हुनु भएछ । उहाँहरू गुफा पुग्नु भएछ भन्ने सङ्केत पाइयो । आफूहरू छुट्न पुगेकोमा खिन्न पनि भइयो । खिन्नता स्वाभाविक पनि थियो । जहाँ पुग्न भनेर योजना बनाएर कठिन यात्रा गरेका थियौँ, त्यही गन्तव्य पुग्नबाट चुक्यौँ । जाबो ४०-४५ मिनेटको समय त रहेछ नि फर्केर जान सकिन्थ्यो के को रोइलो होला भन्ने पनि लाग्यो । तर बाटोको अवस्था, गँड्यौला र जुकासँग छुटकारा पाइसकेको अवस्थामा मानसिक तथा शारीरिक थकानलाई लत्याएर पुनः फर्किएर गुफा अवलोकन गर्नु तत्कालीन प्राथमिकताबाहिर हुन पुग्यो ।

पछाडि हुने पाँच जना स्रष्टाहरूलाई भने सौभाग्यबस त्यस गुफा देख्ने मौका मिलेछ । हामीले त्यसैमा चित्त बुझायौँ । कठिनाइका बीच पनि गुफा पुग्ने ५ जना सफल यात्रीहरूमा शीतल गिरी, डिल्ली रमण

सुवेदी, पवन संग्रौला, मन्दिरा मधुश्री र खोलाघरे साहिँला पर्नु भयो । उहाँहरू जाँदा अगाडि तर फर्कदा पछाडि हुनुहुन्थ्यो । फर्किंदा साथीहरूमध्ये कसैले अलि माथि उकालोमा रङ्गीन ध्वजा देख्नु भएछ । हुटहुटीले २ मिनेट उक्लँदा शृङ्गी ऋषिको गुफा पुग्न सफल हुनु भएछ ।

**गुफा अर्थात तपस्यास्थल**

ओडार ठुलै रहेछ । ओडार भित्रपट्टि शृङ्गी ऋषिको तपस्यामा बसेको प्रतिमा रहेछ । आकारमा अलिक ठुलै शिवलिङ्ग, नन्दी पनि र अन्य केही देवी देवताहरूका प्रतिमा बनाएर राखिएका रहेछन् । एउटा घन्टी पनि झुन्डिएको छ । लाम्चो आकारको ओडार । मान्छे उभिनसक्ने उचाइको भने रहेनछ । बाहिरपट्टि सिमेन्टको पर्खाल लगाएर अलिकति ठाउँलाई सत्सङ्ग, कीर्तन आदि गर्नलाई समतल र केही फराकिलो पारिएको देखियो । गुफाको पश्चिमपट्टि सानो विश्रामालय । कसैले पूजा वा कुनै धार्मिक कार्य गर्दाखेरि सहज होस् भनेर फोमका केही म्याट र तिनको फाटेका अवशेष । गुफाको पूर्वी भागबाट खोल्सीको बगेको पानी । सिमेन्ट लगाएको भागमा लेउ लागेको चिप्लो भाग । फोटो खिच्ने र त्यहाँ हेर्ने क्रममा पवन सङ्ग्रौला चिप्लिएको नमिठो समाचार । धन्न चोटपटक चहि नलागेको । गुफा पुग्न नसक्नेको कुरा अपत्यारिलो लाग्न पनि सक्ल तर ...... ।

स्रष्टा पदयात्राको शुभारम्भमै २०७३ सालको मंसिर ३ गते यहाँ ७ जना अग्रज स्रष्टाहरू डा.भक्त राई, जय छाङ्छा, प्रवीण पुमा राई, डिल्लीरमण सुवेदी, शीतल गिरी, डिल्लीराज अर्याल र जसध्वज यहाँ आउनु भएको रहेछ । त्यसबेला र अहिलेको समयमा निकै परिवर्तन भएको पाइयो । बाटो बनाउने प्रयास गरिएको रहेछ तर झारा टारेको जस्तो लाग्ने । गुफामा पनि परिवर्तन आएछ । अलिकति भासिएको जस्तो देखिन्छ । शिवलिंङ्ग स्थापना गरिएको रहेछ । बाटो सफा र अलिक फराकिलो पारिएको भए यात्रा कति सहज हुन्थ्यो भन्ने कल्पनामात्र गरियो । धर्मग्रन्थ र जनविश्वास भन्छन्– शमीक ऋषिका छोरा शृङ्गी जसको सरापले परीक्षित राजालाई तक्षक नागले डसेर मारेको थियो । हो, उनैले तपस्या गरेको भनिएको स्थान हो यो गुफा । पहिले गएको बाटो नभएर अहिले अर्कै बाटो समात्दा पनि केही अप्ठेरो भएको हुन सक्छ । यद्यपि ५० औँ स्रष्टा पदयात्रा रमणीय, रोमाञ्चक, यादगार रही रहनेमा कसैको पनि असहमति देखिएन ।

**शृङ्गी ऋषिको महिमा**

परापूर्व कालमा शृङ्गी ऋषि नाम गरेका दुई ऋषिको सन्दर्भ भेटिन्छ । एक रामायण कालका र अर्को महाभारत कालका । दुबै महान्

तथा सिद्धि प्राप्त ऋषि ।

त्रेता युग अर्थात् रामायण कालमा शृङ्गी ऋषिलाई ऋष्यशृङ्ग पनि भनिन्थ्यो । राजा दशरथका छोरा रामकी शान्ता नामकी एक मात्र दिदी थिइन । शान्ताको विवाह महर्षि बिभाण्डकका छोरा शृङ्ग ऋषिसँग भएको थियो । एक दिन विभाण्डक नदीमा स्नान गरिरहेका बेलामा त्यहीँ उनको वीर्यपात हुन्छ । त्यहाँको पानी एक हिरणीले पिउँदा उनैबाट शृङ्गी ऋषिको जन्म भएको बताइन्छ ।

अर्को एक कथनअनुसार ब्रह्माको मानसपुत्र कश्यप ऋषिका पुत्र थिए, बिभाण्डक । बिभाण्डक र अप्सरा उर्वशीका पुत्र थिए ऋषि शृङ्ग । पुत्र जन्माएपछि बिभाण्डक ऋषिलाई छोडेर उर्वशी इन्द्रलोक गइन् । उर्वशीले छोडेर गएपछि ऋषि बिभाण्डक सम्पूर्ण नारी जातिलाई घृणा गर्न लागेका थिए भन्ने कथन छ । त्यसैले उनको आश्रममा नारीलाई प्रवेश निषेध थियो । उनको एक्लो बलले छोरा शृङ्गीलाई हुर्काएका थिए ।

अर्के जनविश्वास अनुसार, कुनै समय एक ब्राह्मण आफ्नो क्षेत्रमा अन्नबालीको लागि मदत माग्न राजा रोमपाद कहाँ गएका थिए । राजाले उनको कुरामा पटक्कै ध्यान दिएनन् । उक्त ब्राह्मण इन्द्रदेवका भक्त थिए । आफ्नो भक्तको बेइज्जती देखेर इन्द्रले रिसाउँदै उक्त क्षेत्रमा वर्षा बन्द गरी दिए । फलस्वरूप उक्त क्षेत्रमा खडेरी पर्न गयो । त्यसपछि राजाले यज्ञ गर्नको लागि शृङ्ग ऋषिलाई आमन्त्रित गरे । नभन्दै यज्ञको कारण वर्षा हुन थाल्यो र अँगदेशभरि खुसीको उत्सव हुन थाल्यो । राजा रोमपाद तथा वर्षिणीले सल्लाह गरी छोरी शान्तालाई शृङ्ग ऋषिसँग विवाह गरिदिने निर्णयमा पुगे । शान्ता उनै राजा दशरथकी पुत्री हुन् । शान्तालाई रोमपादले गोद लिई आफ्नो अभिभावकत्व प्रदान गर्दै आएका थिए ।

राजा दशरथ र उनका तीन रानी लामो समयसम्म कसैबाट पुत्रको जन्म नहुँदा उत्तराधिकारीको विषयमा चिन्तित थिए । पुत्र प्राप्तिको लागि ऋषि वशिष्ठको सल्लाहअनुसार ज्वाई शृङ्ग ऋषिबाट पुत्रेष्टि यज्ञ गराउने निर्णय भयो । शृङ्ग ऋषि एक पुण्य आत्मा मानिन्थे । उनको पाउ जहाँ पुग्छ त्यहाँ यश वृद्धि हुन्छ भन्ने जनविश्वास थियो । सुरूमा त उनी यज्ञको लागि तयार भएनन् । पछि शान्ताको निकै जोडबलका कारण उनी यज्ञको लागि तयार भए । किनकी पुत्रेष्टि यज्ञ गराउनेको जीवनभरको पुण्य यज्ञको आहुतिसँगै नष्ट हुन्छ भन्ने कथन पनि रहेछ । यसै यज्ञबाट प्राप्त खिरको प्रभावबाट राम, लक्ष्मण, भरत र शत्रुघ्नको जन्म हुन पुगेको पनि कथन भेटिन्छ । यज्ञपश्चात् पुनः पुण्य आर्जन गर्न शृङ्ग ऋषिले वनमा गएर तपश्या गर्न थाले ।

द्वापर युग अर्थात् महाभारत कालमा पाण्डवको स्वर्गारोहणपश्चात् अभिमन्युको छोरा परीक्षितको

शासन थियो । राज्यमा सबै सुखी र सम्पन्न थिए । एक पटक राजा परीक्षित शिकार खेल्दा खेल्दै धेरै टाढा पुग्छन ्। तर शिकार हात पर्दैन । हिँड्दाहिँड्दै थकित उनी ऋषि शमीकको आश्रममा पुग्छन् । आफ्नो तिर्खा मेट्ने कोसिसमा लाग्छन् । ऋषि शमीकलाई त्यहाँ देखेर पानीको लागि आग्रह गर्छन् । तर जति कराए पनि ऋषि शमीकले कुनै प्रतिक्रिया दिँदैनन् । राजा परीक्षितलाई पनि के थाहा ऋषि शमीक समाधीमा छन् र बोल्न मिल्दैन भन्ने तथ्य । क्रमशः उनमा धैर्यको बाँध टुट्दै थियो । भनिन्छ, त्यस समय राजा परीक्षितले लगाएको मुकुटमा कलियुग बसिरहेको थियो । उक्त कलियुगले पनि राजा परीक्षितलाई क्रोधित हुन सघाइरहेको थियो । जति बोलाए पनि हलचल नगरेपछि राजा परीक्षित धनुषमा वाण चढाएर ऋषि शमीक माथि प्रहार गर्ने मनस्थितिमा पुग्छन् । तत्कालै अलि अगाडि एक मरेको सर्पमा उनको दृष्टि पुग्छ । त्यही मरेको सर्प ऋषि शमीकको गलामा फ्याकेर राजा परीक्षित त्यहाँबाट फर्कन्छन् ।

उक्त समयमा शमीक ऋषिका पुत्र शृङ्गी नदीमा स्नान गर्दै थिए । साथीहरूबाट सम्पूर्ण घटनाको जानकारी पाएपछि उनी क्रोधमा आउछन । नदीको पानी अँजुली भरी लिएर आजको आठ दिनमा सर्पले टोकेर राजा परीक्षितको प्राण जाने श्राप शृङ्गी दिन्छन् ।

समाधि समाप्तिपश्चात शमीक ऋषिले पुत्र शृङ्गीबाट सबै घटनाको जानकारी पाउँछन । छोराले बिनाजानकारी राजा परीक्षितलाई श्राप दिएको उनलाई उचित लाग्दैन । राजा परीक्षित वैदिक ऋषिहरूको रक्षालगायत आर्य धर्म र प्रजाको संरक्षणको लागि सदा सर्वदा लागि पर्ने राजा थिए । 'उनको मृत्युपछि यहाँ अत्याचार, दुराचार बढ्ने छ' भन्ने थियो । उनी पुत्र शृङ्गीलाई भन्छन, "यस पापको भागीदार तिमी पनि बन्नेछौ ।" अन्ततः यस घटनाको आठ दिनपछि सर्पले डसेर राजा परीक्षितको मृत्यु भयो ।

**श्री गोभराटेश्वर सिद्ध लिङ्ग**

यस क्षेत्रसँग जोडिएर शृङ्गी ऋषि सम्बन्ध मा यहाँ एक अर्को प्रसङ्ग पनि जोडिने रहेछ । स्कन्द पुराणअनुसार चतुर्षष्ठि : स्वयम्भू सिद्धज्योतिर्लिङ्गमध्ये ४४ औ गोभराटेश्वर ज्योतिर्लिङ्ग यहाँबाट नजिकै ललितपुर जिल्लाको लुभु भन्ने ठाउँमा अवस्थित रहेको छ । यो चक्रनेमी पर्वतको मुन्तिर शृङ्गतीर्थ नजिकै हो । यस लिङ्गको विधिवत् पूजा गरेमा मनको इच्छा अभिलाषा सिद्ध हुन्छ भन्ने विश्वास छ । यस लिङ्गको उत्पत्ति र शृङ्गी सम्बन्धमा हिमवत्खण्डमा यस्तो उल्लेख भएको छ ।

कामधेनुको सिङ्बाट निस्केकी गो शृङ्गी नदी र चक्रनेमी पर्वतबाट निस्केकी चक्रवती नदीको सङ्गममा गोशृङ्ग नामको प्रसिद्ध तीर्थ छ । पूर्व कालमा शृङ्गी नामको ऋषिले

यस तीर्थमा स्नान गरिरँहदा कामधेनु गाईले गोबर त्याग गरेर गुफामा गएको देखे । ऋषिले त्यसै गोबरको थुप्रोमा रूद्रको ध्यान गरी पूजा गर्न थाले । आषाढ कृष्ण चतुर्दशीको रातमा त्यस गोबरको थुप्रोबाट ज्योतिर्लिङ्ग उत्पन्न भयो । यसलाई गोभराटेश्वर नाम दिई शृङ्गी ऋषिले पुनः पूजा गर्न थाले । त्यस पूजाको प्रभाव स्वरूप पछि इच्छा माफिकको वरदान प्राप्त गरी सर्वोत्तम गति प्राप्त गरे ।

यहाँ एउटा अर्को घटना पनि उल्लेखनीय छ । परापूर्वकालमा कुनै एक वैश्य आफ्नो मातृ-पितृका दोषबाट नपुंसक र रातो अङ्ग भएको कारण दुःखित थिए । तीर्थाटन गर्दै जाँदा शृङ्गी तीर्थमा स्नान गरे । त्यहाँबाट निस्कँदा उनको शरीर पहिलेको जस्तै भयो । कुनै ऋषिबाट गोभराटेश्वरको महिमा थाहा पाएपछि लिङ्गको पूजा गरेर सुवर्ण छत्र पनि चढाए । १२ वर्षसम्म भगवान् शिवको कीर्तिगान गर्दै उनले पूजा गरि नै रहे । पुण्यमासको पूर्णिमाका दिन रूद्रगण आई उनलाई शिवलोकमा लगे भन्ने किंवदन्ती पनि रहिआएको छ ।

**भोजन**

दिनको २.०० बजेपछि मात्र हामीलाई भोजन गर्ने समय मिल्यो । भोजनअगाडि कुवाको पानी उवाएर हातखुट्टा धोयौ । स्रष्टा पदयात्रा र अहिलेसम्मको यात्रा विषयमा छलफल गर्ने, अलिकति समीक्षा गर्ने । सुधार गर्नुपर्ने केही कुरा भए उठाउने आदि हुन्छ । त्यही यात्रादेखि प्रत्येक सहभागीबाट सहभागी प्रवेश शुल्क बापत रू एक शय उठाउने निर्णय भए मुताबिक रू १७००/- जम्मा पनि भयो । यसै अवसरमा हामी "मुक्तक सागर" दशौं अङ्कको सामूहिक रूपमा विमोचन भयो । अनि हामी बिस्तारै ओरालो ओर्लदै ढुङ्गीनतर्फ बाटो छोट्याउनेतर्फ लाग्छौँ ।

**भोजन पश्चात् ढुङ्गिनतर्फ**

लाँकुरी भञ्ज्याङदेखि ओरालो लागेपछि लगभग १ किमिभन्दा बढी नै थियो होला गँड्यौलाक्षेत्र । दिनहुँ त्यत्तिकै मात्रामा निस्किने अनि सडकमा हिँड्दा गाडीले किचिने हुँदा दिनहुँ मरेका गँड्यौलाको पत्र पत्र परेको रहेछ । गँड्यौला कुहिएको दुर्गन्धले पैदल बाटो हिँड्न र सास फेर्ने गाह्रो थियो । २०/२५ मिनेटसम्म यस्तै बाटो हिँड्न बाध्य भयौं हामी । यसै दुर्गन्धमा हिँडदै गर्दा रचनावाचनको उद्घोषण गर्नुभयो परशुराम परासरले ।

खोलाघरेले एउटा गजल वाचन गर्नुभयो । वसन्त रिजाल र परशुराम परासरले कविता वाचन गर्नुभयो । मैले केही मुक्तक वाचन गर्न भ्याएँ । मन्दिरा मधुश्रीले पनि गजल वाचन गर्नुभयो । पार्वती भट्ट पहिलो पटक समावेश हुनुभएको थियो । उहाँले देउडा, गजल र मुक्तकहरू सुनाउनु भयो । अरू साथीहरू निकै पछाडि पर्नु भएछ । त्यसैले हामीले रचना सुन्न

सुनाउन अरूको समय समेत पायौँ । समय पनि निकै गइसकेको थियो । पछाडि पर्नु भएका साथीहरूलाई निकै समय पर्खियौँ, धेरै दुगर्म त होइन जङ्गल, पहाडले छेकेका ठाउँमा भएर हो कि फोनले पनि पत्याएन । अब कुर्ने समय थिएन । हामी पुनः अगाडि बढ्दै गयौँ । पक्कै उहाँहरूले छोटो बाटो समात्नु भयो होला भन्ने अनुमान लगायौ । नभन्दै गँड्यौलाको दुर्गन्धले गर्दा जङ्गलतिरबाट अर्कै छोटो बाटोबाट तल हामीभन्दा अगाडि आउनुभएछ । अलि तल ढुङ्गिन पनि नजिकै देखियो । उहाँहरूसँग भेट पनि भयो ।

ढुङ्गिन आइपुग्यौँ साढे चार बजे अनि त्यहाँ पुगेर सामान्य चिया खाई सहर जाने अन्तिमको बस चढेर ग्वार्कोसम्म सँगसँगै आयौँ पनि । त्यसपछि तितरबितर भएर, आआफ्ना गन्तव्यका बस खोज्न थाल्यौँ ।

**पदयात्राको लट्ठी**

लट्ठी टेकेर हिंड्ने उमेर पुगेको नभएर पनि होला– सुरू सुरूमा समाउन पनि अप्ठ्यारो लाग्थ्यो । उकाली ओरालीमा यसको महत्त्व नबुझेको पनि होइन । बिस्तारै आवश्यकता बन्यो र पछि किनियो पनि । तर घरबाट बोकेर हिंड्नै असजिलो लाग्ने । आस्ते आस्ते बानी बसालियो । लट्ठी फोल्डिङ भएर पनि हाम्रो स्रस्टा पदयात्राको लोगो भएको ब्यागमा पूरा नअटाएर ४–५ इन्च बाहिर टुसुक्क देखाउन पर्ने गर्दछ । ब्यालेन्स नमिल्दा खस्ने डर उत्तिकै । ढुङ्गिनबाट उकालो लाग्न सुरू भएपछि लट्ठी पनि झोलाबाट बाहिर आउँछ । यात्राको २- ४ मिनेटको हिँडाइ के भएथ्यो निशा केशीको नजर त्यही लट्ठीमा गढ्न पुगेछ । सायद उहाँलाई लट्ठी भए उकालो चढ्न सहज हुने महसुस भएर होला । भनिहाल्नु भयो केही छिन मलाई दिने हो ? मैले हुन्न भन्न सकिनँ । सहर्ष लट्ठी उहाँलाई दिएर आफ्नो हात स्वतन्त्र बनाएँ । बीचमा कुनै कुनै ठाउँमा लट्ठी मेरो हातमा पनि आउथ्यो र पुनः अन्तै कता जान्थ्यो । दिनभरीमा ३- ४ जनाभन्दा बढीकै हातमा पुगेछ । एकपटक डिल्लीरमण सुवेदीको हातमा पनि देखेँ । अन्तमा लाकुरी भन्ज्याङबाट फर्किंदै गर्दा लिलाराज दाहालको हातबाट मेरा हातमा आइपुगेको भने हेक्का छ । जेहोस् अन्त नपुगी मैसँग घर फर्केर आइपुगेको छ, लठ्ठी । उसलाई पनि थाहा छ अब पुनः अर्को महिनाको पहिलो शनिबार नयाँ गन्तव्य टेक्नु छ । तपाईंलाई मैले अन्याय गरेको छु निशाजीले भन्दा मैले जिल्ल पर्दै किन र ? प्रति प्रश्न गरेको थिए । उहँको सहज उत्तर थियो– तपाईंको लट्ठी तपाईंलाई नै टेक्न नदिएर । मैले पनि सहजरूपमा लिँदै जबाफमा भनेको थिएँ– तपाईलाई भन्दा मलाई आवश्यकता परेको भए तपाईंले पाउनु नै हुने थिएन । जे भयो राम्रो भयो ।

■

# फूलहरूको सौन्दर्यमा रम्दै

**(यो ५१ औँ पदयात्रा हो । २०७८ साल कार्तिक छ गते ललितपुर जिल्लाको लेलेबाट यात्रा आरम्भ गरी सोही जिल्लाको कोञ्ज्योसोम गाउँ पालिकाको नल्लुमा रहेको पाथीभरा मन्दिरमा पुगी पुनः लेले भएर फर्किएको यस यात्रामा १६ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**रूपा पौडेल 'शाम्भवी'**

यात्रा फगत हिँडाइ होइन । यात्रा जीवन हो । जीवनलाई हिँडाउने क्रममा धेरै बाटाहरू पार गरिन्छन् । जीवनको सार्थकता बोकेका कैँयन यात्राहरूको गन्तव्य अति सुन्दर हुने गर्छ । यात्राको सुन्दर पक्ष नै यही हो । यात्रा भन्नु नै जोडिनु हो तसर्थ साहित्य१४८ र जीवनलाई जोड्ने स्रष्टा पदयात्राको ५१औँ यात्राको गन्तव्य रहेको थियो, ललितपुर जिल्लाको, नल्लु क्षेत्रमा अवस्थित पाथीभरा देवी मन्दिर । ललितपुर जिल्लाको, नल्लु कोन्ज्योसोम गाउँपालिका-४ स्थित पाथीभरा देवी मन्दिर ताप्लेजुङको प्रतिकृति स्वरूपमा निर्माण भएको मानिन्छ ।

दर्शनको लागि लगनखेलबाट लेलेसम्म सार्वजनिक बस जान्छ । सोही अनुरूप २०७८ साल कार्तिक ६ गते शनिवार स्रष्टा पदयात्राको ५१औँ शृङ्खलाअन्तर्गतको पदयात्रामा लगनखेलबाट बिहान ८ बजे ललितपुर, लगनखेल बसपार्कमा जम्मा भएर शीतल गिरी, वसन्त रिजाल, खोलाघरे साहिँलो, मन्दिरा मधुश्री, लीलाराज दाहाल, विमल अर्याल, शारदा पराजुली, परशुराम पराशर, पवन संग्रौला, नवराज रिजाल, शशी थापा पण्डित, पूजन पोखरेल, डा. धनप्रसाद सुवेदी, डा.यादेवी ढकाल, माधव घिमिरे र म रूपा पौडेल शाम्भवीसहित १६ जना सार्वजनिक बस चढेर लेले पुग्यौँ ।

यात्राको दोस्रो चरणअन्तर्गत बिहानको १०:३० बजे हामी पदयात्रीहरू लेलेको उकालो लाग्यौँ । कार्तिकको पहिलो हप्ता तिहार आँगनमै आइपुगेको थियो । चारैतिर फुलेका सयपत्री र गोदावरी तिहारको स्वागतमा मुस्कुराएको भान भयो । फूलहरूको सौन्दर्यमा



रम्दै उनीहरूसँग मुस्कुराउँदै आफैलाई फूलहरूसँग तस्वीरमा कैद गर्नुको आनन्द बेग्लै थियो । पदयात्रीहरूको साथ सुन्दर यात्रामा हामी उकालो चढिरह्यौँ । अलि माथि डाँडाको मध्य भागभन्दा अलि तल रहेको केही थोरै भिरालो जमिनलाई सम्याएर नेपाली मौलिकतालाई समेटने गरी होमस्टे बन्दै रहेछ ।

केहीबेर त्यहाँबाट देखिने दृश्य अवलोकन गरेर त्यहाँको स्थानीय भाइहरूसँगको केही बेरको भलाकुसारी पछि पुनः उकालो लाग्यौँ । चिसो महिना भए पनि डाँडा चढ्दाको तापले शरीरलाई न्यानो तुल्याइरहेको थियो । मन मस्तिष्कमा एक प्रकारको नयाँ उर्जा संञ्चार भइरहेको थियो । निकै उकालो चढिसकेपछि आराम गर्न लायकको ठाउँ भेटियो । रूखको फेदीमा बिहानीको खाजा साटासाट गरेर खाइयो । झोलाको बोझ केही कम भएसँगै फटाफट अगाडि बढ्यौं । हिंड्दै जाँदा अत्यन्त रमणीय स्थल लमी डाँडा पुगेछौँ ।

लामीडाँडाको शिखरमा रमाइलो, घमाइलो चउर रहेछ । एकछिन त्यही रमायौँ । त्यहाँबाट देखिने वरिपरिको दृश्यले मनै लोभ्यायो । सृष्टिको कलाकारिताले स्वर्गको अनुभूति दिलायो । गन्तव्य अझै बाँकी थियो । लमीडाँडालाई पार गरेर ओरालो ओर्लिएर पुनः उकालो लाग्नुपर्ने रहेछ । बाटोमुनिको डाँडाको खोंचमा थुनिएपछि थाहा लाग्यो हामी केही पदयात्रीले बाटो बिराएछौँ । नखाउँ भने दिनभरीको शिकार, खाउँ भने कान्छा बाबुको अनुहार भनेजस्तै मूल बाटो समात्नलाई भिरालो ठाउँ छिचोल्नुको विकल्प थिएन्

तर भिरको बाटो पार गर्नु फलामको च्युरा चपाउनु सरह थियो ।

एकछिन अलमलियौँ, तर हिम्मतले साथ दियो । कसरी चढ्यौँ, के ले बल प्रदान गऱ्यो ? शायद पाथीभरा माताको अदृश्य शक्ति थियो कि । अलिकति सन्तुलन बिग्रिए मात्र पनि ठुलै दुर्घटना निम्तिने पक्का थियो । उथलपुथल युक्त मनलाई काबुमा राखेर दिमाग र शरीरलाई ठिक तरिकाले प्रयोग गरेसँगै बल्लतल्ल मूल बाटो पुग्न सफल भयौँ । सबैमा खुसीयाली छायो । ठुलै युद्ध जितेजस्तै भयो । मृत्युलाई परास्त गरेर नयाँ जीवन पाएजस्तैको अनुभव अकल्पनीय थियो । सबै जना भेट भएसँगै साथै उकालो लाग्यौँ । केही बेरसम्म अघिल्लो घटनाको चर्चा परिचर्चा चलिरह्यो ।

प्राकृतिक सुन्दरता पढिनु र लेखिनुमा भन्दा पनि देखिनुमा जीवन्त लाग्छ । जीवन र प्रकृतिको गहिरो सम्बन्ध शब्दको वर्णनले पूर्ण हुनै सक्दैन । अनुभूति र अनुभवलाई कैद गर्नु नै प्रकृतिलाई पढ्नु हो । पाथीभरा मन्दिर रहेको डाँडा मुन्तिरको बाटोमा अगाडि बढ्दै थियौँ । माताको दर्शनको लागि मन आतुर थियो । त्यहाँबाट अवलोकन गर्न सकिने वरिपरिको दृश्य अतुलनीय थियो । स्वर्गको कुनै टुक्रा झरेर यहाँ बसेजस्तै लाग्यो । झन्डै झन्डै मन्दिरको तल्लो मूल ढोका नजिकै पो पुगिसकेछौँ । एक पटक फेरि मनै लोभ्यायो । आहा ! वरिपरि त तोरी फुलिरहेका रहेछन् ।

सुनौलो धर्ती मुस्कुराइरहेको थियो छातीमा पहेँलै फूल सजाएन । मन थाम्नै सकिएन् हर्ष विभोर भएसँगै केही तस्वीर खिच्यौँ र माताको दर्शनको अभिलाषाले हतारिएर मूल ढोका छिरेपछिको मन्दिर जाने सिँढी चढ्न थाल्यौँ । मन्दिरको ठिक अगाडिको ढोकामा सामूहिक तस्वीर खिचाएर प्रफुल्लित मुद्रामा मन्दिरमा प्रवेश गऱ्यौँ । मन्दिर ताप्लेजुङ पाथीभरा जान मन भएका, भाकल गरेका तर शारीरिक, आर्थिक, परिस्थिति आदि कारणले दर्शन गर्न जान असमर्थ भक्तहरूको सुविधाका लागि पाथीभराकै दुरूस्त प्रतिकृति बनाएर स्थापना गरिएको रहेछ ।

खुल्ला आकाशमुनि रहेको पाथीभरा मातालाई शृङ्गार गरेर चिटिक्क बनाइएको रहेछ । वातावरण र प्राकृतिक दृश्य पनि अति नै मोहक रहेको यस्तो पवित्र ठाउँमा पुगेर माताको दर्शन गर्न पाउँदा आत्मिक ऊर्जा थप भएको महसुस गऱ्यौँ । भर्खरै स्थापना गरिएको यो मन्दिरको व्यवस्थापन पक्षमा थप कामहरू हुँदै गरेका रहेछन् । अशक्त र कहिल्यै पाथीभरा पुग्न नसक्नुभएका भक्तहरूले सजिलै दर्शन गर्न सक्ने पाथीभरा माताको जय गाउँदै हामी मन्दिरको छेउबाट निस्केर अलि तल रहेको पाथीभरा देवी थानको चउरमा पुग्यौं । यस यात्राको भोजन हामीले यही गऱ्यौँ । केहीछिन सुस्ताए पश्चात् ओह्रालो उकालो र ओह्रालो ओर्लिदै दिउँसोको ४:३० मा लेले बसपार्क पुगेर अन्तिम बस चढेर फर्कियौँ । यसको झल्को अहिले पनि आइरहेछ ।

■

# सत्ताइस वर्षपछि पोकलीमा

**(यो ५२ औँ पदयात्रा हो । २०७८ साल मङ्सिर १७ र १८ गते ओखलढुंगा जिल्लाको पोकली झरना र सो क्षेत्रमा गरिएको यस यात्रामा ९ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**

**धनप्रसाद सुवेदी 'श्रमिक'**



स्रष्टा पदयात्राको ५२ औँ शृङ्खला ओखलढुङ्गाको पोकली झरना क्षेत्रमा गर्ने भन्ने भन्ने सल्लाह भयो । त्यही मौकामा मेरो पहिलो कृति 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासको दोस्रो संस्करणको सार्वजनिक गर्ने कार्यक्रम पनि बन्यो । २०७८ मंसिर १७ र १८ गतेका लागि कार्यक्रम तय भयो ।

काठमाडौँ भ्युटावर छेउको एउटा क्याफेमा पोकली झरना समाजका महासचिव शम्भु बरालसँग बैठक गरियो । झरना सेवा समाजका अध्यक्ष मिलन विष्ट र महासचिव बरालले कार्यक्रममा सहयोग गर्ने वचन दिए । ओम सुवेदी सरले पोकलीमा बस्नेखाने ठाउँको योजना मिलाइदिए । जनजीवन माविका प्रअ गोविन्द खत्री र लेती माविका प्रअ कमल दङ्गालले कार्यक्रमको चाँजोपाँजो मिलाइदिने भए । बालकृष्ण ढुङ्गेल, ठाकुर घिमिरे, प्रवीण अधिकारी, शिवराज गौतम, बासु गौतम, बुद्धिमान ढुङ्गाना, गुणहरि अधिकारी, रमला पौडेल लगायतका पोकलीका मित्रहरूको सद्भावले हामीलाई पोकलीको यात्रा तय गर्न उत्साह मिल्यो ।

यात्राका लागि माधवलाल श्रेष्ठले जोहो मिलाएको चालक चक्रध्वज भण्डारीको स्कारपिओमा हाम्रो यात्रा सुरू भयो । माछापोखरीबाट माधव घिमिरे 'अटल', चाबहिल चोकबाट म धनप्रसाद सुवेदी र माघवलाल श्रेष्ठ, जोरपाटीबाट वसन्त रिजाल, सुमन पुडासैनी, गोठाटारबाट खोलाघरे साहिँलो, पुरानो सिनामङ्गल टाउन प्लानिङबाट डिल्लीराज अर्याल, भक्तपुर पुरानो ठिमीबाट डिल्लीरमण

सुवेदी र शीतल गिरी गाडी चढ्यौँ । राधेराधेको भाटभटेनी छेउमा हामीलाई यात्राको शुभकामना दिन पोकली झरना समाजका अध्यक्ष मिलन विष्ट र महासचिव शम्भु बरालले खादा लिएर उभिरहेका रहेछन् । उनीहरूको न्यानो शुभकामनापछि हाम्रो यात्रा अघि बढ्यो । यसरी बिहानको ६.०० बजे स्रष्टा पदयात्राका संयोजक शीतल गिरी, डिल्लीराज अर्याल, माधव घिमिरे 'अटल', डिल्लीरमण सुवेदी, वसन्त रिजाल, खोलाघरे साहिँलो, माधवलाल श्रेष्ठ, सुमन पुडासैनी अनि म सहित ९ जना र गाडी चालक भण्डारीसहित हामी भक्तपुरबाट पोकलीतिर हुइँकियौँ ।

बस बनेपा, धुलीखेल, भकुन्डेबेँसी हुँदै अघि बढ्यो । हुनत यो बाटोको यात्राका बारेमा धेरथोर सबै परिचित नै थियौँ र पनि यो बाटो भएर धेरैपटक हिँडेको हुनाले मैले अघि सरेर आफैँलाई जान्ने ठहऱ्याउँदै बाटाका बारेमा एकप्रकारको प्रवचन दिएँ भन्दा हुन्छ । बस रोशी किनार भएर हुइँकिँदै गर्दा मैले खोटाङतिर गाइने लोकसिलोक सुनाइदिएँ :

"घरबाट हिँडेको त सात दिनमा पुगिन्छ रोशी खोला

रोशीमा खोलाको उसै झिलीमिली झन् नेपाल कस्तो होला ।"

पहिले पहिले पूर्वी नेपालको पहाडी भेगबाट पैदलै काठमाडौँ आउने मानिस रोशी खोलासँग परिचित थिए । त्यतिबेला काठमाडौँलाई नेपाल भनिन्थ्यो । आजजस्तो खोलामा पुल लगाउने अवस्था थिएन र रोशी खोलामा २०/२२ वटा जँघार तरेर काठमाडौँ उर्फ नेपालको यात्रा तय गर्नुपर्थ्यो । त्यसैले वर्षायाममा नेपालतिरको यात्राको कमै हुन्थ्यो होला । हिउँद यामको नेपाल यात्राका बेला भने रोशी बगरमा सानोतिनो व्यापार हुँदो हो र त्यही व्यापारका लागि ससाना छाप्रा बनाइन्थ्यो । केही छाप्राहरूमा त रातभर मइन्टोल बालेर जुवा पनि खेलाइन्थ्यो रे । हो, त्यही मइन्टोलको उज्यालोबाट प्रभावित भएर कुनै लोककविले कथेको हुनुपर्छ "रोशीमा खोलाको उसै झिलीमिली झन् नेपाल कस्तो होला ?" उता खोटाङ, भोजपुरतिर त्यो सिलोक पछिसम्म पनि प्रचलनमा थियो । मैले मेरी आमाको मुखबाट सुनेर यो सिलोक कण्ठ भएको हो ।

पूर्वीपहाडबाट काठमाडौँ आउनेका लागि यात्राको अविस्मरणीय थलो रोशी खोलासँग उसै झिलीमिलीका कथा मात्रै थिएनन् । रोशीखोला आसपासमा जङ्गलमा लुटेराबाट लुटिएका र अझै कति त मारिएका डरलाग्दा कथाहरू पनि थिए । बटुवा बाटामा हिँडिरहेका छन्, जङ्गलबाट कोही एकजना मानिस फुत्त निस्कन्छ र यात्रीहरूलाई राम्रोसँग नियाल्छ । त्यही बेला माथि झाडीतिरबाट आवाज आउँछ, "लैनौ कि थारो ?" ठिक त्यही बेला यात्रीलाई नियाली रहेको मानिसले जवाफ दिन्छ, "थारो" । त्यो मानिसले "थारो" भनेको सुन्नासाथ यात्रीहरूको अनुहार उज्यालो

हुन्छ र उनीहरू ढुक्कको सास फेर्दै अघि बढ्छन् । यदि यहीँनेर त्यो मानिसले "लैनो" भनेर जवाफ दिन्थ्यो भने बाटो आसपासको झाडीबाट एकाएक खुकुरी, लठ्ठी, भालासहितका मानिसहरू यात्री अगाडि देखापर्थे र यात्रीहरू ज्यान जोगाउनकै लागि भए पनि आफ्ना झिटीझ्याम्टा छाडेर रित्तै बाटो लाग्न विवश हुन्थे । रोशी खोला किनारै किनार बस हुइँकिँदै गर्दा मैले प्रसङ्ग कोट्याउने प्रयास गरेँ । यस कुरामा स्रष्टा यात्रीहरूमध्ये शीतल गिरीले चाहिँ राम्रै ध्यान दिएको जस्तो लाग्छ, अरूले चाहिँ खासै ध्यान दिएनन् सायद ।

नेपालथोकमा पुगेपछि चियाखाजा खाइयो । गाडीको आडमा उभिएर फोटो खिच्ने र फेसबुकमा पोस्ट्याउने कुरा त हुने नै भयो । खुर्कोटबाट कोसी तरेर मन्थलीतिर लाग्दासम्मको बाटोको कथा हाल्न सिपालु म पनि मन्थलीबाट पोकली जाने बाटोका बारेमा भने अनभिज्ञ । मन्थलीबाट पोकली जाने दुइटा बाटा रहेछन् । एउटा काठमाडौँबाट खुर्कोट, मन्थली, धोबी, सिरिसे, ढाँडे हुँदै जाने र अर्को मन्थलीबाट सालु, रात्माटा, सिरिसे हुँदै जाने । हामी सालुपाटीको बाटो लाग्यौँ ।

उहिले २०४७ सालमा पोकलीबाट हिँडेर म सालुपाटी पुगेको थिएँ । ३१ वर्षअघिको त्यो यात्राको धमिलो सम्झनाबाहेक मसँग केही थिएन । उहिले पूर्वी नेपालबाट हिँडेर त्यतिबेलाको खाँटी नेपाल अर्थात् काठमाडौँ त्यही सालुपाटी हुँदै जानुपर्थ्यो रे । त्यो बाटोमा पर्ने कोषहाटकी दही बुढी र सालुपाटीकी अचार बुढी बास बस्नेहरूका लागि प्रसिद्ध ठाउँ थिए रे । म दही बुढी र अचार बुढीको कहानी सुनाउन चाहन्थेँ । तर हामा गाडी चालक भण्डारीजीलाई शृङ्गारिक चुट्किला मात्रै सुन्नुपर्ने रहेछ । त्यसमा पनि यौन अङ्ग र यौनक्रियाका ठेट शब्द प्रयोग गरेर चुट्किला भन्दा मात्रै खुसी हुने नत्र रिसाइहाल्ने बानी रहेछ । पहाडको कच्ची बाटो, उता पोकलीमा कार्यक्रमका लागि निर्धारित समय घर्किँदै गएको, भोक पनि लाग्न लाग्न खोजेको, त्यसमाथि दोबाटो आयो कि अलमल हुने, सोधखोज गर्नुपर्ने अवस्था । परि स्थितिलाई विचार गर्दा चालकलाई खुसी नपारी नहुने देखियो । अनि चालकको चाहनाअनुरूपका चुट्किला सुनाउनैपर्ने भयो । हाम्रो यात्रामा महिलाहरू नभएको यति बेला राम्रै भयो ।

पदयात्री सबै स्रष्टाहरू । जुनसुकै विषयका चुट्किलाको भण्डार छँदै थियो सबैसँग । शृङ्गारिक चुट्किला त झन् नहुने कुरै भएन । त्यसमाथि शृङ्गारिक कुरा सुन्न सबैलाई मन लाग्ने । तर सबै जना खुलेर भन्न चाहिँ नचाहने । अनि कति चाहिँ सभ्य देखिने नाममा खुल्न नचाहने हुँदा रहेछन् । यहाँ पनि त्यस्तै भयो । अब यो यात्राको अग्रसरता मैले नै लिएको हुनाले चुट्किला भन्ने कुरामा पनि मैले नै अग्रसरता लिने आँट गरेँ । त्यसपछि त के चाहियो र ?सालुपाटीदेखि



रात्माटासम्म एकपछि अर्को शृङ्गारिक चुट्किलाहरूको प्रवाह भइरह्यो । अरू पदयात्रीले मलाई सघाए । अँ, चुट्किलाको दोस्रो शृङ्खला भोलिपल्ट काठमाडौँ फर्किदा पनि जारी रह्यो ।

गाडी लिखु किनारमा झरेपछि भने ३२ वर्षअघि पुगेको त्यस ठाउँका सम्झनाहरू ताजा हुन थाले । लिखु खोलामा जताततै बिजुली निकाल्न थालिएको रहेछ । सिरिसे, ढाँडेतिर पावर हाउस बनेका । वारिपारि डाँडापाखामा खनिएका सडकहरू अनि सडक आसपासमा बढ्दै गएको बस्ती । पहिलेभन्दा धेरै फेरिएको रहेछ गाउँठाउँ । हाइड्रो होडले लिखुका माछालाई भने पक्कै असर गरेको होला भन्ने अनुमान लगाउँदै हाम्रो यात्रा अघि बढ्यो । बालाचतुदर्शीको दिन । गाम्नाङटार पुछार लिखुकिनारमा दुईदिने माटेबैँसी महोत्सवको हुन लागेको रहेछ । त्यसको उद्घाटनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री प्रेम आले हेलिकेप्टरबाट आउन लागेका रहेछन् । त्यसैले लिखु किनारमा भिडभाड रहेछ । देख्नेले हामीलाई पनि त्यही मेलामा आएको ठाने जस्तो देखिन्थ्यो ।

अरू देशमा वैज्ञानिकहरूले नयाँ नयाँ कुरा पत्ता लगाइरहेको समाचार आइरहँदा हामीकहाँ पनि नयाँ नयाँ गुफा र गुफामा देवताहरू पत्ता लागेका समाचार आइरहेका हुन्छन् । यो क्षेत्रमा पनि यही बेला अर्थात् २०७८ मंसिर १३ गते ओखलढुङ्गा जिल्ला टारकेराबारी, मझुवामा स्थानीय

विष्ट समुदायका कुलधामीले नयाँ हलेसी गुफा (कुन्डला महादेव) फेला पारेको भनेर स्थानीय साथीहरूका फेसबुकमा प्रचारप्रसार भइरहेको थियो । लिखु किनारमा लाग्ने मेला त्यही नयाँ गुफाको मेला हो कि भनेर म झुक्किएँ । तर होइन रहेछ, नयाँ हलेसी साविक टारकेराबारी गाविसको मझुवामा रहेछ, लिखु मेला साविक गाम्नाङटारतिर रहेछ ।

साढे एक बजे हामी सिरिसे पुग्यौँ । २०४७ साल भदौ १५ गते शुक्रबारे हाटमा सरकारविराधी कार्यक्रमको उद्घोषण गरेको सम्झेँ । भर्खरै बहुदल आएको बेला, अन्तरिम सरकार, कृष्णप्रसाद भट्टाई प्रधानमन्त्री । नेकपा (मशाल), नेकपा (चौम), नेकपा (मसाल, शीतलकुमार-बाबुराम समूह) र सर्वहारावादी श्रमिक सङ्गठनका बिच बनेको पार्टी एकता समन्वय समितिले गरेको महँगी विरूद्धको देशव्यापी विरोध कार्यक्रममा मलाई नेकपा (चौम) को तर्फबाट भन्दै कार्यक्रममा उदघोषण गर्न लगाइएको थियो । कम्युनिस्ट पार्टी र क्रान्तिप्रतिको गहिरो विश्वासले गर्दा जागिर गए जान्छ भन्ने आँट थियो त्यो बेला । अर्को कुरा त उमेर पनि त्यस्तै बिस बर्से ठिटो, एसएलसी पास गरेको । संसारै जितौँला जस्तो जोस र जाँगर थियो, जाबो खरिदारको जागिरको के कुरा भो र ! त्यसैले जागिर परीक्षणकालमा हुँदाहुँदै पनि सरकार विरोधी भाषण गरिएको थियो । सिरिसे पुग्दा विस्मृतिमा पुगेका त्यस्ता धेरै कुरा ताजा भएर आए । मैले त्यतिबेलाको सिरिसे खोजेँ । दुईचार ओटा पसल, शुक्रबार लाग्ने सानो हटिया, लिखु नदीमा माछा मारिरहेका मछुवासँग माछाका लागि गरेको मोलमोलाइ यस्तै केही कुराहरू स्मृतिमा जीवन्त भएर आए । समय भएको भए त्यहाँ बिसाएर हेर्ने, बुझ्ने गरिन्थ्यो होला । तर समय भएन । गाडीको गतिसँगै गरिएको अवलोकनले भन्यो, 'धेरै कुरा बदलिए जस्तो छ ।' नबदलियोस् पनि कसरी ? बिसेबाइसे उमेरका उत्सुकता, उमङ्ग, आँट र सिर्जनात्मकतासँग जोडिएको त्यो ठाउँलाई अहिले बाउन्न वर्षमा पुग्दा पनि त्यस्तै भइरहनुपर्थ्यो भनियो भने त त्योभन्दा प्रतिक्रान्तिकारी सोच के हुन्छ र ? जेहोस्, सिरिसेबाट लिखु किनारै किनार सरर गाडीमा गुड्न पाउँदा भने मजा आयो ।

दिउँसो २ बजे हामी लेती पुग्यौँ । पोकली खोलाछेउको ठाकुर घिमिरेका होटलमा हाम्रा लागि पकाएको खानाले सिङ्जुरो हालिसकेको थियो । खाना खाएर कार्यक्रम थाल्दा ३.०० बजेको थियो ।

त्यति बेलाको पोकली गाविस वडा नं २, अहिलेको ओखलढुङ्गा जिल्ला, लिखु गाउँपालिका वडा नं ९ लेतीमा रहेको लेती माविमा कार्यक्रम सुरू भयो । लेती माविका शिक्षक चेतप्रसाद घिमिरेको मिठो उद्घोषणमा कार्यक्रम अघि बढ्यो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेशकुमार घिमिरेको

सभापतित्व अनि स्थानीय समाजसेवी कोमलहरि गौतम प्रमुख अतिथि । मेरो उपन्यास 'सानो स्वार्थ भयङ्कर अपराध' दोस्रो संस्करणको लोकार्पणसँगै कवितावाचनको कार्यक्रम सुरू भयो ।

लेती मावि लेती, जनजीवन मावि वाच्यु, जाल्पा मावि टारकेराबारी, नर्मदेश्वर मावि खिजीदेम्बा, चण्डेश्वरी मावि रगनी, चण्डेश्वरी मावि खिजीचण्डेश्वरीका विद्यार्थीहरूले कविता सुनाए । उमा दर्जी, सुजना खडका, सीमा पौडेल, भावना सुनुवार, सलिना परियार, सरस्वती पौडेल, पिवना वि.क., सुस्मिता घिमिरे, पुष्पा विष्ट, सावित्री पौडेल, भूमिका वि.क., रोजिना सुनुवार, रोशिका खत्री, महेश्वरी खत्री, सिर्जना खड्का, रोमिना सुनुवार, सन्दर्भ गौतम, मुना विष्ट, अस्मिता मगराती, शारदा खत्री, आदर्श घिमिरे, मिना भुजेल, सुनमाया तामाङ, सावित्री मुदेल, सुष्मा श्रेष्ठ, निरूता खड्का, गरिमा मगर, दीपाश्री घिमिरे, सन्जिता नेपाल, युवराज श्रेष्ठ, रूद्रबहादुर रोक्का, ढाकामाया मुदेल, निर्मल खत्री, सरोज घोताने, लक्ष्मी भुजेल, निलिना रोक्का, ठम्मर मुदेल, सविना परियार, सञ्जीव मग्राती, भावना बराल, सङ्गीता गौतम, दीक्षा दर्नाल, विजय गौतम, विश्वास वि.क. लगायतका विद्यार्थीका ऊर्जाशील कविता सुन्न पाइयो । कविता वाचन गर्ने विद्यार्थीहरूलाई स्रष्टा पदयात्रीको तर्फबाट साहित्यिक पुस्तक उपहार दिइयो । प्रमाणपत्र पनि दिइयो ।

माधव घिमिरे 'अटल' र वासुदेव गौतमले उपन्यासको समीक्षा गर्दै मलाई फुर्क्याए । डिल्लीरमण सुवेदी र शीतल गिरीले स्रष्टा पदयात्राबारे बताए । धेरैजसो मानिस हिँडिसकेपछि अन्तिममा मेरो पालो आयो, मैले पनि केही विगतको स्मरण गरेँ, केही आफ्नो उपन्यासका बारेमा बोलेँ ।

कार्यक्रमपछि हामी उही मञ्जु पौडेल र ठाकुर घिमिरेको पोकली झरना होटल एन्ड लजमा गयौँ । समयका कारण कार्यक्रममा कविता सुनाउन नपाएका स्रष्टा पदयात्रीहरू कविता वाचनमा रूचि देखाए । मैले उद्घोषणको भूमिका लिएँ । कविता, गीत र गजल वाचन सुरू भयो । उता लोकल कुखुरा भुत्ल्याइँदै थियो, यता आगो ताप्दै कविहरू कविता सुनाउन थाले । केही कविहरूले हल्का जलपान लिए र मलाई पनि लिऔँ भन्दै थिए । म पनि ऐन मौकामा हल्का लिने मान्छे नै हुँ तर त्यस दिन खै किन हो लिन मन लागेन । मैले मनतातो पानीसँगै कुखुराका सपेटा खाँदै कार्यक्रमको सहजीकरण गरेँ ।

हामी खानपान र कविता वाचनमा रमाइरहँदा काठमाडौँमा रहेका पोकलीका मित्रहरूका फोन पालैपालो आइरहे । पोकली झरना समाजमा अध्यक्ष मिलन विष्ट, महासचिव शम्भु बराल, ओम सुवेदी, बुद्धिमान ढुङ्गाना, रमला पौडेल, शिवराज गौतम, नारायण गौतम आदिका फोन आए । बुद्धिमान ढुङ्गाना मैले २०४७ सालमा पोकली आउँदैदेखि चिनेका

अत्यन्त सिर्जनशील र असल मानिस। पोकली झरना सेवा समाजका पूर्व अध्यक्ष। अहिले उपत्यकाका बासिन्दा। रामेछाप सैपु माइती र लेती घर भएकी रमला पौडेल जसको बिहेमा म पनि जन्ती गएको थिएँ, अहिले उपत्यकामा शिक्षक, राम्रो छन्दकवि। ओम सुवेदी ओखलढुङ्गा जिल्लामा माओवादी पार्टीको संस्थापक, सेवा निवृत्त शिक्षक, समाजसेवी। नारायण गौतम उपत्यकाका विभिन्न क्याम्पसमा क्याम्पस प्रमुख चलाइसकेका प्राध्यापक तथा कवि। शिवराज गौतम उपत्यकाका विभिन्न कलेज स्कुलका शिक्षक, स्रष्टा। सबै एक से एक प्रतिभाशाली र असल नागरिक। झरना समाजका अध्यक्ष मिलन विष्टले भोलिपल्टको खानाखाजा मेरो जिम्मा भने। महासचिव बरालले आजको खानाबास सारा खर्च मेरातर्फबाट भयो है, अतिथिको खानपानमा कुनै कन्जुस्याइँ नहोस् भनेर लाउडस्पिकरमा ठाकुरजीलाई फोन गरिदिए। अन्य साथीहरूले हाम्रो यात्राप्रति गहिरो सद्भाव दर्साए। सारै आनन्द भयो मन।

लेती माविका प्रअ कमल दङगाल, जालपा माविका प्रअ वासुदेव गौतम, होटल मालिक ठाकुर घिमिरे र उनकी श्रीमती मञ्जु पौडेलसहितको आतिथ्यमा रमाउँदै हामी रचना वाचनमा सरिक भयौँ। वासुदेव सर र मञ्जु पौडेलले पनि आफ्ना कविता सुनाए। बरू उद्घोषक भएको फाइदा उठाएर मैले भने कुनै रचना सुनाइनँ। पोकली र आसपासको क्षेत्रमै शिक्षाको बिउ छर्नुहुने टीका घिमिरे गुरूलाई म रामोसँग चिन्थेँ। होटलवाला साहुजी उनै टीका सरका छोरा रहेछन्। उनी व्यवसायी मात्र नभएर स्थानीय राजनीतिमा पनि संलग्न रहेछन्। परिवर्तनका लागि जनयुद्ध लडेर आएका योद्धा रहेछन्। उनको न्यानो आतिथ्यबाट हामी सन्तुष्ट भयौँ। हामीलाई अर्कोए दिन बिहानै उठेर पोकली झरना क्षेत्रको भ्रमण गर्नु थियो, वाच्पु स्कुलका सरहरूसँग भेट्नु थियो र सकेसम्म चाँडै काठमाडौँ फर्किनु थियो। त्यसैले भोलिपल्टको कार्यक्रमको बन्दोबस्त मिलाउन पनि उनै ठाकुरले सघाए।

खानपिनपछि सुत्ने तर्खर हुन थाल्यो। ठाकुरजीकहाँ सुत्नका लागि सबैलाई नपुग्ने भएकाले म, माधव घिमिरे 'अटल', डिल्लीरमण सुवेदी र सुमन पुडासैनी स्थानीय रमेश घिमिरेकहाँ सुत्न गयौँ। घरबेटीसँग पनि पुराना कुरा भए। संविधानसभा सदस्य बालकृष्ण ढुङ्गेल नेकपा फुटेपछि आफ्नो पुरानो पार्टी माओवादीतिर नगई एमालेमा गएका थिए। त्यही प्रसङ्गबाट स्थानीय राजनीतिका कुरा भए। त्यो बेला मेरो मानसपटलमा २०४७ देखि २०५१ सम्मको स्थानीय राजनीतिको चित्र सर्लक्कै आयो। मैले लेखेका दुईओटा नाटक वाच्पु स्कुलमा मञ्चन भएका थिए। एउटा नाटक मञ्चनका बेला बाहिरबाट

कसैले ढुङ्गा हानेर होहल्ला पनि भएको थियो । नेपालमा माओवादी जनयुद्धको पृष्ठभूमि तयार हुँदै गरेको समय । ओम सुवेदी, बालकृष्ण ढुङ्गेल, बाबुराम गौतम, पुष्कर गौतमहरू माओवादी राजनीतिमा संलग्न थिए । उनीहरूसँग मेरो विचार मिल्थ्यो र उनीहरू मेरा घनिष्ठ साथी भएका थिए । त्यही भएर त अहिलेसम्म पनि उनीहरू मेरा साथी भएका हुन् नि । ओम सुवेदी सर उनीहरू सबैका गुरू । उनीसँग प्रशस्त मात्रामा मार्क्सवादी पुस्तकहरू थिए । त्यो बेला मेरो जागिरमा खासै काम थिएन । त्यसैले फुर्सदको सदुपयोग मार्क्सवादी साहित्यको अध्ययनमा लगाउने वातावरण बन्यो । मेरो अध्ययन, जागिर र राजनीतितिरको चासोमा त्यो वातावरण, त्यो सङ्गतले ठुलो महत्त्व राखेको छ । त्यसैले म पोकलीमा जागिरे हुँदाका ती दिनलाई कहिल्यै बिर्सन्नँ । राति अबेरसम्म मैले तीन दशकअघिको पोकली बसाइँका अनेक घटनाहरू सम्झिँदै थिएँ । खै कति बेला निदाएँ कुन्नि पत्तै भएन ।

भोलिपल्ट बिहानै हामी पोकली झरनातिर लाग्यौँ । ठाकुर घिमिरे, वासु गौतमहरू हामीलाई गाइड गर्न अग्रसर भए । कुवारूमुनि पुग्दा शङ्कर सुनुवार हामीलाई भेट्न आइपुगे । उनी मलाई खोजिरहेका थिए । म २७ वर्षअघिको २५ बर्से ठिटो थिइनँ । दारीसमेत फुलीसकेको ५२ बर्से प्रौढ भइसकेको थिएँ । शङ्कर सुनुवारको चट्ट जिउडाल । मेरो अनुहारमा मुजा परिसकेको । त्यसैले शङ्कर सुनुवारले मलाई झट्टै चिनेनन् कि भन्ने लाग्यो । पोकली बस्दा शङ्कर सुनुवार पनि ओम सुवेदीकै स्कुलिङमा थिए । भनौँ, ओम सुवेदी, बालकृष्ण ढुङ्गेल, बुद्धिमान ढुङ्गाना, गुणहरि अधिकारी, शङकर सुनुवार, बाबुराम गौतम, पुष्कर गौतमहरू एउटा विचारधारामा थिए । त्यो भनेको माओवादी विचार हो । जागिरका क्रममा त्यहाँ पुगेको म पनि त्यही कित्तामा मिसिन पुगेको थिएँ । त्यसैले हामीबिच घनिष्ठ सम्बन्ध थियो । मैले अघि सरेर आफूलाई चिनाएँ । हामीले न्यानो हात मिलायौँ । अब हाम्रो गाइडको चाबी उनैले लिए ।

साथीहरूले पोकलीको नामकरणको बारेमा कुरा उठाए । पोकलीको नामकरणका बारेमा मैले दुइटा किंवदन्ती सुनेको थिएँ । खोला छेउमा एकजना सुनुवार्नी आमै जलुको काट्दै थिइन्, केही बटुवा सायद सरकारी कर्मचारी त्यही बाटो हुँदै कतै जाँदै थिए । उनीहरूमध्येका एक जनाले सोधे, "ए आमै, यो खोलाको नाम के हो ?" आमै नेपाली भाषा त्यति बुझ्दिनथिइन्, उनले ठानिन्, त्यो जलुको केका लागि काटेको हो भनेर सोध्दै छन् । त्यसैले उनले जवाफ दिइन्, "पोकली ।" सुनुवार भाषामा 'पो' भनेको सुँगुर र 'कली' भनेको निम्ति वा लागि हो । आमैले जलुको सुँगुरको आहाराका लागि काटेकी

थिइन् र त्यही जवाफमा पोकली भनेकी थिइन् । आगन्तुकलाई यति भएपछि पुग्यो, उनीहरूले डायरीमा लेखे, यस खोलाको नाम 'पोकली' । शङ्कर सुनुवारले त्यही किंवदन्ती सुनाए । साथीहरूले डायरीमा टिपे ।

पोकली नामको अर्को किंवदन्ती पनि मैले सुनेको थिएँ नासो भीमबहादुर सुनुवारबाट । त्यो किंवदन्ती मैले उपन्यासमा पनि लेखेको छु । हजारौँ वर्षअघि त्यस पोकली खोलाको मुहानदेखि लिखु किनारसम्मै घना जङ्गलले ढाकिएको थियो । जङ्गलका रूख, लहरा धेरै बाक्ला भएकाले मानिसहरू पोकली झरनाको छेउमा जान सक्दैनथे । यता वाच्पु गाउँमा पानीको अभाव थियो । एक दिन गाउँका एक हुल सुँगुर बेलुका खोरमा फर्किंदा जिउभरि सेतो माटोमा लत्पतिएर फर्किए । गाउँलेहरू आश्चर्यचकित बने । बेलुकी खानपिनपछि गाउँलेहरू नासोकहाँ जम्मा भए । सुँगुरका जिउभरि पोतिएको सेतो माटो कहाँबाट कसरी आयो भन्ने बारेमा छलफल भयो । अर्को दिन चरनमा जाने सुँगुरको चियो गर्ने सल्लाह भयो । भोलिपल्ट सुँगुरको पदचिह्न पछ्याउँदै, झाडी फाँड्दै गाउँलेहरू अगाडि बढे र अन्ततः एउटा भव्य पोखरी छेउमा पुगे । त्यसपछि उनीहरूले खोलाबाट कुलो खनेर गाउँमा पानी ल्याए । सुँगुरका लागि ल्याएको त्यो कुलो पनि त 'पोकली' नै थियो नि । अँ, त्यही बेलादेखि कुलोको नाम पोकली भयो र अन्ततः खोलाको नाम पनि पोकली नै रहन गयो ।

किंवदन्ती फरक भए पनि 'पोकली' सुँगुरका लागि भन्ने अर्थसँग सम्बधित रहेछ भन्ने कुरामा विवाद रहेन । स्रष्टाहरूले तलैबाट झरनाको दर्शन गरे र त्यो दृश्य देखेर यति लोभिए कि त्यसको पृष्ठभूमिमा फोटा खिच्नका लागि तँछाडमछाड गर्न लागे । फोटो सेसनपछि पोकली खोलाछेउका ओख्ली ढुङ्गा, दुग्धेश्वर मन्दिरको दर्शन, अवलोकन गरे । केही स्रष्टाहरू सुनुवार संस्कृतिका बारेमा सोधखोज गर्दै थिए । म भने २७ वर्ष पुरानो समयको पोकली र त्यति बेलाका मानिसहरू खोज्दै थिएँ, सम्झिँदै थिएँ । पोकली खोलाको फड्के साँगु तर्दै गर्दा चिप्लिएर जीवनलीला समाप्त भएका स्थानीय जनजीवन स्कुलका तत्कालीन हेडसर ऋषिराम ढुङ्गेलसरको तस्बिर मेरो मानसपटलमा आयो अनि बल्कती स्कुलबाट पोकली झरनामाथिको कुलैकुलाको बाटो भएर घर फर्कंदै गरेका टेकराज सर चिप्लिएर दैत्यभिरको खोचमा ज्यान गुमाउनु भएको दुखद घटनाको सम्झना ताजा भएर आयो ।

हाम्रो यात्रा अघि बढ्यो । पोकली झरनाको नजिकको गाउँ कुवाँरू पस्ने ठाउँमै, बुद्धिमान ढुङ्गानाकै घरमाथि पोकली झरनाको प्रवेशद्वार बनाएको रहेछ । प्रवेशद्वारमा हाम्रो स्वागतमा लागि आमा समूहहरूको उपस्थिति

भइसकेको रहेछ । आमाहरूको हार्दिक स्वागत पाउँदा हामी कति खुसी भयौँ लेखेर के साध्य ? भव्य स्वागत भयो । त्यहीँ भेटभयो केशव अधिकारी र अरूहरूसँग । केशव अधिकारीलाई ' चिन्नुभयो ?' भनेर सोधेँ । चिनेजस्तो गरेनन् । मैले सँगै तास खेलेको सन्दर्भ कोट्याउँदै यही गाउँमा साढेचार वर्ष सचिव थिएँ नि भनेर पूर्व स्मरण गराउन खोजेँ । उनका छोरा अर्जुनले प्रस्ट्याउन खोजे । अन्तिममा 'चिनेँ' भने, म खुसी भएँ ।

प्रवेशद्वार नजिकै ओम सुवेदी सरको घर । पुरानो घर भत्काएर नयाँ घर बनाइएको रहेछ । मेरो नजरले पुरानै घर खोज्यो । त्यो घर जहाँ धेरै पटक खाना खाएको थिएँ, बास बसेको थिएँ । म फेरि नोस्टाल्जिक भएँ । ओम सरको घरभन्दा अलिक मास्तिर देवीराम सुनुवारको सानो चियाखाजा पसल रहेछ । पोकली झरना समाजले हाम्रा लागि त्यहाँ खाजाको व्यवस्था गरेका रहेछन् । पसलवाला देवीराम सुनुवार मेरा पोकली बस्ताका चिनारू । उनले पुरानो कुरा सुनाए । मैले पनि पुरानो कुरा सम्झिएँ ।

देवीरामले खिजीफलाटे बजारबाट भगाएर ल्याएकी भाउजूले राम्रो स्वागत गरिन् । मैले बिर्सिएको एउटा कुरा मित्र देवीरामले सुनाए । 'धन सरले मेरी जेठी छोरीको ज्यान बचाउन सहयोग गर्नुभएको थियो । छोरी बिरामी हुँदा हामी धामी लगाइरहेका थियौँ । "यो बच्चालाई निमोनिया भए जस्तो छ, स्वास्थ्य चौकी लैजानु" भन्नुभयो । नभन्दै बच्चालाई निमोनिया भएको रहेछ ।' यति भन्दै त्यसका लागि मलाई धन्यवाद पनि दिए । मैले बिर्सिसकेको कुरामा धन्यवाद पाउँदा मेरो छाती गर्वले ढक्क फुल्यो ।

खाजापछि हामी पोकली झरनातिर अघि बढ्यौँ । मैले स्रष्टा पदयात्री साथीहरूलाई कुवारूटोल देखाउँदै गफ लडाएँ, "थाहा छ, यदि म यहाँ सचिव भएका बेला मेरो उमेर मिल्दा केटीहरू हुन्थे भने यो गाउँ मेरो ससुराली गाउँ हुनेथ्यो । त्यसैले यो मेरो झन्डैले भएको ससुराली गाउँ हो ।" यो मैले रमाइलोका लागि भनेको थिएँ तर त्यसमा सम्भावना पनि नभएको चाहिँ होइन ।

साढे ४ वर्ष त्यही गाउँमा बसे पनि म झरनाको नजिक जान सकेको थिइनँ । त्यति बेला त्यहाँ जान सजिलो बाटो थिएन । अहिले बाटो बनाइएको रहेछ । झरनामुनि झोलुङ्गे पुल रहेछ । छाँगोलाई नजिकबाट हेर्न र फोटाहरू खिच्न मिल्ने ठाउँ बनाइएको रहेछ । यसको नेतृत्व गर्ने मेरा मित्र संविधानभा सदस्य बालकृष्ण ढुङ्गेल (उनी भर्खरै बिते) अनि स्थानीय समाजसेवी ओम सुवेदीलगायत सबैलाई मनमनै धन्यवाद दिएँ ।

झरनावरपरको यात्रामा आमा समूहका आमाहरूले साथ मात्रै दिएनन् गीत गाएर वातावरणलाई उल्लासमय बनाइदिए । दुग्धेश्वर स्वास्थ्य आमा समूह, सरस्वती स्वास्थ्य आमा समूह, शिरीष कन्या स्वास्थ्य आमा समूह,

चण्डेश्वरी आमा समूहले माला, खादा र पुष्पगुच्छाले स्वागत गरे र गीत र नृत्यसहित रमाइलो गरे । स्थानीय अग्रज व्यक्तित्व मदन घिमिरे (२०४९ सालमा जनमोर्चाबाट गाविस उपाध्यक्षका उम्मेदवार), स्थानीय राजनीतिककर्मी केशव अधिकारी, ठाकुर घिमिरे, शङ्कर सुनुवार, खिजीचण्डेश्वरीबाट आएका शिक्षक (पाटन क्याम्पसमा मेरा विद्यार्थी) राजन दाहाल (सिन्धुली) लगायत स्थानीय भद्र भलादमी, समाजसेवी, राजनीतिक कर्मी, शिक्षक र ठुलो समूहमा रहेका आमाहरूले हामीलाई साथ दिए । झरनाका छेउमा विभिन्न पोजमा फोटा खिच्ने, भिडियो खिच्ने होडबाजी चल्यो । साँच्चिकै रमाइलो भयो । आमा समूह र स्थानीय मानिसहरूबाट पाएको हार्दिक स्वागतबाट स्रष्टा पदयात्रीहरू गदगद भएका थिए ।

झरनासँगको साक्षत्कारपछि हामी जनजीवन स्कुलतिर उकालियौँ । गुणहरि अधिकारीको नयाँघर छेउमा पुगेपछि मैले उनलाई फोन गरेँ । "कार्य व्यस्ताले आउन सकिनँ, मलाई पनि सरहरूसँग हिँड्न मन थियो ।" गुणहरिजीले साँच्चिकै मनभित्रैबाट भने फोनमा । मैले धन्यवाद दिएँ । इन्जिनियर न परे, चटक्कको नयाँघर बनाएका रहेछन् । खुसी लाग्यो । "भविष्यमा गाउँमै बस्ने भनेर घर बनाएको नि ।" उनले भने । मलाई थाहा थियो, उनले भावनाको कुरा गरेका हुन् जस्तो म गर्छु । भावना र यथार्थमा फरक छ । लामो समय विदेश बसेर आएका उनको भक्तपुर दधिकोटमा घर छ अनि छोराछोरीहरू विदेशमा छन् । त्यसैले उनको गाउँको घर कहिलेकाहीँ छुटटी मनाउनका लागि मात्र हुने हो । जे भए पनि गाउँलाई चटक्कै नभुल्ने गुणहरिजीको भावनाको भने प्रशंसा गर्नैपर्छ । जन्मभूमिप्रति आस्था छ, गाउँप्रतिको मोह गुणहरिहरू अर्थात् हाम्रो पुस्तासम्म न बाँकी रहने होला नि ?

हामी अझै उकालो लाग्यौँ । गुणहरिको घरमाथिको उकालोबाट वारिपारिका अनेक गाउँहरू देखिए । पदयात्रीहरूलाई वरपरका गाउँहरू चिनाउने क्रममा त्यस क्षेत्रका साहित्यकार, कलाकारको प्रसङ्ग उठ्यो । साहित्यकार दिनेश अधिकारीको पुर्ख्यौली थलो, गायक बलबहादुर परियार, नवीन ढुङ्गेल, अभय ढुङ्गेल, राजु ढुङगेलहरूको घरक्षेत्र देखाउने काम भयो । साथसाथै न्याय क्षेत्रका विनोद घिमिरेदेखि अर्थ एवम् कूटनीति क्षेत्रका शङ्कर शर्माको थातथलोको कुरा पनि भयो । स्रष्टाहरूलाई ओखलढुङ्गातिरका टारकेराबारी, गाम्नाङटारतिर अनि रामेछापतिरका सैपु, साँगुटारतिरका गाउँठाउँहरू चिनाउँदै हामी उकालो चढ्यौँ ।

हामी वाच्पु स्कुलको प्राङ्गणमा पुग्यौँ । स्कुल भव्य बनेको रहेछ, खुसी लाग्यो । तर त्यो ठाउँ मलाई कताकता नौलो जस्तो लाग्यो । हो, साँच्चै नौलो भएको रहेछ । मेरा आँखाले स्कुलको दक्षिणतिर बाटोछेउमा लमतन्न सुतेको एउटा ढुङ्गो खोजे । अहँ, त्यो ढुङ्गोको

नामनिसानै देखिएन । सोधखोज गर्दा थाहा भयो, विकासका नाममा त्यसको सहादत भइसकेको रहेछ ।

निश्चय नै विकास राम्रो कुरा हो । विकास गर्दा अलिअलि विनास पनि हुन्छ, सहनुपर्छ । तर विकासका नाममा हुने कतिपय विनासले चाहिँ कतिपय इतिहासलाई धराशयी बनाउँदो रहेछ । वाच्पु, थर्पुडाँडाको त्यो ढुङ्गोसँग धेरैको इतिहास जोडिएको हुनपर्छ । त्यही ढुङ्गामा बसेर सुनुवार पुर्खाहरू, वाच्पुलेहरूले न्याय निसाफ गर्थे, भारी बोक्नेहरू भारी बिसाउँथे, युवायुवतीहरू सायद प्रेम साट्थे र मैले पनि साढे ४ वर्ष गाविसका अधिकांश बैठक चलाएको थिएँ । धेरै पटक बिसाएको थिएँ । त्यो इतिहास बोकेको ढुङ्गो नदेख्दा भने मलाई साँच्चिकै नरमाइलो लाग्यो ।

स्कुल नजिकै पशुपति सुनुवारको घरमा हामीलाई खानाको प्रबन्ध गरिएको रहेछ । पशुपति सुनवार स्थानीय व्यवसायी र नेता पनि हुन् । पोकलीमा जागिर गर्दा म उनकै घरमा बसेको थिएँ । त्यतिबेला उनी भर्खर स्कुल पढ्दै थिए । उनका दाजु रेसम सुनुवार मेरा समकालीन । पशुपति घरमा रहेनछन्, रेशमसँग चाहिँ भेट भयो ।

खानापछि जनजीवन मावि वाच्पुमा पदयात्री र विद्यालय शिक्षकबिच छोटो परिचयात्मक कार्यक्रम राखिएको रहेछ । प्रअ गोविन्दबहादुर खत्री, पूर्व प्रअ प्रवीण अधिकारीलगायतका नयाँ पुराना सरहरूसँग भेटघाट भयो । कुरैकुरामा स्रष्टा पदयात्री वसन्त रिजालले विद्यालयमा बालसाहित्यको विकासका लागि अक्षयकोष खडा गरिदिने प्रस्ताव गरे । त्यसका लागि मेरो उपन्यास १०० प्रति त्यहीँ छाडिदिने र बिक्रीबाट जति रूपियाँ उठ्छ, त्यति नै रूपियाँ वसन्त रिजालले थपिदिने वचन दिए । हामीसँग समयको चाप थियो । चालक भण्डारीले हामीलाई राम्रोसँग फोटो खिच्न समेत दिएनन् । गाडीमा चढ्ने बेला चण्डेश्वरी आमा समूहले माला लगाएर बिदाइ गरे । सैपु, धोबी, मन्थलीको बाटो हुँदै हामी काठमाडौँ फर्क्यौँ ।

पोकली क्षेत्र प्राकृतिक रूपमा जति सुन्दर छ, सामाजिक, सांस्कृतिक, भाषिक दृष्टिले पनि अत्यन्तै धनी छ । साहित्यकार र अनुसन्धाताका लागि त यो क्षेत्र झनै महत्त्वपूर्ण छ । सुनुवार जातिको मूलथलो यो क्षेत्रमा तामाङ, शेर्पा लगायत अन्य विभिन्न जातिको पनि घना बस्ती भएको क्षेत्र हो । पोकली झरना प्रकृतिको अनुपम सिर्जना छँदैछ । त्योबाहेक अनेक मन्दिर, गुम्बा, गुफाहरू यस क्षेत्रमा छन् । स्रष्टा पदयात्राको ५२ औँ पदयात्रामा हामीले यस क्षेत्रमा पाइला मात्रै राख्न सक्यौँ । यसले सष्टा पदयात्रीहरूलाई पोकली क्षेत्रको यात्राको भोक जगाउने काम गरेको छ । मेरा हकमा त पोकलीसँग जोडिएका अनेक कुरा छन् । अहिलेलाई यति नै लेखेँ । बाँकी अरू अरू प्रसङ्गमा लेखौँला ।

■

# यात्रा : झोरको झरनासम्म

**(यो ५३ औँ पदयात्रा हो । २०७८ साल पौष ३ गते काठमाडौँको सामाखुशी चोकदेखि पदयात्रा गर्दै टोखा, चण्डेश्वरी मन्दिर, झोर झरनासम्म गरिएको यस यात्रामा १० जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**

**परशुराम पराशर**



यात्रा २०७८ पुस ३ गतेको दिन थियो । स्रष्टा पदयात्राको सूचना र योजनामुताबिक टोलीनायक शीतल गिरी, मन्दिरा मधुश्री, विमल अर्याल, शारदा पराजुली, विष्णु खनाल, हेमा पौडेल, अभय श्रेष्ठ, रूपा पौडेल, विष्णु भट्ट र म-परशुराम पराशरसमेत दश जनाको टोली तयार भयो । यात्रामा एकैतिरबाट, एउटै मन-विचार र कद-काठीका साथीभाइ थिएनन् । कोही आइसकेका, कोही आउँदै गरेका, कोही आउँदै छु भनेर हिँड्न तयार भएका, कोही बाटाको काम निप्ट्याउँदै आइरहेका समेत गरी सामाखुसीमा झन्डै एक घन्टा यात्राको खुसी बिसाउनुपऱ्यो । पढाउँदा दुई घण्टा पनि ठाडै उभिन सक्ने ज्यान आधा घण्टामात्र पर्खनुपर्दा भने पिँडुला टन्किएर भुतुक्कै बनाउँदो रहेछ । ठाउँ सरी सरी पर्खाइको पिरलो पार लगाइयो । साढे आठ बजे यात्रा सुरू गर्ने भनिए पनि साढे नौ बजेको थियो होला, झोली बोकेर हाम्रो टोली बाटो लाग्दा । सामाखुसीबाट पदयात्राको खुसी उचाल्दै हामी ग्रान्डी अस्पतालअगाडिबाट उत्तरतर्फ उक्लियौँ ।

सरासर हिँड्ने निकै अगाडि र फोटा खिच्दै हिँड्ने निकै पछाडि बनेकाले होला अगाडि हुनेले पर्खिनुपर्ने अवस्था पनि आउँथ्यो । पिचबाटाको बिचै बिच पैदल हिँड्ने टोली हाम्रो मापाको नै थियो । हामी सोझै टोखातिर लाग्यौँ । टोखामा हाकुपटासी लगाएका दुई दर्जन जति दिदीबहिनीहरू जात्रामा मात्रा

मिलाउँदै थिए होलान् सायद । हाम्रा यात्रा टोलीका महिला सदस्यहरू फोटा खिचाउन तम्सिहाले । टोखा नगरपालिका नजिकैको बाटो र सुन्दर द्वारले पनि अल्मल्यायो, योफोटो खिच्नेलाई । टोखाबजारको बिचबाट मन्दिरै मन्दिर भएको स्थानमा पुगियो । हाकुपटासी लगाउने समूहसँग फोटा खिच्ने टोलीलाई निकैबेर पर्खिनुपऱ्यो । उनीहरू त टोखाको चाकु किन्नतिर पनि लागेका रहेछन् ।

"टोखा आएर चाकु नकिन्नु टोखा आएको प्रमाण नै हुन्न नि" भन्दै हातमा चाकुका विभिन्न साइजका प्याकेट देखाउँदै भने । हुन पनि टोखा चाकुका लागि प्रसिद्ध स्थान हो । भक्तपुरको दही, पनौतीको योमरी, फर्पिङको नास्पाती, खोकनाको तेल, ठिमीको तरकारी, बोडेको चिउरा, कीर्तिपुरको कपडा, ठेचोको खुवा भने जस्तै हो टोखाको चाकु पनि ।

टोखाको नामकरण नै चाकुसँग सम्बन्धित रहेको कुरा त्यहाँका स्थानीय बुढापाकाहरूबाट सुनियो । 'टु'भनेको उखु र 'ख्यः' भनेको फल्ने ठाउँ हो । यस स्थानमा प्रशस्त उखु फल्ने भएर टुख्यः भनिएको र पछि अपभ्रंश भएर टोखा रहेको कुरा सुन्न पाइयो ।

सप्तरीको बरमझियामा बुढाको पेडा बनाउने कुनै समयमा एउटा मिठाई पसल थियो । त्यहाँको पेडा साँच्चै प्रसिद्ध थियो । त्यताबाट यात्रा गर्ने जो सुकैले नखाई जाँदैनथे । तर हिजोआज बरमझियामात्र होइन त्यसको वरपरसमेत असली बुढाको पेडा, जेठो बुढाको पेडा, पुरानो बुढाको पेडा भनेर नाम राखिएका



अनगिन्ती पेडापसल छन् । पेडा बनाउने पसल धेरै भएकाले होला पेडाको स्तर खस्केको छ । त्यही रोग टोखाको चाकुमा पनि छैन भन्ने लाग्यो । त्यहाँ पनि जतातत्तै चाकु बनइरहेका देखियो । पहिलेको प्रसिद्धि अब व्यावसायिक बन्न थालेको त हैन बुढाको पेडाझैँ!

टोखालाई त्यहीँ लमतन्न छोडेर हामी पहाडी वनबुट्यान समाउन र त्यतै रमाउन उकालो उक्लन थाल्यौँ बाटैबाटो । सामान्य उकालो पिचबाटो पछ्याउँदै हामी प्रसिद्ध चण्डेश्वरी मन्दिर परिसरमा पुग्यौँ । चण्डेश्वरी मन्दिर पौराणिक किंबदन्ती बोकेको प्राचीन मन्दिर रहेछ । स्वस्थानी कथाकालमा दक्षप्रजापतिले यज्ञ गरेको स्थान मानिएको र अंशुवर्माले जीर्णोद्धार गरेको भनिएको यो मन्दिर शिवपुरी राष्ट्रिय निकुञ्जको फेदीमा रहेको छ । चण्डेश्वरी मन्दिरको विशेषता भन्नु नै यहाँ चण्डेश्वरी देवीको नै मूर्ति रहेछ । यहाँ चण्डेश्वरीको पूजा गर्दा मण्डलालाई पुज्ने गरिएको थाहा पाइयो । हामी पुग्दा त्यहाँ भजन-कीर्तन चलिरहेको थियो । पहाडको फेदमा अवस्थित यो परिसरमा कालीमाताको मात्र विशाल मूर्ति रहेकाले अचम्म लाग्यो । कालीमाता, शिवजी, गणेश, शनिदेवलगायत विभिन्न देवीदेवताको मन्दिर रहेछन् । स्वस्थानी व्रतकथामा उल्लेख भएअनुसार दक्षप्रजापतिले यज्ञ गरेको स्थान मानिएकाले यहाँ तेत्तिसकोटी देवीदेवताको बास रहेको स्थानीय व्यक्तिहरूको भनाइ पाइयो ।

यस मन्दिर परिसरको अर्को विशेषता भनेको यहाँ भगवान् गौतमबुद्धको पनि स्तूप बनाइएको रहेछ । धार्मिक सहिष्णुताको उदाहरण बन्ने क्षेत्रका रूपमा यसलाई लिन सकिन्छ । दक्षिणतर्फ हेर्दा सहरोन्मुख फाँट र उत्तरतर्फ हेर्दा रमणीय हरियालीयुक्त सल्लाघारी, धार्मिक, सांस्कृतिक, प्राकृतिक सबै सुन्दरताले भरिएको मनमोहक स्थल लाग्यो । जान अन्जानमा गरेका पापकर्म कटाउनमात्र होइन, व्यस्तताको कसिँगरले भरिएको मनको मैलो पखालेर तन र मनलाई चङ्गा बनाउने उपयुक्त थलो बन्न सक्ने रहेछ यो चण्डेश्वरी मन्दिर ।

चण्डेश्वरी मन्दिरको वस्तुस्थिति बुझ्नेभन्दा पनि फोटा खिच्ने काम बढी गरेपछि हामी त्यहीँ छेउको थुम्कामा बसेर खाजा खान थाल्यौँ । शारदा पराजुलीले लगेको तितेफापरको पकौडा र विमल अर्यालले लगेको मकैभटमास ज्युनार गरियो । हिमा पौडेलले लगेका रसिला सुन्तलाको रसले खाजाको अन्त्य गरियो । घमाइलो थुम्काको रमाइलो बसाइँलाई टुङ्ग्याएर पछाडि टाँसिएको धुलो टक्टक्याउँदै हामी गन्तव्यतिर लम्कियौँ । पहाडको फेदैफेद, घरी सल्लाघारी घरी गाउँबजार हुँदै गुप्तेश्वर महादेवको मन्दिर जाने बाटो पछ्याउँदै हिँड्यौँ । उँभोबाट खहरे बगेर आएका पानीविनाका खोल्सामा खुट्टो टेक्ने ठाउँ नभए पनि कतै

आफैँ बनाउँदै, कतै एकअर्काको हात समाउँदै अनि खुट्टा कमाउँदै निरन्तर अगाडि बढ्दै गयौँ । शीतल गिरीको ठुलो ज्यान, बुढ्यौली उमेरले गर्दा खोल्सो कटाउने समयमा दुई जना सिपाही बनेर तयार हुनुपर्थ्यो । त्यस्ता काममा म, विमल अर्याल र विष्णु भट्ट तयार हुन्थ्यौँ । उत्तरतिर अग्लो पहाड, दक्षिणतिर ओरालो भएकाले होला हामी हिँड्ने भित्तामा एकपछि अर्को गर्दै त्यस्ता खोल्सीहरू आइहाल्थे । कोही कोही भने अप्ठ्यारो भिरमा खोल्सी तर्न नसकेको पिरमा पनि फोटा खिच्न र टिकटक बनाउन पछि पर्दैनथे ।

त्यही भीरको अप्ठ्यारो गोरेटो पछ्याउँदै हामी झोरतर्फ लाग्यौँ । खाने कुरा बोक्नेको झोला भरी, पेट खाली भएको सङ्केत गराउँदा पनि पानीको व्यवस्था र बस्ने स्थानको अवस्था नमिलेको भन्दै खाद्यसामग्रीले भरिएका झोलाको भारी ढाडमा राखेर पेट छाम्दै हिँड्नै पर्ने भयो । गुप्तेश्वर महादेवको मन्दिर जाने ठाडो उकालो उक्लिन लागेका हामीलाई समयले साथ नदिँदा उकाली छोडेर तेर्सो हिँड्नुपर्ने भयो । लौ अब चाहिँ खाने है भनेर योजना बनायो अनि के के समस्या आइलागिहाल्छ । कसैलाई ठाउँ मन पर्दैन, कसैलाई के मन पर्दैन । कोही धेरै अगाडि कोही, धेरै पछाडि भएर पनि खाने कार्यमा हामी चुक्दै चुक्दै भोकले सताइसक्दा पनि पिठ्युँमा भएको खाने कुरा खान सकेनौँ ।

पूर्व र उत्तरतर्फ अग्ला पहाड, दक्षिण र पश्चिमतर्फ ओरालो हुँदा देखिने काठमाडौँ खाल्डो मनोरम देखिन्थ्यो । बिचमा कमरपेटीझैँ लाग्ने घुमाउरो बाटो थियो । त्यही घुमाउरो बाटाका छेउ छेउमा बनेका विभिन्न होटलहरूमा पाइने परिकारका विज्ञापनको सूची बोकेर उभिएका ब्यानरहरू हामीलाई गिज्याइरहेका थिए । लोकु र भात ... रूपैयाँ । सादाभात ... रूपैयाँ । लोकु (लोकलकुखुरा) र ढिडो ... रूपैयाँ । मासुभात... रूपैयाँ । हामी भने झोलाभरि तारेका माछा, चाम्रे, दही, चिउरा, इस्कुसको तरकारी आदि इत्यादि बोकेर उकालिइरहेयौँ झोरको झरनातर्फ ।

अलि अगाडि खाने भन्दाभन्दै हामी झरनातिर झर्ने ठाउँको ठिक विपरीत बाटामाथिको खाली चौर भेटेर त्यता लाग्यौँ । त्यहीँ झोलाका परिकार पेटमा थन्क्याउने कार्य गरियो । दश बजे नै गर्ने भनिएको काम साढे दुई बजेतिर बल्ल गर्न पाइयो । मन्दिरा मधुश्रीले शाकाहारी माछा ल्याएको भनेपछि सबै छक्क परियो । इस्कुसका लामा चाना काटेर बेसन दलेर माछाझैँ तारेको शाकाहारी माछाको मिठो परिकार खाइयो । शारदा पराजुलीले तारेर लगेका मसिना भुरा माछाको परिकार मांसाहारीका लागि थियो । तिनै शाकाहारी र मांसाहारीका लागि लगिएका माछाका परिकार, चाम्रे, परौठा, दही, चिउरा आदिको स्वादिष्ट

भोजन लिएर हामी झरनातिर झर्न ओरालो लाग्यौँ ।

झोरको प्रसिद्ध झरना र त्यहाँको धार्मिक, सांस्कृतिक अनि प्राकृतिक दृश्यहरूलाई सेल्फी र विल्फीको नामले आआफ्ना मोबाइलमा कैद गर्दै गयौँ । विशाल ढुङ्गालाई नाघेर आएको सुन्दर अनि स्वच्छ झरना ढुङ्गामाथि नै बजारिएर छरिँदो रहेछ । बर्खाको याममा ठुलो हुने र हिउँदको समयमा सानो बन्ने झरनालाई हामीले ठुलो देख्न पाएनौँ । सानो भए पनि सुन्दर झरना, श्रीकृष्ण वरूणेश्वर वन, महादेवस्थल, पाण्डव पोखरी, गुफा आदि स्थलहरूको अवलोकन गरियो । पाँच पाण्डवहरूको नाममा रहेको सानो पोखरी ढुङ्गामा नै बनेको रहेछ । त्यो पोखरीभित्र पाँच ओटा पाइलाका छापजस्ता देखिने खोबिल्टा रहेछन् । त्यसैले होला पाँच पाण्डव पोखरी भनिएको ।

हाम्रो यात्राको गन्तव्य त्यही झोरको झरना भएकाले हामी फर्किने तरखरमा लाग्यौँ । अघि नुवाकोट जाने बाटो छोडेर ओरालो झरेका हामी फर्कँदा उकालो उक्लनुपर्ने भयो । साँझ झमक्क पर्न लागेको हुनाले पैदल हिँडेर पुगेका हामी बसमा चढेर आउने भयौँ र बसको यात्रा गर्दै फर्केर सामाखुसी नै आयौँ ।

काठमाडौँ खाल्डाको संस्कृति र वरिपरि रहेका यस्ता रमणीय अनि प्राकृतिक एवम् सांस्कृतिक स्थानहरूको प्रचारप्रसार गर्ने र त्यहाँको भौतिक एवम् पर्यटकीय पूर्वाधारको विकास गर्ने हो भने आन्तरिक पर्यटनको राम्रो गन्तव्य बन्न सक्ने देखिन्छ । यहाँका सुन्दर स्थानहरूले घुमन्ते पारखीहरूलाई पचासौँ दिनसम्म अल्मल्याउन सक्छन् ।

■

**नववर्ष २०८१ को सुखद् अवसरमा विद्यार्थी, शिक्षक, अभिभावक तथा नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।**

**अध्यक्ष प्रकाश हमाल तथा**
**धुनिबेसी आदर्श क्याम्पस परिवार**
धुनिबेसी-३, धादिङ

# क्लान्त तन, भरिलो मन

**(यो ५४ औँ पदयात्रा हो । २०७८ साल माघ १ गते भक्तपुरको जगाती चोक डोलेश्वर, आशापुरी, काँक्रेबजार हुँदै साँगासम्म गरिएको यस यात्रामा १२ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**माधव घिमिरे 'अटल'**

धुम्म थियो बिहान ।

दोधारमा थिएँ म आशापुरी जाने कि नजाने भनेर । नजाऊँ त उहिलेदेखि पुग्न खोजेको गन्तव्य, जाऊँ धुमिल मौसमको तगारो । स्रष्टा पदयात्राकी सक्रिय सदस्य मन्दिरा मधुश्रीलाई सम्पर्क गरेँ । उनको अग्रिम योजना रहेछ र जाने तरखर पनि । तातैँ म पनि, कठ्याङ्ग्रिँदो त्यो शिशिरमा, स्रष्टा पदयात्रीसँग विचरण गर्न ।

नेपाली न हो, पारा देखाइहाल्नुपर्ने ! तोकिएको समयभन्दा निकै अबेर पुग्यौँ भेला हुने थलो जगातीमा ।

सबै जना आइपुगेपछि लाग्यौँ दायाँतर्फ । थोरै अघिल्तिर उभिएर भक्तपुर इँटाटायल कारखानाले हेरिरहेको थियो हामीलाई । कुनै बखतको राज्यसञ्चालित गौरवपूर्ण उद्योग थियो त्यो । सस्तो, गुणस्तरीय र भरपर्दो । निजीकरणको कोपभाजनमा परेपछि खण्डहर बनेको छ अहिले । लथालिङ्ग देशको भताभुङ्ग चाला भनेको यही होला सायद । मनले भित्रभित्रै रोष प्रकट गरे पनि मुखले केही बोलिनँ मैले ।

बाटोको बारेमा सबैजसो सहयात्री अनभिज्ञ रहेछन् । सम्झेँ, मान्छे सोध्दै र खोज्दै मुग्लानी भूमि त पत्ता लगाउँछन्, के नै पो धामा होला र आफ्नै बस्तीको अर्को किनारा छिचोल्न; आखिर नाथे दश किमी बाटो न तय गर्नुपर्ने हो ! एकालापमा लीन हुँदाहुँदै हठात् देखा पऱ्यो नुतन र पुरातन बस्तीको सानदार समिश्रण ।

असरल्ल परेका बग्रेल्ती बाटा देख्दा यस्तो प्रतीत हुन्छ कि आजकल विकास भनेकै बाटो खुल्नु हो- चाहे डोजरले थिलथिलो पारेर पहिराले पुरेकै किन नहोस् । राज्य सारथिका खोपडीमा यस्तै बुझाइले घर गरेपछि सर्वसाधारणको के नै लाग्छ र ! मोलमोलाइ र नजराना यसैमा न जो छ ! वर्षामा हिलाम्मे, हिउँदमा धुलाम्मे । पाँच मिनेटको बाटो छिचोल्न हम्मेहम्मे । यस्तै तानामा देशैभरिका डोजरले उधिनेर घाइते बनाएका भूभाग मस्तिष्कमा एकपछि अर्को गर्दै ओइरिन थाले । कार्यकालभरि यसो मध्यस्थता गरेबापत सबसे अधिक गुप्त भेटी यतैहुँदी पड्काउन पाइने । विकास-निर्माणमा अहोरात्र खटेको जस पनि पोल्टोमा पार्न पाइने । चिची पनि पापा पनि ! बडो भला काइदा पो बन्दोरहेछ त यस्तो खाले विकासे काम ।

ooo

एक दर्जन छौँ हामी । घरी अघि, घरी पछि हुँदै आआफ्नै धुनमा आस्तेआस्ते गरी कटेको छ बाटो । यसैबीच पदयात्राका वरिष्ठ सदस्य वसन्त रिजाललाई दायाँपट्टि एउटा प्रस्तर देख्नासाथ हुटहुटी हुन्छ, आफूसँगै मोबाइलमा कैद गर्न । उमेरले परिपक्व काया किन्तु युवा जोस । यसो शिला उक्लन मात्र के खोजेका थिए, उनको चालामाला नियालिरहेका स्थानीयबासीले नमिठो गरी हुलहुज्जत नै पो गर्न थाले । वास्तवमा स्थानीयले अर्चना गर्ने पत्थरमा पयर राखेर आस्थामा चोट पुऱ्याउने न वसन्त सरको मनसाय थियो न त सायद अपरिचित बटुवालाई लम्कीझम्की गर्ने स्थानीयबासीको इरादा नै । आखिर त्यो बेमेल बुझाइ बाहेक केही थिएन भन्ने ठहर गऱ्यो मेरो अन्तरमनले । दान र पावन चिन्तन बोकेर हिँडेको एक यायावरले विनाबित्थामा गाली खानु सहयात्रीका निम्ति पनि बेमज्जाको विषय थियो जसले दिनैभरि पिरोलिरह्यो मेरो मानस पटललाई ।

ooo

हिउँदे तरकारीले गुल्जार छन् सडक नेरोघेरोका रहेपहेका खाली फाँट । वस्तुतः कङ्क्रिटको जङ्गल न बन्दैछ राजधानी खाल्डो । विकेन्द्रीकरण नारामा मात्रै सीमित नभइदिएको भए यो दुर्दृश्य र दुर्दान्त दृश्यपटल कता पो गोचर हुन्थ्यो होला र ? सहरीकरणका कारण मानवले निम्त्याएको भयग्रस्त मानस बोकेर डुल्दाडुल्दै आइ पो पुगेछ डोलेश्वर । प्रवेशद्वारको चौपारीमा बसेर जीवनका अनेकानेक रूपबारे अर्थ्याइरहेछन् एक अधबैँसे पण्डा । गेरूवस्त्रमा आभूषित वृद्धहरू मौन समर्थन जनाइरहेको प्रतीत हुन्छ इहलोक र परलोकबारेको उनको प्रवचन । पुष्पव्यापारीहरू आआफ्ना पुष्पगुच्छा र पूजासामग्री

खरिद गराउन लुछाचुँडीका साथ अनुनय गरिरहेका छन् । दयनीय भान हुन्छ दृश्य । वृद्ध वयका व्यापारीहरूको अनुरोध थप कारूणिक र टीठलाग्दो छ । मान्छेहरूलाई धर्मभीरू बनाउन सके मात्र फस्टाउँदो रहेछ यस्तो धन्दा भन्ने तरङ्ग उठिरह्यो मनमा । अनेक अनुष्ठानमा लीन छन् भक्तजन । माङ्गलिक प्रवचन अनुश्रवण भइरहेछ यत्रतत्र । पण्डितहरू अनुवाचन गरिर हेछन् यज्ञमन्त्र । फलागमका खातिर अनुष्ठाताहरू अबोध शिशुझैँ अनुशरण गरिरहेछन् शास्त्रवेत्ताको फलाको । परिसरमा नै छ एउटा सुरक्षित शिला । शिलालाई साक्षात् भगवान् दाबी गर्नुभन्दा थप कुतूहल मेटाउने कोही भेटिएन । वि. सं. १६२९ को तत्कालीन राजा भूपतिन्द्र मल्लले स्थापना गरेको शिलालेखबाट उक्त समय अगावै 'डोलेश्वर' को नाउँले यो तीर्थस्थलको चिनारी रहेछ भन्ने दसी मिल्छ अध्येताहरूलाई । भूगोलको नाम नै सि(शिवलिङ्ग)पाडोल रहेबाट दुवै भाषाको संयुक्त रूप लिई सिपाडोल रहेको पुष्टि हुन्छ । लिच्छवी र मल्ल राजाहरूले उतिखेर प्यागोडा शैलीको तीनतले मन्दिर बनाए तापनि पछिल्लो कालखण्ड (वि.सं. १९९०) को भूकम्पपछि गुम्बज शैलीमा निर्माण गरिएछ । डोलेश्वर महादेवबारेको एउटा किंवदन्ती यस्तो रहेछ–

अभिमन्यु पुत्र परीक्षितलाई राज्यको जिम्मा लगाई स्वर्गारोहणको निम्ति उत्तराखण्डको यात्रा गर्दै जाँदा पाण्डवहरूद्धारा केदारनाथको दर्शन गर्ने मनसुवा प्रकट भएछ । किन्तु स्वजनको बध गरी आएकाले पापी पाण्डवहरूलाई दर्शन नदिने अठोटका साथ केदारनाथले राँगोको रूप धारण गरी वन विहार गर्न थालेछन् । त्यो कुरा अवगत भएपछि राँगोकै रूपमा किन नहोस् दर्शन गर्ने इच्छा राखेछन् पाण्डवहरूले । तसर्थ चतुर भीमले ध्यानदृष्टिले हेर्दा हजारौँ राँगामध्ये एउटा सुन्दर राँगो देखे । अरू सबै राँगा भीमको टाङमुनिबाट गए एउटा खोचमा तर त्यो राँगो भने केही छड्के परेर जान खोज्यो । त्यसै वेला पाँच पाण्डवले पुच्छर समाते रे । ठिक त्यतिखेर राँगोले जमिनमा मुन्टो गाडेछ र तत्काल सुनिएछ आकाशवाणी । त्यसमा भनिएछ– 'यदि तिमीहरूले मेरो दर्शन नै गर्न चाहेका हौ भने नेपालको पाशुपत क्षेत्रमा आउनू ! म यहाँ जस्तो छु तिमीहरूले त्यही स्वरूपमा भेट्नेछौ ।' यो प्रसङ्ग शिव पुराणमा उल्लेख छ ।

ooo

डोलेश्वरमा पाँच पाण्डव शिला पनि छ । गिरी थरी एक स्थानीयले भने– 'शिवरात्री, अक्षय तृतीया र केदारनाथका पीठाधीशले वि.सं. २०६६ भाद्र ६ गते यो शिरोभाग भनेर घोषणा गरेको दिनको सम्झनास्वरूप प्रत्येक भाद्र ६ गते यहाँ विशेष मेला लाग्छ ।'

करिब २५ रोपनी क्षेत्रमा फैलिएको देवल परिसरमा ६४ वटा शिवलिङ्ग, ढुङ्गेधारा, बसाहा, त्रिशूल, विशाल घन्टा आदि पनि छन् । डोलेश्वर छेउबाट बग्ने विमला नदीको दुवैतर्फ तटबन्ध निर्माण भइसकेको छ । उता तस्बिर लिन भ्याइनभ्याइ छ वसन्त, शारदा, परशुराम र लीलाराजलाई । हातले मुखौरो समातेर दङ्ग हुँदै साथ दिइरहिछिन् सुजिता अविरल । खितखिताउँदै छन् लीलाराज, सायद गहिरै हुनुपर्छ कन्थो । कदमको लय भिन्न, परन्तु गन्तव्य उही । निमेषभरमै अघि बढ्छ यायावरको टोली । एकलकाँटे बन्दैछिन् मन्दिरा मधुश्री, पछिल्लो कालखण्डकी चर्चित आख्यानकार । सायद उनी जम्मा गरिरहेकी हुन सक्छिन् प्रकाशोन्मुख आख्यानको कथानक । पखेरापखेरीमा जबर्जस्त हुर्किरहेका सुकेनासका रोगीझैँ उतिसका पोथ्रापोथ्री भेटिन्छन् । एक बथान बाख्रा चरिरहेछन् र नुगाएर चपाइरहेछन् पोथ्राका मुन्टा । आखिर निर्धा, निमुखालाई नै त हो बलियाबाङ्गाले सिध्याइदिने ! पखेरामा ठडिएका छन् फाट्टफुट्ट बसेरा-बसेरी । डाँडाको नाकमा मुसुक्क मुस्कुराइरहेछ सल्लेरी । नील गगनमा छुनुमुनु गरिरहेछन् बादलका चोइटाचोइटी । गहुँका सुइरासुइरीले मन्द पवनमा फर्फराउँदै आगन्तुकहरूलाई अभिवादन गरेझैँ आभास हुन्छ । पर्वतको चेपबाट चियाइरहेछ अस्ताचलमा अल्पिँदै गरेको अरूणले । बाटोमुनि फाँटको तोरीबारीमा रसपान गर्न तँछाडमछाड गर्दै भुन्भुनाइरहेछन् माहुरी । कतै टुसाइरहेछन् आलुका दाना र लसुनका केस्रा । जारी छ हाम्रो घुमफिर प्राकृतिक छटाको सौन्दर्य पान गर्दै । क्षणभरमै टुप्लुकिन्छ अम्लिसोघारी बाटोको दुवैतर्फ । यही अम्लिसोको झाडुले बढारिएर त सफा देखिन्छ सहर । अविश्रान्त छ हाम्रो पदयात्रा । अलिक अघि पुग्नासाथ देखिन्छ तारू बाँसको छहारीमा अचल चारपाङ्के सवारी । भेटिन्छ, कालीदेवी टोल, ठुलोगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यालय र तीरचिह्नले सङ्केत गरिरहेछ दन्तेश्वर महादेव । कार्यालय पनि अजिबको ! पीपलको वृक्षलाई बीचमा पारेर बनाइएको छ एउटा टहरो ।

यसैबीच भेटिन्छन् एक स्थानीय । उनको नाम- आइते । सकिनसकी खानेपानी परियोजनाबारे प्रस्ट्याउन खोजे पनि हाम्रो मगजले उनको प्रस्तुति खुट्याउन सकेन । सुस्त गतिको हिँडाइसँगै एकोहोरो बात गरिरहेछन् उनी । हामी भने फगत् स्रोता । थातथलोका हिसाबले तामाङ बहुल क्षेत्र । बाटो मास्तिर फऱ्याकफुरूक्क गर्दै मुस्कुराइरहेछ गोगन । उनले केही स्थानीय घाँस, चरन क्षेत्र र जीवनचर्याको चर्चा त

गरे तर हामीलाई हम्मेहम्मे भयो उनको कथन पर्गेल्न । उनीसँगै घिसारिरहेछौँ पयर हामी यायावरहरू अर्धभग्न कालोपत्रेमा । थकान त बेहिसाब छ र पनि भागेको छैन कान्तिको आभा पदयात्रीको चेहराबाट । गतिक्रमको अदृश्य स्पर्धा छ । यसैबीच आइपुगिएछ पाटीभन्ज्याङ । दुई मझौला पर्वतबीचको घाँटीमा अवस्थित ससानो बस्ती । ठडिएको छ सरस्वती आधारभूत विद्यालय नामक सरस्वतीको देवल । मूलतः सिपाडोलका नामले चिरपरिचित छ यो भूगोल । कोही यसलाई नैचाल भन्न



पनि रूचाउँछन् । क्लान्त कायालाई एकछिन बिसाउने योजना तय हुन्छ । बहाना चिया पिउने । स्रष्टालाई के बान्नो, के चौतारो ! कालो चियाको चुस्कीसँगै थालि त हाले खोलाघरे साहिँलाले गजल गुन्गुनाउन । शृङ्गारिक गजलका पारखी उनलाई कसले पो भेट्न सक्नु ! लहैलहैमा मुख उध्याइहाले परशुराम र शारदाले पनि । नियात्राकारबाट समेत गयो एउटा छोटो कविता ।

चिया पिउनासाथ ओरालियो टोली । रफ्तार आआफ्नै । फाँटिलो जमिन दृष्टिपथभर । ढोडका माच यत्रतत्र । सेपिलो जमिन भएकाले बढ्दै गरेका उतिसका बग्रेल्ती बुटेन । गफगाफ गर्दागर्दै छिचोलिसकिएछ लामै दूरी । आइ पो पुगेछ आशापुरेश्वर महादेव अर्थात् आमप्रचलनको भाषामा आशापुरी महादेव । माघे सङ्क्रान्तिको मेला भर्न आएका तीर्थालु र हटारूको लर्कन छ । हँसिमजाक चलिरहेछ बैंसालु पट्ठापट्ठीको । परिसर वरपर बेपत्ता चलिरहेछ पत्रु खानाको व्यापार । भेटेका छौँ हामीले बहुप्रतीक्षित गन्तव्य । मखलेल हुँदै भित्रियो हाम्रो टोली आशापुरेश्वर मन्दिर परिसरभित्र ।

भित्रनासाथ जिज्ञासा जाग्यो । मन्दिरका पुजारीसँगै भयो जम्काभेट । सायद सुखद संयोग थियो त्यो त्यहाँको वस्तुस्थितिसँग परचित हुन र जिज्ञासा

समन गर्न । सवाल भुइँमा खस्न नपाउँदै फरर्र बोल्न थाले पुजारी शास्त्र वाचन गरेझैँ ।

नैचाल खोला, काँत्रेबारी खोला र झ्याङ खोलाको त्रिवेणीमा ठडिएको मन्दिरमा खडा भएर उनले भने- "परापूर्वकालमा सुवर्ण नाम गरेका ऋृषिले १०,००० वर्ष कठोर तपस्या गरेपछि महादेव प्रसन्न हुनु भो । ऋषिको के चाहना रहेछ त ? भनेर सोध्दा ऋषिले भन्नुभो- 'हे महादेव ! मैले जुनीभर गरेका पापको प्रायश्चित गर्नका निम्ति यहाँ तप गरेको हुँ ।' त्यो कठोर तपको इनाम त दिनै पऱ्यो भन्ने लागेर महादेवले सुवर्ण ऋषिलाई एउटा सुकेको नासपातीको लौरो थमाउँदै भन्नुभो 'मैले नासपातीको लौरो दिएको छु । जता जाँदा पनि यो लौरो माटोमा गाड्दै जानुस् । जहाँ गाड्दा यसमा मुना पलाउँछ, ठिक त्यही बेला तिम्रो पाप नष्ट हुनेछ र मनले चिताएको कुरा पुग्नेछ ।' महादेवले दिएको लठ्ठी लिएर सुवर्ण ऋषि उपत्यकाको पूर्वतिर हानिएछन् । संयोगले एक रात बास यही त्रिवेणी धाममा परेछ । यसो लठ्ठीतिर के नजर परेको थियो कलिला मुना टुसाएको देखेछन् । उनले गरेको भाकल पनि पूरा भएछ । उनको आशा र अपेक्षा पूर्ण भएकाले यो तीर्थधामलाई आशापुरेश्वर महादेव भनिन थालेछ ।"

'साँगाबाट करिब पाँच किमिको दूरी तय गर्नुपर्छ ।' मन्दिर संरक्षण समितिका सदस्य बताउने एक स्थानीयले जात्रा मल्लकालबाट सुरूआत भएको अवगत गराँदै । थपे- 'यहाँ एकपटक मात्र दर्शन गर्न पाइयो भने सन्तान पाइहालिन्छ । जे माग्यो त्यही पाइन्छ भनेर आउने दर्शनार्थी र भक्तजनको घुइँचो नै लाग्छ । पक्कै भाकल पूरा भएरै त आएका होलान् यतिविधि मान्छे !' जात्रा भर्न आएका दर्शनार्थीलाई औँल्याउँदै रहस्यको गुत्थी खोले उनले ।

मन्दिरको अग्रभाग दक्षिणतिर फर्किएको छ भने कालो पत्थरका लिच्छवीकालीन शिवलिङ्ग छन् बगरल्ल। परिसरमा छन् पाँचवटा ढुङ्गेधारा अर्थात् पञ्चमुखी धारा । स्थानीयबासीका अनुसार शिवरात्री, धान्यपूर्णिमा र कार्तिक पूर्णिमा विशेष मेला लाग्छ यहाँ । यिनै छिपछिपे जानकारी बोकेर हतारहतार हुत्तियौँ हामी देवलबाहिर । आस्थासँग जोडिएर भक्तजन आउने भए पनि स्थान विशेषको परिभ्रमणका निम्ति आउने पदयात्री पनि उल्लेख्य सङ्ख्यामा भेटिए । पल्लो भाग काभ्रे अनि वल्लो भूगोल भक्तपुर । खोचको अवस्थिति पनि नराम्रो लाग्दैन ।

ooo

'बनेपा नगरपालिका हार्दिक स्वागत गर्दछ ।' पारिपट्टि ठडिएको बोर्डले भन्छ ।

भिरालो भूगोलमा बैँसालु तरूणहरू सुस्ताउँदै, मस्कँदै र अनुरागी नजर

जुधाउँदै लड्ड परिरहेको परिदृश्य पनि छिप्दैन आँखाबाट ।

हिंड्ने बानी नभएका गोडा थर्थराउन थालिसकेका छन् । अझै बाँकी छ, पाँच किमिको यात्रा । साँगा निस्कने भन्ने जानकारी त छ किन्तु बाटोबारे अत्तोपत्तो छैन । कति बेला पुग्ने होला साँगा भन्ने चिन्ताले बिथोलिरहेछ हाम्रो मथिङ्गल परन्तु अझै तँछाडमछाड गर्दै छन् पदयात्रीहरू क्यामरामा बन्दी बन्न ।

कसैलाई ढिस्को उक्लेर तस्बिर खिचाउने लालसा छ त कसैलाई बाटोमाथिका पोथ्रा नुगाएर । क्लान्त गोडा तयार छैनन् मनसुबा पूरा गर्न । जेहोस् जतासुकै खिटिकखिटिक । रिल सकिन्न क्यार के भो र ?

यत्रतत्र देखिन्छन् तरेली परेका सोता सुर्कासुर्की । बान्की बान्कीका ड्याङ बनाइएका छन् आलु रोप्नका निम्ति । धर्तीको छाती उधारेर बनेको एउटा संरचनालाई साक्षि राखेर बाँडचुँड गरी ल्याइएका भोजन सामग्री बुत्यायौँ, यसो बाटो माथि उक्लेर । पुनः घिस्रन थाले दुई दर्जन पयर साँगालाई गन्तव्य बनाएर । किञ्चित उकालिएपछि भेटियो, सडक किनारामा युगौँ साक्षि बसेको सिक्रो लाँकुरी । बडेमाको बोटमा कुनै गगनचरको गुँड छैन बरू हाँगाबिँगा निमोठेर जबर्जस्त कटाइएको छ विद्युतीय तारको सञ्जाल ।

फेदबाट लगिएको छ धुलौटे सडक । एक्लो अस्तित्व धानेर ठिङ्ग ठडिएको छ यो वृक्षको कङ्काल । सडक बनाउँदा लछारपछार पारेका यसका जरा देखेर स्मृति पटलमा झ्याप्प आउँछ- सम्भावित वृद्धावस्था र भोग्न तयार हुनुपर्ने ताडना । त्यसैत्यसै प्रताडित हुन्छु म भित्रभित्रै । बाहिर भने फिस्स हाँसेको अभिनय गर्न पनि चुक्दिनँ सहयात्रीहरूसँग ।

थोरै अघि पुग्नासाथ स्वागत गर्न आउँछ शनिधाम । धाम अवस्थित टाकुरोबाट सहजै अवलोकन गर्न सकिन्छ भक्तपुरको आधाउधी भूगोल । चिथोरिएका पाखापर्वत र लछारपछार डाँडाकाँडा । त्यस्तै कैलाशपुरीमा निर्मित भीमकाय शिवमूर्ति । ७२ रोपनी जमिन ओगटेको १४३ फिट अग्लो शिवमूर्तिको एक हातले त्रिशूल समातेको छ भने अर्को हत्केलाले तीर्थालु र आगन्तुकलाई आशिष दिइरहेको आभास हुन्छ । शिवमूर्ति तल्तिर डोजरको सुँडले उधिनेको थिल्थिलो भूखण्ड चीत्कार गरिरहेको प्रतीत हुन्छ । यही करालो भूक्षेत्र नियाल्दानियाल्दै पत्तै नपाई टुप्लुकिन्छ साँगा ।

छिन्नभिन्न हुन्छ टोली आफ्नो थातबास सोभिने उपक्रममा । सबैलाई फर्कनु छ गुँडतिर सवारी चढेर । उता अरूण भने अवकीर्ण आभा छोड्दै अस्ताचलमा अल्पिसकेका हुन्छन् !

■

# अहँ, पुगिएन गोदावरी

**(यो ५५औँ पदयात्रा हो । २०७८ साल फागुन ७ गते ललितपुरको लेलेदेखि गोदावरी डाँडाभञ्ज्याङ हुँदै टौखेलसम्म गरिएको यस यात्रामा ७ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**

**नवराज रिजाल**



सात बजे लगनखेल बसपार्कमा जम्मा हुने समय तोकिएको थियो । सूचनाको सम्प्रेषक हुनुहुन्थ्यो शीतल दाइ । यथा समयमा त्यो आएको पनि हो । तर साथीहरू जम्मा हुन एक घण्टा कुर्नुपऱ्यो ।

हामी कुर्न र कुराउन माहिर छौँ । वा भनौँ अब्बल छौँ । यो हाम्रो मौलिक विशेषता बनिसकेको छ ।

कुर्ने काम पनि कम कठिन हुन्छ र भन्या ? के गर्नु समय कहिल्यै चिनेनौँ त । अनि जानेनौँ । बुझेनौँ पनि । यसैले त पछिको पछि परिरहेछौँ नि । यति बेला पछि पर्नु वा हिँड्न नसक्नु मौलिक विशेषता बनेको छ ।

अनि फेरि सार्वजनिक बस, ओहो ! त्यो त झन् हाम्रो वशमा किन हुन्थ्यो र ? हुँदैन ।

लामो पर्खाई पछि अटाईनअटाई मान्छे कोचेर बल्लबल्ल हिँड्ने तरखरमा लाग्छ । उसले हिँड्ने तरखर गरेकामा दङ्ग पर्छौँ । प्रफुल्ल बन्छौँ र आँखा कल्पनाको सागरमा बेतोडले दौडेको सपना देख्न लाग्छन् ।

हो पनि, उसलाई समयको के मतलब भन्या ? अनि फेरि हामी पनि त्यही ड्याङका मुला न पऱ्यौँ । लौ भन्नोस् त हामीले समय बुझेको भए यहीँ हुन्थ्यौँ त ? पक्कै हुने थिएनौँ ।

आज कसैको कछाडको फेरो समाएर हिँड्नुपर्ने अवस्था आउने नै थिएन ।

जहाँ मान्छे देख्यो त्यहीँ घ्याच्च रोक्यो । ओराल्यो, चढायो र चढायो, ओराल्यो । भेटेजति खाँद्यो । कति चढाउने ? यसको कुनै सीमा, साँध र परिधि छैन । कहाँ रोक्ने र कहाँ नरोक्ने थिति बाँधिएको पनि छैन ।

बाँधिए पनि पालना गर्नेतिर लागिएकै छैन ।

त्यसो त हामी बाँधिएका नियम सहज भावले मान्नेहरू पनि हैनौँ फेरि । खै किन हो कुन्नी, मन मस्तिष्क ल्याङ्फ्याङे गतिमा चलिरहेका छन् ।

अँ, बसमा हामीलाई चढ्न र उसलाई चढाउन पाए पुग्यो । सधैँ यही ध्याउन्न रहन्छ । मेरा अगाडि एक जना वृद्धजस्ता देखिने व्यक्ति हुनुहुन्छ । गाडी अत्यन्तै भिड छ । उभिनसमेत धौ धौ छ । तर पनि गाडीले मान्छे चढाउन छाडेको छैन । कति जना चढाउनेभन्दा पनि कति भेटिन्छन् भन्ने ध्याउन्न देखिन्छ । यसैले ठाउँ ठाउँमा घ्याच्च-घ्याच्च रोकिइरहेछ ।

"बस्नुहुन्छ ?" म उहाँलाई आफ्नो सिट देखाउँदै सोध्छु ।

"भैगो, भैगो म बस्दिनँ, हजुर नै बस्नोस्" प्रत्युत्तर आउँछ । बसिदिए हुने मेरो मन सोच्छ । उहाँले हातमा समाउनु भएको झोला काखमा राख्छु । सिटबाहेक यात्रुहरू दोहोरो उभिएका छन् । उभिनेहरूमध्ये उहाँ पनि एक जना हुनुहुन्छ ।

"बस्न त भन्नुभयो, के म बुढोजस्तो देखिन्छु र बाबु ?" उहाँ मतिर फर्केर सोध्नुहुन्छ । दोधारमा पर्छु, के दिनु उत्तर ? मनमा अन्योलता जन्मन्छ । कोही आफूलाई बुढो भनिदिए खुसी हुन्छन् त कोही बुढो भन्दा रिसाउँछन् । उहाँलाई के भनौँ के भनौँ ? मन दोधारमा पर्छ ।

७०-७५ हुनुपर्छ, शीतल दाइसँग खुसुक्क भन्नुहुन्छ । म खोलिहाल्न सक्दिनँ । रातोपिरो देखिन्छ अनुहार । बलियो छ जिउडाल । कुरा गराइको शैलीमा बुढ्यौलीपना झल्कँदैन । बस्न ठाउँ छाड्छु भन्दा उभिएरै यात्रा गर्छु कसैलाई उठाएर बस्दिन भन्ने जवाफ लगाउनुहुन्छ ।

गजबको लाग्छ स्वभाव । कतिपय मानिस केही क्षण बस्नका लागि मात्र पनि बुढाबुढी बन्छन् तर उहाँको मनस्थिति बिल्कुल भिन्न देखिन्छ । उहाँको स्वभाव अधिकांश स्वभावहरूसँग मेल खाँदैन ।

"किन बाबु अनुमान लगाउन सक्नुभएन ? बोलिरहनुभएको छैन त" मुस्कुराउँदै मतिर फर्कनुहुन्छ ।

"हजुर, मैले अनुमान त गरेँ, तर भन्न अलि गाह्रो गाह्रो परिरहेछ" जवाफमा भन्छु ।

उहाँ फेरि हाँस्नुहुन्छ । तर म अलमल्लबाट बाहिर निस्कन सक्दिनँ ।

"किन हाँस्नुभएको होला त ?" मनमा प्रश्नहरू जन्मन्छन् । अड्कल काट्न खोज्छु तर पनि के हो के हो । "अन्य कोही सक्नुहुन्छ कि ?" अरूहरूतिर फर्केर सोध्नुहुन्छ ।

म जस्तै कोही पनि तत्काल प्रतिक्रिया दिँदैनन् । देख्न सक्नेहरूका आँखा उहाँतिर फर्कन्छन् ।

"त्यसो भए मैले नै भन्नुपर्‍यो हैन त ?" उहाँ सोध्नुहुन्छ ।

कतिपय साथीहरू सहमतीमा शिर हल्लाउनुहुन्छ । म पनि उहाँहरूलाई

समर्थन गर्छु ।

हो हामी चढेको बस आफ्नो रफ्तारमा गुडिरहेको छ । सवार यात्रीहरू आ–आफ्ना धुनमा छन् । त्यो धुन मसँग पनि छ । अर्थात् धुन बाहिर म पटक्कै छैन ।

आँखा सडक वरिपरिका खेतबारी र घरसम्म पुग्छन् । कहिलेकाहिँ त तिनीहरूलाई पनि छिचलेर अझ पर पर पुग्छन् । पर र अझ परसम्म पुग्दा तिनको खुसीले नौ डाँडा काट्छ । अर्थात् ती बेस्सरी प्रफुल्लित बन्छन् ।

"८५ वर्षको भएँ बाबु, तर अझै आफूलाई जवान नै सम्झन्छु" हँसिलो अनुहार बनाउँदै उहाँ भन्नुहुन्छ ।

"ए हो र ?" म अलिअलि अप्ठेरो मान्दै सोध्छु ।

सुन्ने साथीहरू जिब्रो टोक्छन् ।

सम्भवतः सही अनुमान गर्न नसकेका कारण हुनुपर्छ म मेरो मनलाई थुमथुम्याउँछु ।

"हो नि" उहाँ टाउको हल्लाउनु हुन्छ । "हजुर हजुर" म पनि अप्ठेरो मानी–मानी टाउको हल्लाउँछु ।

"घरमा लैनो गाई छ । दुहुने काम आफैँ गर्छु । मोही पार्ने जिम्मा मेरै काँधमा छ । काम गर्न अप्ठेरो लाग्दैन । के को अप्ठेरो ? हिजो गरेको काम न हो, बा र हजुरबा दुवैले गर्नुभएको थियो" खरर्र भन्नुहुन्छ । सुन्नेहरू ट्वाल्ल पर्छन् । तर कोही पनि कुनै प्रतिक्रिया दिँदैनन् ।

"पक्कै पनि किसान हुनुहुन्छ होला" मनमनै सोच्छु ।

"खेतीपाती पनि गर्नुहुन्छ होला नि" शीतल दाइ सोध्नुहुन्छ ।

"गर्दिनँ बाबु गर्दिनँ, त्यो छाडेको धेरै वर्ष भैसक्यो । यसो भए पनि आफैँले लगाएको तरकारी खान्छु । जग्गा जमिन अधियाँ दिएको छु, त्यही अन्नले खान लाउन पुग्छ" अझ अगाडि अर्थ्याउनुहुन्छ ।

"अनि छोरा छोरी ?" म उहाँतिर फर्कन्छु ।

"छन् बाबु, छन् । एउटा दुइटा हो र ? चार चार जना छन् नि । तर ती यतिखेर नेपालमा छैनन् । विदेसिएका छन् । ती उतै रमिरहेका छन् । म यतै रमाइरहेको छु" खिस्स हाँस्दै भन्नुहुन्छ । "हेर्नोस् बाबु, दुध बेचेर चारै जना छोराछोरीलाई निजी स्कुलमा पढाएँ । बुढी साग बेच्न लगनखेलसम्म पुग्थी । दुःख–सुखले गुजारा चलिरहेको थियो । खान लाउन कुनै अभाव थिएन" अझ अगाडि थप्नुभयो ।

मैले टाउको हल्लाएँ । शीतल दाइले पनि त्यसै गर्नुभयो ।

धीमा गतिमा नै सही, बस् पनि कुदिरहेको छ । बिस्तारै बिस्तारै होलो हुँदै गएको पनि छ । यसो भए पनि उभिनेहरू सबैले बस्न पाएका छैनन् । उहाँ पनि त्यही अवस्थामा हुनुहुन्छ । तर बोल्न छाड्नु भएको छैन ।

बोली अत्यन्तै घत लाग्दो छ, त्यसैले ध्यानपूर्वक सुनिरहेको छु । साथीहरूले सुने वा सुनेनन् म त्यता बिलकुल गैरहेको छैन । मेरो सेरोफेरो

मभित्र छरपस्ट छ । बाहिर जान सकिरहेको छैन ।

"मैले त सोचेको थिएँ, ती यहीँ बस्लान् र जागिर खालान् । अनि यही देश राम्रो बनाउलान् । कतै बिग्रे भत्केको भए टालटुल गर्लान्" उहाँ टक्क अडिनुभयो ।

यसो भनिरहँदा उहाँ अलि गम्भीर बनेझैँ लाग्यो । मैले अघिको हँसिलो अनुहारमा अलिकति बिस्मात् पोखिएको अनुमान गरेँ । मेरो अगाडिको सिट खाली भयो । बस्न आग्रह गरेँ ।

"पालोमा त बस्छु नि बाबु, अर्काको भाग पो खोस्दिनँ भनेको त" यति भन्दै टुसुक्क बस्नुभयो ।



"बाबु सबै भन्न त सक्दिनँ तर धेरै निजी स्कुलहरूले विद्यार्थीहरूलाई नेपाल नपढाउँदा रहेछन्, नसिकाउँदा रहेछन् र नबुझाउँदा छन् । यदि त्यसो हैन भने ती किन नेपाल बस्दैनन् त ? म यसको उत्तर खोजिरहेको छु । चार सन्तान जन्माएका हामी यतिखेर सन्तान विहीनजस्तै छौँ" उहाँ रसिलो आँखामा भन्नुहुन्छ ।

मेरा आँखा उहाँका आँखामा पुग्छन् । हो, साँच्चै उहाँका आँखा रसिला छन् । एकछिनसम्म केही बोल्नुहुन्न । अझै गम्भीर बनेझैँ लाग्छ ।

म आँखा जुधाउन सक्दिनँ । टोल्हिन्छु र टोल्हिरहन्छु ।

"सन्तानहरूले नबोलाएका हैनन्, बोलाएका हुन् । सबै ठाउँमा पुगेँ पनि तर बस्न मन लागेन । फर्केर आएँ । म यहीँ मर्छु । मेरी पत्नीको धारणा पनि त्यही छ" उहाँले गह गह्लुङ्गो बनाएर थप्नुभयो । त्यतिबेलै गाडी घ्याच्च रोकियो ।

"लौ डुकुछाप आयो" सहचालकले सङ्केत गरे ।

"ओर्लने ठाउँ आयो, मैले मेरा कुरा धेरै गरेँ, मेरो बानी त्यस्तै छ, दुख नमान्नु होला है बाबु" उहाँले सबैतिर फर्केर हात जोड्दै भन्नुभयो । मलाई उहाँका कुरा अझै सुनौँ सुनौँ लागिरहेको थियो । बिदा गर्न मन थिएन ।

बसबाट तल झरेर हात हल्लाउनुभयो ।

बस अगाडि बढ्यो । हेर्दाहेर्दै उहाँ

ओझेल बन्नुभयो ।

हजुर, यहाँलाई थाहा छ ? ऊ त्यो हिँडेको हिँड्यै छ नि । कतै रोकिए, छेकिए वा अलमलिएको छैन । कहिलेदेखि हो, कुन्नी कोही भनिरहेका छैनन् । तपाईं सक्नुहुन्थ्यो कि, मैले त सोध्नै बिर्सेछु, माफ गर्नुहोला महशय । म चाहिँ साँच्चै सक्दिनँ । नअलमलिनु होला, ढाँटेको हैन । ।सा।रु

मसँग राय माग्नुभयो भने म निरूत्तर बन्नुको विकल्प छैन । कुरा पत्याउन र नपत्याउन दुवै सक्नुहुन्छ । मेरो हैन, त्यो तपाईंको विषय हो । जुन बाटो रोज्नोस्, अन्यथा मान्ने पक्षमा छैन । त्यो छुट निर्धक्क भएर उपभोग गर्न सक्नुहुन्छ । म त भन्छु गर्नोस् र अगाडिको बाटो हिँडिरहनोस् ।

छातीमा हात राखेर भन्दै छु धरोधर्म ढाँटेको हैन । त्यस्तो उद्देश्य पनि छैन । ऊ हिँडेको हिँड्यै छ । अहँ, कतै बसेको वा अलमलिएको देखेको छैन । अरूले के गरे, म त्यता जान्नँ । तपाईंकै कुरामा पनि वादविवाद गर्दिनँ । आजका मितिसम्म मैले ठम्याएको सत्य र यथार्थ यही हो ।

कतिपय मानिस सत्य पचाउन सक्दैनन् । असत्यको सहारामा काल्पनिक सगरमाथा ठड्याउँछन् र आरोहण गरी विश्व विजेता भएको घोषणा गर्छन् । सन्तोषको सास फेर्छन् र उन्मुक्त हाँसो हाँस्छन् । संसारमा यसरी बाँच्नेहरूको सङ्ख्या ठुलो छ । ती यसैगरी बाँच्नुमा आफ्नो सर्वत्र विजय देख्छन् ।

ऊ भनेको अन्य कोही नभएर समय हो । त्यो तपाई हाम्रो अगाडि मात्र हैन पछाडि पनि छ । दायाँ बायाँ दुवैतिर छ । हामी उसका आँखामा घेरिएका र बेरिएका छौँ । त्यो बसेको छैन । बस्ने ईच्छा राखेको पनि देखिँदैन । एउटा कुरा के भने राखेको भए त बस्थ्यो होला नि । थकानको परवाह नराखी हिँडिरहेछ ।

ऊबाट धेरैभन्दा धेरै लोभिएका छन् । मुख मिठ्याएका छन् । मौका आउला कि !, कुरेका छन् । डाढ गरेनन् होला भन्न सकिन्न । पक्कै गरे होलान् । तर त्यो पाटोमा ध्यान दिइरहेको छैन । अझ यसो भनौँ वास्तै गरिरहेको छैन । वास्ता गर्नेहरू भर्सेलामा परून् सायद यस्तै यस्तै सोचिरहेको होला ।

हजुर, आज हामी उसको पछि पछि लाग्न खोजिरहेछौँ । सक्छौँ सक्दैनौँ थाहा छैन । यति पक्का हो प्रयासमा छौँ । हाम्रा लागि सबैथोक हो । त्यसैले पछि लागेर अगाडि पुग्ने ध्याउन्नमा छौँ । ध्याउन्नाले नै हिँडाउने रहेछ । त्यसको अभावमा कोही पनि हिँड्न नसक्दा रहेछन् । यो मलाई लागेको कुरा हो ।

हामी एउटा ध्याउन्न बोकेर हिँड्न थालेका हौँ । लगातार हिँडाइरहेछ र लुरूलुरू हिँडिरहेछौँ । शीतल गिरी, वसन्त रिजाल, खोलाघरे साइलो, पवन सङ्ग्रौला, माधवलाल श्रेष्ठ, समीर पाख्रिन र म आज सातजनाको

छ टोली । महिनाको पहिलो शनिवार यात्रामा निस्कन्छौँ । आजको यात्रा पनि त्यही सिलसिला हो ।

आजसम्म नामाङ्कित हुनेहरूको सङ्ख्या साठी हाराहारी छ । तर उपस्थिति सधैँ एकनास हुँदैन । नछुटाई हिँड्नेहरू सानो सङ्ख्यामा छन् । स्वेच्छामा गरिने भएकाले प्रत्येक शृङ्खलामा यात्रीहरू घटबढ हुने गर्छन् । त्यसैले होला आज हामी सात जनाको सङ्ख्यामा छौँ ।

जति नै भए पनि यात्रा रोकिएको छैन । हिँड्ने मनहरू हुन् । ती लगातार हिँडिरहेछन् । अहँ, बसेका छैनन् । बस्ने चाह राखेका पनि छैनन् । इच्छा शक्ति एउटा कडी हो । मूल बाटो हो । विश्वासको धरहरा हो । तिनीहरूले मनमा जरा गाडेका छन् । यही भएर हुन सक्छ ती अलमलिने, विश्राम लिने र बाटो छाड्ने पक्षमा छैनन् ।

तापिलो छ आकाश, तर घाम पटक्कै चर्किएको छैन । न्यानो छ वातावरण । सिरसिर हावा बहिरहेछ । आँखा टाढाटाढा पुग्छन् । निषेधतिर मन जाँदैन । टाढाटाढा देखिने सीमान्त गाउँसम्म पुग्छन् । बस्तीमा पुग्छन् । जीवनशैलीमा पुग्छन् । बाँचेको संसारमा पुग्छन् । गरेका सङ्घर्षमा पुग्छन् । र मस्तिष्कहरूमा बिस्तारै हराउँदै जान्छन् ।

छेउछाउको परिवेशमा घना वन छ । रूखहरू अनेक प्रकारका, जातका, उमेरका, बैँसका, हैसियतका, कैफियतका र अवस्थाका छन् । यदाकदा चराहरूका चिरबिर चिरबिर पनि कानमा ठोकिन आइपुग्छन् । ती स्वरहरू मन लोभ्याउँछन् र विचारमा पोखिन्छन् ।

अँ, यतिखेर ललितपुर जिल्लाको गोदावरी नगरपालिकाभित्र पर्ने गोदावरी मार्बल फ्याक्ट्री माथिको वनभित्र आइपुगेका छौँ हामी । कहिले बादल त कहिले अपरिचित जीवजन्तुका स्वर हामीलाई बेलाबेलामा झुक्याई रहेछ ।

"बिना काम किन हिँडिरहनुभएको हो तपाईँहरू ? आखिर गाडी जतातते पाइहालिन्छ क्यारे ! गाडी पाईँदापाईँदै हिँड्नु पक्कै पनि राम्रो हैन" बाटो पहिलो सुझ्याउँछ ।

"पाइएन भनेर हिँड्नुभएको होला, एकछिन् कुरे त हुँदो हो नि, दुखः पाएर यो बाह्र बजेको रापमा नहिँडेकै भए जाति हुन्थ्यो" दोस्रो सुनाउँछ ।

"यस्तो मध्यान्हमा हिँड्न कसरी जाँगर चलेको होला कुन्नि ! म त मरे हिँड्दैनथेँ" तेस्रो थप्छ ।

"हो हो, यहाँहरूको जोस पनि कस्तो भन्या ? आमै आमै ! मलाई त अचम्म लाग्यो" चौथो भन्छ । ती आपसमा गफिन्छन् । हाम्रो हिँडाइ खेताला गोठालादेखि बुज्रुक उपबुज्रुकसम्म सबैका आँखामा अनौठो विषय बनिरहेछ । कतिपय ठाउँमा जवाफ दिन्छौँ त कतिपय ठाउँमा दिँदैनौँ । चुपचाप सुन्नुभन्दा खासै अर्को विकल्प अगाडि देख्न पनि सकिँदैन ।

ओ हो ! सोध्नेहरूसँग प्रश्न कति

हुन् कति । ती सोधिरहन्छन् । एक ठाउँमा हैन, ठाउँ ठाउँमा । यस्ता अनेकौँ अनुभूति छन् । त्यही बोकेर हिँडिरहेछौँ । थकाइ लागेको छैन । हिँडिरहन सक्नुको खास रहस्य यही हो ।

२०७८ सालको फागुन सात गते । स्रष्टा पदयात्राको ५५औँ शृङ्खला ।

टीकाभैरव लेलेबाट दश बजेको सेरोफेरोमा हिँडेका हामी तीन बजे गोदावरी मार्बल फ्याक्ट्रीभन्दा ठिक माथिको बनमा आइपुगेका छौँ । हो, कतै बस्दै त कतै उभिँदै, कतै बाटो सोध्दै त कतै अलमलिँदै यात्रा अगाडि बढिरहेछ । राजनीति, साहित्य, जनजीवन, विश्व परिदृश्य गफका विषय बनिरहेका छन् ।

त्यसो त हामी यही कुरामा अब्बल छौँ । कसैले रोक्न छेक्न सकेको छैन मात्र हैन भविष्यमा पनि सम्भावना देखिँदैन । यसो पनि हो, हामी आ-आफ्ना जिम्मेवारी र दायित्व पूरा गर्न नसकौँला तर अर्काले के गर्नुपर्थ्यो र किन गरेन, भनेर अर्काको कमी कमजोरी केलाउन माहिर छौँ । यो मौलिक विशेषता नै बनिसकेको छ भन्दा फरक नपर्ला ।

आँखा डाँडामाथि उभिए पछि वरिपरिको परिवेशमा पोखिन्छन् । वाक्लो नभए पनि वनमा मनगगे रूखहरू छन् । पातलै सही चराहरूका चिरबिरे आवाज आइरहेछन् । पातला बुटाहरूमा लालीगुराँस मज्जाले फूलेका छन् । आँखा लोभिन्छन् तर टिप्न सक्दैनौँ । मन फुकाएर हेर्छौं र त्यहींभित्र आफू आत्मसात भएको परिकल्पना गर्छौँ । "आहा ! ल लालीगुराँसे हावा आयो है" वसन्तजी मुस्कुराउँदै सुनाउनुहुन्छ ।

"हो त, कस्तो च्याप्प समातेर खोकिलामा हालौँहालौँ जस्तो लाग्यो" शीतल गिरी थप्नुहुन्छ ।

"सके हाले भो नि, कसैले रोकेको पनि छैन क्यारे" खोलोघरे साइँलो मुस्कुराउँदै भन्नुहुन्छ ।

"हो, दाइ हो, साँच्चै रमाइलो लाग्यो । यहीँ बस्नुपर्छ कि क्या हो ?" पवन सङ्ग्रौला जोड्नुहुन्छ ।

"हो, हो" यही अक्षरमा माधवलाल श्रेष्ठ र समीर पाख्रिन दुवैका टाउका हल्लन्छन् ।

साथीहरूका कुरा ध्यानपूर्वक सुन्छु र टाउको हल्लाउँछु तर प्रतिक्रिया दिनतिर लाग्दिनँ । एकाबिहानैदेखि घामलाई बादलले ढाकेको छ । उसलाई देख्न सकिरहेका छैनौँ । तर उसले हामीलाई देखिरहेको छ वा छैन यो कुरामा जानकार छैनौँ ।

उसलाई नदेखे पनि उसले देखेको हुन सक्छ यसो भन्न मन लाग्छ ।

हामी दुईको बिचमा बादल छ यो यथार्थ हो ।

अर्को यथार्थ के पनि हो भने बादल हाम्रो भेटघाट रोक्न कम्मर कसेर लागिरहेछ ।

उसलाई भेट्ने प्रयास सफल हुन सकिरहेको छैन ।

आठ बजेको सेरोफेरोमा लगनखेल बसपार्कबाट लेलेका लागि हिँडेको बसमा चढेको म यतिखेर विभिन्न

स्थानहरू पार गर्दै साथीहरूका साथ गोदावरी वनमा आइपुगेको छु । चापागाउँ, ठेचो, डुकुछाप, बडीखेल, मनकामना, देवीचौर, टीकाभैरव, लेलेडाँडा, महतगाउँ, तपेश्वर म वा हामीले पार गरेका मुख्य स्थान हुन् ।

पिठ्युँमा झोला बोकेर हिँडिरहेका हामीलाई हेरेर हाँस्नेहरू थोरै थिएनन् । सायद ती हामीलाई केही नजान्ने वा पाखे साखे के के हो भन्दा हुन् के के । अचम्मको जीव पनि मान्दा हुन् ।

बिहान ललितपुर महानगर छाडेपछि दिनभर गोदावरी नगरपालिकाकै सेरोफेरोमा घुमिरहेछ यात्रा । फनफनी घुमाइरहेछ त्यो अनि म र हामी घुमिरहेछौँ ।

बाटोमा हिँडिरहँदा मन कता हो कता डुल्न पुग्छ । सपनामा बाँचेको देश । विश्वासमा बाँचेको देश । आशै आशमा बाँचेको देश । आज दुखेर पनि भोलिको लागि बाँचेको देश । म अनि मेरो देश ।

हो नि, हामी गोदावरी मार्वल फ्याक्ट्री माथि डाँडाको वनमा छौँ । रचनावाचन गोदावरीमा गर्ने कि यहाँ एकछिन छलफल चल्छ । विचार विमर्श हुन्छ ।

यही बिचमा वसन्तजी कपीको पाना निकाल्नुहुन्छ र कवितावाचन सुरू हुन्छ :

तिमी उज्यालो उज्यालो भन्छौ
म उज्यालोमा अँध्यारो खोजिरहेछु
अँध्यारोमै जन्मिएको म
उज्यालोलाई आफ्नो शत्रु ठान्छु
ठिक बेठिक छुट्याउन नसक्ने म
अरूले ठहऱ्याएको ठिक ठान्छु
मसँग विवेक छैन
विवेक हीन मान्छे म
लाए अऱ्हाएको गर्छु
देश ! के को देश ?
कस्को देश ?
कस्तो देश ?
पैसा, पैसा र पैसा
पैसासँग म देश साट्छु ।

कवि वसन्त रिजाल अभिव्यक्त हुनुहुन्छ । मलाई कविताभित्र छरपस्ट हुन मन लाग्छ । विचारमा हराउन मन लाग्छ । हो, हामी हामी हुन सकिरहेका छैनौँ । अनौमा नारिएको गोरू भएका छौँ । कसैले अह्राइरहेको छ । अह्रोट मानिरहेछौँ । विवेक र बुद्धि गायब भएको छ । त्यो नभए पछि हुने र गरिने यस्तै यस्तै हो ।

देश त केवल देखाउने दाँत मात्र भएको छ । यथार्थ अर्कै छ । सत्य अर्कै छ । सत्य असत्य छुट्याउन नसक्ने कसरी जिउँदा हुन सक्छन् ? कविको प्रश्न छ । चोटिलो कविता, आहा ! कति सान्दर्भिक कविता म मनमनै भन्छु ।

कविता कस्तो हुन्छ ? यो आजको ज्वलन्त प्रश्न हो । आजको मात्र हैन हिजो अस्ति देखिकै हो । उत्तर त्यति कठीन छैन । हो कविता कविताजस्तै हुन्छ । प्रश्न सँगै हिँडिरहेको उत्तर हो यो । त्यसैले कवि शीतल गिरी भन्नुहुन्छ :

शाश्वत काव्यिक स्पर्शले
सब कुरो ठिक बनाउँछ
यो सिद्धान्तको कुरा होइन
आजको समयमा कविता
फूल झैँ मुस्कुराउनुपर्छ ।

साँच्चै हो, कविता फूलझैँ मुस्कुराउनै पर्छ । तर कविताले मुस्कुराउने नाममा जीवनको गति र लय कदापि छाड्न हुँदैन । विचार र विश्वास बगाउन हुँदैन । सिद्धान्तको घेरामा कविता बाँधिन पनि हुँदैन । कविता बाटो हो र हमेशा अगाडि हिँडिरहनुपर्छ । मुटुको धड्कन जस्तै धड्कनुपर्छ । हाम्रो देश विविधताको सङ्ग्रहालय हो । के छैन यहाँ सबैथोक छ । खोजे पाइन्छ । तर हामीले खोज्न जानेनौँ त्यसैले पछि परेका हौँ यही भावमा पोखिन्छन् कवि खोलाघरे साइलो । कवि कवितामा यसरी अभिव्यक्त हुन्छन् :

*हाम्रा चाड अनेक*
*तीज, दशैँ ल्होसार र छैँठीहरू*
*माघी, ईद, तिहार भव्य सब छन्*
*न्वाँगी उँभौलीहरू*
*धौडा, घाटु र सोरठी लयहरू*
*छन् झ्याउरे र लैबरी*
*साझा सँस्कृतिले प्रसिद्ध*
*जगमा नेपाल सर्वोपरि ।*

उनी आँखामा नेपाल राखेर वरिपरिको सिङ्गो परिवेश हेर्छन् । यहाँ केही छैन भन्नेहरूका लागि यो कविता उत्तर हो । के छैन यहाँ सबथोक छ तर जान्नुपर्छ, बुझ्नुपर्छ र थाहा पाउनुपर्छ कवि भन्छन् । हाम्रो एकता, सद्भाव, सहिष्णुता र समन्वयले विश्व चकित बनेको छ अभिव्यक्त हुन्छन् ।

देशलाई बर्बाद पार्ने तत्वहरू हाम्रा वरिपरि बसिरहेका छन् । छाती फुलाएर हिँडिरहेका छन् । स्वार्थका लागि जे जसो गर्न पनि तम्तयार रहने तत्वहरूप्रति औँला ठड्याउँदै माधवलाल श्रेष्ठ भन्छन् :

*एमसिसी विकासे ढोका भन्छन् कोहीले*
*यो राष्ट्रको लागि हो धोका भन्छन् कोहीले*
*विना स्वार्थ सहयोग कहिल्यै रहँदैन*
*होसियार बनाउलान् बोका भन्छन् कोहीले ।*
*अमृत भनेर यहाँ मदिरा पिलाइन्छ*
*गणतन्त्रको नाममा जनता भिडाइन्छ*
*आफ्नो देशको भाषा र भेषभूषा त्यागेर*
*जनतालाई विदेशी धर्म मान्न सिकाइन्छ ।*

देश सबल हुनका लागि हरेक नागरिकहरूमा नागरिक गुण हुनुपर्छ । असल, जिम्मेवार, नैतिकवान र कर्तव्य परायण नागरिकहरू भए मात्र देश उँभो लाग्छ । आजका नागरिकहरू व्यक्तिगत स्वार्थका लागि देश विरूद्ध पनि लागिरहेछन् । कवि यसको विपक्षमा छन् । यसमा पुरापुर उनको विमति छ । यसो हुनुहुँदैन कवि भन्छन् र नमान्नेहरूप्रति औँला ठड्याउँदै इतिहासले कहिल्यै नसहने बताउँछन् ।

हामी नचाहेर देश छाड्न बाध्यछौँ । चाहेर पनि बस्न सकिरहेका छैनौँ । बाध्यताले घाँटी अँठ्याई रहेको छ । अगाडि पेट छ । बाबुआमा छन् । सबैका अनेकअनेक सपना छन् । ती बेला बेलामा उठ्छन् र माग राख्छन् । आन्दोलनमा हार्नुपर्छ । कान थुनेर बस्नुपर्छ किनकि यसको अर्को विकल्प

छैन । यसैले कवि समीर भन्छन् :

*परिवारको जिम्मेवारी मलाई सुम्पेर गा'का छन्*

*स्वदेशमा नपाएपछि खाडीमा जागीर खा'का छन्*

*पठाउँछन् रेमिट्यान्स उनी कुनै महिना नबिराई*

*महिनै पिच्छे घर साहु तमसुक बोकी आ'का छन् ।*

*घरबाट जेनतेन निस्किए पनि फर्कन गाह्रो छ*

*परिवन्धमा परियो नि चुपचाप तर्कन गाह्रो छ*

*रिस किन नउठ्नु स्वाधीनता पोखिएको बेला*

*बोल्नै नपाइने यो समय झर्कन झन् गाह्रो छ ।*

देश कसैको कुरा सुन्दैन । न आफू भन्छ न त अरू कसैले भनेको सुन्छ । गजब छ उसको मनस्थिति । बिहान घरबाट निस्केको मानिस साँझ घर फर्कन्छ कि फर्कंदैन कुनै ठेगान हुँदैन । चारैतिर अन्योलताले घर गरेको छ । कोही बोल्न सक्दैनन् । किन हो कविको प्रश्न छ तर उत्तर दिन कोही राजी छैनन् ।

देश रेमिट्यान्सले चलेको छ । तर रेमिट्यान्स पठाउनेहरू देशको आँखामा पर्न सकिरहेका छैनन् । यसैले ती परदेशमा अनेक समस्यामा जेलिएका छन् । ठगिएका छन् । लुटिएका छन् । विवशतापूर्वक बाच्न बाध्य भएका छन् । तिनीहरूका समस्यामा बोलिदिने कोही छैनन् । ती निरीह जीवन बाँचिरहेका छन् । यसमा कविको सहानुभूति छ ।

अन्त्यमा मेरो पालो आउँछ । मलाई लाग्छ बाँच्ने नाममा आजका मान्छेहरू गर्नु नगर्नु गरिरहेका छन् । भन्नु नभन्नु भनिरहेका छन् । अहँ, बोलीको कुनै ठेगान छैन । विचारमा लगाम लगाएर पनि हाँसिरहेका छन् । देशको गोप्यता बेचेर पनि बाँचिरहेका छन् । स्वाभिमान गुमाएर पनि नाचिरहेका छन् । मेरो कविता यस्तो भाव राख्छ :

*विचारमा आगो झोसेर कुरा गर्नेहरू पनि छन्*

*आफू रितिएर पराय खल्ती भर्नेहरू पनि छन्*

*थाहा छ बोल्न सके जेजे पनि हुँदो रहछ यहाँ*

*बाँच्ने नाम बोकेर कुठाउँ सर्नेहरू पनि छन् ।*

*कति पस्कनु हुन्छ उपदेश भो छाड्नोस् अब*

*अराजक विचारहरू ती मेसैले फँड्नोस् अब*

*चुप रहनोस् महाशय धैर्यता हेर्न मन लाग्यो*

*ती कुण्ठित भावहरू चिहानमा गाड्नोस् अब ।*

यहाँ सिक्नेभन्दा सिकाउनेहरू बढी छन् । उपदेशको पोको बोकेर हिंड्नेहरू आफूलाई महान सम्झन्छन् । आफू केही गर्दैनन् तर अरूहरूबाट धेरैभन्दा धेरै अपेक्षा राख्छन् । काम गर्नु आवश्यक ठान्दैनन् । उदेशमा हरहमेशा तयार

रहन्छन् । मेरो तिनीहरूप्रति आक्रोश छ । काम हैन केवल कुरा गर्नेहरूप्रति मेरो मनमा घृणा छ । कर्ममा विश्वास गर्छु । कर्म नगर्नेहरूप्रति मेरो कवितामा कठोर व्यङ्ग्य छ ।

रचना वाचनको क्रम सकिन्छ । शीतल गिरी कार्यक्रम समापन गर्नुहुन्छ ।

अब गोदावरी निस्कने" वसन्त रिजाल भन्नुहुन्छ । हाम्रा बिस्तारै टाउका हल्लन्छन् ।

दिन ढल्किसकेको छ । सूर्यले पश्चिमी बाटो समाएको आकलन गर्न कठिनाई छैन । मलाई मात्र हैन सबैलाई यथा समयमा घर पुग्नु छ । यसकारण मन मनमा छ ।

गोदावरी निस्कने सहमति बनेपछि हिँडाइ सुरू हुन्छ । तर बाटो जति सोइयाए पनि सोभिँदै सोभिँदैन ।

ओहो ! एउटा अनुमान गरेर हिँड्यो कता पुग्छ कता । दिगो रहँदैन ।

फेरि यो हो कि भन्यो त्यो पनि हुँदैन । अनि अर्को, त्यो पनि हुँदैन ।

बनको बाटो कहिले कता पुगिन्छ त कहिले कता ।

अलमलिन्छौँ । भुल्छौँ । हराउँछौँ । किंकर्तव्य विमूढ बन्छौँ ।

निश्चित बाटो टुङ्गो नलागेपछि जता जता डोरेटो देखिन्छ त्यतै त्यतै हिँड्न थाल्छौँ ।

काशी जान कुतीतिर हिँडेजस्तो हुन्छ भन्या ।

"लौ भन्नोस् त, गोदावरी निस्कन त्यता लाग्दा लेनिनथोक पुगियो भने यसो भन्न मिल्दैन त ?

अनि बडीखेल आइपुग्छ । हामीलाई हेरेर ऊ मुस्कुराउँछ ऊ तर बोल्दैन । उसँग आँखा जुध्छन् । अपरिचित भएर नबोलेको होला अनुमान गर्छु । तथापि एकअर्कालाई हेराहेर गर्छौं ।

हिँड्दा हिँड्दा खुट्टा थाकेका छन् । बसौँ बसौँ लाग्छ । तर ऊ बसौँ भन्दैन । एकटङ्कारले हेरिरहन्छ मात्र ।

"कुकुर पनि चेई नभनी बस्दैन गाँठे, त्यसै के बस्नु ? मन निष्कर्ष निकाल्छ ।

केहीबेरसम्म खेतका आली र बारीका डिल हिँडेपछि बल्लबल्ल भेटिएको पसलमा थच्याथुचुक्क बस्छौँ । लामो सास फेर्छौं । पसल हामीलाई चिया बिस्कुट ख्वाउँछ । दिनभरिको थकान भुसुक्क बिर्सन्छौँ ।

बडीखेलको मूलबाटोमा उभिएर आ–आफ्नो गन्तव्य पुग्ने गाडीको खोजी गर्दैगर्दा त्यहीँ भेटिनुहुन्छ गीतकार भावेश भुमरी । उहाँसँगै भेटिनुहुन्छ गजलकार टीकाराम उदासी र कथाकार दिल महरा पनि ।

सम्बन्ध नवीकरण गर्छौं । भलाकुसारी हुन्छ । केही बेर नेपाली लेखक र लेखन बारे कुराकानी हुन्छन् । विचार विमर्श चल्छन् । एकछिन पछि बाटाहरू छुट्टिन्छन् ।

सातदोबाटो पुग्ने गाडी चढेपछि मन गन्तव्य पुग्ने ध्याउन्नतिर लाग्छन् । तर गाडीमा बसिरहँदा पनि बिहान बसमा भेटिएका वृद्ध मेरो आँखामा मनमा भावनामा बारबार आइरहेका छन् अर्थात् बिर्सन सकेको छैन ।

– *स्वाभिमानबस्ती, बारा*

# कठिन महसुस भएकै हो

**(यो ५६औँ पदयात्रा हो २०७८ साल चैत्र ५ गते काठमाडौँको बुढानीलकण्ठ बस पार्कदेखि शिवपुरी बागद्वारसम्म गरिएको यस यात्रामा १६ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**

## चिराग चैतन्य



स्रष्टा पदयात्राको ५६ औं शृङ्खला २०७८ चैत्र ५ गते सम्पन्न भएको करिब २० महिनापछि २०८० मङ्सिरको तेस्रो सातातिर यात्रा संयोजक शीतल गिरीबाट मेसेन्जरमा यात्राबारे आफ्नो अनुभूति लेख्न आग्रह भएअनुसार आज पुसको ७ गते म लेख्न बसेको छु । कतिपय कुरा विस्मृतिमा गैसके केही ताजा नै होलान् । सम्झिएसम्म अनुभूतिमा पोखिन कोसिस रहने छ ।

पूर्व निर्धारित योजना अनुरूप स्रष्टा पदयात्राको गन्तव्य शिवपुरी डाँडा भन्ने अवगत भयो । जान मन भएर पनि नजुरेको ठाउँमा जाने अवसर पाउनु मिठो संयोग ठानेर आफूलाई तयारी गराएँ मैले । म बुढानीलकण्ठ मन्दिर पुग्दा शीतल गिरी, वसन्त रिजाल, शारदा पराजुली, परशुराम पराशर, हिमा पौडेल, विमल अर्याल, डिल्लीराज अर्याल, मिना रिजाल, घनश्याम प्रसाई, ऋचा र विष्णु खनाल अगाडि लागिसक्नुभएछ । मन्दिरा मधुश्री दिदीबाहेक म कसैसँग परिचित थिइन पनि । भेटेको भए पनि चिन्ने कुरा भएन । अलि रिजर्भ नै रहन मन पराउने आफ्नै स्वभाव पनि जिम्मेवार छ यसमा । केही समयपछि लीलाराज दाहाल आइपुग्नुभयो । त्यसको केही समयमा मन्दिरा दिदी र रूपा पौडेल आउनुभयो । अब हाम्रो समूहमा सर्जकहरू खोलाघरे साहिँलो, मन्दिरा मधुश्री, डिल्लीरमण सुवेदी, लीलाराज दाहाल, रूपा पौडेल र म स्वयं गरी छ जना भयौँ । बाटोमा पानीका केही बोतल किनेर उकालो लाग्यौँ शिवपुरी राष्ट्रिय निकुञ्जको

गेटतिर । त्यहाँ पुग्दा सर्जक समूहका अन्य सहभागीहरू अगाडि गैसकेको थाहा भयो फोनबाट । उहाँहरूलाई पछ्याउँदै हाम्रो समूह लाग्यो ठाडो उकालो । केही माथि पुगेपछि दुइटा बाटा भेटिए । हाम्रो समूहका कोही पनि उक्त बाटोबारे पूर्ण जानकार थिएनौं । अगाडि जानुभएका सहभागीहरूसँग फोन सम्पर्क गर्न खोज्दा सम्भव भएन नेटवर्कको अभावले गर्दा । छोडेर किन जानुपरेको होला भनेर केही बेर हामी गन्थनियौँ पनि । र, लाग्यौँ– दायाँतिरको बाटो उकालै उकालो ।

केही समय हिँडेपछि थाहा भयो– अर्को टोली अर्कै बाटोबाट उकालो लागेछ । अब दिनभर त्यो टोलीसँग हाम्रो टोलीको भेट नहुने करीव पक्कापक्की भयो । आखिर हिँड्नु पर्ने आफैंले हो । भेटिए राम्रै भो । नभेटिए केही छैन भन्ने अनुभूतिसाथ हामी निरन्तर ठडिइरह्यौं उकालै उकालो । उकालोले हामीलाई आफ्नो शक्ति, सामर्थ्य र धैर्य चिन्ने अवसर दिलाइदियो । स्याँ स्याँ गर्दै, बिच बिचमा एक अर्कालाई हौस्याउँदै र रमाउँदै हाम्रो टोली अघि बढिरह्यो । भोकले आफ्नो शक्ति देखाउन थाल्यो । शरीर पसिनाले निथ्रुक्क । जङ्गलको उकालोमा रूखको छहारी मनि बसेर दही चिउरा र आलुको तरकारी खायौँ सबैले खाना मिठो त छँदै थियो । त्योभन्दा मिठो लाग्थ्यो समूहका सदस्यहरूबिचको आत्मीयता, आफ्नोपन र सौहार्दता ।



खाना खाएर हिँड्यौं फेरि हामी सबै । उकालोमा म स्वयंलाई कयौँ पटक कठिन महसुस भएकै हो । तर उमेरले पाका खोलाघरे साइलो ठमठम हिँडिरहनुभएको देखेपछि ऊर्जा बटुलेर म पनि पछ्याइरहें सबै सहभागी यात्रीहरूलाई । जित्नु कसैलाई थिएन । भेट्नु कसैलाई थिएन अब । न कोहीबाट छुट्टिनु नै । कतै बिसाउँदै, कतै सुस्ताउँदै लागिरह्यौं हामी सब ठाडो उकालो । घना जङ्गल, राताम्य फुलेका गुराँस, कतै कतै सुन्न पाइने चराहरूको चिर्बिरसँगै आफ्नै सुसेली मिसाउँदै । निरन्तर ।

करिब तीन बजे हाम्रो टोली बागद्वार पुग्यो । समय कम भएको र फर्किनुपर्ने बाटो धेरै भएकोले हाम्रो समूहमा अब शिवपुरी डाँडा नजाने सल्लाह भयो । अर्को समूह शिवपुरी हाइटमा पुगेर भोजनपश्चात् स्रष्टा

डिल्लीराज अर्यालको व्यङ्गसङ्ग्रह टोलटोलमा राजा लोकार्पण गर्न भ्याएछन् । अनि त्यो समूह ओरालो ओर्लँदै टोडके बाबाले तपस्या गरेको स्थल विशाल रूखको टोडका अवलोकन गरी बागद्वार पुगेछन्, हामी फर्किएपछि । बागद्वार पुग्दा जीवनको लामो सपना पूरा भएको अनुभूति गरेँ मैले । धारामा नै अञ्जुली थापेर घटघटी पानी पिइयो । बोतलमा भरियो । एकछिन सुस्ताएर फोटा खिच्ने काम गरियो । सबैमा ऊर्जा भरिएको मुहारले बताइरहेथ्यो। सबै खुसी खुसी । सबैमा विजयको भाव मुस्कुराइरहेझैँ ।

बिस्तारै चिसो महसुस हुन थाल्यो । फर्किनुपर्ने बाटो याद आयो । आ आफ्ना झोला भिरेर हामी ओरालियौँ । सुस्त सुस्त । आ आफ्नै गतिमा । अब फोटा खिच्नु थिएन । बाटामा भेटिएका अन्य पदयात्रीहरूसँग रमाइलो गफ गर्दै, कतिलाई पछाडि छोड्दै हामी झरिरह्यौँ ओरालै ओरालो । निकुञ्जको गेटमा आइपुग्दा साँझ परिसकेको थियो । सबैलाई आआफ्नो गन्तव्यमा पुग्ने हतारो । गाडी नपाइएला भन्ने चिन्ता । गोडा मज्जाले नै दुखेका थिए मेरा । बुढानीलकण्ठ मन्दिर आइपुग्नुको विकल्प थिएन जसरी पनि– गाडी भेट्नलाई । समूहका साथीहरू कोही अगाडि कोही पछाडि भइएछ, अन्तिम बिसौनीमा आइपुग्दा । कफी खाएर छुट्ने योजना पूरा हुन सकेन । साँझ सात बजे बुढानीलकण्ठ मन्दिर आइपुग्दा रत्नपार्क आउने माइक्रोबस भेटियो । ठुलै युद्ध जितेको आभास भएथ्यो मलाई ।

बिचमा बाटो अलमलिएर दुई समूह हुन पुगेकाले स्रष्टा पदयात्राका सम्पूर्ण सदस्यसँग परिचित हुन पाइएन । यात्राका क्रममा आफैँसँग नजिक वा भनौँ साक्षात्कार भएको अनुभूति चाहिँ भैरह्यो मलाई । यो अवसर दिनुहुने आयोजक ज्यूप्रति आभार । पदयात्राको जानकारी दिई सँगै हिँड्न हौस्याउनुहुने दिदी मन्दिरा मधुश्रीप्रति विशेष कृतज्ञता व्यक्त गर्छु ।

अर्को समूहका पदयात्री बागद्वारमा अबेला पुगेको कारण समयको अभावले मनग्ये समय दिन नसके पनि केही समय टोडके बाबासँग भलाकुसारी गरी उकालो उक्लदै हेलिप्याडमा पुगेर केही समय बसेर ओरालो ओर्लिएर सडकमा पुग्दा झमक्क रात परिसकेको थियो, त्यस समयमा हामी बुढानीकलकण्ठ बस पार्क पुग्न पुग्न लागेका थियौँ । करिब १.३० घण्टा सडर्क सडक भएर प्रवेशद्वारमा इन्ट्रीपश्चात् त्यस समूहका साथीहरू बुढानीलकण्ठ बसपार्क ८.३० मा पुगेका थिए । अनि बल्लतल्ल तिनीहरूले चावेलसम्म माइक्रोबसको व्यवस्था गरेर गएछन् र त्यहाँबाट आफ्नो किसिमबाट सवारी साधन खोजेर, रोजेर घर फर्किएका रहेछन् । छुटेका समूहको कुरा चाहिँ पछि सुनेका आधारमा यहाँ उल्लेख गरेको हुं ।

■

# झल्को दिनेछ सदैव

**यो ५७ औँ पदयात्रा हो । २०७९ साल वैशाख २, ३ र ४ गते तनहुँ जिल्लाको व्यास गुफा, छब्दीवाराही बन्दीपुर हुँदै विमलनगरसम्म गरिएको यस यात्रामा ११ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**सुमन पुडासैनी**

यात्रा गर्नुअघि कौतुहल हुनु स्वभाविक पनि हो र कौतुहल हुनु पनि पर्छ । कौतुहलताले यात्रालाई अझ रोमाञ्चक बनाउँछ । कोको यात्रमा सहभागी होलान् ! यात्रा कस्तो होला ? कताकता घुमफिर तथा कुनकुन चिजको अवलोकन गरिएला आदिइत्यादी सोच्दै घरबाट निस्किएँ यात्राको लागि । गोठाटार पहेँलोपुल आएको पत्तै  भएन । निलोमाइक्रो बस रोक्ने ठाउँतिर गएर उभिए वसन्तदाइ पनि आउँदै गरेको देखेँ र अभिवादन गरेँ । हामी सँगै उभियौँ । केहीबेरको पर्खाइपछि माइक्रो भरिभराउ भएर आयो । अरू पनि चढ्ने यात्रुहरू थिए । अर्को माइक्रो पर्खन पनि समयले नेटो काट्दै थियो । स्रष्टा पदयात्राको संयोजक शीतल गिरी र डिल्लीराज अर्यालको सूचनाअनुसार हामी ठिक ८ बजे कलङ्की पुगिसक्नुपर्ने थियो । माइक्रो चढ्यौँ । भित्र उभियौँ ढाड कुप्राएर । मित्रपार्क पुग्दा नपुग्दै पसिनाले भिजिसकेका थियौँ । त्यहाँबाट अर्को बस चढ्यौँ कलङ्की जाने । करिब ८:३० बजेतिर उहाँहरूले भनेअनुसार कलङ्कीको मकालु पेट्रोलपम्प पुग्यौँ । कोही पनि देखेनौँ, अल्मलियौँ र फोन गर्‍यौँ । कलङ्की गाडीछुट्ने बाटोतर्फ आउने आदेशअनुसार त्यतैतिर लाग्यौँ । नवराज रिजाल, शीतल गिरी, डिल्लीराज अर्याल, मन्दिरा मधुश्री, समीर पाख्रिन, ऋचा, स्मिता श्रेष्ठ, खोलाघरे साहिँलो, अमेरिकाको बसाइँपछि केही समयका लागि नेपाल आउनुभएको खेमराज पोखेल, हामीलाई पर्खिरहेरहनुभएको रहेछ । हामी त्यहाँ पुग्दा जम्मा ११ जनाको सहभागिता थियो ।

प्रायः जसो स्रष्टा पदयात्रा बिहान

यात्रामा निस्किएर बेलुका घरमा फर्कने गरे तापनि यस पटकको यात्रा भने दुई दिनको बसाइको थियो । सोचेको थिए यहाँबाट रिजर्भ गाडीको व्यवस्था होला तर त्यहाँ  यात्रा गर्ने साधनको उचित व्यवस्थापनको अभावमा सबै स्रष्टाहरू अल्मल्लिरहनुभएको थियो । पर्यटक बोक्ने गाडी फुल एसी चलाएर लैजाने कतै पनि नरोकिने शर्तमा एउटा बस पक्का भयो । हामी बसचढ्दा १० बज्न लागिसकेको थियो । वैशाखको महिना थानकोट कटेपछि गर्मी बढ्नु र झ्यालबाट तातो हावा छिर्नु धप्प बलेको घाम र बेँसीका हिसाबले स्वभाविकै हो ।

यात्रुहरूको शर्तअनुसार बसका चालक र सहचालकलाई पटक पटक एसी चलाउन आग्रह गर्दा पनि विभिन्न बहानामा अटेर गरिरहे । सायद यात्रुहरूलाई आफ्नो बसमा चढाउनको लागि झुटो आश्वासन दिएका रहेछन् एसी त के बसको सिट पनि गतिलो थिएन ।

भोकले हन्तु भएको थिएँ । ढिलो हुने डरले घरमा चियाको घुट्को पनि पिएको थिइनँ । कुरा बुझ्दा अरूले घरमा केहीन केही खाएरै आएका रहेछन् । आफू भने पेट छाम्यो पानीको घुट्को निल्यो बस् । चुम्लिङ्टार पुगेपछि एउटा होटल अगाडि खाना खानको लागि बस रोकिँदा दिउँसोको १:४५ बजिसकेको थियो । खाना खाएर बस चढ्यौँ । खाना खाने समय नमिलेर होला भातेनिन्द्राले छोएछ दमौली पो आइसकेछ । आ-आफ्नो झोला भिरेर बसबाट ओर्लियौँ र लाग्यौँ व्यासगुफाको गन्तव्यतिर ।

अलिपर पुगेपछि व्यासगुफा पुग्ने प्रवेशद्वार रहेछ । प्रवेशद्वार हुँदै पुग्यौँ महर्षि वेदव्यास गुफा र आश्रम । जहाँ शान्ति स्वरूपानन्द दामोदर बाबाको स्वागत र सानिध्य प्राप्त गर्ने अवसर मिलेको थियो । सेती, मादी र कृष्णगण्डकी सङ्गमको तिरमा रहेको व्यासगुफा, आश्रम र पराशरधामको बारेमा दामोदर बाबाबाट केही गहन विचार यथार्थता र वेदव्यासको ज्ञानको बारेमा जानकारी एंव ज्ञान प्राप्त गर्ने अवसर मिलेको थियो ।

साँझपख मादी र सेतीको द्विपमा रहेको झोलुङ्गेपुल पार गर्दै वेद विद्याश्रम, गुरूकुल संस्कृत विद्यालय, बाल उद्यान, नदीको तटमा रहेको खेलकुद मैदान हुँदै नदीको तिरैतिर भएर पक्की पुल तरेपछि ऋषिङ्ग गाउँपालिकाको द्वारसम्म पाइला टेकेका थियौँ । केही समयपछिको आनन्ददायी यात्रा, व्यासक्षेत्रको प्राकृतिक सुन्दरता र नदीहरूको सामिप्यतामा रहेर गरिएको अवलोकन र भ्रमणपछि पुनः आश्रममा पुगेर सु-स्वादु भोजन गरेका थियौँ ।

३ गते बिहानको नित्यकर्म सकेर दामोदर बाबाको साथमा रमणीय वनबाटिकाको अवलोकन गरेर कृष्णगण्डकीको तटमा केही बेर रमाएपछि दमौलीबजार अवलोकन गरेका थियौँ । हरेक ४ युग बितेपछि एक व्यास जन्मनुहुन्छ भन्ने शास्त्रीय पुराणमा रहेको र दुई व्यास नेपालमा जन्मनुभएको हो भने २८ औँ व्यास दुईमध्येका एक हुन् । विश्वभरिमा नेपाल एक पवित्र भूमि रहेको बोधसमेत

गराउनुभएको थियो। हिंसा नगर्नु, आफूले आफैँलाई उपकार गर्नु, आचरण शुध्द राख्नु, र मोक्ष प्राप्त गर्नु वेदव्यासका मूल उपदेशहरू हुन् । वेद भनेको प्रकृतिको विधान हो। व्यास भनेको पद हो। जस्ले वेदको प्रचार गर्दछ जसका कारणले कृष्णद्वैपायन वेदव्यासको जन्म भयो जस्ले चारवेद (४) अठार पुराणको (१८) रचना गर्नुभयो ।

करिब ४२ रोपनी क्षेत्रफलमा फैलिएको व्यास आश्रमलाई मानवमुखी, व्यास अन्नक्षेत्रको रूपमा विस्तार गर्ने, १०८ शिवलिङ्ग स्थापना गर्ने र व्यासक्षेत्रलाई पर्यटकीय धार्मिक क्षेत्रको रूपमा रूपान्तरणगरी विश्वभर फैलाउने गुरूयोजना तयार गर्नुभएको दामोदर बाबाले हाल जति बनेको छ प्रयाप्त मात्रामा स्थानीय, जनप्रतिनिधि, वडा, नगरपालिका तथा सम्बन्धित निकायले ध्यान र सहयोग नगरेका कारण पनि उल्लेखनीय रूपमा व्यासक्षेत्रको विकास हुन नसकेको दुखेसोसमेत पोख्नुभएको थियो। यदि दामोदर बाबाको योजनामा सबैले हातेमालो गर्ने हो र पर्याप्त मात्रामा सबैले सहयोग गर्ने हो भने साँच्चै व्यासक्षेत्र विश्वकै सुन्दर क्षेत्र हुनेमा दुविधा नहुने महशुस भयो । पूर्वनिर्धारित कार्यक्रमअनुसार यस यात्राका सहजकर्ता डा.तुलसी प्रभास आश्रममा आउनुभएपछि हामी कार्यक्रमको व्यवस्थापनमा जुटेका थियौँ। व्यास नगरपालिकाको नगरप्रमुख वैकुण्ठ न्यौपानेको प्रमुख आतिथ्य, स्रष्टा पदयात्राको संयोजक शीतल गिरीको सभापतित्व, दामोदर बाबाको विशेष आतिथ्य, काशीनाथ न्यौपाने र वसुन्धरा घर्तीको आतिथ्यमा डा.तुलसी प्रभासले कार्यक्रम संचालन गर्नुभएको थियो ।

स्रष्टा पदयात्री मन्दिरा मधुश्रीले स्रष्टा पदयात्राको महत्व, उद्देश्य र गतिविधिको जानकारी गराउनुभएको थियो भने व्यासगुफाका अध्येता काशीनाथ न्यौपानेबाट व्यासगुफाको र वेदव्यासको बारेमा निकै गहकिला र अर्थपूर्ण खोजअनुसन्धान र यथार्थको जानकारी गराउनुभएको थियो । नगरप्रमुख लगायतका अतिथिहरूले जानकारीमूलक मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रममा अतिथि लगायतका स्थानीयहरू गौक कुमारी न्यौपाने, डा.रघुनाथ न्यौपाने, कृष्ण न्यौपाने, श्याम मरौती, वैकुण्ठ न्यौपाने, खरसिङ दरै, सूर्यचन्द्र दरै, मिला दरै लगायतका स्थानीयको उपस्थिति र रचनावाचन कार्यक्रममा स्रष्टा पदयात्राका संयोजक शीतल गिरीले तनहुँ जिल्लाको व्यासगुफा क्षेत्रमा स्रष्टाहरू आउनुको यथार्थता बताउँदै सभा विसर्जन गर्नुभयो ।

आश्रममा भोजनपश्चात् बस रिजर्भ गरेर त्यहाँबाट सात (७) कि.मि टाढा रहेको प्रसिद्ध देवी एंव धार्मिक तीर्थस्थल छाब्दी बाराही मन्दिरको अवलोकन एंव दर्शन गरेका थियौँ । माथिबाट झरेको झरनाको जलले बनेको कुण्डमा रहेका माछालाई ईश्वरको रूप मानिनुका साथै छाब्दी बाराहीमा दिइएका बलि हाँस, कुखुरा, बोकालगायतका प्राणीहरूको पुरै गर्दन नछिनाली कुण्डमा रहेका माछाले ती जीवहरूको रगतको भोजन गरून् भनेर कुण्डमा फालिने प्रचलन रहेछ



र रगत बग्न छोडेपछि निश्चित रकम लिएर छाब्दी बाराही विकासकोष समितिमार्फत् सफा गरिने रहेछ । केही समयको अवलोकनपछि हामी त्यहाँबाट बन्दिपुरका लागि प्रस्थान गरेका थियौँ ।

बन्दीपुर पुगेर मोहोरिया सामुदायिक होमस्टेमा आ–आफ्नो झोला राखेर चियाखाजा खाएर केही बेरको आरामपछि बन्दिपुरको रमणीय र अग्लो थानीमाई भ्युटावर हुँदै पर्यटकीय विकासलाई मध्यनजर गर्दै पदमार्गको रूपमा विकास गरिदैँ गरेको मिनी ग्रेटवाल नाम दिएर वरिपरि पर्खालहरू लगाउँदै गरेको दृश्यका साथै बन्दिपुर टुँडीखेलको समेत अवलोकन गरेका थियौँ । भोलिपल्ट चार(४)गते बिहान सात बजेतिर हामी बसेको होमस्टेमा प्राध्यापक तथा कवि कृष्णशरण उपाध्याय आउनुभएपछि चियाको चुस्कीको साथमा केहीक्षण साहित्यक माहोल अर्थात् रचना सुन्ने सुनाउने कार्यक्रमले हाम्रो यात्रा अझ फलदायी भएको महसुस भयो । अचानक तातेको साहित्यिक माहोलपछि हाम्रो अर्को गन्तव्य सिद्धगुफाको अवलोकन र त्यसपछि काठमाडौँ फर्कने तरखर गऱ्यौँ । हामीलाई होमस्टेका संचालक दम्पतीले टीका लगाएर बिदावारी गर्नुभएको थियो ।

बन्दीपुर बजार, महालक्ष्मी थान, निर्माण हुदैँ गरेको क्विनटावर होटल र बन्दिपुर केवलकार टावरको अवलोकन गरेका थियौँ । दुई(२)तल्ला जमिनमुनि र चौध तल्ला जमिनमाथि गरी सोह्र (१६) तल्लाको उक्त टावरमा सत्र सय( १७००) मिटर केवलकारको लम्बाई, एघार (११) मिटरको हाइट र एकासी (८१) ओटा कोठाहरू हुने जानकारी राजिव थापाले दिनुभएको थियो । त्यस क्विनटावरको बारेमा केही जानकारी प्राप्त गरेपछि पुनः हाम्रो यात्रालाई अगाडि बढाएका थियौँ ।

हामीले यात्रा अगाडि बढाउदैँ गर्दा

हामी मध्ये एक जना साथी छुटेको चालपायौँ । को छुटेको रहेछ भनेर खोजतलास गर्दा समीर पाख्रिन दाइ छुट्नु भएको रहेछ । हामीभन्दा निकै अगाडि जङ्गलको बाटोमा रहेको फोनमार्फत् जानकारी प्राप्त गर्यौं र उहाँलाई त्यहीँ पर्खन भन्यौँ । ठाडो ओरालो सुनसान जङ्गलको बाटो एक्लो मान्छे त्रसित हुनु स्वभाविकै हो । जङ्गली जनावरको त्रास त्यहाँमाथि अहिलेको खराब समय उहाँ पनि डरले त्यहीँ पर्खूँ वा आएको बाटो नै फर्कूँ वा साथीहरूसँग भेट भएपछि सँगै यात्रा तय गरूँ । दोधारमा पर्नुभएको र त्रसित हुनुभएको कुरा उहाँलाई भेटेपछि थाहा भयो । उहाँ त हामी अगाडि पुगिसकेका छौँ भन्ने ठानेर पो जङ्गलको बाटो तय गर्नुभएको रहेछ ।

ठाडो ओरालो जङ्गलको बाटो लड्डुर बाँदरहरू एक रूखबाट अर्को रूखमा छलाङ मार्दै गरेको दृश्य, कहीँ कतैबाट मधुर स्वरमा गुन्जिने चरीको बोली, झ्याउँकिरीको आवाज, हरिया बोटबिरूवाहरू साच्चैं मन आल्हादित र आनन्दित भएको थियो । एकअर्कामा गफिदैं ख्यालठट्टा गर्दै रम्दैझुम्दै अगाडि बढ्दै गयौं । त्यही जङ्गलको बाटो भएर राजा महेन्द्रले पनि बन्दिपुरको यात्रा तय गर्नुभएको रहेछ । त्यही यात्रा गर्ने क्रममा बन्दिपुरको उकाली लामो भन्ने गीतको रचना गर्नुभएको कुराको जानकारी प्राप्त भयो । हामी सिध्द गुफा पुग्यौँ । त्यहाँको वातावरण रमणीय रहेछ ।

वसन्त रिजाल, मन्दिरा मधुश्री, ऋचा, स्मिता श्रेष्ठ र सुमन पुडासैनी "मित्र" अर्थात् म गुफाभित्र प्रवेश गर्यौं, आ-आफ्नो मोबाइल टर्चको साहाराले । अलि परसम्म पुग्यौँ । गुफा लामो रहेको आभाष भयो । केही बेर गुफाभित्र अवलोकन गर्यौं । अरू स्रष्टा पदयात्री भने गुफा बाहिर नै आनन्द लिदैँ फोटो खिँच्नमा व्यस्त हुनुहुन्थ्यो । कुनै ऋषिमुनि वा कस्ले तपस्या गरेर सिद्धि प्राप्त गरेका थिए होला र त्यो गुफाको नाम सिद्धगुफा हुन गयो यही अनुमान भयो । तर कस्ले तपस्या गरे, कस्ले सिद्धिप्राप्त गरे र त्यो गुफाको नाम सिद्धगुफा रहन गयो भन्ने कुनै पौराणिक र धार्मिक तथ्यको जानकारी प्राप्त गर्न नसके तापनि यस क्षेत्रको स्तरोन्नति र प्रचारप्रसार गर्न सके साँच्चै पर्यटकीय क्षेत्रको रूपमा रूपान्तरण हुने थियो ।

गुफा अवलोकनपश्चात् तल फेदीतिर लाग्यौँ । वसन्तदाइले भिरछेऊको हुर्कन लागेको तारूकाको बिरूवा ओखल्नुभयो र सुरक्षित साथ झोलामा राख्नुभयो ।

घरको बगैंचाको सजावटको लागि मात्र नभई यो यात्राको चिनो वा कोसेली मानेर । त्यही तारूकाले व्यास गुफादेखि छाब्दी बाराही हुँदै बन्दिपुर र बन्दिपुर हुँदै सिद्धगुफा र सिद्धगुफाबाट फेदी पुगेर सिद्धगुफा क्याफे बम्बो कटेज रिसोर्टमा खाना खाएपछि विमल नगरमा पुगेर मुग्लिङसम्मको बस र मुग्लिङबाट फेरि अर्को बसमा काठमाडौँ फर्केको झझल्को दिनेछ सदैब सन्ताउन्नौ (५७) पदयात्राको.....

*कागेश्वरी मनोहरा न. पा. ८,*
*काठमाडौँ*

# पक्की बाटोको कच्ची पदयात्रा

**(यो ५८औँ पदयात्रा हो । २०७९ साल जेठ ७ गते ललितपुर जिल्लाको गोदावरीदेखि गोदामचौर, लुभु, वालकोट, चारदोबाटो हुँदै थिमिसम्म गरिएको यस यात्रामा १७ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**खेमराज पोखरेल**

बिहानै उठेको छु । मोबाइलमा स्रष्टा पदयात्राका संयोजक शीतल गिरीको म्यासेज मोबाइलमा हेरेको छु । मोबाइलको स्क्रिनले कन्फर्म गरेको छ – २०७९ जेठ महिनाको पहिलो शनिबार ७ गते ५८ औँ स्रष्टा पदयात्रा सञ्चालन हुने छ । इच्छिुक स्रष्टा सो दिनको बिहान ८:३० मा सात दोबाटो ललितपुरमा जम्मा हुनुहोला ।

म अमेरिकाबाट नेपाल आएको याम छ यो । र राजदरबारको उत्तर ढोकाअगाडि एउटा एयर बिएनबी फ्ल्याट भाडामा लिएर बसेको छु । काठमाडौँ तीन सहरमा मेरा घरपरिवार भित्रकै अति नजिकका आफन्त तथा अति हितैषी मित्रहरूका घरैघर छन् । कोठैकोठा छन् । सबैका घरमा पाहुना कुरेर बसेका पाहुनाविहीन पाहुना कोठा पनि छन् । तर वर्तमानमा हामी मान्छेले विकास गरेको व्यक्तिवादी स्वतन्त्रताको सभ्यतामा ती घरमा बास छैनन् ।

स्रष्टा पदयात्रामा जान कुटुरोको व्यवस्था गर्दै छु । यही बेला स्रष्टा पदयात्राका संयोजक शीतल गिरीलाई सम्झँदै छु । कसरी हरेक महिनाको पहिलो शनिबार नियमित रूपमा सम्भव भएको होला पदयात्रा ? कसरी समेट्न सकेको होला उपलब्ध हुने र इच्छा हुने मोफसलदेखि उपत्यकासम्मका स्थापितदेखि लपसिक्खासम्मका स्रष्टाहरूलाई ?

अँ त म ५८ औँ पदयात्रामा हिँड्न आतुर छु । बिहानको ७:३० मा काठमाडौँको नागपोखरीबाट नेपाल यातायात चढेर कोटेश्वर पुगेको

छु । कोटेश्वरबाट सात दोबाटो जान गाडी चढेको छु । कोरोना कहर छ । गतिलो महलाले नाक र मुख छोपेको छु । बसभरिका प्रायः मान्छे त्यही महलामा छन् । महलाले गर्दा मान्छे चिनिन्नन् । एक पल्ट त हाँसै पनि उठेको छ । आखिर जोगाउनुपर्ने नाकै रहेछ । नाकै छोपेपछि मान्छे चिनिने सम्भावना पनि कम हुँदो रहेछ ।

बसमा मैले यसो नजर घुमाएर हेरेको छु । ट्वाल्ल बलेका दुइटा आँखा साहित्यकार परशुराम पराशरको जस्तो लागेको छ मलाई । जे त पर्ला भनेर हात हल्लाएको छु । अनुमान मिलेछ । यात्रा सँगै छ । हामी सात दोबाटोमा ओर्लेका छौँ । सात दोबाटोमा अन्य केही साहित्यकार साथीभाइसँग भेट भएको छ ।

संयोजक शीतल गिरीले यो पल्टको पदयात्राको रूट सार्वजनिक गाडीबाट गोदावरीसम्म जाने र त्यहाँबाट हिँड्दै हनुमन्ते खोला तरेर ठिमीमा गाडी चढेर आआफ्नो मुकाम जाने योजनाको उर्दी सुनाउनुभएको छ ।

सातदोबाटोबाट पालैपालो सार्वजनिक बसबाट गोदावरी बसपार्क पुग्दा बिहानको ९ बजेको छ । बसपार्कलाई त्यत्तिको सफा नै भन्नुपर्छ । बस पार्कको चियापछि बाटो लागेका छौँ पिचैपिच । अँ त, हामी भेला भएका छौँ १७ जना । पदयात्रा संयोजक शीतल गिरीको नेतृत्वमा काठमाडौँ जोरपाटीका वसन्त रिजाल, जोरपाटीकै घनश्याम प्रसाईँ, जोरपाटीकै विमल अर्याल, गोठाटारका सुमन पुडासैनी, हेटौँडाका समिर पाखिन, अस्ट्रेलिया बस्ने सानु घिमिरे, वनस्थलीकी पारिजात भण्डारी, झापाकी शारदा पराजुली, झापाकै परशुराम पराजुली पराशर, इलामका खोलाघरे साइँलो नामले चिनिएका गङ्गाप्रसाद अधिकारी, काठमाडौँ ढुङ्गेधाराकी गीता रेग्मी, ढुङ्गेधाराकै सम्झना भट्टराई, मूलपानी काठमाडौँका अच्युत घिमिरे, भोजपुरकी र हाल ललितपुरलाई मुकाम बनाएकी मन्दिरा मधुश्री र म सप्तरीको हाल अमेरिका बस्दै आएको खेमराज पोखरेल गरी १७ जनाको टोली पदयात्रामा छ । यत्तिको टोलीलाई जम्बो नै भन्न पर्छ ।

म सोचिरहेको छु । सायद अरू पदयात्री पनि सोचिरहेका छन् होला कि यो केही बेरको न हो अलकत्रे पक्की सडकको यात्रा । त्यसपछि त्यहीँमाथि देखिने हरिया वन तथा पाखामा वनस्पतिसँग रमाउँदै चराचुरूङ्गीको बोलीमा लोली मिलाउँदै हिँड्ने त हो नि । त्यसैले अलकत्रे पिचैपिचको पैदल यात्रा सुरू भएको छ । गोदावरी नहर हुँदै हामी लगातार हिँडिरहेका छौँ । बाटोमा टिनले छाएको डल्फिन बोर्डिङ स्कुल छ । एकछिन उभिएर त्यो टिनको स्कुललाई हेरिरहेको छु । कोच्याप्रो



ठाउँमा छ त्यो स्कुल । मनभित्रबाट एउटा वाक्य निस्क्यो 'कठैबरा ! धेरै पैसा तिरेर बोर्डिङ पढ्ने नेपाली विद्यार्थी' । सायद म कुनै घनघच्चीको बोर्डिङसँग बेकारको तुलना पो गर्दै छु कि !

महादेव डाँडा हुँदै गावैगाउँ पक्की मोटर बाटोमा हामी लगातार हिँडिरहेका छौँ । काठमाडौँका लिच्छविकालीन चार नारायणमध्ये एक विसङ्खु नारायण मन्दिर यतै कतै छ । तर विसङ्खु जाने भने हाम्रो योजना छैन । बाटोमा आशापुरेश्वर महादेव मन्दिर धारा नामका ३ धारा देखिएका छन् । ती धारामा ३ जना महिला नुहाएको देख्दा पनि यी आँखालाई रोमाञ्चक र अनौठो लागेको छ । आधुनिक बाथरूम संस्कृतिमा यसरी बाहिर नुहाएको देख्न कहाँ पाइन्छ ? यद्यपि उनहरूको बाध्यता हो कि सौख हो त्यो भने थाहा भएन । नत्र त पानीको छ्यालब्याल भएको ठाउँमा यस्तो त किन गर्नुपर्थ्यो र ?

बाटो पात्लेछाप हुँदै लगातार अघि बढिरहेको छ । बाटाका छेउछाउ कङ्क्रिट सभ्यताले माटाका पुराना घर भत्काएर सिमेन्टका घरको निर्माण गर्दै छ । यद्यपि त्यो कङ्क्रिट बस्तीमा पुराना माटाले लिपेका घर पनि चामलका बियाँझैँ देखिइरहेका छन् । यही बस्तीमा बाटामा जताततै पानीका प्राकृतिक धारा छन् । ती धाराका टाउकामा देवता र आधुनिकता दुवै एकै ठाउँमा बास बसेका छन् ।

ग्रामीणसहरी पिचबाटो अझै छुटेको छैन । मेरा आँखा र गोडा यो गाउँ कटेपछि आउने विशालकाय वनको हरियालीमा पुग्न लालयित छन् । तर मेरो पानी सुक्न थालेको घुँडो सहारा खोज्न थालेको छ । त्यसैले मैले एउटा घरमा रहेको बारको सोझो लौरो मागेँ । बिचरा ! आखिर गाउँले भनेका

गाउँले नै हुन्छन् क्या । नेपाली दयालु परम्परा त्यहाँ भने कायम रहेको देखेर मन खुसी भएको छ । खुर्पेटोबाट खुर्पा झिकेर सोही बार काटेर मलाई लौरो उपलब्ध गराइन् ती बैनीले । मैले धन्यवाद भनेँ । पाल्लेछापको एउटा चौतारीमा काँक्रा, केरा खाजा खाएका छौँ । त्यसको तलपट्टि यामानको ठुलो फाँट देखिएको छ, जसका केही भाग अझै हरियाली नै छन् । उब्जाउ गर्ने गर्भसामर्थ्य बोकेर नै बसेका छन् । र केही भाग भने कङ्क्रिट भइसकेका छन् । फराकिलो उब्जाउ टार तर कङ्क्रिटका घरै घरले सुन्दर प्रकृतिमाथि कुरूपता थपेझैँ लागिरहेको छ मलाई ।

धोवीखोलामा पुग्दा बाटोमा एउटा आरूबखडाको बोट रहेछ । पाकेर लटरम्म । पिचबाटोमा हिँड्दाहिँड्दा गरेका हाम्रा गोडा एकछिन त्यहाँ रोकिएका छन् । आरूबखडा धनीले हामीलाई टिपेर खानु भनेर बोट नै छोडिदिएका छन् । ल हेर्नुस् त मान्छेको फराकिलो मन । अष्ट्रेलियाबाट आएकी फुर्तिली सानु घिमिरे रूखमा चढेर टिप्न थालेकी छिन् । हामी हाँगा नुहाउँदै तथा आफ्ना आफ्ना लट्ठीले हिर्काउँदै झार्न थालेका छौँ । हामी हाङ्ग्राले पाङ्ग्रा निलेझैँ आरूबखडा खान थालेका छौँ । यस्तो अर्ग्यानिक र सित्तैमा कहाँ पाउनु यो संसारमा ?

यात्रा अघि बढेको छ । अहा ! कति राम्रो एउटा भिरालो पाखामा परम्परागत शैलीका घर बनाएर रिजोर्ट बनाएको दृश्य परैबाट देखिएको छ । तर त्यो चल्न नसकेर भग्नावशेष भएको छ । भूतघर जस्तो अवस्थामा रहेछ । मलाई मनमनमा लाग्यो कठै ! विदेशमा गएर कमाएको पैसा चुर्लुम्म डुबायो होला कसैले । यो डुबेको पैसाको जिम्मेवार को होला ? लगानीकर्ता, परिवेश, रहर, लहड कि सरकार ?

हामीले आफ्नो खानाखाजा आफैँले बोकेर आएका हुनाले सबैका ब्याग भारी नै छन् । त्यसैले विसङ्खु किटाचौर पुगेपछि सल्लाघारीको चौरमा बसेर खाना खान थालेका छौँ । दिउँसको ११.३० भएको छ । जुकाको आगमनलाई पनि हामीले टेरेका छैनौ । पदयात्री सबैले केही न केही खानेकुरा बोकेर जाने चलन छ यो पदयात्रा समूहको । धेरै जानाले धेरै थोक बनाएर वा किनेर बोक्ने हुनाले हाम्रो खाना जोगीमार्का भएको छ । खाना खाइसकेपछि फेरि पिचबाटोमा पाइला टेक्दै हिँडेका छौँ । चामुण्डा मनकामनाको मन्दिर देखिएको छ बाटामा ।

खोइ के कारणले हो खोलाघरे साइँलो र म पछि परेका छौँ । स्थानीय चुनाबको याम हो यो । भर्खर नजिता आइरहेको छ । एउटा दोकानमा बाहिरपट्टि एउटा लगभग ५ वर्षको देखिने बाबु हातमा सूर्यको झन्डा लिएर उभिएको छ । त्यो गाउँमा

काँग्रेसले जितेको रहेछ । मैले त्यो बाबुलाई रमाइलोको लागि सोधेको छु – बाबु ! भोट केमा ?

उसले लय मिलाएर फुर्तिका साथ भनेको छ – सूर्यमा, सूर्यमा, सूर्यमा ।

हाँसेको त छु । तर सोच्दै पनि छु नेपालको राजनीति, नेपालका बालबालिका ।

अगाडि बढ्दै जाँदा सडककै किनारमा धतुराका विविध रङ्का फूलहरूको घारी देखिएको छ । यो दृश्य साँच्ची मनमोहक छ । धतुराको फूलसँगै विविध रङ्का कान्छी नानी फूलका झ्याङहरू देखिएका छन् । पिचबाटाको डिलमा यस्तो सुन्दर प्रकृति । धतुराको फूल शिवलाई बाहेक अरू देवतालाई नचल्ने भएकाले र कान्छी नानी फूल पनि काँडा बीचमा ससाना भएकाले होला जस्ताको तस्तै छन् । नत्र त यी बहादुर मान्छेका जातले के बाँकी राख्दा हुन् ? यतै कतै सृष्टि नेपालको सुधार केन्द्र रहेछ । परम्परागत रातो माटोको खानी प्रशस्त रहेछ । बाटाका डिलमा ऐँसेलु पाकेको छ । टिप्न अलि हम्मे नै परेको छ ।

पाखामा परम्परागत पुराना घरहरू अझै बाँकी छन् । पैसा नभएर हो वा पुरानो वस्तु संरक्षण गर्ने चेतले हो वा नयाँ कङ्क्रिट सभ्यता भित्र्याउन मन नलागेर हो ती घरहरू त नेपाली सभ्यताका द्योतक भएर बसेका छन् । अर्कोतिर ठूलाठूला तलैतलाका पक्की घर पनि सामन्त जस्तै सानले ठडिएका छन् । त्यही तले भवनका छेउमा पुराना घर तथा पुरानो कृषक सभ्यता पनि देखिँदैछ । पिचबाटाको वारिपारि बाख्रा चराउँदै देखिइन् एक जना आमा । मैले बाटाको थकाइलाई काट्न सोधेको छु– आमा कति वर्षकी हुनुभयो ?उनले जवाफ दिइन् – ७७ वर्ष ।

'७७ वर्षमा पनि यस्तो भिरपाखा बाख्रा चराउने हो त आमा ?

उनको जबाफ – घरमा बसेर के गर्नु बाबु ? हिँड्न सकिन्न नि नत्र त । शरीर जति चलायो उति फुर्तिलो हुन्छ । काम गर्नुपर्छ । मान्छेको चोला भएपछि काम नगरी कसरी खानू ?

गोदाम चौरमा विसङ्खु नारायण जाने बाटो छुटिटएको छ । देब्रेपटि अलि परको डाँडाको टाकुरामा सिँढी नै सिँढी भएको सन्तानेश्वर महादेवको मन्दिर देखियो । डाँडाको टुप्पामा टक्रक्क बसेको सन्तानेश्वर मन्दिरले त्यो क्षेत्रमा नै एक प्रकारको मनमोहक अवस्थाको उद्घोष गरिरहेको देखिन्छ। ठाडोढुङ्गा गाउँमा एक जना सुतार कार्की भेटिए जो उपत्यकाभित्र बसेर पनि २०३९ सालदेखि पशुपति गएका छैनन् । तर अचम्म के भने पशुपति नगएकोमा उनी गौरव गर्दै छन् ।

ठैब लगनखेल जाने बाटो छोडेर हामी सानु गाउँतिर लागेका छौँ । बाटो खण्डास्मित छ । बाटाको मुखैमा ढुङ्गासाँघु १०८ धारा मुक्तिनाथ मन्दिर प्रवेश द्वार

छ । त्यहाँबाट भित्र छिरेका छौँ । केही मिटर परतिर गौमती खोलाको किनारको खोँचमा याने दुई पहाडको बीचमा मुक्तिनाथको जस्तो १०८ धारा बनाइएको छ । मुक्तिनाथमा झैँ यहाँ पनि १०८ वटा धाराबाट अनवरत पानी बगिरहेको छ । तीर्थालु, भक्तालु नुहाइरहेका छन् । प्यागोडा शैलीको मुक्तिनाथको चिटिक्क परेको मन्दिर छ । शिवलिङ्गलाई पानीको धाराले लगातार नुहाइरहेको दृश्य मनमोहक देखिएको छ । गौमती खोलामा एउटा ढुङ्गाको साँघु पुल रहेछ जसलाई त्यहाँका जनता ऐतिहासिक पौराणिक भन्दा रहेछन् । यो ठाउँले ओगटेको जग्गा निकै कम छ । तर त्यसलाई मानवीय बुद्धिले यसरी विकास गरेको छ कि निकै मनमोहक देखिएको छ । वास्तवमा यो मानवनिर्मित हो । तर त्यसले आध्यात्मिक चिन्तन प्रदान गरिरहेको छ ।

हाम्रा गोडाले अझै बाटो नाप्नु छ । बाटामा रूरू भैरवको थानलाई दाहिने पार्दै अघि बढ्दा गोदावरी नगर पालिकाको सीमा सकिएको र महालक्ष्मी नगरपालिका सुरू भएको जानकारी दिएको छ होर्डिङ बोर्डले । त्यो क्षेत्रमा निकै प्रसिद्ध शंखा देवीको मन्दिरमा एकछिन् ओथायौँ । तर मलाई भने प्रचण्ड गर्मीले आतेस खेलाउन थालिसकेको छ । अब म घिस्रिने अवस्थामा छु । पश्चिमा घामको ठोकाइले म तप्त भएको छु । आँखाअगाडि कालो धब्बा आएर मलाई सुताउन खोज्दै छ । म भने जब्बर भएर ओथाउँदै सुस्तरी पाइला चालिरहेको छु ।

बाटामा एउटा सानो डुहुरे खोला देखा पर्‍यो । लगभग फिजारिएको पैनी जत्रो छ त्यो खोला । तर जुत्ता लाईलाई तर्न नसकिने अवस्था छ । प्रायः सबै पदयात्री त्यही खोलामा रहेको एउटा आली जस्तो ड्याममा हात समाइमागेर तरेका छन् । तर म चाहिँ जुत्तासहित तर्दै छु । खोला तरेपछि त्यो खोँचमा मलाई यति गर्मी भएको छ कि म हिड्न नसक्ने अवस्थामा छु । त्यसैले त्यो तातो घाममा त्यही बारीका कान्लामा छाता ओढेर पसारा परेको छु । गर्मी तप्त भए पनि पदयात्री साथीहरूमध्ये मन्दिरा मधुश्री र शारदा पराजुली तोरीको साग टिप्न थालेका छन् । त्यही पट्टल घाममा एक युगल जोडी हातमा यामानको फरूवा लिएर बारी खनिरह्का छन् । म भने लम्पसार परेर टुलुटुलु तिनीहरूलाई हेरिरहेको छु । आखिर समय न हो । कुनै जमानामा मैले आफैँले मधेसको तातो घाममा यसरी नै फरूवा चलाएको सम्झना आएको छ । बलबैँस पनि यस्तै त रहेछ नि ।

पसारापछि अलिकति श्वास आएको छ । त्यसपछि अलि परतिरको घरको आडमा सिँयालमा राखिएको एउटा भत्किएको खाट देखेको छु ।

म त्यसैमा सुतेको छु । हावा सरर चल्दै छ । मन अलि हल्का भएको छ । र, बिस्तारै फेरि बाटो लागेको छु । पदयात्री साथीहरूलाई पछ्याउँदै छु । यसरी सकसले लुभु बजार पुगेको छु । नेवारी संस्कृतिको झलक देखिने यो बजार पनि कङ्क्रिट बोकेर आधुनिकतातिर लम्कँदै छ । लुभु बजारबाट सानु घिमिरे, पारिजात भण्डारी, गीता रेग्मी, सम्झना भट्टराई गाडी चढी मुकामतिर लागेका छन् । किनभने उनीहरू पनि गर्मी र घामले सेकिएर हतास भएका छन् ।

लुभुमा फ्रिजको चिसो पानी खाएपछि बल्ल तङ्ग्रिएँ म । त्यसपछि बाँकी रहेका हामी १३ जना महालक्ष्मी नपाको सीमा छोडेर सूर्य विनायक नपाको सीमातिर लागेका छौँ । ललितपुर जिल्लाबाट भक्तपुर जिल्ला प्रवेश गरेका छौँ । भक्तपुर जिल्लाको सिरूटारमा पुगेर चिया खान थालेका छौँ । मैले गोदावरीमा किनेको स्वारी र चना बाँकी नै छ । चियासँग त्यही खाएका छौँ । चिया दोकानेलाई पनि खुवाएका छौँ । अचम्म त के भने दोकानेले त लन्डनबाट फर्केर चिया दोकान खोलेका रहेछन् । त्यसको अन्तर्य जे भए पनि हामीलाई भने रमाइलो भएको छ ।

चियाचमेनापछि ठिमीतिरको बाटो लागेका छौँ । बन्दै गरेको चारखण्डी पुल कटेका छौँ र हामी सलम्पाखा अधिकारी टोल हुँदै ठिमीतिर निस्कनका लागि पाइला अघि बढाएका छौँ । प्यास त लागेकै छ । थकाइ त लागेकै छ । यो थकाइले पनि हुर्मत लेला जस्तो भइसकेको छ । यही क्रममा पानी खाने निहुँले पदयात्री मन्दिरा मधुश्रीले आफ्नी बहिनीको घर बालकोट राममन्दिरनजिकै पुर्‍याएकी छिन् । त्यो घर मन्दिराको मात्र नभएर मेरो पनि बहिनीकै घर भएको कुरा चाल पाएको छु । पहिले त खासमा त्यो घरमा नगएर आआफ्ना घर जाने सोच थियो । तर त्यो घर त कलात्मक र साहित्यिक रहेछ । बैठक कोठामा सङ्गीतका बाजाहरू थिए । यद्यपि अहिलेको हुनेखाने परिवारमा आफूले बाजा बजाउन नजाने पनि बैठक कोठा सजाउन बाजाहरू राख्ने गरेको चलनका बारेमा म अवगत नै छु । तर सुनेर अचम्मित भएको छु कि आमा, बाबु र छोरी जम्मा तीन जना बस्ने परिवारमा सबै गायक पो रहेछन् । सबै सङ्गीतकार पो रहेछन् । सबै गीतकार पो रहेछन् । सर्बतपानीको सेवनपछि ख्यालख्यालमा त्यही घरको बैठक कोठामा साहित्यिक साङ्गीतिक माहौल सुरू हुन गैरहेको छ । प्रविधिले गर्दा तुरून्त लाइभ कास्ट हुन थालेको छ ।

त्यो घरकी लगभग १८ वर्षकी छोरी शाम्भवी घिमिरे आफैँ कवि रहिछन् । हामीले साहित्यिक कार्यक्रमको थालनी उनै शाम्भवीको कविताबाट सुरू गरेका छौँ । कविताको

शीर्षक रहेको छ 'विकृतिमा धर्म फाल्न लागेको मेरो देश' । कविता दमदार छ । कवितामा सामाजिक विभेदप्रति महिला विद्रोहका स्वरहरू छन् । सामाजिक विकृतिका बारेमा तीक्ष्ण टिप्पणी गरिएको छ । वाचन शैली पनि निकै राम्रो रहेछ । अझ त्योभन्दा महत्त्वपूर्ण कुरा सुसंस्कृत तरिकाले हामी कपाल पाकेका र अचिनारू मान्छेसँग पनि नडराई आफ्ना कुरा अभिव्यक्त गर्ने कौशल भने ताजुबको छ । म सोचिरहेको छु कि वर्तमान साहित्य परिवेशले नेपाली साहित्यको जगेर्ना गर्ने यी नानी जस्ता पुस्ताको जगेर्ना गर्नै पर्छ । यो कुरा आजको आवश्यकता हो ।

त्यसपछि पदयात्री समीर पाख्रिनको पालो आएको छ । हेटौँडालाई मुकाम बनाएका कवि पाख्रिनको दमदार कविताको शीर्षक छ 'महँगो शिक्षा र सहर' । गद्यात्मक शैलीमा लेखिएको र स्वर भासिएको बेला भए पनि वाचन गरिएको सो कविताले बोर्डिङ स्कुलले गरेको मनोमानीप्रति सुन्दर व्यङ्ग्य प्रहार गरेको छ । लहरै पालैपालो वाचन गरिएकाले अब लहरको पालो प्रशिद्ध कथाकार तथा गजलकार मन्दिरा मधुश्रीको आएको छ । उनले अति कर्णप्रिय र प्रेमिल गजल वाचन गरेकी छिन् । उनको गजल 'विष थियो या त अमृत प्याला भरीभरी थियो, उस्तै थिए प्याला तर रङ थरीथरी थियो' ले प्रणय र विछोडको आर्तनाद गाएको छ । लहरमा त्यसपछि म याने खेमराज पोखरेलको पालो आएको छ । म प्रायः आख्यान विधामा रमाउँछु र यो कार्यक्रममा लघुकथा 'रनाहा' सुनाउँदै छु । यो लघुकथामा शैक्षिक समानताभित्रका अजङ्गका असमानताले पात्रलाई चलाएको रनाहाका बारेमा लेखेको छु ।

फेरि त्यही घरकी छोरी शाम्भवी घिमिरे यो पल्ट गायकको भूमिकामा देखा परेकी छिन् । उनले जीवन शर्माको गीत 'सिमली छाया ...' अति मीठो कर्ण स्वरमा गाएकी छिन् र वातावरणलाई नै भावातिरेक बनाएकी छिन् । कवि तथा समालोचक माधव घिमिरे 'अटल' ले चुट्के पारामा मादल बजाइदिएर गीतको माहौललाई नै सभ्यभव्य बनाइदिएका छन् । गीतको अन्त्यतिर छन्दकवि खोलाघरे साइँलोले छुटेका केही श्लोक थपेका छन् । अब पालो कवि शारदा पराजुलीको आएको छ । उनले वाचन गरेको गजल 'नशाले तिमीमा दियो घात फेरि, बनाई बेहोसी गयो रात फेरि' ले वियोग शृङ्गार पस्केको छ । प्रणयभावमा लेखिएको यो गजल साँच्चै उम्दा छ । त्यसपछि पालो परेका गीतकार गायक घनश्याम प्रसाईँ आफ्नै गीत गाउन सुरिएका छन् । अर्का पदयात्री माधव घिमिरे 'अटल' मादलमा धिन्ताङधिन्ताङ स्वर निकाल्दै छन् । गीतले भन्दै छ – 'सुनको सिक्री हातैमा बाला, लर्के जोबन अर्कैले लैजाला' । यो

गीतले नेपालको डाँडापाखामा गाइने रोमान्टिक लोकगीतको सम्झना गराएको छ ।

अव पालो वसन्त रिजालको छ । कवि रिजाल 'बिर्सनु' गद्य कविता वाचन गर्दै छन् । यो कविताले मान्छेको बिर्सिएँ भन्ने प्रवृत्तिमाथि प्रहार गरेको छ । त्यसपछि लहरमा सुमन पुडासैनी 'मित्र' आफ्नो गजल लिएर वाचनका लागि तम्तयार छन् । उनको गजल 'जे सजाय दिनुहुन्छ मञ्जुर छ, बस यत्ति भनिदिनु मेरो के कसुर छ ?' ले प्रेमिल सौन्दर्य पस्केको छ । प्रेममा घातप्रतिघातलाई सम्झाएको छ ।

अब पालो छन्द कविताका धुरन्धर प्रज्ञा भएका खोलाघरे साइँलोको छन्द कविता सुन्ने पालो आएको छ । वसन्ततिलका छन्दमा लेखिएको उनको कविता 'यस्तो हुँदा नि कविता किन आउँदैन ?' ले बिम्बात्मक तरिकाले विद्रोहको आवाज उठाएको छ । यसपछि कवि विमल अर्यालले 'रोटी सेकाउन' शीर्षकको गद्य कविता वाचन गरेका छन् । यो कवितामा राजनीतिक व्यङ्ग्य प्रवाह गरिएको छ । पालैपिलो गर्दा अब उभिएका छन् कवि अच्युत घिमिरे । 'यो काठमाडौँ सहर हो' गद्यकविता वाचन गर्दा कवि घिमिरेले धेरै तगडा राजनीतिक व्यङ्ग्य पस्केका छन् ।

लहरले पालो ल्याएको छ कवि माधव घिमिरे 'अटल' को । उनको गद्यकविता 'पुर्खाका पदचापहरू' ले भिषण राजनीतिक व्यङ्ग्य पस्केको छ । राजनीतिक व्यङ्ग्य मात्र नभएर यो कवितामा राष्ट्रवादी स्वर तीक्ष्ण छ । कविले कालापानी लिपुलेक क्षेत्रमा भारतले सडक बनाएको विषयमा कविताका माध्यमबाट गम्भीर आवाज उठाएका छन् । त्यसपछि हारमा रहेका कवि परशुराम पराशर शार्दूलविक्रीडित छन्दको कविता 'मेरा मनका रचना' लिएर उभिएका छन् । यो कवितामा कविताको महत्त्व र कविताबाट प्राप्त हुने आनन्दभाव अभिव्यक्त भएको छ ।

संयोजक शीतल गिरीबाहेक लगभग सबै पदयात्रीको रचनावाचन सकिएको छ । तर यसपछि घरबेटी अमृता ओझालाई दुई शब्दका लागि अनुरोध गरिएको छ । अमृता ओझाले कर्णप्रिय स्वरमा गीत गाउन थालेकी छिन् । उनको स्वरमा गाइएको उनका आफ्नै श्रीमान् नारायण प्रसाद घिमिरेले लेखेको गीत 'घर त मेरो सर्लाही जिल्लैमा' ले माधव घिमिरे अटलको मादलको ताल पाएर निकै घन्किएको छ । स्वर सुर र तालको संयोजनले त्यो काव्यकोठाको माहौल सुललित भएको छ । मन्त्रमुग्ध भएको छ । हामी गीतसङ्गीतको सौन्दर्यभावमा चुर्लुम्म डुबेका छौँ । अब पालो आएको छ पदयात्राका संयोजक शीतल गिरीले कविता वाचनसहित कार्यक्रमलाई समापन पनि गर्ने । संयोजक गिरीले घरबेटी अमृता ओझालाई हार्दिक धन्यवाद दिँदै २०४३ सालमा

लेखिएको छोरी र श्रीमतीलाई असल बन्नु भन्ने सन्देश दिएको कविता 'ए छोरी' वाचन गर्दै छन् । यो कवितामा छोरी तथा श्रीमतीप्रति गरिएको प्रेम भाव छचल्किएको छ । कार्यक्रम समापन भएको छ । हामी त्यो घरबाट बाहिरिएर ठिमीमा पुगेका छौँ र केही पदयात्री आआफ्ना गन्तव्यतिर गाडी चढेर सोझिएका छन् ।

तर पदयात्रीहरू मलगायत मन्दिरा मधुश्री, माधव घिमिरे अटल, समीर पाख्रिन र अच्युत घिमिरे कफीको तलतल मेट्न रेस्टुरेन्टतिर पसेका छौँ । त्यसपछि हामी आआफ्ना घरतिर बाटो छोट्याएका छौँ । म मेरो डेरा राजदरबारको उत्तर ढोका पुग्दा रातको ८ बजेको छ । पसिनाले जिउ निथ्रुक्क भिजेको छ । दिउँसो घामले बनाएको आलसतालस र पिचरोडे यात्राले दिग्दार भएको अवस्था छ मेरो । तर पनि म मनमनै सोचिरहेको छु कि ए गाँठे उपत्यकाको त्यत्रो काँठमा तप्त घामको प्रताडना सहँदै हिँड्न भने सकेकै हो मैले । यात्रा छिचोलेकै हो मैले । त्यसैले त भन्दै छ मेरो मन मलाई – हरेस नखा खेम, अझै कति जिन्दगी हिँड्नु छ ।

सायद सहरी कङ्क्रिट भव्यताबाट भरङ्ग भएका यी मेरा आँखाहरू वनको सुसेलीमा शान्त र शालीन परिदृश्य हेर्न आतुर थिए । म आतुर भइरहन्छु हिँड्न । एकबारको जुनी हो । बित्ने कुरा बित्दै गर्छ । कुम्लो ढाडमा च्यापेर हिँडिहाल्नुको मजा कति छ कति । यद्यपि मेरा आँतले, घुँडाले र श्वासले नहिँड्न चेतावनी दिएको धेरै वर्ष भइसकेको छ । त्यसमाथि घुँडा डाक्टरका 'अग्लोहोचो उकालीओह्वाली नगर्नू' भन्ने उर्दी पनि मसाथै छ । तर के गर्नु ? यो रहरले मान्दैन । सहरका अग्लाअग्ला कङ्क्रिट जङ्गलले यी आँखामा नैराश्य छाउँछन् । ती कङ्क्रिटका जङ्गलभित्र मान्छेले फेरेका श्वासहरू गुजुल्टो परेर मेरा नाकसम्म पनि आइपुग्छन् र म आत्तिएर वनस्पतीय जङ्गल खोज्छु । खासमा भन्ने हो भने वनस्पतिले ढाकिएको वनभित्र विचरण गर्नुको आनन्द नै छुट्टै हुन्छ । यद्यपि त्यस्ता अर्ग्यानिक क्षेत्रमा बसोबास गर्ने मान्छेका आफ्नै पीडा हुन्छन् । हामी पर्यटकलाई त के छ र ? खल्ती दह्रो बनाएर हिँडेको हुन्छ । आँखाको रउस मार्न त हो । त्यो जनजीवन भोग्नु पर्दैन क्यारे ।

तर यो यात्रामा आँखाले उही कङ्क्रिटका बथान, उही मान्छेका कोलाहल, उही अलकत्रे पिचको तप्त बाटो र उही सधैँ झैँ काठमाडौँको नियति देखेका छन् । त्यसैले मन मलाई भन्दै छ – खेम ! यसपल्टको तेरो यो पदयात्रा पक्की बाटोमा कच्ची भएको छ यार !

*हाल अमेरिका*

# एक पदयात्रीको अभिव्यक्ति

**(यो ५९ औँ पदयात्रा हो । २०७९ साल असार ४ गते काठमाडौँ जिल्लाको फर्पिङ, दक्षिणकाली, युटिकी गाउँ, कटुवाददह हुँदै लेलेसम्म गरिएको यस यात्रामा ९ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**एन.बी जनकपुरी**

स्रष्टा पदयात्राका संयोजकले फेसबुकमार्फत जानकारी गराएअनुसार २०७९ असार ४ गते गरिने ५९ औं पदयात्रामा नियमित यात्रा गर्दै आएका स्रष्टा पदयात्री खोलाघरे साहिलो, विमल अर्याल, घनश्याम प्रसाई, गीता रेग्मी, डिल्लीराज अर्याल, नवराज रिजाल, शान्ति सापकोटा, समीर पाखीन, पवन संग्रौला, रूपा पौडेल कारणवस सहभागी हुन नसक्ने थाहा थियो । कटुवाल दहसम्बन्धी किम्बदन्तीलाई आफ्नै आँखाले पर्गेल्ने इच्छाले निर्धारित समय सीमा ८.०० बज्नुभन्दा आधा घण्टा अगाडि बिहानीको ७.३० बजे नै बल्खुचोक पुगिसकेको थिएँ म । यसले मेरो इच्छाको तीव्रतालाई पुष्टि गरे जस्तो लाग्छ । उक्त आधा घण्टा समय बल्खुस्थित दाजु कृष्णहरि बरालको घरमा हिजो भर्खरै फूलबारी नेपाल ? युट्युब च्यानलबाट रिलिज भएको मेरो संगीत निर्देशनको मेंहदी गीतको भिडियो हेरेर यसको निर्माणको सुन्दर पक्ष र सफलतासम्बन्धी विचार विमर्श गरी बिताइयो ।

आफूलाई सभ्य सुसंस्कृत ठानी नाक फुलाउने, सबै कुरा मैले जानेको छु भन्ठान्ने बौद्धिक व्यक्तित्व कतिले कटुवाल दह हेरेका छन् ? मञ्जुश्रीको कथा बारम्बार भनेर पनि नथाक्नेहरू मञ्जुश्रीले खड्गले काटी उपत्यकाको पानी निकालेको स्थान अवलोकन गरेजस्तो मलाई लाग्दैन । उपत्यकाको नदीले बगाएको बस्तु या मानव अन्त कतै नपाएपछि कटुवाल दहमा पाइन्छ भन्ने लोकविश्वास पनि

रहेको छ । बोटेहरूले समेत गहिराई नाप्न नसकेको दहको रूपमा लिने गरिन्छ यसलाई ।

निर्धारित समय ८.०० बजेतिर दाजु कृष्णहरिको घरबाट फर्केर पुनः बल्खुचोक जाँदा शीतल गिरी, मन्दिरा मधुश्री र पवित्रा अधिकारी आइसक्नुभएको थियो ।

संयोजक गिरीबाट थाहा पाइएअनुसार आधा घण्टा अघि लीलाराज दाहाल र डा. धनप्रसाद सुवेदीले सहभागी हुन नसक्ने जानकारी गराउनुभएको रहेछ ।

हामी बाँकी पदयात्री साथीहरूको प्रतीक्षा गर्दागर्दै करिब ८.२० तिर वसन्त रिजाल, परशुराम पराशर र शारदा पराजुली झुल्किनुभयो । र त्यसरी नै ८.२५ तिर प्रोल्लास सिन्धुलीय श्रीमती लक्ष्मी भट्टराईको साथमा देखा पर्नुभयो– अबेला हुनुको सारा दोष बसवालाको टाउकोमा बजार्दै ।

आजको दिन शनिबार परेकोले दक्षिणकाली जाने मान्छेहरूको भिडले बसमा खुट्टा राख्नेसम्म ठाउँ नभएकोले हामी ९ जना पदयात्री र केही अरू पनि सहयात्रीहरू मिलेर लामो गलफत्तीपछि प्रति व्यक्ति रू. १२५ का दरले भाडाको हाइस व्यवस्था गरेर हामी हुँइकियौँ दक्षिणकालीतिर ।.

बाटाभरि ध्रुव घिमिरेले लेख्नुभएको "जनकपुरी छाता" शीर्षकको नियात्राका बारेमा परिचर्चा चलिरह्यो ।

घडीले ९.२० को समय सङ्केत गर्दा हामी दक्षीणकाली परिसरमा ओर्लिसकेका थियौँ हाइसबाट ।

शनिबारको दक्षिणकाली परिसर । भगवती कालीका भक्त सारा काठमाडौँ आज यहाँ सर्लक्क ओर्लिएको जस्तै थियो परिदृश्य । लाइनमा लागेर दर्शन गर्ने भक्तजन पर्याप्त । हामी मन्दिरमा पुगेर थोरै अलमल गरेर पछि अनुकूल समयमा आएर दर्शन गर्ने वचनका साथ लाग्यौँ निश्चित गन्तव्य– कटुवाल दहतिर ।

म जनकपुरी जीवनको लामो समय हिमालय सिमेन्ट कारखाना चोभारमा बिताएँ । कटुवाल दहको कथा उहिल्यै हो सुनेको । जान्छु भन्दै थिए, 'खै, आफूले चाहेको ठाउँमा जान सकिन । आज जान्छु, भोलि जान्छु भन्दा भन्दा सिमेन्ट कारखाना नै कोल्याप्स– अनि गइएन ।' बाटामा भेटिए तराई मूलका एक जना बाँसुरीका व्यापारी । मन्दिरा र शारदा पराजुलीले एकेकओटा बाँसुरी झिकेर बजाई हेरे र मूल्य पनि सोधी टोपलो । बाँसुरीको व्यापार हुने जस्तो ठानेर उसले मूल्य पनि भन्यो ।

तर, उनीहरूले नकिन्ने भनेपछि खिस्रिक्क परेको अनुहार हेर्न लायकको थियो । यात्रा पुनः पूर्व दिशातिर लम्कियो– पूर्व निर्धारित कटुवाल दहलाई लक्षित गरेर । केही गतिशील यात्री अलिक अगाडि, मजस्ता मझ्यौला गतिका मध्यमा र केही अलिक पछाडि तर एकअर्काको दृष्टिबाट ओझिल नहुने गरी आफूले घरबाट ल्याएका केरा, भुटेका मकै आदि बाँडेर खाँदै गर्फिंदै बाटो छोट्याईरहेका थियौँ ।

'सर्व धर्मान् परित्यज्य मामेकं सरणं व्रज' भन्ने कृष्ण दर्शनलाई हाम्रो जीवनसँग, हाम्रा मलिला भावनासँग आत्मसात् गराउँदै गफिँदै पनि छौँ । उपत्यका वरपर मात्र हैन, स्रष्टा पदयात्रा ओखलढुङ्गाको पोकली, देवघाट र मौलाकालिका अनि पर्वतको मल्लाजलगायत पुगिसकेको छ र अब काभ्रेको तिमाल, खोटाङ र रूकुम जाने तरखरमा छ । नेपाल भ्रमण र अवलोकन यसको लक्ष्यजस्तो लाग्दछ ।



पहिलो पटक स्रष्टा पदयात्रामा सहभागी प्रोल्लास सिन्धुलीय, लक्ष्मी भट्टराई र पवित्रा अधिकारीसँग केही बेर गफिएको थिएँ यही विषयमा । संयोजक गिरीलाई बल्खु चोकमा नै भनेको थिएँ 'यस पाला म लेख्छु'– पदयात्रामा हिँड्दा हिँड्दा ममा पनि आत्मविश्वास जागेको थियो । गीत र कविता मात्रै होइन आख्यान र गैरआख्यान पनि लेख्न मन लाग्छ तर लेख्दिन, सुरू कसरी गर्ने यसैमा अल्मलिने गर्छु म । योदेखि बाहेक अर्को मैले लेखेको पनि छैन । क्षमता पनि हो, क्षमता गीत संगीतमा भएपछि दसतिर हात हाल्नु ठिक होइन भन्ने कारणले पनि म हतोत्साहित हुन्छु होला । मैले संगीत गरेको गीत सुनेर जब कसैले मेरो तारिफ गर्छ, तब मलाई विश्वास जाग्छ अन्य विधामा अलमलिनु हुन्न । यही सत्य बुझेर हुनुपर्छ मैले नचाहँदासम्म संयोजक गिरीले मलाई लेखनको जिम्मेवारी दिएका छैनन ।

दक्षिणकालीबाट पूर्व कटुवाल दहतर्फ जाने बाटो युँटिकी गाउँमा हिलाम्मे थियो । गाउँ प्रवेश गर्नासाथ कृष्ण प्रणामी सम्प्रदायको मन्दिर

पाइयो । वर्षाको समय रहेकोले गाउँको कच्ची सडक त्यो पनि टिपर गुड्ने हिलाम्मे हुनु स्वाभाविक नै हो । एक जना नारायण (मेरैनाम) गरेका सहृदयी सम्भवतः कृष्णको कृपाले होला भेटिए र उनले हामीलाई गाउँभित्रको बाटो देखाएर हिलो बाटो हिँड्नबाट बचाएका थिए । मूल सडक गाउँको पुछार ओरालोको भिरालो पाखामा हलक्क हुर्किएको लट्टे सागमा शारदा पराजुलीको आँखा के परेको थियो मुहारै हँसिलो देखियो ।

गुरिल्ला युद्धमा निपुण भएझैं उनी हेर्दाहेर्दै समूहलाई छाडेर साग टिप्न तल्लीन भइन् ।

उनको यो फुर्तिलोपन उहिल्यैदेखिको हो । पदयात्रामा हिँडदा उनी स्वास्थ्य र सिर्जनाको साथै चुल्होलाई सुहाउँदो कुरामा पनि ध्यान दिन चुक्दिनन् । बाटोमा एक ठाउँमा मन्दिरा र शारदाले इस्कुसको लहलहाउँदो मुन्दा देखेका थिए, अनि सोध खोज गरेर साग धनी खोजेर टिप्न लगाएर ५०/ ५०/ रूपियाँको किनेका थिए ।

साग धनी साहुनीसँग मैले ठट्यौली पारामा 'यिनीहरूले पैसा दिदैनन् है' भन्दा, नदिए पनि केही छैन भन्दै साग टिप्दै रहिन् । यस यात्रामा हामीले गोरेटो बाटो प्रयोग गर्न पाएनौं । युटिकी गाउँ हुँदै हामी फास्ट ट्र्याक निस्किएका थियौँ । बाबा हो बागमतीवारी र पारी क्रसर उद्योग कति हो कति ? टिपर आतङ्क त्यस्तै ।

यस्तो लाग्यो यहाँ क्रसर उद्योग व्यापक रूपमा फस्टाएको छ, देखियो पनि । फास्ट ट्र्याक नजिक ११.२० को समयमा हामीले रमाइलो वातावरणमा भोजन गरेका थियौं, अँ पहिलो पटक पदयात्रामा सहभागी प्रोल्लास-लक्ष्मीका जोडीले गाउँबाट ल्याइदिएको कोसेली बदेलको मासु पदयात्रीलाई चखाएका थिए । भोजनपछि फास्ट ट्र्याकको बाटो हुँदै हामी कटुवाल दह पुगेका थियौँ । कटुवाल दह तर्फबाट आँउदै गरेका बौद्ध भिक्षुणीहरूका समूहले हामी स्रष्टा पदयात्रीको उद्देश्य थाहा पाएर हात हल्लाउँदै समर्थन जनाउँदै उत्साह जगाएका थिए । यस पटक वर्षाको कारण पानीको बहाब धेरै भएकोले बागमती नदीमा झोलुङ्गेपुलबाट कटुवाल दहमा देखिने चक्रवात (भुँमरी) देखिएन, यही चक्रवात हेर्न भनेर पनि पर्यटक यहाँ आउने गर्छन् । भोजनपश्चात् मैंले ल्याएको रसिलो चकलेट चुस्दै स्रष्टा पदयात्री कटुवाल दह पुगेका थिए ।

स्रष्टा पदयात्राको क्रममा २०७७ माघ ३ गते केही स्रष्टा कटुवाल दह पुगेका थिए । कटुवाल दह ऐतिहासिक हो । अचम्मको पनि छ ।

कडा चट्टानमा बागमतीको पानी निश्चिन्त भै बग्न नपाउँदा हुङ्कार गर्दै रिसाएर फनफनी घुमी बनाएको सानै ठाउँमा निकै गहिरो दह छ ।

त्यहाँ केही समय अवलोकनपश्चात् लेलेतर्फको बाटो समातेका थियौं ।

देवीचौरको करूणामय महाबिहार अवलोकनपश्चात् हामी उकालै उकालो

हिँडेका थियौँ । अँ उकालो उक्लिन म असमर्थ भएँ, गोडा नराम्ररी दुख्यो, पाइलै सार्न नहुने गरी । साथीहरूले गिट्टी ओसार्दै गरेको एउटा टिपर रोकाएर मलाई चढाएर पठाइदिए । टिपरले मलाई लेलेमा उतारिदियो । चालक सहृदयी थियो, सहयोगको मूल्य लिन चाहेन । ओर्लन त म लेलेमा ओर्लिएँ तर चापागाउँमा सडक बन्दै गरेकोले सम्पूर्ण यातायात रोकिएको थियो, अनि सोधखोज गर्दा बस चढ्न छम्पी जानुपर्ने जानकारी पाए र हिँड्न बाध्य भएँ म ।

त्यहाँबाट म एक्लै हिँडे छम्पी गाउँतिर, बाटोबाट देखियो रोपाइँ गर्दै गरेका किसान र उनीहरूको खत्रियता । छम्पीबाट जाउँलाखेल जाने बस चढैं ।

मोबाइलमार्फत साथी पदयात्रीसँग समय समयमा सम्पर्क हुँदै थियो– उहाँहरू हिँड्दै गर्दा कान्तिराज पथ भेट्नुभएछ अनि, ओरालै ओरालो लेले पुगेको जानकारी पाएँ ।

उहाँहरू आठ जनाले हेटौँडाबाट कान्तिराज पथ हुँदै आएको बस लेलेमा भेट्टाउनु भएछ र सोमा चढेर प्याङ गाउँ पुग्नुभयो । चापागाउँमा सडक निर्माण कार्य धमाधम हुँदै गरेको हेर्दै पदयात्रामा रमाउँदै गाउँको पुछारमा पुगी बस चढ्नुभएको रहेछ । म नेपालको राजनीति गर्ने नेता परिन, जो आफैंले बोलेको कुरा पुरा गर्दैनन् । म स्रष्टा पदयात्री न हुँ, आफैले लिएको जिम्मेवारी जीवनमै यो पहिलो यात्रा संस्मरण भए पनि लेखेर पूरा गरेको छु ।

■


**नववर्ष २०८१ को सुखद् अवसरमा**
**विद्यार्थी, शिक्षक, शेयर होल्डर, अभिभावक तथा**
**सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा सुख,**
**शान्ति र समृद्धिको हार्दिक मङ्गलमय**
**शुभकामना व्यक्त**
**गर्दछौँ ।**

**ऋषि प्रसाद न्यौपाने**
प्रिन्सिपल एवं
**जुबिल्यान्ट कलेज, परिवार**
कालिमाटी, काठमाडौं

JUBILANT COLLEGE

# नगरकोट तिम्रो नामै काफी छ

**(यो ६० औँ पदयात्रा हो । २०७९ साल साउन ७ गते काठमाडौँ जिल्लाको साँखु बसपार्कदेखि नगरकोटसम्म गरिएको यस यात्रामा १५ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**



**प्रभा बराल**

हरेक व्यक्ति लालयित हुन्छन् नगरकोटमा पाइला राख्न । यसको सौन्दर्यले मानिसलाई चुम्बकले झैँ तान्छ । प्रकृतिको जादु पारख गर्नेले मात्र थाहा पाउँछ नगरकोटको महिमा ।

'प्रिय नगरकोट ! मैले दोस्रो पटक तिम्रो भूगोलमा पाइला राखेकी छु । माफ गर शिखरमा आउन यो पटक भ्याइनँ । म फेरि आउने छु । बेलुकाको चार बज्न लागेकाले काठमाडौँ पुग्नै हतार भयो ।' मेरा आँखाको भाका पक्कै बुझेका छौ तिमीले । मनले चाहेर मात्र कहाँ आउन सकिने रहेछ र । झमक्क साँझ पर्न कति नै बेर छ र अब । घर पुग्नै पर्‍यो ।'

मनमनै नगरकोटसँग स्पष्टीकरण चढाएँ । मलगायत पदयात्री साथीहरूका पाइला सार्वजनिक बसतिर डोरिए । भक्तपुर जाने स्थानीय बस खाली जस्तै थियो । यात्रुको प्रतीक्षामा थियो । सिधै काठमाडौँसम्मको नपाइने रहेछ । थोत्रो बस रङ लगाएर जबर्जस्ती नयाँ बनाएजस्तो देखिन्थ्यो । सिट पाउनु चिठ्ठा परेजस्तो लाग्यो हामीलाई । अनुहार उज्याला भए हाम्रा । दिनभर हिँडेर गलेर लोथ परेकालाई सिट पाउनु भोकालाई खिरजस्तै न हो । पन्ध्र जना जति थियौँ हामी ।

'कति बेला जान्छ बस ?' हामीमध्येको कुनै आवाज थियो ।

'यात्रु भरिएपछि ।' हुलिया हेर्दा सहचालक लाग्ने उनले हाम्रा मुखमा पुलुक्क हेरेर भने । स्पिकरतिर उनको हात थियो । हामी सिटमा राम्रोसँग बस्न पाएका थिएनौँ, ठुलो आवाजमा गीत घन्काए ।

थकित थियो शरीर र मन दुवै । गीतको मधुर आवाज पनि कर्कश लागिरहेको थियो । शान्त वातावरणको अपेक्षा थियो । भइदियो झयाउझयाउ ।

'भाइ, गीतको आवाज अलि सानो बनाउनू न ।' मेरो मलिन स्वर भए पनि ट्वाक्कै सुन्ने गरेर सहचालकलाई भनेँ । ती भाइले मेरो अनुहार पुलुक्क हेरे अनि सुनेको नसुन्यै गरे । कस्तो अटेरी । तोलाको बोली खोलामा गएपछि लुत्रुक्क परेँ म ।

एक हुल विदेशीहरू यही बसमा चढे । सहचालकको हातमा चुरोटको धुवाँ पुत्ताइरहेको थियो । सुनौलो कपाल भएका पर्यटक आफ्नो बसमा चढेपछि ऊ गिजा देखाएर हाँस्यो । उसका नमाझेका पहेँला दाँत देखेर मलाई वाक्क आउला जस्तो भयो ।

पर्यटकका लागि यो बस कुनै कोणबाट पनि उपयुक्त थिएन । धेरै असुविधाहरू थिए यहाँ । हामी नेपालीले पो बाध्य भएर यो असुविधा पचाउन सकेका छौँ । उनीहरूले के सक्लान् खै ? नेपाली पथप्रदर्शक युवकले उनीहरूको जिज्ञासा शमन गरिरहेको थियो । यस्तो चर्को सङ्गीत बजेको छ, यिनलाई कस्तो बाधा पुग्ला ? मेरो मनमा ढयाङ्ग्रो ठोक्यो । विकसित देशमा सार्वजनिक गाडीमा सङ्गीत बजाउन पाइँदैन । मोबाइलमा पनि कुरा गर्न निषेध हुन्छ । व्यक्तिगत स्वतन्त्रतालाई निकै महत्व दिइन्छ । गाडी चड्नेहरू कोही बिरामी होलान् । कोही कामबाट फर्किंदा गलेर निद्रामै झुपुझुपु होलान् । कोही शान्तिप्रिय स्वभावका होलान् । आरामले यात्रा गर्न पाउनु यात्रुको अधिकार हो । हल्लाखल्लाको वातावरण धेरैलाई मन पर्दैन । हाम्रो देशमा यस्ता कुरा गर्न थालियो भने एकादेशमा कथा सुनाएजस्तो हुन्छ । मन अमिलो पारेर म विदेशीको मनोविज्ञान पढ्दै रहेँ । उनीहरूका अनुहारका भावभङ्गिमा विचित्रको थियो । सङ्गीतको चर्को आवाजले उनीहरूको मन कुँढ्याइरहेको छ भन्नेमा कुनै विमति थिएन ।

बसका सिटहरू भरिइसकेपछि एउटी महिला दश वर्षमुनिका तीन सन्तान लिएर बसमा छिरिन् । सरर आँखा डुलाइन् खाली सिटको आशामा । बच्चाले पनि उसै गरे । सिट नपाउँदा बच्चाहरूले यो बसमा नजाने भनेर रून्चे अनुहार लगाए ।

महिलाले सहचालकलाई सोधिन्, 'अर्को बस कतिबेला जान्छ ?'

एक घण्टापछि ।' बडो लापरवाहीका साथ ऊ बोल्यो ।

आमाचाहिँलाई हतार हुँदो हो यही बसमा उभिएर जाने भनिन् । बच्चाहरू रून थाले । नाई नाई, नजाने भनेर खुट्टा उचालेर कुम उचाल्न थाले । सिटमा बसेर सरर गाडी चढ्ने तिनको रहर हुँदो हो । यो दृश्यलाई पर्यटकहरूले बडो ध्यान दिएर हेरे । मैले पर्यटकको अनुहार, आमा र बच्चाको अनुहार पालैपालो हेरिरहेँ । यस्तो अवस्थामा म पनि केही गर्न सक्दिनथेँ ।

चारवटा सिटको आवश्यकता थियो उनीहरूलाई । बच्चालाई प्राथमिकता दिनुपर्छ भने पनि यस्तो अवस्थामा कसले आफू उभिएर तिनलाई सिट दिन तम्सने र ।

ड्राइभर पछाडिको पहिलो सिटमा दुई विदेशी थिए । तिनका अघि गाडीको कालो टायर थियो । आमाले हप्काईदप्काई गरेर बच्चाहरूलाई त्यही टायरमाथि बसाइन् । केही उपाय नलागेपछि बसे बिचराहरू । यो गाडीमा नजाने भन्ने भाव नियालिरहेका विदेशीहरू पनि ती बच्चाहरूको विवशता देखेर छक्क परे । बरू तिनकै गोडामुनि ती बच्चाहरू परे । उनीहरूका देशमा बच्चालाई पिट्नु त दोस्रो कुरा गाली गर्न पनि पाइन्न तर यहाँको दृश्य फरक थियो । बालअधिकारको बारेमा राम्ररी परिचित ती विदेशीका मनमा के कुरा खेल्यो होला भनेर मेरो मन भारी भयो ।

ती बच्चा सिटमा बस्ने भनेर रोएको दृश्य सम्झिदाँ मलाई पनि मेरो बाल्यकालीन स्मृति याद आयो । म त्यस्तै दश एघार वर्षकी थिएँ हुँला । पोखराको बिरौटाभन्दा अलि तल लामपोखरी भन्ने ठाउँ छ । त्यति बेला पुरै फाँट धान खेत थियो । अहिले धेरैजसो जमिनमा घरैघर भरिएर धानखेत देख्न मुस्किल छ । हाम्रो पुर्ख्यौली खेत पनि त्यहीँ थियो । यद्यपि कायम छ । धानको दाइँ गरेपछि पराल ठुलो ट्रकमा घर ल्याउनुपर्थ्यो । त्यतिबेला सवार ीसाधन चढ्नु निकै ठुलो कुरा थियो । घरअगाडिको स्कुलमा पढ्दै गरेका बहिनी र म गाडी चडेर कहीँ जानै पर्दैनथ्यो । मामाघर, बजार जता गए पनि पैदल दुरीमा थियो । बस चढ्दा कस्तो हुन्छ भनेर अनुभव लिनसमेत पाएका थिएनौँ ।

हिँडेर घर आएको भए आधा घण्टामै आइन्थ्यो तर ट्रकको भित्र ड्राइभरसिटको बाँयापट्टि बसेर घर आउने भनेर हामी राति नौ बजेसम्म खेतमा बसेका थियौँ । मङ्सिरमासको स्याँठले हामीलाई खेतमा यति हानेको थियो कि ट्रकमा चढ्ने भनेर ती सबै कष्ट सहेका थियौँ । जब पराल लोड भएर ट्रक चल्न थाल्यो, एकदम डर लाग्यो सुरूमा । कहाली लागेजस्तो भयो । डराउँदै डराउँदै बस्यौँ । पन्ध्र मिनेटमा घर आइहाल्यो । बिल्कुलै अनौठो अनुभूति लिएर घर आइपुग्यौँ । यही स्मृति मैले अहिले ती बालकहरूमा देखेँ जो बसको सिटमा चढेर सरर अघि बढेको अनुभूति लिन चाहन्छन् । म दिनभरको हिँडाइले यति थकित थिएँ कि ती कुरा सम्झेर पनि सिट छोड्न असमर्थ भएँ र टायरमाथि बसेका बालबालिकालाई टिठ लाग्दो दृष्टिले हेरिरहेँ ।

राम्रैसँग बस खचाखच भएपछि चालक पनि हातमा चुरोट च्याप्दै आए । धुँवाको सर्को राम्रैसँग उडाएर बाँकी ठुटो झ्यालबाट बाटोतिर फाले । बजिरहेको सङ्गीत अझ



ठुलो आवाज पारे । त्योभन्दा चर्को आवाजको हर्न बजाए अनि बल्ल गाडी अगाडि बढाए ।

पर्यटकलाई अतिथि मान्ने हाम्रो संस्कार छ । अतिथि देवो भवः त्यसै भनिएको पक्कै होइन । तर खै त हाम्रोमा व्यवहारिकता । जति सुन्दर यो प्रकृति छ त्यति छ हाम्रो असुन्दर मन । कहिले होला हामी अरूको भावना बुझ्ने । मार्टिन लुथर किङ्को भनाइ यतिबेला मलाई सम्झनामा आयो । उनले भनेका थिए, 'कुनै पनि देशको समुन्नति त्यस देशको आयको प्रचुरतामा निर्भर हुँदैन न त्यसको किल्लाको मजबुतीमा हुन्छ न त्यसका सार्वजनिक भवनहरूको सौन्दर्यमा नै हुन्छ । हुन्छ त सच्चा बल सुसंस्कृत नागरिकहरूको सङ्ख्यामा, शिक्षा, सचेतना र सुचरित्र भएका मानिसहरूमा । यही नै देशको वास्तविक शक्ति हो ।'

बसको झ्यालबाट वरिपरिको प्रकृतिमा दृष्टिगोचर गर्छु । हरिया डाँडा र बोटवृक्षले मेरो ध्यान यसरी खिच्छ कि म मन्त्रमुग्ध हुन पुग्छु । आँखामा छाउँछ बिहानदेखि अहिलेसम्मको यात्राका विम्बहरू ।

कतै जानुछ भनेपछि मलाई सारै हतार लाग्छ । यो बानीले कहिलेकाही म अनाहकमा दुःख पनि पाउँछु । सार्वजनिक गाडीमा आठ बजेभित्र साँखु पुग्नु छ । आफूले अड्कलेको समयले कहाँ पुग्छ र भन्ने लाग्यो । गृहिणी हुनुको पहिलो कर्तव्य पूरा नगरी घरबाट निस्कन कहाँ सजिलो थियो र ? बिहानको चारै बजे उठेँ । बेलुकै काटकुट गरेको तरकारी र अचार पकाएँ ।

दाल पकाएँ । चामल भिजाएर प्रेसर कुकरमा हालेर ठिक्क पारेँ । यति गरेपछि बल्ल मैले परिवारको गनगन सुन्नु पर्दैन । चिया खान भ्याइनँ । साढे ६ बजे चक्रपथ ढुङ्गेधारामा निस्किएँ । अरू बेला साँखु जाने गाडी आइहाल्थ्यो अहिले पन्ध्र मिनेट उभिंदा पनि आएन । शनिबार बिहानै गाडी कमै चल्छन् । चाबहिलसम्म जाने गाडी चढेर त्यहाँबाट साँखु जानुपर्ला भनेर रिङरोडको गाडीमा चढेँ । कस्तो अचम्म अरू बेला घिस्रिएझैँ हिंड्ने सार्वजनिक यातायात अहिले बुलेट ट्रेनझैँ कुदेको थियो । विभिन्न स्टपहरूमा खासै रोकिएको पनि थिएन । यात्रु चढाउने र ओर्लने काम मात्र गरेकाले गाडी छिटोछिटो कुदिरहेको थियो । ड्राइभरलाई नै केही हतार थियो होला शायद म सात बज्नेबित्तिकै चाबहिल पुगेँ । ओर्लिएँ । अर्को साँखु जान ठिक्क परेको गाडी भेटिहालेँ ।

बौद्ध, जोरपाटी, दक्षिणढोका हुँदै गाडी क्रमशः अगाडि बढ्यो । एक महिनाको फरकमा म दुई पटक साँखु आएकी थिएँ । एक पटक पिकनिक खान अर्को पटक बेलायतबाट आएकी बहिनीसँग । बेलायतमा बसोबास गरेका नर्सहरूको समूहले मेरी बहिनीसँग असहायहरूका लागि केही चन्दा पठाएका थिए । साँखु नआउँदै सलम्बुटार भन्ने ठाउँमा द्वन्द्वपीडित एवम् अपाङ्ग बालबालिकाको आश्रम थियो । त्यही क्रममा हामी साँखु आएर स्वस्थानी मन्दिरको दर्शन र वरिपरिको पर्यावरण अवलोकन गरेका थियौँ । उसो त पहिलो पटक २०६७ सालमा स्वस्थानी मेला हेर्न पनि म आएकी थिएँ । त्यति बेला उत्तरतिरको डाँडाको बज्रयोगिनी देवीको समेत दर्शन गर्ने मौका मिलेको थियो ।

साढे सातबजे नै म बसपार्क आइपुगेँ । सबै जना यहीँ भेटिने कुरा थियो । कोही आइपुगेका रहेनछन् । एउटा होटलमा छिरेर चिया र खाजा अर्डर गरेँ । मन्दिरा मधुश्री, शान्ति सापकोटा आधा घण्टामा आइपुग्छौँ भनेपछि मैले आरामले खाजा खाएँ । साढे आठ बजे हामी सबै भेटियौँ । साँखु चोकको माइलस्टोनमा जिरो किलोमिटर लेखेको थियो । तर स्टोनलाई झारैझारले छोपेर मुस्किलले देख्न सकिने भएको । उकालो चढ्दा लट्ठी चाहिन्छ कि भनेर बोकेकी थिएँ त्यसैले झारलाई हानेर माडमुड पार्‍यौँ र सबै साथीले एउटा सामुहिक तस्बिर लियौँ ।

साँखु बजारका स्थानीय मानिसले को आएछन् हँ भन्ने गरी हल्लाखल्ला गर्दै प्रसिद्ध स्वस्थानी मन्दिरको अगाडि पुग्यौँ । दर्शन गरेर अगाडि सोझियौँ । रातभर पानी परेकाले होला वातावरण निकै स्वच्छ थियो । वरपरका डाँडाहरू यति सुन्दर देखिएका थिए कि भर्खर नुहाएर निस्किएकी युवतीजस्तै प्रतीत हुन्थ्यो । काठमाडौँको चक्रपथ घुम्ने एउटा सार्वजनिक गाडीले पालुबारी पालुबारी जाने भन्दै गुड्थ्यो । त्यही

पालुबारी हुँदै हामी अगाडि बढ्ने रहेछौँ। पिचैपिचको बाटो अगाडि बढ्यौँ ।

लोभलाग्दा डाँडाका थुम्काथुम्कीले त काठमाडौँको इज्जत धानेका छन् । बिहानीपखको बेला भएर होला आकाशमा कुनै तुवाँलो वा हुस्सु थिएन। न त थियो बादलको चोक्टाचोक्टी नै । निलो आकाश मनै लोभ्याउने परिदृश्यमा हाँसिरहेको थियो । काठमाडौँको मुटुको घच्चाघच्चीमा यति स्वच्छ प्रकृति कहाँ देख्न पाउनु र ?

साँखुदेखि नगरकोट जाने यति राम्रो बाटो रहेछ। छेउ छेउमा जङ्गल बीचमा बाटो । नहिँडी के थाहा पाउनु र । हिँडेपछि बल्ल पो थाहा पाइयो जोरकुवा, पालुबारी, विशम्भरा, सुन्टोल आदि नाम गरेका ठाउँहरूमा पाइला चाल्दै अगाडि बढिरह्यौँ । बिहानदेखि हिँडेको हिँड्यै थियौँ । चानचुने हो हाम्रो आँट। फेरि ठाडो उकालो बाटो। केही समय अघिमात्र पूरा भएको रहेछ निर्माणकार्य । बाटोभरि घुमन्तेका मोटरसाइकल हुइँकिएका हुइँकियै । जोडी जोडी मिलेर घुम्न आएका । गज्जबै रहेछ बाटो । मोटरसाइकलमा लपक्क टाँसिएका युवायुवती। एकान्त खोज्दै प्रेमको आकाशमा विचरण गर्ने तिनको धोकोलाई प्रकृतिले चारचाँद लगाइदिएको थियो । चालिसे उमेरमा प्रकृतिसँग जीवनको दर्शन खोज्न हिँडेका हामी र प्रेमिल जोडीको उद्देश्य विरोधाभास जस्तै थियो ।

साँखु जिरो किलोमिटरबाट सबै भेला भएर हिँड्दा बिहानको नौ बजेको थियो । केही बेर हिँडेपछि साथीहरूका झोलाबाट कट्याककुटुक निस्कन थाले । स्रष्टा पदयात्राको विशेषता नै यही हो कि, मिठा मिठा खानेकुरा खाँदै हिँड्दा समय बितेको पत्तै हुँदैन । खाँदै मुख उज्यालो बनाउँदै हिड्छौँ । एउटा बाटो डाँडैडाँडा उक्लेर तेलकोट निस्कने बाटो रहेछ । एउटा बाटो पिचैपिच निस्कने रहेछ । हरियाली डाँडाको छेउछेउै रहेको पिचैपिच बाटो नै हामीले हिँड्ने निर्णय गर्‍यौँ । चर्को घाम थियो । साथीभाइको गफगाफले घामलाई पनि शीतल बनाइदिएको थियो । खानेकुराले ऊर्जा दिइरहेको थियो। ठमठमी हिँड्यौँ। फोटो खिचाइले उत्तिकै समय खाइरहेको थियो । जे भए पनि पन्ध्र किलोमिटर जति हिँडेर आज हामी नगरकोट पुग्नु छ। कविता सुनाउनु छ र काठमाडौँ फर्कनुछ ।

साँखुबाट हिँडेको ५ किमि कटेपछि माथि डाँडामा एउटा ढिस्कोमाथि थपक्क बस्छौँ । आफूले लगेका खानेकुराको पोको फुकाउँछौँ । जस जसले जे जे ल्याएको छ । बाँडीचुँडी खाने हाम्रो चलनले यहाँ पनि निरन्तरता पाउँछ । अति मिठो लाग्छ खानेकुरा ।

खाएपछि एकछिन बस्नुपर्छ भन्ने मान्यताले पन्ध्र मिनेट गफिन्छौँ । लामो बाटो पैदल हिँड्नुपर्छ भनेर पटक्कै आत्तिएका छैनौँ । आजको पूरै दिन आफ्नो लागि छुट्टयाइएका छौँ। प्रकृतिसँग भलाकुसारी गर्दै मक्ख छौँ । बाटोछेउको झाडीमा देखिएको

कालो अँगेरी टिप्छौँ । नचिन्नेलाई चिनाइदिन्छौँ । फोटो खिच्छौँ । हाँस्छौँ । बढी नै फूर्ति नै देखाउँछौँ हामी ।

समय नै हाम्रो वशमा छ भने झैँ गरी हिँड्दा पनि दिउँसोको साढे दुई बजे नगरकोट पुग्छौँ । उपत्यकाका तीनै सहर सुन्दर देखिन्छन् । यहाँबाट देखिने प्रमुख आकर्षण यही भन्ने लाग्दथ्यो तर उत्तरतिर देखिने हिमालको शृङ्खला कम्ती मनमोहक देखियो र ! यहाँबाट शिवपुरी राष्ट्रिय निकुञ्ज, सिन्धुपाल्चोकको मेलाम्ची र इन्द्रावती नदी पनि देखिए । काभ्रेपलान्चोकका छाँट मिलेजस्ता देखिने बारीका पाटाहरूले उत्तिकै मन हरे । प्रकृतिको यो मनमोहक दृश्य आँखामा सजाएर हामी अघि बढ्छौँ ।

बाटाका छेउछेउमा ठुला ठुला रिसोर्ट र होटलहरू देखिन्छन् । लोभलाग्दा नामहरूका साइनबोर्ड हामीलाई हेरेर मुस्कुराउँछन् । देशका नेता, राजनीतिज्ञ कलाकार लगायत हाइप्रोफाइलका मानिसहरूले नगरकोटमा गएर सेमिनार गरेको भन्ने कुरा समाचारमा पढ्थेँ । यतैकतैका होटल होलान् भन्ने ठान्छु र लुरूलुरू गलेका गोडा अगाडि घिसार्छु । हामी पनि कुनै दिन सरर गाडीमा आउँला र यहाँ पसेर घण्टौँ वरिपरिका डाँडा नियालौँला भनेर मनलाई थामथुम पार्छु ।

एउटा कुनाबाट देखिन्छ काभ्रेपलाञ्चोक जिल्लाको प्राकृतिक सौन्दर्यको हरियाली । इन्द्रावतीको वारिपट्टि तल माझीटार र अझै पर दोलालघाटलाई छेल्ने डाँडा देखिन्छ । सुनकोसी नदी हो कि जस्तै लाग्छ एउटा खोँचको परिसर ।

हामी तीनवटा जिल्लाको सङ्गममा रहेछौँ, सिन्धुपाल्चोक, काभ्रे र भक्तपुर । मण्डन देउपुर नगरपालिकाको साइनबोर्डहरू पनि हाम्रो वरिपरि प्रशस्त देखिन्छन् ।

अगाडि अगाडि हिँडेका साथीहरू एउटा राम्रो होटलमा पस्नुभएछ । हामी पनि पछ्याउँदै उही पुग्यौँ । झोलातिर बचेँखुचेँका सामलतुमल झारझुर पारी खायौँ र तातो एक कप कफीको चुस्कीको अर्डर गर्‍यौँ । अगाडिका सुन्दर डाँडापाखा हेर्दै मिठा र गफ गर्दै थाकेको शरीरलाई विश्राम दिनुको आनन्द कहाँ शब्दले व्यक्त गर्न सकिन्छ र ? फेरि उसमाथि तातो कफीको हर्हराउँदो बास्ना । साह्रै सुन्दर समय बितायौँ । कविताावाचनको कार्यक्रम गर्न भ्याइएन । न भ्याइयो नगरकोटको शिखरमा पुगेर सगरमाथा हिमालको चुचुरो हेर्न । उसो त २०६३ सालमा म पहिलो पटक शैक्षिक भ्रमणमा आउँदा त्यो टावरमाथि उक्लिएको थिएँ । त्यहीबाट देखेकी थिएँ अरू हिमालको शृङ्खला । आज गोडाले हिँडेर यति लामो दुरी पार गरियो यही कुरा ठुलो लाग्यो । अब सारसौँदो घर पुगेर लामो सास लिनु छ र आफैँले आफैँलाई बधाई दिनु छ । पर देखियो सार्वजनिक गाडी । हाम्रा गोडा लमकलमक त्यतै सोझिए ।

■

# लौरोले गुन लायो

**(यो ६१ औँ पदयात्रा हो । २०७९ भदौ ४ गते काठमाडौँ जिल्लाको गागलफेंदी, कागेश्वरी, कागपार्क, मणिचूडदह, बज्रयोगीनी मन्दिर हुँदै साँखुसम्म गरिएको यस यात्रामा १३ जना स्रष्टाहरू सहभागी रहेका थिए ।)**

**समीर पाख्रिन**



डेराको छतबाट पूर्वपश्चिम फै लिएको अग्ला पहाडी शृङ्खला देख्दा किन किन यो मन उडेर पुगौँ पुगौँझैं लागि रहन्थ्यो । ती अग्ला पहाडका थुम्काहरूबाट काठमाडौँ उपत्यका कस्तो देखिँदो हो ? राति झिलीमिली बत्ती बलेको देख्दा त्यहाँ पनि मानिसको बाक्लै बस्ती रहेछ जस्तो लाग्थ्यो । यस्तै यस्तै तर्कना आइरहने यो मनलाई ६१ औँ स्रष्टा पदयात्राको सूचनाले झनै उत्साहित तुल्यायो । सूचनामा ६१औँ स्रस्टा पदयात्रा 'कागेश्वरी पार्कहुँदै साँखुसम्म'को रहनेछ भन्ने उल्लेख थियो । कागेश्वरी पार्क काठमाडौँको अग्लो भूभागमा अवस्थित छ भन्ने सुनेको थिएँ । सायद हाम्रो यात्रा त्यतै तिरको हुनुपर्छ भन्ने लागेकोले यो मन रोमाञ्चित हुन्छ ।

आज भदौ ४ गते शनिबारको दिन । बिहान ६.४५ बजे नै चावेल चोक पुगेर त्यहाँबाट आलापोटको बस चढनुपर्ने शीतल गिरीको उर्दीले भने म असमञ्जसमा परेको छु । म बसेको ठाउँ ललितपुरको नख्खुबाट चावेल चोक पुग्न झण्डै १ घण्टा लाग्छ, चक्रपथको लोकल बसमा ।

बिहान ४ बजे न उठे भ्याइएला जस्तो छैन । कतै ६ बजेसम्म भुसुक्क भइने त हैन ! नभएको पनि कहाँ हो र ! छ बजे पढाउन जानुपर्ने मान्छे कहिले सात बजेसम्म भुसुभुसु सुतिरहेको हुन्थेँ । त्यति बिहानै चावेल चोक पुगेर बस समात्न भ्याइँदैन होला जस्तो लाग्यो र शुक्रबार साँझ अचानक पदयात्रामा नजाने मनस्थिति बनाएँ ।

अचम्म ! शनिबार बिहान ४ बजे नै निन्द्राले छोड्छ । उठ्छु, वातावरण चकमन्न छ । सबै मस्त निन्द्रामा छन् । म फेरि तुरून्त माइन्ड

मेकअप् गर्छु पदयात्राका लागि । उठेर पहिले नृत्य कर्मबाट निवृत्त हुन्छु । मेरो चहलपहलले श्रीमतीको निन्द्रा भागेछ क्यारे । उठेर आँखा मिच्दै राम्ररी नियाल्छिन् अनि अचम्म मान्दै सोध्छिन् "के भो ? नजाने भन्नुभएको होइन र ?"

आ निद्राले छाडिहाल्यो अब जाने हो ।" यति भनी झोलामा आवश्यक सामान राख्छु । उनी पनि निवृत्त भईकन हत्तारिँदै भान्सामा छिर्छिन् । राति भिजाएर राखेको चना चारपाँच सिटी लगाएर टिफिन बक्समा राखिदिँदै भन्छिन् "अब अरू थोक बनाउन भ्याइदैँन, बजारबाट किनेर लग्नु ।"

यतिन्जेल घरैमा ५.४५ भइसकेको हुँदा म आत्तिन्छु । हतार हतार तल सडकमा ओर्लन्छु । धन्न, मोक्तान भाइको ट्याक्सी रोकिराखेको रहेछ । भाइ, एकान्तकुनासम्म जाउ भन्छु । चालक भाइले नाइनास्ति गर्दैन । सायद बोनी हुने भएर हो कि ?

एकान्त कुनामा चक्रपथको बस मलाई नै कुरिरहेको भान हुन्छ र हतार हतार चढ्छु र घडी हेर्छु । यतै बिहानको ६.२० भैसकेको रहेछ । अहिले भने मलाई पच्चीस मिनेटमा चावेल चोक पुग्छु जस्तो लाग्दैन । जे पर्ला पर्ला भनी बसको झ्यालबाट बिहानको नजरा हेर्न थाल्छु । चक्रपथको दुवै तर्फका धेरै जसो पसलहरू खुलेका छैनन् । सडकमा सवारी साधन पात्लो छ तर बसलाई भने यात्रु चढाउनु र ओराल्न भ्याइ नभ्याई छ । महालक्ष्मी स्थान, सात दोबाटो, ग्वार्कोसम्म आइपुग्दा यात्रु कति चढे कति ओर्ले गनेर साध्य थिएन । ठाउँ ठाउँमा यात्रु ओराल्न र चढाउन बस घ्याच्चघ्याच्च रोकिँदा भने मलाई हुनसम्मको रिस उठिरहेको छ ।

नभन्दै बस बालकुमारी, कोटेश्वरसम्म पुग्दा बिहानको ६.३५ बजिसकेको छ । पूर्व दिशाबाट फैलिएको घामको न्यानो, कलिलो किरणले पुरै काठमाडौं सहरलाई अँगालो हालेको छ । अझ भनौं, झलमल्ल घाम लागिसकेको छ । अब चावेल चोकबाट आलापोटको बस समाउने समय मसँग १० मिनेट मात्र बाँकी छ, बस गौशाला पनि कटेको छैन । यसैले पहिलो बस भेट्ने कुरै भएन । यस बिचमा म शीतल सरलाई फोन लगाउँछु । उनी भन्छन् "आलापोटको बस चढनुहोस् न, हामी जोरपाटी चोकमा छौं ।"

७.०० बजे म चढेको बस बल्ल चावेल चोक पुग्छ त्यो पनि पन्ध्र मिनेट ढिलो । चोकमा पुगेर उभिन्छु बस पाउने झिनो आशामा । यताउता उभिएकालाई सोध्छु, थाहा छैन भन्छन् । फर्कौ कि के गरूँ ! दोधारमा परिरहेको बेला आलापोट जाने गागलफेदी जाने बस मेरै अगाडि आएर घ्याच्च रोकिँदा मलाई सपना जस्तो लाग्छ । 'पहिलो बस नछुटोस् है समीरजी भन्नुभएको थियो गिरीजीले ।' सायद दोश्रो बस आउन धेरै समय लाग्ने भएर हो कि ? हुन पनि पहिलो र दोश्रो बसको आगमनमा बीस मिनेटको फरक त थियो नै । "भाइ, आलापोट जाने बस यही हो ?" म सहचालकलाई सोध्छु ।

"हो, हो अङ्कल बस्नुस् ।" ऊ आलापोट, जोरपाटी, बौद्ध, थली के के भन्दै यात्रु खोज्नतर्फ लाग्छ । म



सिटमा बसेर पहिले केही क्षण राहतको श्वास लिन्छु र मोबाइल झिकेर उनै गिरीजीलाई 'बस चढैँ' भनेर सूचना दिन्छु ।

जवाफमा उताबाट जोरपाटी चोकमा पर्खिरहेका छौँ भन्ने जानकारी मिल्छ । अहिले भने म ढुक्क हुन्छु ।

जोरपाटीको बिसौनीमा बस रोकियो । हो रहेछ, शीतल गिरी, वसन्त रिजाल, खोलाघरे साहिँलो, घनश्याम प्रसाईं, आलोक चालिसे, अशोक श्रेष्ठ, सुधा राजोपाध्याय पदयात्रीहरू बसमा उक्लन्छन् र खाली सिटमा थपक थपक बस्छन् । शीतल सरले मलाई पहिलो बस गइसकेको जानकारी गराउनुहुन्छ । पछिल्लो बसमा मन्दिरा मधुश्री, पवित्रा अधिकारी, लीलाराज दाहाल पनि छन् भन्ने कुराले झनै उत्साहित हुन्छु । जोरपाटी कटेर निकै अगाडि पुगेपछि बस फेरि रोकिन्छ । सायद आलापोट आइपुगेको हुनुपर्छ । हो रहेछ, रातो टिसर्टमा प्रकाश बस्नेत गफाडी एक कार्टुन मिनरल वाटर लिएर हामीसित जोडिनुहुन्छ । उनी आलापोटबासी र आजको हाम्रो पथ प्रदर्शक पनि । अहिले हामी बसमा दस जनाको सङ्ख्यामा छौँ । गागलफेदी हाम्रो पहिलो गन्तव्य हो । गागलफेदी सानो बजार पुगेर बसले हामीलाई ओराल्छ र बिदा गर्छ ।

पछि आउने तीन पदयात्रीहरूको पर्खाईमा गागलफेदीमा आधा घण्टा जति अलमल हुन्छ । त्यसबिचमा हामी चिया पिउँछौ । बिहान पानी मात्र पिएर हिँडेको म हुस्सुलाई ठोस केही खानुपर्छ भन्ने लाग्दैन । झन्डै २/३ घण्टा खाली पेट ठाडो उकालो हिँडनुपर्छ भनेर मलाई के थाहा ? झोलामा पाकेको चना थियो कतै

बसेर खाएको भए पनि त हुन्थ्यो । नखाई उकालो लागेकोले होला हिँड्न निक्कै हम्मे हम्मे पर्यो ।

उनीहरू तीन जना पनि दसपन्ध्र मिनेटको अन्तरालमा झुल्किन्छन् ।

अब हामी सत्त्यामा तेह्र जना पुग्छौँ अर्थात् शतप्रतिशत । प्रकाशजी हाम्रो नेतृत्व गर्दै अघि बढनुहुन्छ हामी पछि पछि । प्रारम्भिक अवस्थादेखि नै कतै पिच त कतै स्ल्याबको उकालो बाटो त्यसमाथि चर्को घाम । यात्रा चुनौतीपूर्ण देख्छु ।

भए भरको बल लगाएर करिब करिब दुई घण्टा जति उकालो हिँडेपछि बल्ल कागेश्वरी महादेव प्रवेश द्वारमा पुग्छौँ । फलामे रेलिङ हालेको मन्दिर परिसरसम्मको बाटोमा कति राम्रो ढुङ्गा बिछ्याएको रहेछ । मन्दिरमा दर्शनार्थीहरूको भिडभाड छ । हामी कागेश्वरी महादेव मन्दिरसँगै जोडिएको मनमोहक झरना अवलोकन गर्छौं । छङछङ गर्ने झरनाको पानी बगेर कहाँ पुग्छ होला ? मनमा कुतुहलता उत्पन्न हुन्छ । यसरी पानी त्यसै खेर गएको देख्दा म पानीको समस्या झेल्दै आएको काठमाडौँवासीको अनुहार झलझली सम्झन्छु । यसरी बगेर जाने पानीलाई सङ्कलन गरी वितरण गर्ने हो भने निकै हदसम्म पानीको समस्या कम हुनेथ्यो भन्ने लागिरहन्छ र धरानका मेयर हर्क साम्पाङलाई पानीको स्रोत खोज्दै पकुवा, सर्दु, खर्दु खोलामा भौँतारिएको सम्झिन्छु ।

मन्दिर दर्शन अवलोकनसँगै हामीले पदयात्रा विशेषाङ्क साहित्यिक पत्रिका 'रचना' अङ्क– १७७ को सामूहिक विमोचन गर्छौँ । मन्दिरबाट फर्केर ठिक उत्तरतिरको ठाडो कच्ची बाटो उक्लिनै लाग्दा तल घुम्तीबाट एक जना स्थानीय महिलाले सावधान गराउँदै भन्छिन् "ए दाइ, त्यो बाटो भत्केको छ नजानोस् ।" तर, हामी पदयात्री ढिपीका साथ अघि बढछौँ । बाटो साच्चै भत्केर हिँड्नै नहुने भिरालो हुँदो हो ! हामी निकै माथि पुगेर फर्कनुपरेको भए ! बाटो पानीले ठाउँ ठाउँमा खोतलेको र चिरेको रहेछ हिँड्नलाई खासै असुविधा चाहिँ भएन ।

कहिले शीतलजी अघि कहिले म अघि । उनको अनुहार पसिनाले निथ्रक्क भिजेको छ । बलिया र जवान उमेरका पदयात्रीहरू निकै अघि छन् । साच्चै भन्ने हो भने मलाई ठाडो उकालो हिँड्न साह्रै गाह्रो भइरहेको छ । कतै भोको पेटको कारण पो हो कि ! हुन पनि जाबो चियाको भरमा त्यति लामो उकालो बाटो छिचोल्नु चानचुने कुरा हो र ? पहिले यति गाह्रो कहिल्यै भएको थिएन । प्रत्येक बीस पाइलामा हामी दुवै थकान मार्दै छौँ । उनले मात्र होइन यसपालि मैले पनि लौरो टेकेको छु, त्यो पनि मन्दिरा बहिनीको कृपाले । गागलफेदीदेखि केही उकालो लाग्नासाथै मैले मन्दिरा बहिनीको लौरो सहयोग मागेको हुँ । उनी व्यवहारले जति रसिली हँसिली छिन्, मनकी पनि उति नै धनी छिन् । मलाई करिब पाँच घण्टाको कहाली लाग्दो जङ्गलको उकालो बाटो छिचोल्न धेरै सहयोग गर्यो उनको लौरोले । मैले यसपालि भने लौरोको महत्त्व र महिमा राम्रैसँग बुझेँ ।

निकै लामो ठाडो बाटो उक्लिएपछि अहिले म (हामी) कागेश्वरी सहिद पार्क पुग्ने थोरै तेर्सो बाटोमा छु । अहिले मलाई ठुलै राहत महसुस भएको छ । सायद शीतलजीलगायतका अन्य पदयात्री मित्रहरूलाई पनि पक्कै राहत महसुस भएको हुनुपर्छ । हामी पार्कको सेडमा बसेर आआफ्नो पोको पन्तुरो खोल्छौँ र बाँडीचुँडी सामूहिक भोजन गर्छौं । त्यसपछि कागको बढेमानको सालिकलाई पृष्ठभूमि बनाएर तस्बिर लिन्छौँ । कागको ठुलो मूर्ति रहेको कागेश्वरी सहिद पार्कले अझै पूर्णता भने पाएको रहेनछ । विकट ठाउँमा रहेको यो ऐतिहासिक पार्क उति चर्चामा नरहेको बुझियो । लगभग एक घण्टा जति पार्क परिसरमा बिताएपछि हामी फेरि सहिद पार्कको पश्चिमतिरको खोल्चा हुँदै उत्तरतिर उकालो लाग्छौँ । अहिले बाटो निकै साँगुरो, कुलोजस्तो छ । वातावरण सुनसान छ ।

अगाडि हिँड्ने पदयात्रीहरू हाम्लाई पर्खने निहुँमा ठाउँ ठाउँमा राम्रै विश्राम लिइरहेका छन् तर हामी दुईचार जनालाई भने त्यो छुट छैन । हामी स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै अगाडि बढ्नुको विकल्प छैन ।

अहिले हामी मणिचूड निकुञ्ज जाने ग्राबेलको सडकमा छौँ । पहिले भन्दा यात्रा केही सहज छ तै पनि शीतल सरले मणिचूड निकुञ्ज क्षेत्र उक्लने बाटो पुग्न अझै निकै हिँड्नु पर्ने बताउँदा भने मेरो गोडा फतक्क गलेर आउँछ ।

खुट्टा घिसार्दै भए पनि निरन्तर एक घण्टा जति हिँडेपछि मणिचूड निकुञ्ज जाने प्रवेश स्थलसम्म पुग्छु । टायल छापेको ठाडो उकालो सिढी सुरू हुने मुखैमा निकुञ्जको सुरक्षाका लागि खटिएका तीन जना नेपाली सेनाका जवानहरू देख्छु । निकुञ्ज अवलोकनका लागि आएकाहरूलाई उभ्याएर आवश्यक चेक जाँचका साथै रू. सय प्रवेश शुल्क लिइरहेका छन् । "ल है, मणिचूड निकुञ्ज जाने बाटो यही हो । मचाँहि जाँदिन पहिल्यै गइसकेँ । को को जाने हो जाऔ ।"गिरी सरको उर्दी जारी हुन्छ । ठाडो निकै हिँड्नु पर्ला जस्तो लागेर मैले चाहिँ आँट गरिनँ । म र गिरी सर तलै बस्यौ । गिरी सरले सेनाका जवानहरूसित आफ्नो मणिचूड भ्रमणको अनुभव साझा गर्नु भो । उनीहरूबिचको वार्तालापबाट त्यो ग्राबेल सडक उत्तर पूर्वतिर नगरकोटसम्म पुग्छ भन्ने थाहा हुन्छ ।

विमलजी, खोलाघरे सरलगायतका साथीहरू फर्किसकेका छन् । उनीहरूबाट मणिचूडको सुन्दरताको बखान सुन्दा मचाँहि आफूलाई लोप्पा खुवाइरहेको छु । अब म त्यो मौका फेरिफेरि पाउँछु होला त ? मनमनै दु:खित भएँ त्यो पनि आफ्नै कारणले ।

सबै जना भेला भइसकेका छन् । माटोको कच्ची मोटर बाटो हुँदै ओह्रालै ओह्रालो बज्रयोगिनी मन्दिर दर्शन गरी हामीलाई रत्नपार्क जाने अन्तिम बस समात्न ६ बजेभित्र साँखु पुग्नु छ । अबको यात्रा ओरालै ओरालो भएको थाहा पाएपछि बल्ल ढुक्क हुन्छु । अहिले हामी ओरालो लागिसकेका छौँ ।

कतै बसेर सुस्ताउने र रचना वाचन गर्ने काम बाँकी नै छ । यो स्रष्टा पदयात्राको नियमित

कार्यक्रमभित्र पर्छ ।

साँखुबाट छुट्ने अन्तिम बस समात्न हामीलाई ६ बजे साँखु बस बिसौँनी पुगिसक्नुपर्छ ।' गिरी सर फेरि दोहोर्याउनु हुन्छ । चार बज्न लागेको छ । अरूको त म भन्न सक्तिनँ तर मभने उकालो बाटो सकेकोले ढुक्क र राहत महसुस गरिरहेको छु ।

झन्डै एकडेढ घण्टा ओरालो लागेपछि साँखुको सिरानमा रहेको घुमार चोकमा विश्राम गर्छौं । यहाँ बाक्लो बाँसघारी छ । हामी यसैको सियालमा छरपस्ट भएर बस्छौं ।

पुस्तिकामा सही गर्ने र पदयात्राको पटके रू. सय सङ्कलन गर्ने कार्य सुरू भएको छ । यसपछि हामी पदयात्री रचना वाचन गर्छौं । यो पदयात्राको नियमित कार्यक्रम पनि हो ।

रचना वाचन सकेर हामी बज्रयोगिनी मन्दिर हुँदै ओरालो लाग्दा भने तेह्र जनाको टोली ८ र ५ गरी दुई भागमा विभाजन हुन्छौं ।

शीतल गिरी, वसन्त रिजाल, म समीर पाख्रिन, लीलाराज दाहाल र प्रकाश बस्नेत गफाडी अघि पर्छौं । बज्रयोगिनी मन्दिरबाट सिँढीको बाटो ओर्लदा भेटिने कञ्चन ढुङ्गेधाराहरू जवानीको उन्मत्त अवस्थामा मुस्लिएर बगेको भान हुन्छ । मलाई फेरि काठमाडौँको उही काकाकुल जनताको सम्झना आउँछ । यो बगेर खेर जाने पानी खानेपानी संस्थानको धारा धारामा बगाउन पाए जनता कति खुसी हुने थियो होला ।

घडी हेर्छु पाँच बजिसकेको छ । दोश्रो टोली अझै माथि नै छ । छ बजेभित्र बस बिसौँनी नपुगे अन्तिम बस छुट्ने निश्चित छ । फोन संवाद हुन्छ गिरी सरको दोश्रो टोली नेतासित । उनले गाडी नछुटोस् है भनी बारम्बार सावधानी गराइरहेका छन् ।

समय अभावको कारण हामी बज्रयोगिनी मन्दिरमा धेरैबेर बस्दै नौँ । ढुङ्गा बिछाएको ठाडो बाटो ओर्लन पनि कहाँ सजिलो हुँदो रहेछ र । अहिले भने शीतल गिरी, प्रकाश बस्नेत गफाडी, वसन्त रिजाल र लीलाराज भाइ मलाई सय मिटरको दुरीमा छोडेर अघि लागेका छन् । साच्चै ! म हिँड्न सकिरहेको छैन ।

साँखु प्रवेशद्वार आइ नपुग्दै घनश्यामजी आइपुग्नुहुन्छ र भन्नुहुन्छ "म बस रोक्न अगाडि आको । बाँकी पछि आउँदै छन् ।" यति भनी घनश्यामजी भए भरको शक्ति लगाएर बस बिसौँनीतिर बढ्नुभयो । यसो त हामी ५ जना पनि उति टाढा छैनौँ ।

धन्न, बस छुटेको रहेनछ । हामी हतार हतार बसमा चढ्यौँ र सिट खोजेर बस्छौँ । घनश्यामजीले पछाडि अरू साथीहरू पनि छन् भनेर बसलाई केही समयका लागि रोकी राखेका रहेछन् । नभन्दै बाँकी साथीहरू पनि आइपुगे हस्याङ पस्याङ गर्दै ।

"लौ, लौ हिँडौँ । सबै आइपुगेँ । "बस छुट्यो साँखुबाट । हामी बस चढ्न पाएकोमा खुसी हुन नपाउँदै मेरो अगाडिको सिटमा गिरी सरको मोबाइलमा पदयात्री खोलाघरे साहिँलो छुट्यो है भन्ने समाचार प्राप्त हुन्छ ।

सुनेर हामी सबै जना वाल्ल ट्वाल्ल पर्छौं ।

■